संग्रह-१४

बुद्धकालीन गृहस्थीहरू

[भाग-२]

आचार्य

भिक्षु अमृतानन्द

भारु. १२/-

नेरु. १५/-

संग्रह–१४

बुद्धकालीन गृहस्थीहरू

[भाग – २]

आचार्य

भिक्षु अमृतानन्द

भारु. १२/-

नेरु. १५/-

★ भगवान् बुद्धले श्रावस्ती आदि विभिन्न १३ ठाउँमा बसेर गृहस्थीहरूलाई दिनुभएको अनेकौं उपदेश र के कस्तो कार्य गरे गृहस्थी-हरूले दुवैलोक सुधार्न सक्छन् भन्ने उपायहरू देखाइदिनुको साथै धनको सदुपयोग र दुरुपयोग कसरी हुन्छ भन्ने कुरा सँगसँगै बुद्धको उपदेशदेखि परिनिर्वाणसम्मको विशद व्याख्या आदिको निस्वार्थपूर्वक प्रतिनिधित्व प्रस्तुत बुद्धकालीन गृहस्थीहरू भाग २ संग्रह १३ ले गरेको छ। ★



स्वर्गीय श्रीमती कान्छी साहुनी उपासिका

स्वर्गीय श्रीमती कान्छी साहुनी उपासिका ४ पुत्र र ३ पुत्रीहरूलाई छाडी २०३४ साल फागुन १० गते ५४ वर्षको उमेरमा परलोक भएकी थिइन् । उनकोनिमित्त पुण्यदान दिन श्री भाइकाजी रञ्जितकारले आनन्दकुटी विहार गुठीलाई यो पुस्तक छपाउने कामको लागि रु. ३०००। –प्रदान गर्नु भयो । यस पुण्यको प्रभावद्वारा स्वर्गीय कान्छी साहुनी उपासिकाले सुखशान्ति पाउन् भनी श्री भाइकाजी रञ्जितकार सहित उनका पुत्र, पुत्रीहरू कामना गर्दछन् ।

संग्रह-१४

बुद्धकालीन गृहस्थीहरू

[भाग - २]

आचार्य

भिक्षु अमृतानन्द

भारु. १२/-   नेरु. १५/-

प्रकाशकः
"आनन्दकुटी विहारगुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल।
फो. नं. १४४२०

बुद्धाब्दः २५२२

प्रथमावृत्ति १०००

मुद्रकः
नेपाल प्रेस
काठमाडौं, नेपाल।

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट
बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयमा उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालका विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्ममा पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र छन् ।

Collection No. 14

Buddhakalina Grihasthiharu

(PART II)

Bhikshu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
NEPAL.
1978

यसमा—

Homage to the Buddha, the Supreme Enlightened One.

FOREWORD

The present Volume "The Laymen of the Buddha's time" Part II is the fourteenth publication of The Ananda Kuti Vihara Trust and the thirteenth in the list of the Volumes on the Buddha's Time.

"The Laymen of the Buddha's time" Part I was published on Aug. 28, 1972.

As mentioned in the foreword on "The Brahmans of the Buddha's Time" Part III my aim is to complete the series one by one. The present volume is the second part of "The Laymen of the Buddha's Time." And the Part III of it will be the concluding volume in this series.

In this volume too the characters are arranged as per alphabetical order for the convenience of the readers and accordingly names starting from (A) and concluding in

(Na) have been alphabetically arranged. Altogether twenty five subjects have been dealt here. The present collection is also entirely based on the researches on Tripitaka written in the original Pali Magadhi.

Thirty one Sutras (discourses) have been found on these twenty five characters and they have been translated into Nepali. Besides, attempts have been made to prepare introductory notes on each of them with the help of researches carried on in Pali canon and Atthakatha (Commentaries). These one Sutras (discourses) have been collected from the following :-

(1) One from Dighanikaya, (2) Three from Majjhimanikaya, (3) thirteen from Sanyuttanikaya, (4) Six from Anguttaranikaya, (5) Two from Udanapali, (6) Three from Suttanipatapali, (7) One from Mahavaggapali, (8) One from Parajikapali and (9) One from Pacittiyapali.

The thirty one Sutras (discourses) are as follows :-

1. ASSAROHA GAMANI

		Page[1]:	Page:
1.	S. III.	275: Assarohasuttan, Gamanisanyuttan	R.[2] IV. 310

1. References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India.

2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

2. ASIBANDHAKAPUTTA GAMANI

2.	S. III.	276: Asibandhakaputta Suttan, Gamanisanyuttan	R. IV. 311
3.	S. III.	278: Khettupama Suttan, Gamanisanyuttan	R. IV. 314
4.	S. III.	281: Sankhadhama Suttan, Gamanisanyuttan	R. IV. 317
5.	S. III.	285: Kusala Suttan, Gamanisanyuttan	R. IV. 322

3. ICCHANANGALA UPASAKA

6.	U.	76: Upasaka Suttan, Mucalindavaggo	R. 13

4. UGGAHA MENDAKANATTA

7.	A. II.	303: Uggaha Suttan, Sumanavaggo	R.III. 36

5. UDENA UPASAKA

8.	Mh.	145: Sattahakaraniyanujanana, Vassupanayikakkhandhakan	R. 139

6. UPAKA MANDIKAPUTTA

9.	A. II.	193: Upaka Suttan, Brahmanavaggo	R. II. 181

7. UPALI DARAKA

10.	Pc.	174: Upalidarakavatthu, Pancasatthimapacittiyan	R. 128
	Mh.	80: Upalidarakavatthu, Mahakhandhakan	R. 77

8. UPALI GAHAPATI

11.	M. II.	43: Upali Suttan	R. I. 371
12.	S. III.	102: Nalanda Suttan	R. IV. 110

9. ISIDATTA PURANA THAPATAYO

13.	S. IV.	296: Thapati Suttan Sotapattisanyuttan	R. V. 348

10. KALYANABHATTIKA GAHAPATI

14.	P.	241: Atthamasanghadiseso	R. 160

11. KEVATTA GAHAPATI

15.	D. I.	183: Kevatta Suttan	R. 211

12. GHATIKARA NAMA KUMBHAKARA

16.	M. II.	271: Ghatikara Suttan	R. 45

13. GHOSITA GAHAPATI

17.	S. III.	105: Ghosita Suttan, Slayatanasanyuttan	R. IV. 113

14. CANDA GAMANI

18.	S. III.	271: Canda Suttan	R. IV. 305

15. CAMPEYYAKA UPASAKA

19.	A. III.	197: Danamahapphala Suttan, Mahayannavaggo	R. IV. 59

16. CUNDA KAMMARAPUTTA

20.	A. IV.	316; Cunda Suttan	R. V. 263
21.	U.	164: Cunda Suttan	R. 81
	D. II.	98: Kammaraputta Cundavatthu	R. 126
22.	Sn.	283: Cunda Suttan	R. 15

17. TALAPUTA NATA GAMANI

23.	S. III.	272: Talaputa Suttan, Gamanisanyuttan	R. IV. 306

18. DASAMA GAHAPATI

24.	M. II.	15: Atthakanagara Sutta	R. I. 349

19. DARUKAMMIKA GAHAPATI

25.	A. III.	99: Darukammika Suttan, Mahavaggo	R. III. 391

20. DIGHAJANU KOLIYAPUTTA

26.	A. III.	375: Dighajanu Suttan, Gotamivaggo	R. IV. 281

21. DIGHAVU UPASAKA

27. S. IV. 292: Dighavu Upasaka Suttan R. V. 344

22. DHANIYA GOPA

28. Sn. 271: Dhaniya Suttan, Uragavaggo R. 3

23. DHAMMADINNA UPASAKA

29. S. IV. 348: Dhammadinna Suttan,
Sotapattisanyuttan R. V. 406

24. DHAMMIKA UPASAKA

30. Sn. 323: Dhammika Suttan, Culavaggo R. 66

25. NANDIYA SAKKA

31. S. IV. 339: Nandiya Sakka Suttan,
Sotapattisanyuttan. R. V. 397

Mr. Vatukrishna "Bhusan" lecturer, Amrit Science Campus, Tribhuvan University has kindly taken pains to improve the language and to read the proof as he has been doing since the beginning of the publication of my series and I am deeply indebted to him for his invaluable co-operation. I am also thankful to him for the preface he has written as before with so much intelligence and wisdom. Thanks are also due to Mr. Asha Ram Sakya senior lecturer, Department of English, Patan Campus, T. U., who has kindly rendered my 'Foreword' into English. Rev. Mahanama also deserves my hearty thanks for the initial classification of the words. I also thank

Mr. Khadga Bahadur Upasaka for his untiring co-operation in bringing proof sheets from the press every day. Finally I thank Mr. Tirtha Narayan Manandhar the member-secretory of the Ananda Kuti Vihara Trust and other members for kindly publishing this volume on behalf of the Trust.

"Ciran Titthatu Saddhammo"

Bhikshu Amritananda

Ananda Kuti,
Kathmandu, Nepal.
July 15, 1978
Phone : 14420

List of Abbreviation :

D. = Dighanikaya.
M. = Majjhimanikaya.
S. = Sanyuttanikaya.
A. = Anguttaranikaya.
U. = Udanapali.
Sn. = Suttanipatapali.
Mh. = Mahavaggapali.
P. = Parajikapali.
Pc. = Pacittiyapali.

प्रकाशकीय

श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरज्यूले दिन रात नभनी अरू कुनै कामको वास्ता नराखी लेखिरहनु भएको यस संसारलाई उपयोगी हुने "बुद्धकालीन" ग्रन्थहरूको प्रथम भागका क्रम प्रकाशित गरी पाठक-वर्गहरूका सामुन्ने राखिसकेका छौं। अब दोश्रो चरणको कामको शिलशिलामा "बुद्धकालीन ब्राह्मण" भाग २ र ३ पनि प्रकाशित गरि-सकेका छौं। प्रस्तुत संग्रह त्यस शिलशिलाको "बुद्धकालीन गृहस्थीहरू" भाग–२ हो र प्रकाशनार्थ यसै आनन्दकुटी विहारगुठीलाई दिनुभएकोमा वहाँ आचार्य महास्थविर प्रति भक्तिपूर्वक कृतज्ञता अर्पित गरेको छु। वहाँको यस अथक परिश्रमलाई जति धन्यवाद अर्पित गरे तापनि थोरै नै हुन्छ। वहाँको यस्तो कलाकृतिद्वारा हामीहरूलाई मात्र होइन अपितु सम्पूर्ण राष्ट्रलाई समेत अवश्य पनि लाभदायक सिद्ध हुनेछ भन्ने कुरामा पूर्ण विश्वस्त हुन सकिन्छ।

यसपछि "बुद्धकालीन गृहस्थीहरू" भाग–३ पनि चाँडै नै प्रकाशमा आउने अवस्थामा पुगिसकेको कुरा जानकारी दिन पाएकोमा खुशीलाग्नु स्वाभाविक हो।

भवतुसब्बमङ्गलं।

– तीर्थनारायण मानन्धर
सदस्य-सचिव
"आनन्दकुटी विहारगुठी"

२०३५ आषाढ २१

मूल ग्रन्थहरू—

१. दीघनिकाय (नालन्दा प्रकाशन I, II, III.)
२. मज्झिमनिकाय (नालन्दा प्रकाशन I, II, III.)
३. संयुत्तनिकाय (नालन्दा प्रकाशन I, II, III, IV.)
४. अङ्गुत्तरनिकाय (नालन्दा प्रकाशन I, II, III, IV.)
५. उदानपालि (नालन्दा प्रकाशन)
६. सुत्तनिपातपालि (नालन्दा प्रकाशन)
७. महावग्गवपालि (नालन्दा प्रकाशन)
८. पाराजिकपालि (नालन्दा प्रकाशन)
९. पाचित्तियपालि (नालन्दा प्रकाशन)

सहायक ग्रन्थहरू—

अङ्गुत्तरनिकायट्ठकथा वा मनोरथपूरणी

(हे. वि. प्रकाशन I, II)

उदानट्ठकथा (हे. वि. प्रकाशन)

जातकट्ठकथा (हे. वि. प्रकाशन I, II, III, IV, V, VI, VII)

थेरगाथट्ठकथा (हे. वि. प्रकाशन I, II)

दीघनिकायट्ठकथा वा सुमङ्गलविलासिनी

(हे. वि. प्रकाशन I, II)

धम्मपदट्ठकथा (जे. डि. फ़नान्दो प्रकाशन)

पटिसम्भिदामग्गपालि (नालन्दा प्रकाशन)

पटिसम्भिदामग्गट्ठकथा (हे. वि. प्रकाशन)

मज्झिमनिकायट्ठकथा वा पपञ्चसूदनी

(हे. वि. प्रकाशन I, II, III, IV)

मज्झिमनिकाय (हिन्दी)

विभङ्गपालि (नालन्दा प्रकाशन)

समन्तपासादिका (नालन्दा प्रकाशन I, II, III)

सुत्तनिपातट्ठकथा (हे. वि. प्रकाशन)

सुत्तनिपातपालि (हिन्दी)

भूमिका—

विशाल दृष्टिकोणलाई लिएर कल्पना गर्ने मात्र होइन यथार्थीकरण गरेर हेर्न खोज्ने हो भने अथवा विश्वका कुनै पनि धर्मरूपी कसी लगाएर हेर्ने हो भने पनि सिमित परिधिभित्र बसी जसरी प्रकृतिले उद्भिद् पदार्थदेखि लिएर विभिन्न जीवजन्तु र ब्रह्माण्डलाई सुनियोजित योजनाको परिधिभित्र संरक्षण र दिनानुदिन क्रमशः सम्बर्धन गर्दै आएको इतिहासको पाना पढ्नुको साथै प्रत्येक जन्मको अनुभवसंग गर्सिदै आएको अनुभव हामीले गरेकाछौं त्यसरी नै सुख दुःखरूपी चक्रमा फन्कोमार्दै नियम अनुसार गृहस्थाश्रम धर्म पालन गरी विभिन्न उपायद्वारा परिवारको पोषणमा तल्लीन हुने व्यक्तिलाई नै गृहस्थी भन्ने चलन चलेर आएको आज होइन परापूर्वकाल देखिकै हो। तर जुन रूपमा स्वयं निर्मित नियमरूपी प्राङ्गणमा प्रकृतिले खेलेको अनुशासित खेल देख्दछौं त्यही रूपमा समाजनिर्मित गृहस्थाश्रम धर्मभित्र गृहस्थीहरू सिमितभई दैनिक क्रियाकलाप, व्यवहार, विवेक, दया, क्षमा आदिको वातावरण तयार पारी बस्नुपर्ने हो त्यसको श्रृङ्खला भने सृष्टिको क्रमदेखि नै विश्रृङ्खलित हुंदै आएको श्रृङ्खलालाई समय समयका महापुरुषहरूबाट श्रृङ्खलाबद्ध गर्ने ठूलो प्रयास भएको छ भन्ने

कुरालाई जुनसुकै समयको समाजले पनि गृहस्थाश्रम धर्मलाई दिगो र दरिलो पार्न गरेको प्रयासबाटै प्रष्टिएको छ र ठूलो माछाले सानु माछा खाने सिद्धान्तमाथि सङ्घर्ष गर्दै आइरहेको छ। यो केवल हिजोआजको विचार मात्र होइन पहिलेदेखिकै हो।

हुन त आधुनिक वा पौराणिक जुनसुकै इतिहासको पाना पल्टाए ता पनि गृहस्थिहरूको प्रादुर्भावको समुल्लेख भएको नपाइने होइन पाइन्छ, तर यी दुवैमा प्रकारान्तरले भिन्नता पाइन्छ भन्ने कुरालाई पूर्वीय दर्शनको आधारमा आधारित वर्णभेदमा—ब्राह्मण, क्षत्री, वैश्य र शूद्रको विशद् चर्चा भएको पाइन्छ भने पश्चिमी दर्शनमा आफ्नै पनको वर्णभेद पाइन्छ। तर आधुनिक इतिहासले भने समय र परिस्थितिलाई आधार स्तम्भ बनाई त्यसैमा "मनुष्य मात्र एक हुन् जन्मले ठूलो सानो हुँदैन कर्मले मात्र हुन्छ" भन्ने भावनालाई विकसित पार्ने लक्षराखी वर्गभेदको आधारमा बनेको पुरानो गृहस्थाश्रम धर्मलाई नामेट पार्ने भावनारूपी लिपि अङ्कित हुँदैछ।

यसैको सन्दर्भमा गृहस्थाश्रम धर्म खडा हुनुभन्दा अगाडितिरको अवस्थातिर चिहाउँदा पनि ठूलाको आहार सानोले हुनुपर्ने परम्पराको सिढी हेरेर पत्तालगाउन नसकिने खालको छ। जसबाट उत्पन्न भएको अशान्तिरूपी कोलाहलको आवाज पनि टड्कारै सुन्न सकिन्छ। यसैलाई साम्यावस्थामा ल्याउनकोनिमित्त नै समाजलाई गृहस्थाश्रम धर्मतिर उन्मुख गराउने मस्तिष्क पनि त्यस्तै समाजबाट प्रादुर्भाव भएको हो। जसको प्रयासले स्वच्छ वातावरण सिर्जिए ता पनि क्रमशः शृंङ्खलिब

विश्रृङ्खलित हुँदाहुँदै दुवै पक्षको द्वन्दपनलाई समाप्त गरी शान्तिरूपी वृक्षको छहारीमा समाजलाई उभ्याई सहिबाटोको निर्देशनदिने महापुरुषहरूमध्ये अन्तरराष्ट्रिय ख्याति प्राप्त महापुरुष बुद्धको प्रादुर्भावले बढी निर्भयता दिलाएको कुरा प्रस्तुत संग्रहरूपी मञ्चमा देखापरेका गृहस्थीहरूले देखाएका अभिनयरूपी दृश्यको आधारमा निर्णय गर्न सरलता प्रदान गरेको छ ।

हुनत विश्वमा जेजति त्याग, तपस्या, दान र शान्ति स्थापनाको शंख घोष सुनिदै आएको छ यो सबैको मूलश्रोत नै गृहस्थीहरू हुन् । अझ साँच्चै भन्ने हो भने जेजति धर्महरू छन् ती सबै गृहस्थीहरूकैनिमित्त हुन् । यति मात्र होइन राजनीति आर्थिकनीति र सामाजिकनीति पनि गृहस्थीहरूकैनिमित्त तयार भएको हो न कि ज्ञानी त्यागी र तपस्वीकोनिमित्त । किनकि गृहस्थीहरू इहलौकिक तथा पारलौकिक दुवै सुखलाई गृहस्थाश्रम नीतिनियमको हिसाबले अनुभोग गर्न चाहन्छन् अर्थात् चिची पनि पापा पनि भने जस्तै दुवै कुरामा लालायित हुन्छन् तर महात्मा वा महापुरुष भने पारलौकिक आनन्दकोनिमित्त नै बढी सक्रीय भएको पाइन्छ र इहलौकिक सुखतिर निष्क्रयता । त्यसैले स्वर्ग र नरक भन्ने शब्द सुनाउने मात्र होइन यसको यथार्थ ज्ञान गराउन पर्ने अवस्थाका पात्रहरू गृहस्थी नै हुन् जसलाई यसको श्रबणले अनुशाशित बनाउन बढी मद्दत गर्दछ जुन कुरालाई प्रस्तुत संग्रहका असिबन्धकपुत्र ग्रामणी, दीघजानु कोलीयपुत्र र नन्दीय शाक्य जस्ता चरित्रहरूलाई देखाएको इहलौकिक र पारलौकिक उपदेशरूपी चुलीमा बसेर चारैतिर हेर्दा फाइदा र बेफाइदाको बाटो खोज्न गृहस्थीहरू अन्यत्र भौंतारिन नपर्ने

कुराको अनुभव हुने मात्र होइन अझ यथार्थरूपमा प्रत्यक्ष समेत हुन्छ। अझ यसबाट के प्रत्यक्ष हुन्छ भने—राजभय, चौरभय, अग्निभय, पानीभय आदि अष्टभयहरूबाट गृहस्थीहरूलाई बचाई दुवै लोक सुधार्ने योजनामा आवश्यक मद्दत गरिएको छ। असमयमा घुम्ने कुराबाट सावधान गराउँदै मानिसलाई प्रमत्त पार्ने—रूप, रस, गन्ध, स्पर्शहरूलाई त्याग्न, अध्यात्म चिन्तनमा मन लगाउन, छुल्याहा नबन्न भिक्षुहरूलाई चेतावनी दिएको छ र नियममा बसी कामगर्न अह्राइएको छ। यति मात्र होइन गृहस्थीहरू शुद्रिनु नै क्रमशः घर, गाउँ, जिल्ला, राष्ट्र र विश्वले नै प्रगतिपथको राजमार्ग पहिल्याउनु हो भन्ने कुराको अवलोकन गर्न सकिन्छ र यो पनि अनुभव हुन्छ कि जबतक गृहस्थीहरूको शरीर वचन र मनलाई सुधार्न सकिंदैन त्यसबेलासम्म यिनीहरूकानिमित्त जे जस्ता उपायहरू प्रयोग गरे पनि बालुवामा पानी हाले जस्तै हुनेछ। यसको साथसाथै जुनबेलासम्म समय र परिस्थिति अनुकूल मानसिक परिवर्तन प्रक्र्यामा सुदृढता आउँदैन त्यसबेलासम्म चाहे सामाजिक, आर्थिक र राजनैतिक चाहे धार्मिक र मनोवैज्ञानिक आदि जस्ता कुनै पनि कुराहरूलाई आधार मानेर गरिएका प्रयोग र अभ्यासहरूले सन्तोषजनकरूपमा सफलताको स्थायी सडक तयारपार्न सक्तैनन् र यसको सफलताले त्यहाँ आएर मात्र स्थायीत्व प्राप्तगर्न सक्छ—जहाँ करकापले होइन स्वेच्छाले, अन्धविश्वासले होइन यथार्थताले, लोभ्याएर होइन उदारताले, गुणानुवर्णनले मात्र होइन सद्वृत्तताले परिपोषित् मानव मस्तिष्क निर्माण हुन्छ। यसैप्रकारको मानव मस्तिष्क अभिनिर्माण गर्ने अभियानमा मनोवैज्ञानिकताले प्राथमिकता पाएको छ। जसबाट स्वार्थरूपी मानव

मस्तिष्कको अप्रेशन बुद्धधर्मले गरेर देखाइदिएको छ र 'बहुजनहिताय' को शंखघोष गर्दै गृहस्थाश्रमको महत्वकै क्रममा काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता मानव मनलाई खलबल्याउने आभ्यन्तरिक शत्रु-हरुको नामनिसानै नराख्ने योजना बनाएको कुरालाई प्रस्तुत संग्रहले संगाल्दै — हिंसा, चोरी, झूटोबोली, छुल्याहा, परदार गमन, मद्यपान आदिबाट पैदाहुने भयङ्कर दुःखको फल प्रदर्शनको साथै यस बाटोमा हिडन निषेध गर्दै अष्टाङ्ग उपोसथ शील पालन गर्ने गृहस्थी कामावचर देवलोकमा उत्पन्न हुने कुराको सारांशले गृहस्थीहरुको खुल्दुली मेटि-दिएको छ र सही बाटो देखाएको छ । उक्त कुराहरूलाई सेरोफेरो मारी त्रिपिटक निर्मित प्रस्तुत (बुद्धकालीन गृहस्थीहरू भाग–२, संग्रह १३) संग्रहाकाशतिर सिंहावलोकन गर्दा बुद्धधर्म ग्रहण गर्ने पच्चीस (२५) तारारूपी विभिन्न पात्रहरू झलमलाएका देखिन्छन् । जसको परिचय छोटकरीमा लिन खोज्दा—

बुद्धधर्मोपासक राजगृहवासी अश्वारोह ग्रामणी, ब्राह्मणभक्तबाट जैनभक्त र अन्त्यमा बुद्धधर्म ग्रहण गर्ने असिबन्धकपुत्र, पछि बुद्धधर्म ग्रहण गर्ने इच्छानङ्गलक निवासी इच्छानङ्गलक, अङ्गदेश स्थित अतिशय धनाढ्य कुलोत्पन्न भद्रीय नगर निवासी उग्गह मेण्डकनत्ता, कोशलवासी विहारदान गर्ने उदेन, अर्काको निन्दागर्नु हुन्न भनो बुद्धलाई भन्नजाने देवदत्त समर्थक र पछि बुद्धोपदेश सुनी बुद्धकै शरणपर्ने उपकमण्डिकापुत्र, शारीरिक वा मानसिक कुनै पनि कामगर्दा सास्ती हुन्छ भनेर बाबुद्वारा बुद्धधर्ममा समावेश गराएका राजगृहवासी धनाढ्यपुत्र उपाली केटा,

पहिले निगण्ठ (जैनधर्मका गुरु) का चेला मात्र नभई प्रमुख दाता समेत भएका तथा पछि बुद्धोपदेशद्वारा बुद्धधर्म ग्रहण गर्ने धनाढ्य उपाली गृहपति, श्रावस्ती स्थित साधुक गाउँ निवासी तथा सकृदागामी ऋषिदत्त स्थपति र स्रोतापन्न भएका पुराण स्थपति, प्रतिदिन तृप्तहुने गरी चारजना भिक्षुहरूलाई भोजनदिने राजगृहवासी कल्याण भक्तिक गृहपति, तत्कालीन समयमा सर्वश्रेष्ठ घोषित भएको नालन्दा नगरवासी तथा ऋद्धिप्रातिहार्य हेर्न बुद्धसँग अनुरोध गर्ने धनाढ्य केवट्ट, काश्यप सम्यक्-सम्बुद्धका पालामा अनागामी फलमा प्रतिष्ठित घटिकार कुमाले, बुद्धलाई विहार दानदिने घोषित गृहपति, बुद्धसँग चण्ड र सुशील कस्तालाई भन्दछन् ? भनी श्रावस्तीमा गई प्रश्न सोध्ने चण्डगामणी, सारिपुत्रलाई माध्यम बनाई सातप्रकारका दानहरूको उपदेश बुद्धद्वारा सुन्ने चम्पावासी उपासकहरू, बुद्धलाई अन्तिम भोजन सूकरमद्दव प्रदान गर्ने पावावासी सुवर्णकारपुत्र तथा धनाढ्य चुन्दकम्मारपुत्र, राजगृहवासी नर्तकी कुलोत्पन्न तथा अर्हत्व प्राप्तगर्ने तालपुट नटगामणी, भगवान्‌ले विमुक्ति हुने धर्म बताउनु भएको छ कि छैन भनेर बुद्धको परिनिर्वाणपछि आनन्द महास्थविरसँग प्रश्न सोध्ने अट्ठकनगर निवासी दशम गृहपति, व्यक्तिलाई दिएको दानभन्दा सङ्घलाई दिएको दानको महत्व धेरै छ भन्ने कुराको उपदेश बुद्धद्वारा सुन्ने तथा दाउराको कामबाट जीविका गर्ने दारुकम्मिक गृहपति, इहलौकिक तथा पारलौकिक हितसुखको बारेमा बुद्धोपदेश सुन्नमा उत्कण्ठा राख्ने कक्करपत्त निगमवासी दीघजाणु कोलियपुत्र, अनागामी फलमा प्रतिष्ठित राजगृहवासी दीघावु उपासक, २० हजार वर्षसम्म कश्यप सम्यक्सम्बुद्धको पालामा २० जना भिक्षुहरू-

लाई प्रतिदिन दानदिने तथा हाल बुद्धको पालामा ३० हजारजति गाई पाली जीविका गर्ने धर्मकोण्ड नगरवासी धनीयगोप, ५०० उपासकहरूका साथ श्रावस्तीमा गई 'घरवार त्यागी श्रावक हुने र घरमै बसी उपासक हुने यी दुवै कसरी असल हुन्छन् ?' भन्ने आदि प्रश्नकर्ता धम्मिक उपासक र बुद्ध, धर्म, सङ्घ तथा आर्यकान्त शीलले सम्पन्न व्यक्ति स्रोतापन्न हुन्छ भनेर बुद्धोपदेश श्रवण गर्ने कपिलवस्तुवासी नन्दीय शाक्यहरूको परिचय राम्ररी पाइन्छ र यो पनि ज्ञानगर्न सकिन्छ कि उक्त २५ भन्दा बढी पात्रहरूको मोटामोटी तेजपुञ्जहरूले एकातिर निष्प्रपंचीले वास्तविक सुखभोग गर्न पाउँछ, धनीले धनको मात्र मुखहेर्न हुन्न, यो लोक सुधारेर मात्र हुन्न परलोक पनि सुधार्नुपर्छ त्यस्तै गृहस्थीहरूको कर्तव्य, स्त्रीहरूको चरित्र, भिक्षुजीवन बिताउने तरिका, नियम उल्लंघन गरेर जतिसुकै फाइदा हुने भए पनि दानलिनु हुँदैन भन्ने जस्ता कुराहरूको अभिव्यक्तिको साथसाथै बुद्धदर्शनको आधारमा दानको महत्व, त्याग र उदारताको मूल्य, गृहस्थीहरूलाई सद्विवेकतिर उन्मुख गराउने उत्प्रेरणा, सामाजिक नियमको साथै धर्मपरिवर्तनका आवश्यक कारणहरूलाई प्रष्टसँग देखनसक्ने आलोक प्रदान गरेका छन् भने अर्कोतिर युद्धमा मरेर स्वर्ग पुगिन्छ भनेर युद्धरत हुने अन्धविश्वासीले यो लोक र परलोक बिगार्छ, छेउन टुप्पोको कठिन तपस्याले मात्र यथार्थबोध हुन सक्तैन, चुक्लीको परिणाम मीठो होइन तीतो हुन्छ, अनुदारताबाट हुने बेफाइदाको तुलनात्मक उपदेश, स्वार्थ साधनको पराकाष्टा र अशान्तिबाट उत्पन्न परिणाम आदि जस्ता कुराहरूको दर्शनीय दृश्यहरूलाई प्रकाश पारेका छन् ।

साँच्चै भन्ने हो भने प्रस्तुत संग्रहले इहलोक तथा परलोकमा चाहिने आवश्यक नीति, नियम र साधन प्राप्तगर्ने उपायको पथप्रदर्शन गराउँदै राजादेखि रङ्कसम्मका गृहस्थीहरूलाई कर्म अनुसारको फल पाइने कुरामा विश्वस्त गराउने सत्प्रयास सँगसँगै यस जन्म र परजन्म सुधार्ने उपाय कौशलताको उपदेशदिँदै निर्वाणसम्मको शिक्षा दिएको कुरालाई निम्नलिखित गाथाले पुष्टयाँइगरेको छ ।

दददतो पुञ्ञं पवड्ढति,
संयमतो वेरं न चीयति ।
कुसलो च जहाति पापकं,
राग दोस मोहक्खया स निब्बुतो'ति ।।

(अर्थात्—गच्छे अनुसार दानकर्म गर्नाले पुण्यबढ्छ, संयमले साधारण शत्रुदेखि लिएर काम, क्रोधादि बैरभावको उछित्तो गराउँछ, ज्ञानीले पापको नामनिशाना नै राख्दैन र राग, द्वेष, मोहको क्षय गरेर पनि उ निर्वाणगामी हुनसक्छ ।)

यसबाट के प्रष्ट हुन्छ भने—खास गरेर प्रस्तुत संग्रहले सर्वप्रथम गृहस्थीहरूलाई ज्ञानज्योति प्रदान गर्नकोनिमित्त कहिले गृहस्थीहरूको कहिले भिक्षुहरूको, कहिले बुद्धधर्ममा उपासकत्व ग्रहण गर्नेहरूको, कहिले अन्यधर्मावलम्बीहरूको र कहिले पारलौकिक कुराहरूको आधारस्तम्भ बनाएको छ भन्ने कुरालाई त प्रस्तुत संग्रहका विभिन्न पात्रहरूको सहिमूल्याङ्कनलाई आधारस्तम्भ बनाएर हेर्दा प्रत्यक्ष हुन्छ, अलमलिनु

पर्दैन । यस्तै यी २५ भन्दा बढी पात्रहरूमध्ये आनन्द महास्थविरसँग "भिक्षुहरू अप्रमत्तभई आतप्त युक्तभई विहार गर्दा अविमुक्त चित्त पनि विमुक्त हुन्छ, अपरिक्षीण आस्रवहरू पनि परिक्षीण हुन्छन् अप्राप्त अनुत्तर योगक्षेम पनि प्राप्तहुन्छ" भनेर प्रश्न सोध्ने दशमगृहपति र भिक्षुहरूलाई सँधै भोजन दानदिने कल्याणभत्तिक गृहपति बाहेक अरू सबै पात्रहरूले बुद्धबाट उपदेश पाएका छन् । जसबाट प्रत्येक पात्रहरूले आत्मसन्तुष्टिको सासफेर्ने मात्र मौका पाएका होइनन् वरत्र र परत्र सुधार्ने सहिमार्ग पत्ता लगाउन समेत सक्षम भएका छन् भन्ने कुरालाई शरीर, वचन र मनद्वारा गरिने—प्राणीघात, मिथ्याचरण, फूटोबोली, चुक्ली, रुखो बोली, सम्प्रलापी, महालोभी, द्वेषचित्त लिने र मिथ्यादृष्टिक यी दश अकुशल पक्षलाई त्याग्ने पुरुषले इहलोक र परलोकको यथार्थज्ञान गर्नसक्छ भन्ने जस्ता उपदेशहरूको आधारमा पुष्टचाइ गर्न सकिन्छ ।

यति मात्र होइन यस संग्रहहरूमा जति पात्रहरू समावेश भएका छन् तिनीहरूमध्ये प्रायजसोमा भिन्नाभिन्नै विशेषता पाइने भएता पनि मुख्यतया सामाजिक र आर्थिक अवस्थाकै आडमा अडिएका देखिन्छन् र कतै कतै राजनैतिक गन्ध पनि । यस संग्रहले धर्मको नाउँमा समाजलाई कुक्याउने प्रयास गरेको छैन बरु सहिमार्गको अवबोध गराउने महत्वपूर्ण जिम्मा लिन खोजेको कुरा पनि धेरैजसो पात्रहरूको मनोभावनालाई आधार बनाएर हेर्दा प्रत्यक्ष हुन्छ र यो पनि मुक्तकण्ठले भन्न सकिन्छ कि—जुन धर्मले मानिसलाई अन्धविश्वासतिर बढी घँचेटेको छ त्यस्तो

धर्मसँग कसैले पनि सम्बन्ध राख्न पर्दैन भन्ने कुरालाई प्रकारान्तरले विभिन्न ठाउँहरूमा विभिन्न पात्रहरूलाई आधार बनाई विश्लेषण गरी सम्बन्धित पात्रहरूको चित्त बुझाएको मात्र होइन मन परिवर्तन समेत गरिदिएको छ । 'मुखले राम राम बगलीमा छुरा' को धारणा नलिई सबैलाई सद्वृत्तमा लगाउने आयोजनाको साथै खर खुसामद र कुराको पुल बाँधेर खानेहरूलाई घृणाको पात्र बनाउँदै जुनसुकै कुरामा पनि राम्ररी जानेर बुझेर मात्र लाग्नुपर्छ भन्ने कुरातिर समाजलाई डोऱ्याउने प्रयास बुद्धबाट भएको छ र परस्त्री गमन गर्नु, मद्यपान गर्नु, जुवा खेल्नु र खराबसाथीबाट हुने संगतले गृहस्थीहरूको उछित्तो हुने कुरा देखाउँदै यसबाट सतर्क हुन सहि निर्देशन दिएको छ । यस्तै यस्ता उपदेशको क्रममा कतै कतै दार्शनिक शैलीमा उपदेश दिइएको भएता पनि सरलभन्दा सरलरूपमा बुद्धदर्शनको गति विकास भएको छ । जसलाई बुझ्नको लागि बढी दार्शनिक बनि नरहनु पर्ने कुरालाई आनन्द महास्थविरले घोषित गृहपतिलाई दिएको—चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मन यी छ धातु नानत्वबाट कसरी सुख दुःख उत्पन्न हुन्छ भन्ने कुराको विशद् व्याख्याको साथै निर्वाणको बाटो पहिल्याउन गर्नुपर्ने प्रथम ध्यानदेखि चतुर्थध्यानसम्मका कुरा र मैत्री, करुणा, मुदिता र उपेक्षा सहगत चित्तको साथै आकाशानत्यायतन, विज्ञानन्त्यायतन, आकिञ्चन्त्या-यतन र नैवसंज्ञानासंज्ञायतनको समाधिले निर्वाण-मार्ग फेलापार्न सकिन्छ भनेर दशम गृहपतिलाई सम्झाउन गरेको उपदेशको आधारमा अनुमान गर्नसकिन्छ ! हुन त जसरी चिताइन्छ त्यसरी नै सबै कुराहरू त्यति सरल हुँदैनन् । त्यसमा लागिपरेपछि क्रमशः तत्सम्बन्धी सिढी चढ्दै जान

सकिने कुरा स्वतसिद्ध छ। यस अवस्थामा पुगेपछि मात्र केवट्टले पृथ्वी, आप्, तेज र वायु कहाँ हुँदैन भनेर सोधेको प्रश्नको उत्तरमा—

विञ्ञाणं अनिदस्सनं अनन्तं सब्बतोभयं।
एत्थ आपो च पथवी तेजो वायो न गाधति ॥

(अर्थात्—जुन विज्ञान (=निर्वाण) अनिदर्शन छ, जुन अनन्त छ (उत्पत्ति, स्थिति र विनाश नभएको) तथा सर्वतिर प्रभा छ त्यहाँ आप्, तेज, पृथ्वी र वायु रहँदैन।)

भनेर बुद्धले दिएको उपदेशलाई राम्ररी अवगत गर्ने क्षमताको विकास हुन्छ।

प्रस्तुत संग्रह केवल धार्मिक दृष्टिकोणले मात्र परिपूर्ण होइन सामाजिक, आर्थिक, बौद्धिक, मनोवैज्ञानिक, दार्शनिक र साहित्यिक आदि विभिन्न दृष्टिकोणले पनि त्यत्तिनै परिपूर्ण छ भन्ने कुरालाई औंल्याउन खोज्ने हो भने—घटिकार कुमाले, घोषित गृहपति, उपालि केटा, कल्याण भत्तिक गृहपति, धनीय गोप र उपालि गृहपति जस्ताको मर्म स्पर्शी शैलीमा उल्लेख भएका कथाहरूले आदर्शोन्मुख यथार्थ चित्रणको उद्घाटन गरेको अनुभवको साथै सामाजिक क्रान्तिको पृष्टभूमि तयार पारेको देखिन्छ र मनोवैज्ञानिकताको आधारमा बौद्धिक खुराक प्रदान गरेको पाइन्छ। यसको साथै सत्यको विजय र असत्यको पराजयको चित्रण मात्र होइन कार्यरूपमा परिणत गरेर देखाउने अमोघ प्रयास पनि भएको छ।

यसरी नै विभिन्न विषयतिर औल्याउँदै जाँदा दानको महत्वको साथसाथै विहार दान गर्ने उदेन, दशम गृहपति र घोषित गृहपति २० हजार वर्षसम्म कश्यप सम्यक्सम्बुद्धको पालामा भिक्षुहरूलाई प्रतिदिन भोजन दिने धनीय गोपको चरित्रले हिजोआजका शोषक मनोवृत्ति भएका द्रव्य पिचासहरूलाई परोपकारको फल देखाएको छ र धनसम्पत्ति भएर मात्र मानिसले शान्ति पाउन सक्तैन भन्ने कुराको सुरिलो आवाज पनि धन्काइएको छ । जसबाट उद्धत, चपल, मुखर, अहंकारी, संयत-बोली नभएको, प्रज्ञाहीन र असंयमी आदि जस्ता भिक्षुहरूलाई दानदिनु बालुवा पेलेर तेल निकाल्नु जस्तै हो भन्ने कुरा पनि प्रतिध्वनित भएको छ ।

प्रस्तुत संग्रहले साधारण गृहस्थीले आफ्ना गृहस्थीधर्म पालन गर्नुपर्ने नियमदेखि लिएर मृत्युपर्यन्तका कुराहरू मात्र नभई कर्म अनुसारको फल कसरी कुन कुन लोकमा पाउन सक्दछ भनी परलोक समेतको वर्णन गर्दै रूप शब्द गन्ध रस र स्पर्श आदिमा नभूली परिनिर्वाण हुनेसम्मको सफा बाटो यसले तयारपारिदिएको छ[१] ।

अन्त्यमा—

स्वास्थ्यको पनि बेवास्ता गरी अविच्छिन्नरूपमा पालिवाङ्मय (मागधि) त्रिपिटकबाट विभिन्न वर्गका गृहस्थी पात्रहरू छानी तत्कालीन

---

१. गृहस्थी सम्बन्धी अन्य विषयको बारेमा हेर्न इच्छा भए बुद्धकालीन गृहस्थी भाग–१ को भूमिकामा हेर्नू ।

पालि वाङमयकै शैलीमा नेपालीमा अनुवाद गरी बुद्धकालीन ब्राह्मणहरू-देखि लिएर विभिन्न विषयसँग सम्बन्धित ग्रन्थहरू तयारपारी नेपाली साहित्यमा अधुरो भइरहेको बुद्धधर्म सम्बन्धी साहित्य र दर्शनको खाँचो-लाई पुरा गर्दै आइरहनु भएका आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा अनुदित यो 'बुद्धकालीन गृहस्थीहरू' भाग–२, संग्रह–१२ हो । जसबाट नेपाली भाषाको माध्यमद्वारा सबैले बुद्धधर्मको ज्ञान गर्ने सौभाग्य सजिलैसँग पाएका छन् । यसको श्रेय पूज्य महास्थविरज्यूलाई मात्रै छ । यदि वहाँले यसरी परिश्रम नगरिदिनु भएको भए साधारण नेपालीले बुद्धधर्मसँग परिचय गर्न अर्कै युगलाई पर्खनुपर्थ्यो होला । महास्थविरको सद्विवेकताले गर्दा उक्त कल्पना गर्न परेन ।

प्रस्तुत संग्रह केवल अनुदित मात्र नभई पात्र परिचय, पाद-टिप्पणीले गर्दा संग्रहको अर्को मूल्य बढेको छ र पाठकहरूलाई धेरै सजिलो बनाइदिएको छ। यस्तै पात्रहरूको छनोटमा पनि त्यति नै कौशलता देखिन्छ । यसको साथै तत्कालीन शैलीमै अनुवाद भइदिएकाले पनि त्यसबेलाको भाषाशैलीसँग परिचित हुन पाठकहरूलाई अपठेरो परेन । अन्यथा आधुनिक शैलीमा अनुवाद भइदिएको भए अनुसन्धान-कर्ताहरूलाई पनि निकै अप्ठेरो पर्ने थियो । अब त्यो रहेन । साथै विभिन्न स्थानहरूमा पाली व्याकरण अनुसार पालिशब्द नै प्रयोग भएका छन् न कि संस्कृत वा नेपाली ।

विजयेश्वरी, काठमाडौं, — वटुकृष्ण "भूषण"
नेपाल ।
१५ आषाढ २०३५

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

प्रस्तुत "बुद्धकालीन गृहस्थीहरू" भाग–२ आनन्दकुटी विहारगुठीको प्रकाशन क्रमको चौधौं ग्रन्थ हो र बुद्धकालीन ग्रन्थहरूको क्रमको तेह्रौं ग्रन्थ हो ।

"बुद्धकालीन गृहस्थीहरू" को पहिलो भाग १५।५।०२९ मा प्रकाशित भएको थियो ।

"बुद्धकालीन ब्राह्मण" भाग–३ को प्राक्कथनमा उल्लेख गरे झैं अब उप्रान्त प्रत्येक बुद्धकालीन संग्रहको काम टुँग्याउँदै लैजाने लक्ष राखे बमोजि प्रस्तुत संग्रह "बुद्धकालीन गृहस्थीहरू" को दोश्रो भाग हो र तेश्रो भागबाट यस संग्रहको काम पनि अहिलेको योजना अनुसार समाप्ति हुनेछ ।

यस संग्रहमा पनि पाठकहरूको सुविधाको लागि अकारादि क्रममै पात्रहरू राखिदिएको छु । तदनुसार यस संग्रहमा 'अ' देखि 'न' सम्मका नामहरू समावेश भएका छन् र जम्मा चौबीस (२४) जना पात्रहरूका

कुराहरू यसमा संग्रहित भएका छन् । यो संग्रह पनि त्रिपिटक मूलपालिबाट मात्र खोजगरी संकलन गरेको हुँ ।

यी पच्चीस (२५) जना पात्रहरूको सम्बन्धमा जम्मा एकतीस (३१) वटा सूत्रहरू पाइएका छन् र जसको अनुवाद यहाँ अगाडि गरिदिएको छु । यसको अलावा प्रत्येक पात्र सम्बन्धी मूल पालि र अट्ठकथाहरूमा खोजगरी पाइएका कारणहरूलाई एकत्रित पारी परिचय लेख्ने प्रयास गरेको छु । उपरोक्त तीस सूत्रहरू निम्न मूल ग्रन्थहरूबाट संकलन गरेको छु । जस्तै—

(१) दीघनिकायबाट–१, (२) मज्झिमनिकायबाट–३, (३) संयुत्तनिकायबाट–१३, (४) अङ्गुत्तरनिकायबाट–६, (५) उदानपालिबाट–२, (६) सुत्तनिपातपालिबाट–३, (७) महावग्गपालिबाट–१, (८) पाराजिकपालिबाट–१ र (९) पाचित्तियपालिबाट–१.

यी तीस सूत्रहरू यसप्रकार छन्—

१. अस्सारोह गामणि

	पृष्ट[1]	पृष्ट[2]
१.	सं. नि. III. पृ. २७५: अस्सारोहसुत्तं, गामणिसंयुत्तं	१३

१. नालन्दा प्रकाशन पुस्तकहरूको पृष्ठ ।

२. यसै पुस्तकको पृष्ठ ।

२. असिबन्धकपुत्र गामणि

३. इच्छानङ्गलक उपासक

४. उग्गह मेण्डकनत्ता

५. उदेन उपासक

६. उपक मण्डिकापुत्र

७. उपालि केटा

१६. चुन्द कम्मारपुत्र

१७. तालपुट नटगामणि

१८. दशम गृहपति

१९. दारुकम्मिक गृहपति

२०. दीघजाणु कोलियपुत्र

२१. दीघावु उपासक

२२. धनिय गोप

२३. धम्मदिन्न उपासक

२४. धम्मिक उपासक

२५. नन्दिय शाक्य

बुद्धकालीन ग्रन्थहरूको शुरुदेखि फैं अहिले पनि प्रस्तुत तुस्तकको भाषा संसोधन र प्रूफ हेर्ने काममा समेत निरन्तररूपले श्री प्रा. वटुकृष्ण 'भूषण' ज्यूले सहयोग दिंदै आउनु भएको छ र यसबारेमा वहाँ प्रति म ज्यादै आभारी छुँ। अफ्र वहाँले अघि अघि जस्तै यसमा पनि विद्वतापूर्वक भूमिका लेखिदिनु भएको छ। नेपालीको प्राक्कथनलाई अंग्रेजीमा रूपान्तर गरिदिनु हुने श्री प्रा. आशाराम शाक्ययूलाई पनि हार्दिक धन्यवाद दिएको छु र शब्दावलीहरूको प्रारम्भिक वर्गीकरण गरी छुट्याइ दिएकोमा आयुष्मान् महानाम स्थविर र दिनहुँ फैं दिक्क नमानी प्रेसबाट प्रूफ ल्याउने र लैजाने गरिदिएकोमा श्री खड्गबहादुर उपासकलाई पनि धन्यवाद दिएको छु। अन्तमा प्रस्तुत पुस्तक पनि आनन्दकुटी विहारगुठीको तरफबाट प्रकाशित गरिदिनु भएकोमा आनन्दकुटी

विहारगुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर लगायत गुठीका सबै सदस्यहरूलाई पनि धन्यवाद दिएको छु ।

– भिक्षु अमृतानन्द

आनन्दकुटी विहार, स्वयम्भू, आषाढ ३१, २०३५

काठमाडौं, नेपाल ।

फो. नं. १४४२०

संकेत-शब्दको अर्थ—

अं. नि–१ = अङ्गुत्तरनिकाय एककनिपात ।

अं. नि. अ. क.
अं. अ. क. } = अङ्गुत्तरनिकायट्ठकथा ।

अप. दा. पा. = अपदानपालि ।

अप. दा. अ. क. = अपदानट्ठकथा ।

अ. क. = अट्ठकथा ।

अभि. ध. सं. = अभिधम्मट्ठसंगहो ।

उदा. पा. = उदानपालि ।

उदा. अ. क. = उदानअट्ठकथा ।

चुल्ल. व. पा. = चुल्लवग्गपालि ।

जा. अ. क. = जातकट्ठकथा ।

थेर. गा. पा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा ।

थेरी. गा. अ. क. = थेरीगाथट्ठकथा ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पटि. म. पा. = पटिसम्भिदामग्गपालि ।

पटि. म. अ. क. = पटिसम्भिदाअट्ठकथा ।

पपं. सू. = पपञ्चसूदनी ।

पाचि. पा. = पाचित्तियपालि ।

पा. रा. पा. = पाराजिकपालि ।

बु. वं. पा. = बुद्धवंसपालि ।

बु. वं. अ. क. = बुद्धवंसअट्ठकथा ।

बु. भा. भू. = बुद्धकालीन भारतीय भूगोल ।

बु. ब्रा. भा–१, २, ३ = बुद्धकालीन ब्राह्मण,
भाग–१, भाग–२, भाग–३

बु. गृ. भा–१ = बुद्धकालीन गृहस्थीहरू भाग–१

बु. रा. भा–१ = बुद्धकालीन राजपरिवार भाग–१

बु. म. भा–१ = बुद्धकालीन महिलाहरू भाग–१

बु. प. भा–१ = बुद्धकालीन परिव्राजकहरू भाग–१

बु. ब्र. भा–१ = बुद्धकालीन ब्रह्मादिदेव भाग–१

बु. श्रा. च. भा–१ = बुद्धकालीन श्रावक चरित भाग–१

बु. वि. = बुद्धकालीन विमानकथा ।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

म. नि. = मज्झिमनिकाय ।

मनो. र. पू. = मनोरथपूरणी ।

महा. व. पा. = महावग्गपालि ।

महा. नि. पा. = महानिद्देसपालि ।

विभं. पा. = विभङ्गपालि ।

विमा. व. अ. क. = विमानवत्थुअट्ठकथा ।

सं. नि. = संयुत्तनिकाय ।

सं अ. क.
सं. नि. अ. क. } = संयुत्तनिकायट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सार. प. = सारत्थपकासिनी ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

हे. वि. = हेवावितारन ।

G. D. = The Geographical Dictinary of Ancient and Mediaeval India.

D. P. P. = Dictionary of Pali-Proper Names

त्रि-पिटक-सूची

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विनयपिटक :

१–पाराजिकपालि
२–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्गपालि
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

अभिधम्मपिटक :

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान]

बिषय-सूची

बुद्धकालीन गृहस्थीहरू

[भाग-२]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. अस्सारोह गामणि

प रि च य

घोडसवारलाई 'अस्सारोह' भनिएको हो । संयुत्तनिकाय III. पृ. २७२ मा उल्लेख भएको तालपुट सूत्रमाथि विचार गर्दा यी अस्सारोह गामणि राजगृहवासी हुन् र राजगृहको कलन्दकनिवापमा बसिरहनु भएका भगवान्‌कहाँ गई यिनले प्रश्न सोधेका थिए भन्ने कुराको अनुमान लगाउन सकिन्छ ।

यी अस्सारोह गामणिले अघि अघिका घोडसवारका आचार्य प्राचार्यहरूले भनेका कुरा सुनेका थिए कि—जो पुरुष युद्धमा मर्छ उ स्वर्गलोकमा उत्पन्न हुन्छ । यस्ता कुरा राजनैतिक वातावरणबाट प्रेरित भई युद्धमा जानेहरूलाई प्रोत्साहित पार्ने उद्देश्यले नै युद्धमा मर्नेहरू स्वर्गमा पुग्दछन् भनी केही धर्महरूले भनेका हुन् । तर बुद्धधर्मले यस कुरालाई मान्दैन । त्यसैले अस्सारोह गामणिले युद्धमा मर्नेहरू स्वर्गमा पुग्दछन् भन्ने विषयमा भगवान् के भन्नुहुन्छ भनी प्रश्न सोध्दा वहाँले "यो कुरा मसँग नसोध" भनी भन्नुभएको थियो । जब अस्सारोह गामणिले जोडगरे तब भगवान्‌ले "युद्धमा मरेर स्वर्गमा पुगिन्छ" भन्ने

धारणा बिलकुल गलत हो र गलत धारणा हुनेको गति नरकयोनि वा तिरश्चीनयोनिमध्ये कुनै एकमा हुन्छ भनी भन्नुभयो । जुन कुरा अगाडि अनुदित मूलसूत्रबाटै प्रष्ट भएको छ । उपदेशको अन्तमा बुद्धको शरणमा परी अस्सारोह गामणिले उपासकत्व ग्रहण गरे ।

× × ×

मूल सूत्र—

१–युद्धमा मरे स्वर्ग पुगिन्छ

अनि अस्सारोह गामणि (अश्वारोह ग्रामणी) जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि एक छेउमा बसे[1]। एक छेउमा बसेका अस्सारोह गामणिले भगवान्सँग यस्तो भने—

"भन्ते! मैले अघि अघिका घोडसवार आचार्य-प्राचार्यहरूले भनेका कुरा सुनेको छु कि—'जो घोडसवार संग्राममा उत्साहित हुन्छ, बल देखाउँछ—त्यस्ता उत्साहित हुने, बल देखाउनेलाई अरूले मारिदिन्छन्, ज्यान लिन्छन्; मरण भएपछि उ 'परजित' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ।' यस सम्बन्धमा भगवान् के भन्नुहुन्छ?"

"गामणि! भइहाल्यो, यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध।"

दोश्रो पटक पनि...तेश्रो पटक पनि अस्सारोह गामणिले भगवान्सँग यस्तो भने—

१. सं. नि. III. पृ. २७५: अस्सारोहसुत्तं, गामणिसंयुत्तं।

"भन्ते! मैले अघि अघिका घोडसवार आचार्य-प्राचार्यहरूले भनेका कुरा सुनेको छु कि—'जो घोडसवार संग्राममा उत्साहित हुन्छ, बल देखाउँछ—त्यस्ता उत्साहित हुने र बल देखाउनेलाई अरूले मारिदिन्छन्, ज्यान लिन्छन्; मरण भएपछि उ 'परजित' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ।' यस सम्बन्धमा भगवान् के भन्नुहुन्छ ?"

"गामणि! 'भइहाल्यो, यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध' भनी भन्दा पनि मुक्त पाउन सकिन्न भने—गामणि! त्यसोभए तिमीलाई म बताउनेछु। गामणि! जो त्यो घोडसवार संग्राममा उत्साहित हुन्छ र बल देखाउँछ—उसको चित्त पहिले नै—'यी सत्वहरू मारियुन् वा बन्धित होउन् वा उच्छिन्न होओउन् वा विनाश होउन् वा बाँकी नरहुन्' भनी दूषित भएको हुन्छ, खराबदिशातिर लागेको हुन्छ। अनि उत्साहित हुने तथा बल देखाउने उसलाई अरूले मारिदिन्छन्, ज्यान लिन्छन्। अनि शरीर छाडी मृत्युपछि—जहाँ 'परजित[१]' भन्ने नरकलोक छ—उ त्यहाँ उत्पन्न हुन्छ; यदि उसले—'जो घोडसवार

१. सं. अ. क. III. पृ. १०० माः 'सरजित'। यो सरजित अथवा 'परजित' भन्ने नरक कतै अलग छैन। यो नरक अवीचि नरकको एक भाग हो। यो नरकमा उत्पन्न हुनेहरू पञ्चायुधसन्नद्ध भएका हात्ती घोडाको रथमा चढी संग्राममा युद्ध गरे जस्तैगरी भोग गर्छन् भनी सं. नि. अ. क. III. पृ. १००: योधाजीवसुत्तवण्णना, गामणि-संयुत्तले उल्लेख गरेको छ।

संग्राममा उत्साहित हुन्छ, बल देखाउँछ - त्यस्ता उत्साहित हुने, बल देखाउनेलाई अरूले मारिदिन्छन्, ज्यान लिन्छन् अनि मरणपछि उ 'परजित' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ' भन्ने विश्वास गर्छ भने—यो उसको गलत विश्वास हुनेछ (सास्सहोति मिच्छादिट्ठि)। गामणि गलत विश्वास हुनेको (मिच्छादिट्ठिकस्स) दुइगतिहरूमध्येमा कुनै एक गति हुन्छ—नरकयोनी वा तीर्यकयोनी—भनी म भन्दछु।"

यस्तो भन्नुहुँदा आँखाबाट आँसु बगाई अस्सारोह गामणि रुनथाले।

"गामणि ! भइहाल्यो, यो कुरा छाडिदेऊ, यो कुरा मसँग नसोध भनी भन्दा पनि म तिमीबाट मुक्तहुन सकिन।"

"भन्ते ! जुन कुरा भगवान्ले मलाई सुनाउनुभयो म त्यस कुराबाट रोएको होइन। भन्ते ! बल्कि अघि अघिका घोडसवार आचार्य-प्राचार्यहरूको—'जो त्यो घोडसवार संग्राममा उत्साहित हुन्छ, बल देखाउँछ—त्यस्ता उत्साहित हुने, बल देखाउनेलाई अर्काले मारिदिन्छन्, ज्यान लिन्छन्; अनि मरणपछि उ 'परजित' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ' भन्ने कुराबाट म धेरै समयसम्म छकिएँ, ठगिएँ तथा मोहित भएँ।

"भन्ते ! धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई

बाटो देखाइदिँदा वा अँध्यारोमा तेलको बत्ती राखिदिँदा आँखा हुनेहरूले रूप देख्ने हुन् — त्यस्तैगरी तपाइले मलाई अनेकप्रकारले धर्मप्रकाश पारिदिनुभयो । अब म भगवान्‌को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि भगवान्‌ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

---

२. असिबन्धकपुत्र गामणि

परिचय

असिबन्धकपुत्र गामणिको सम्बन्धमा चारवटा मूल सूत्रहरू पाइएका छन् । यिनीहरूको अनुवाद अगाडि गरिदिएको छु । यी सूत्रहरूको भनाइ अनुसार निगण्ठ-नाटपुत्रको शिष्यत्वमा आउनुभन्दा अगाडि यी असिबन्धकपुत्र गामणि ब्राह्मणभक्त थिए होलान् भनी अनुमान लगाउन सकिन्छ । किनभने—जब यिनले नालन्दाको पावारिक-आम्रवनमा बसिरहनु भएका बुद्धसँग सर्वप्रथम भेटेका थिए तब यिनले पश्चिमभूमिमा बस्ने कमण्डलुधारी ब्राह्मणहरूको जिक्री गरेका थिए । त्यसवखत यिनले बुद्धसँग यस्तो पनि भनेका थिए कि—ती ब्राह्मणहरूले मरेकालाई स्वर्ग पुऱ्याउन सक्छन् । अतः तपाइ गौतमले पनि मरेकालाई स्वर्ग पुऱ्याउन सक्नुहुन्छ के ?

यसको उत्तरमा भगवान्ले असिबन्धकपुत्र गामणिलाई उदाहरण सहित चित्तवुझ्नेगरी जुन उपदेश गर्नुभएको थियो त्यो कुरा अगाडिको पहिलो सूत्रमा उल्लेख भएको छ ।

अर्कोपटक यिनले बुद्धसँग उपदेशको सम्बन्धमा प्रश्न सोधेका थिए । उत्तरमा बुद्धले खेतका उपमाहरूसँग मिलाई तथा पानीका भाँडाहरूसँग तुलना गरी जवाफदिनु भएको थियो । जुन कुरा अगाडिको दोश्रो सूत्रले प्रष्ट गरिदिएको छ ।

तल्ला दुइ सूत्रहरूमा (३ र ४) भने स्पष्टरूपमा 'निगण्ठका श्रावक' भनी उल्लेख भएका छन । यसैको आधारमा हेर्दा यिनी पछिगएर निगण्ठ-नाटपुत्रको शिष्यत्वमा पुगेका थिए भनी सजिलैसँग भन्न सकिन्छ ।

अगाडिको तेश्रो सूत्रमा चाहिं भगवानले यिनीसँग 'निगण्ठ-नाटपुत्रले आफ्ना शिष्यहरूलाई कसरी धर्मोपदेश गर्छन् ?' भन्ने सम्बन्धमा चर्चा भएको छ । अनि चौथो सूत्र अनुसार चाहिं एकदिन निगण्ठ-नाटपुत्रले यिनलाई दोधारे प्रश्न सिकाई बुद्धकहाँ वादारोपण गर्नकोनिमित्त पठाएको कुरा उल्लेख भएको पाइन्छ । यस छलफलद्वारा पनि असिबन्धकपुत्र गामणि बुद्धप्रति प्रसन्न नै भएको कुरा थाहा-पाइन्छ ।

किन्तु यस सूत्रको सम्बन्धमा एउटा प्रश्न उठ्नसक्छ । त्यो केहो भने ?—

"एकं समयं भगवा कोसलेसु चारिकं चरमानो महता भिक्खु-सङ्घेनसद्धिं येन नालन्दा तदवसरि ।" अर्थात्—"एक समय भगवान् कोशलमा चारिका गर्दै धेरै भिक्षुहरूकासाथ जहाँ नालन्दा हो त्यहाँ जानुभयो" भन्ने बारेमा ।

यस अनुसार — 'कोशलमा चारिका गर्दै नालन्दामा जानुभयो' भन्ने वाक्यद्वारा यो नालन्दा कोशल राज्यभित्र रहेको छ भन्ने कुरा बुझिन्छ। त्यसोभए यसमा जुन 'पावारिक-आम्रवन' भनिएको छ त्यो कुनचाहिं हो त ? भन्ने अर्को प्रश्न उठ्छ।

पालिसाहित्यमा 'पावारिक' नामका सेठहरू दुइजना बाहेक अरू देखिन्नन्। यिनीहरूकै आम्रवनहरूलाई 'पावारिक-आम्रवन' भनिएको हो। यी दुइजना पावारिकहरूमध्ये एकजना कौशम्बीवासी (हेर बु. रा. भा–१, पृ. ४१९: राजा उदेन) र अर्को नालन्दावासी हुन्। यी दुइजनाहरूको नाम छुटचाउने उद्देश्यले नालन्दावासी (राजगृह नजिकको नालन्दा) पावारिकलाई अट्ठकथाहरूले 'दुस्स-पावारिक' नामले चिनाएका छन्। (पपं. सू. II. पृ. ३२७: कोसम्बक-सुत्तवण्णना; सुमं. वि. II. पृ. ६३३: सम्पसादनसुत्तवण्णना; मनो. र. पू. I. पृ. २३५: खुज्जुत्तराकथा, एककनिपातवण्णना; सार. प. III. पृ. १६९; नालन्दासुत्तवण्णना, नालन्दावग्गो र D. P. P. II. पृ. १९५.) यसै सूत्रको आधार लिएर भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. २२७ मा दुइवटा नालन्दा छन् भनी लेखेका हुन्।

अर्को कुरा विचार गर्ने हो भने—कोशल देशमा निगण्ठ-नाटपुत्रको कुनै केन्द्र रहेको कुरा मूल सूत्र वा अट्ठकथाहरूमा पाइँदैनन्। पाइन्छन् भने—राजगृह, नालन्दा, वैशाली र कपिलवस्तु आदि नामहरू पाइन्छन्। (हेर बु. प. भा–१, पृ. १६६: निगण्ठ-नाटपुत्र)।

उपरोक्त कुराहरू ध्यानमा राख्दा अगाडिको सूत्र (नं. ४) मा

जुन 'कोशलमा चारिका गर्दै... नालन्दा जानुभयो' भन्ने वाक्य उल्लेख भएको छ यस विषयमा राम्ररी विचार गरी खोज गर्नुपर्ने देखिन्छ। अर्को कुरा कोशलमा नालन्दा रहेको कुरा यही एक सूत्रमा उल्लेख भएको देखिएको छ। अरू कुराहरू अगाडिका मूल सूत्रहरूबाटै स्पष्ट भएका छन्।

× × ×

मूल सूत्र—

१–प्रार्थनाद्वारा सुगति वा दुर्गति पुग्न सकिदैन

एक समय भगवान् नालन्दाको पावारिक-आम्रवनमा[१] विहार गरिरहनु भएको थियो[२]। अनि असिबन्धकपुत्र गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका असिबन्धकपुत्र गामणिले भगवान्लाई यस्तो भने—

"भन्ते! पश्चीम भूमिमा बस्ने कमण्डलुधारी क्याउ लगाउने, पानीमा डुब्की लगाउने तथा अग्निपरिचर्या गर्ने ब्राह्मणहरू छन्[३]।

---

१. यो आम्रवन दुस्स पावारिकसेठको आम्रवन थियो। हेर बु. प. भा–१, पृ. २१६ को पादटिप्पणीमा। यो नालन्दा राजगृहबाट एक योजन टाढापर्छ। सुमं. वि. I. पृ. २७: ब्रह्मजालसुत्तवण्णना।

२. सं. नि. III. पृ. २७६: असिबन्धकपुत्तसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. १००.

३. यस्तै कुरा अं. नि–१०, पृ. ३१६: चुन्दसुत्तं, जाणुस्सोणिवग्गमा पनि उल्लेख भएको पाइन्छ।

उनीहरूले मरेकोलाई हिड्न लगाउँछन् (उय्यापेन्ति), संज्ञापन गराउँछन् र स्वर्गमा पनि पठाउँछन् । भन्ते ! भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, तपाइ पनि त्यस्तो गर्न सक्नुहुन्छ के जस्तो गर्दा सबैलोक, शरीरछाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सकोस् ?"

(क) "गामणि ! त्यसोभए म तिमीसँगै सोध्नेछु; जस्तो तिमीलाई लाग्नेछ त्यस्तो बताऊ । गामणि ! (भनौंकि) यहाँ कुनै पुरुष—प्राणीघाती, अदिन्नादायी, काममिथ्याचारी, मृषावादी, पैशुन्य-वादी, परुषवादी, सम्प्रलापी, अभिध्यालु, क्रोधी तथा मिथ्यादृष्टिक हुन्छ । अनि महाजनसमूह एकत्रित भई उसँग आयाचना गर्छ, प्रशंसा गर्छ, हात जोर्छ तथा प्रयत्न गर्छ—'यो पुरुष शरीर छाडी मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न होओस् ।' गामणि ! यस सम्बन्धमा तिमी के भन्दछौ त ?–के त महाजनसमूहको आयाचनाको कारणबाट वा प्रशंसाको कारणबाट वा हात जोराइको कारणबाट अथवा प्रयत्नको कारणबाट शरीर छाडी मरणपछि सो पुरुष सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छ त ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भन्ते ! सक्दैन ।"

"गामणि ! जस्तै—कुनै पुरुषले ठूलो ढुँगालाई पानीको गहिराइमा खसाल्छ । अनि महा जनसमूह एकत्रित भई—त्योसँग आयाचना गर्छ, प्रशंसा गर्छ, हात जोर्छ तथा प्रयत्न गर्छ –'हे ठूलो ढुँगा ! माथि आ, हे ठूलो ढुँगा ! बघ, हे ठूलो ढुँगा ! तीरमा आ ।' गामणि ! यस सम्बन्धमा तिमी के भन्दछौ त ?—के त महा जनसमूह-

को आयाचनाको कारणबाट वा प्रशंसाको कारणबाट वा हातजोराइको कारणबाट अथवा प्रयत्नको कारणबाट त्यो ठूलो ढुँगा पानीमाथि उत्रन्छ वा बग्छ वा तीरमा आउँछ त ?"

"भन्ते ! आउँदैन ।"

"गामणि ! त्यस्तैगरी जो त्यो पुरुष प्राणीघाती, अदिन्नादायी, ...तथा मिथ्यादृष्टिक हुन्छ; यद्यपि महाजनसमूह एकत्रित भई उसँग आयाचना गर्छ, प्रशंसा गर्छ, हात जोर्छ तथा प्रयत्न गर्छ—'यो पुरुष शरीर छाडी मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न होओस्' तैपनि त्यो पुरुष शरीर छाडी मृत्युपछि अपाय दुर्गति विनिपात नरकमै उत्पन्न हुन्छ ।

(ख) "गामणि ! (भनौंकि) यहाँ कुनै पुरुष—प्राणीघात नगर्ने, अदिन्नादान नलिने, काममिथ्याचार नगर्ने, मृषावाद नगर्ने, पैशुन्य-वाद नगर्ने, परुषवाद नगर्ने, सम्प्रलाप नगर्ने, अभिध्यालु नहुने, क्रोधी नहुने तथा सम्यक्दृष्टिक हुन्छ । अनि महाजनसमूह एकत्रित भई उसँग आयाचना गर्छ, प्रशंसा गर्छ, हात जोर्छ तथा प्रयत्न गर्छ —'यो पुरुष शरीर छाडी मरणपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न होओस् ।' गामणि ! यस सम्बन्धमा तिमी के भन्दछौ त ? —के त महा-जनसमूहको आयाचनाको कारणबाट वा प्रशंसाको कारणबाट वा हात-जोराइको कारणबाट अथवा प्रयत्नको कारणबाट शरीर छाडी मरणपछि यो पुरुष अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन सक्छ त ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भन्ते ! सक्दैन ।"

"गामणि ! जस्तै—कुनै पुरुषले घिउको ठेकी वा तेलको ठेकी-लाई गहिरो पानीमा डुबाई फुटाल्छ । त्यहाँ जो ती गिर्खाहरू वा काठका टुक्राहरू हुन् ती तलतिर डुब्छन्; जो त्यो घिउ वा तेल हो त्यो माथितिर उठ्छ । अनि महाजनसमूह एकत्रित भई—त्योसँग आयाचना गर्छ, प्रशंसा गर्छ, हात जोर्छ तथा प्रयत्न गर्छ – 'हे घिउ वा तेल ! डुबेर जा, हे घिउ वा तेल ! तल डुबेर बस, हे घिउ वा तेल ! तलतिर जा ।' गामणि ! यस सम्बन्धमा तिमी के भन्दछौ त ?—के त महाजनसमूहको आयाचनाको कारणबाट वा प्रशंसाको कारणबाट वा हातजोराइको कारणबाट अथवा प्रयत्नको कारणबाट त्यो घिउ वा तेल डुबेर जान्छ वा तल दबेर बस्छ वा तलतिर जान्छ ?"

"भन्ते ! जाँदैन ।"

"गामणि ! त्यस्तैगरी—जो त्यो पुरुष प्राणीघातबाट, अदिन्ना-दानबाट,... सम्प्रलापबाट विरत रहन्छ, अभिध्यालु हुन्न, क्रोधी हुन्न तथा सम्यक्‌दृष्टिक हुन्छ; यदचपि महाजनसमूह एकत्रित भई उसँग आयाचना गर्छ, प्रशंसा गर्छ, हात जोर्छ तथा प्रयत्न गर्छ—'यो पुरुष शरीर छाडी मरणपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न होओस्' तैपनि त्यो पुरुष शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमै उत्पन्न हुन्छ ।"

यस्तो भन्नुहुँदा असिबन्धकपुत्र गामणिले भगवान्‌लाई यस्तो भने—

"धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! ! ... आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस् ।"

× × ×

मूल सूत्र –

२–बुद्ध सबैमाथि दयापूर्वक धर्मोपदेश गर्नुहुन्छ

एक समय भगवान् नालन्दाको पावारिक आम्रवनमा विहार गर्दै हुनुहुन्थ्यो[१]। अनि असिबन्धकपुत्र गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका असिबन्धकपुत्र गामणिले भगवान्-लाई यस्तो भने—

"भन्ते! भगवान् सबै प्राणीहरू प्रति हितानुकम्पी भई विहार गर्नुहुन्छ होइन?"

"गामणि! हो; तथागत सबै प्राणीहरू प्रति हितानुकम्पी भई विहार गर्छन्।"

"भन्ते! त्यसोभए किननि भगवान्ले कसैलाई सत्कारपूर्वक धर्मोपदेश गर्नुहुन्छ र कसैलाई त्यसरी सत्कारपूर्वक धर्मोपदेश गर्नुहुन्न?"

"गामणि! त्यसोभए तिमीसँगै सोध्नेछु। जस्तो तिमीलाई

१. सं.नि. III. पृ. २७८: खेत्तूपमसुत्तं, गामणिसंयुत्तं, अ.क. III. पृ. १००.

लाग्नेछ त्यस्तो बताऊ। गामणि ! (भनौं कि) यहाँ कुनै कुनै गृहपतिका तीनवटा खेतहरू छन् । जस्तै—एउटा उत्तम खेत, एउटा मध्यम खेत तथा एउटा कमसल खेत—सारो, नुनीलो तथा खराब भूमि हुन्छ । यस सम्बन्धमा तिमी के भन्दछौ त ? गामणी ! खेतमा बिऊ रोप्न चाहने अमुक कृषक गृहपतिले कुन खेतमा पहिले बिऊ रोप्छ—जो त्यो खेत उत्तम हो, त्यसमा वा जो त्यो खेत मध्यम हो, त्यसमा अथवा जो त्यो खेत कमसल छ, सारो छ, नुनीलो छ तथा खराब भूमि छ त्यसमा ? यस सम्बन्धमा तिमी के भन्छौ त ?"

"भन्ते ! खेत रोप्न चाहने अमुक कृषक गृहपतिले जो त्यो उत्तम खेत हो त्यसमा पहिले बिऊ रोप्छ । त्यसमा बिऊ रोपिसकेपछि जो त्यो मध्यम खेत हो त्यसमा बिऊ रोप्छ । त्यसमा बिऊ रोपिसकेपछि जो त्यो कमसल खेत हो—सारो, नुनीलो तथा खराब भूमि हो त्यसमा बिऊ रोप्न पनि सक्छ, न रोप्न पनि सक्छ । किनभने ?—कमसेकम गाईको-निमित्त खाना भए पनि हुनेछ ।"

"गामणि ! जस्तै—त्यो अमुक खेत उत्तम छ—त्यस्तैगरी—मेरा भिक्षु र भिक्षुणीहरू उत्तम छन् । म उनीहरूलाई धर्मोपदेश गर्दछु —आदिकल्याण, मध्यकल्याण, पर्यवशानकल्याण, सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्दछु । किनभने ?—गामणि ! उनीहरू मेरै द्वीप, मेरै सहारा, मेरै त्राण र मेरै शरणमा बस्दछन् । गामणि ! जस्तै—त्यो अमुक खेत मध्यम छ—त्यस्तैगरी—मेरा उपासक र उपासिकाहरू मध्यम छन् । उनीहरूलाई म धर्मोपदेश गर्दछु

—आदिकल्याण, मध्यकल्याण, पर्यवशानकल्याण, सार्थक, सब्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्दछु । किनभने ?— गामणि ! उनीहरू मेरैं द्वीप, मेरैं सहारा, मेरैं त्राण र मेरैं शरणमा बस्दछन् । गामणि ! जस्तै— त्यो अमुक खेत कमसल, सारो, नुनीलो तथा खराब भूमि छ— त्यस्तैगरी—मेरा अन्य तीर्थीय श्रमण-ब्राह्मण परिव्राजकहरू छन् । उनीहरूलाई पनि म धर्मोपदेश गर्दछु—आदिकल्याण, मध्यकल्याण, पर्यवशानकल्याण, सार्थक, सब्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्दछु । किनभने ?—कमसेकम एक पद भएपनि जान्नेछन् जो उनीहरूकोनिमित्त दीर्घकालिक हित र सुख हुनेछ ।

"गामणि ! (भनौं कि) कुनै पुरुषका तीनवटा पानीराख्ने खरखण्डाहरू (मणिका) छन्—एउटा पानीराख्ने खरखण्डा प्वाल नपरेको, पानी नचुहिने तथा पानी अड्ने; एउटा पानीराख्ने खरखण्डा प्वाल नपरेको, (तर अलि अलि) पानी चुहिने तथा पानी नअड्ने; एउटा पानीराख्ने खरखण्डा प्वाल परेको, पानी चुहिने तथा पानी नअड्ने हुन्छ । गामणि ! पानीराख्न चाहने अमुक पुरुषले कुनमा पहिले पानीराख्छ ?—जो त्यो प्वाल नपरेको, पानी नचुहिने तथा पानी अड्ने पानीराख्ने खरखण्डा हो त्यसमा पानीराख्छ वा जो त्यो प्वाल नपरेको तर (अलि अलि) पानी चुहिने तथा पानी नअड्ने पानीराख्ने खरखण्डा हो त्यसमा पानीराख्छ अथवा जो त्यो प्वाल परेको, पानी चुहिने तथा पानी नअड्ने पानीराख्ने खरखण्डा हो त्यसमा पानीराख्छ ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भन्ते ! पानीराख्न चाहने अमुक पुरुषले जो त्यो प्वाल नपरेको, पानी नचुहिने तथा पानी अड्ने पानीराख्ने खरखण्डा हो त्यसमा पानीराख्छ; त्यसमा राखेर पछि जो त्यो प्वाल नपरेको तर (अलि अलि) पानी चुहिने तथा पानी नअड्ने पानीराख्ने खरखण्डा हो त्यसमा पानीराख्छ; त्यसमा राखेर पछि जो त्यो प्वाल परेको, पानी चुहिने तथा पानी नअड्ने पानीराख्ने खरखण्डा हो त्यसमा पानीराख्न पनि सक्छ, न राख्न पनि सक्छ । किनभने ? — कमसेकम भाँडाहरू पखाल्नकोनिमित्त त हुनेछ भनी ।"

"गामणि ! जस्तै — जो त्यो प्वाल नपरेको, पानी नचुहिने तथा पानी अड्ने पानीराख्ने खरखण्डा हो—त्यस्तै—मेरा भिक्षु र भिक्षुणीहरू हुन् । उनीहरूलाई म धर्मोपदेश गर्दछु—आदिकल्याण, मध्यकल्याण, ... ब्रह्मचर्य प्रकाश पार्दछु । किनभने ?—उनीहरू मेरै द्वीप, मेरै सहारा, मेरै त्राण र मेरै शरणमा बस्दछन् । गामणि ! जस्तै जो त्यो प्वाल नपरेको तर (अलि अलि) पानी चुहिने तथा पानीराख्ने खरखण्डा हो त्यस्तै — मेरा उपासक र उपासिकाहरू हुन् । उनीहरूलाई म धर्मोपदेश गर्दछु—आदिकल्याण, मध्यकल्याण,... ब्रह्मचर्य प्रकाश पार्दछु । किनभने ?—उनीहरू मेरै द्वीप, मेरै सहारा, मेरै त्राण र मेरै शरणमा बस्दछन् । गामणि ! जस्तै—जो त्यो प्वाल परेको, पानी चुहिने तथा पानी नअड्ने पानीराख्ने खरखण्डा हो, त्यस्तै—मेरा अन्यतीर्थीय श्रमण ब्राह्मण परिव्राजकहरू हुन् । उनीहरूलाई पनि म धर्मोपदेश गर्दछु—आदिकल्याण, मध्यकल्याण,... ब्रह्मचर्य प्रकाश पार्दछु । किनभने ?—

कमसेकम एक पद भएपनि जान्नेछन् जो उनीहरूकोनिमित्त दीर्घकालिक हित र सुख हुनेछ ।"

यस्तो भन्नुहुँदा असिबन्धकपुत्र गामणिले भगवान्‌लाई यस्तो भने—"धन्यहो, भन्ते ! धन्यहो, भन्ते !! ... आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी मलाई भगवान्‌ले स्वीकार गर्नुहोस् ।"

× × ×

मूल सूत्र—

३—निगण्ठ-नाटपुत्रको उपदेश

एक समय भगवान् नालन्दाको पावारिक-आम्रवनमा विहार गर्नुभएको थियो[१]।

त्यस समय निगण्ठश्रावक असिबन्धकपुत्र गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि एक छेउमा बसे। एक छेउमा बसेका निगण्ठ-श्रावक असिबन्धकपुत्र गामणिसँग भगवान्ले यस्तो सोध्नुभयो—

"गामणि ! निगण्ठ-नाटपुत्रले आपना श्रावकहरूलाई कसरी धर्मोपदेश गर्छन् ?"

"भन्ते ! निगण्ठ-नाटपुत्रले आपना श्रावकहरूलाई यसरी धर्मोपदेश गर्छन्—

'(१) ज-जसले प्राणीहत्या गर्छन् उनीहरू सबै अपायगामी र नरकगामी हुन्छन्। (२) ज-जसले चोरी गर्छन् उनीहरू सबै अपायगामी

१. सं. नि. III. पृ. २८१: सङ्खधमसुत्तं, अ. क. III. पृ. १०१.

र नरकगामी हुन्छन् । (३) ज-जसले व्यभिचार गर्छन् उनीहरू सबै अपाय-गामी र नरकगामी हुन्छन् । (४) ज-जसले झूट बोल्छन् उनीहरू सबै अपायगामी र नरकगामी हुन्छन् । जुन जुन काममा धेरै समय बिताउँछन् सोही कारणले उनीहरू नरकगामी हुन्छन् ।'

"भन्ते ! यसरी निगण्ठ-नाटपुत्रले आफ्ना श्रावकहरूलाई धर्मोपदेश गर्छन् ।"

"गामणि ! त्यसोभए 'जुन जुन काममा धेरै समय बिताउँछ सोही कारणले उ नरकगामी हुन्छ' भन्ने निगण्ठ-नाटपुत्रको कथनानुसार त यहाँ कुनै पनि अपायगामी वा नरकगामी हुन सक्दैन ।

१–"गामणि ! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा रातमा प्राणीहत्या गर्ने हुन्छ—यी दुवै समयहरूमध्ये कुनचाहिं समय धेरै हुन्छ ? प्राणीहत्या गर्ने समय कि प्राणीहत्या नगर्ने समय ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा रातमा प्राणीहत्या गर्नेहुन्छ—यी दुवै समयहरूमध्ये प्राणीहत्या गर्ने समयभन्दा प्राणीहत्या नगर्ने समय नै धेरै हुन्छ ।"

"गामणि ! त्यसोभए 'जुन जुन काममा धेरै समय बिताउँछ सोही कारणले उ नरकगामी हुन्छ' भन्ने निगण्ठ-नाटपुत्रको कथनानुसार त यहाँ कुनै पनि अपायगामी वा नरकगामी हुन सक्दैन ।

२–"गामणि ! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा

रातमा चोरी गर्ने हुन्छ—यी दुवै समयहरूमध्ये कुनचाहिं समय धेरै हुन्छ? चोरी गर्ने समय कि चोरी नगर्ने समय? यसमा तिमी के भन्छौ?"

"भन्ते! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा रातमा चोरी गर्ने हुन्छ—यी दुवै समयहरूमध्ये—चोरी गर्ने समयभन्दा चोरी नगर्ने समय नै धेरै हुन्छ।"

"गामणि! त्यसोभए 'जुन जुन काममा धेरै समय बिताउँछ सोही कारणले उ नरकगामी हुन्छ' भन्ने निगण्ठ-नाटपुत्रको कथनानुसार त यहाँ कुनै पनि अपायगामी वा नरकगामी हुन सक्दैन।

३–"गामणि! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा रातमा काममिथ्याचारी हुन्छ—यी दुवै समयहरूमध्ये कुनचाहिं समय धेरै हुन्छ? काममिथ्याचार गर्ने समय कि काममिथ्याचार नगर्ने समय? यसमा तिमी के भन्छौ?"

"भन्ते! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा रातमा काममिथ्याचारी हुन्छ—यी दुवै समयहरूमध्ये—काममिथ्याचार गर्ने समयभन्दा काममिथ्याचार नगर्ने समय नै धेरै हुन्छ।"

"गामणि! त्यसोभए 'जुन जुन काममा धेरै समय बिताउँछ सोही कारणले उ नरकगामी हुन्छ' भन्ने निगण्ठ-नाटपुत्रको कथनानुसार त यहाँ कुनै पनि अपायगामी वा नरकगामी हुन सक्दैन।

४–"गामणि! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा

रातमा झूटवादी हुन्छ—यी दुवै समयहरूमध्ये कुनचाहिं समय धेरै हुन्छ ? झूटो कुरा गर्ने समय कि झूटो कुरा नगर्ने समय ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! समयको हिसाबले जो त्यो पुरुष दिनमा वा रातमा झूटवादी हुन्छ—यी दुवै समयहरूमध्ये—झूटो कुरा गर्ने समयभन्दा झूटो कुरा नगर्ने समय नै धेरै हुन्छ ।"

"गामणि ! त्यसोभए 'जुन जुन काममा धेरै समय बिताउँछ सोही कारणले उ नरकगामी हुन्छ' भन्ने निगण्ठ-नाटपुत्रको कथनानुसार त यहाँ कुनै पनि अपायगामी वा नरकगामी हुन सक्दैन ।

"गामणि ! यहाँ केही शास्ताहरू यस्ता वादी हुन्छन्, यस्ता दृष्टिका हुन्छन्—'ज-जसले प्राणीहत्या गर्छन् उनीहरू सबै अपायगामी र नरकगामी हुन्छन्; ज-जसले चोरी गर्छन् उनीहरू सबै अपायगामी र नरकगामी हुन्छन; ज-जसले काममिथ्याचार गर्छन् उनीहरू सबै अपायगामी र नरकगामी हुन्छन्; ज-जसले झूटा कुरा गर्छन् उनीहरू सबै अपायगामी र नरकगामी हुन्छन् ।' गामणि ! त्यस्ता शास्ता प्रति अभिप्रसन्न हुने श्रावक पनि हुन्छ । उसको मनमा – 'मेरा शास्ता यस्ता वादी हुनुहुन्छ, यस्ता दृष्टिका हुनुहुन्छ—ज-जसले प्राणीहत्या गर्छन् ती सबै अपायगामी र नरकगामी हुन्छन् । मैले पनि प्राणीहत्या गरेको छु, अतएव म पनि अपायगामी र नरकगामी हुँ' भन्ने धारणा हुन्छ । गामणि ! त्यो धारणा, त्यो वचन, त्यो चित्त (=चेतना) नहटेसम्म उ फ्याकेको जस्तैगरी नरकमा पर्नेछ । 'मेरा शास्ता यस्ता वादी हुनुहुन्छ,

यस्ता दृष्टिका हुनुहुन्छ—ज-जसले चोरी गर्छन्,...'ज-जसले काममिथ्याचार गर्छन् . ज-जसले झूटा कुरा गर्छन् ती सबै अपायगामी र नरकगामी हुन्छन्। मैले पनि चोरी गरेको छु, ..मैले पनि काममिथ्याचार गरेको छु,...मैले पनि झूटा कुरा गरेको छु, अतएव म पनि अपायगामी र नरकगामी हुँ' भन्ने धारणा हुन्छ। गामणि! त्यो धारणा, त्यो वचन, त्यो चित्त (=चेतना) नहटेसम्म उ पयाकेको जस्तैगरी नरकमा पर्नेछ।

बुद्धको उपदेश

"गामणि! यहाँ तथागत अरहत्, सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यहरूका शास्ता, बुद्ध भगवान् लोकमा उत्पन्न हुन्छन्। अनि वहाँले अनेकप्रकारले प्राणीहत्याको निन्दा गर्नुहुन्छ र 'प्राणीहत्यालाई त्याग्नु पर्छ' भनी भन्नुहुन्छ। चौरकार्यको पनि निन्दा गर्नुहुन्छ र 'चौरकार्यलाई त्याग्नुपर्छ' भनी भन्नुहुन्छ। काममिथ्याचारको पनि निन्दा गर्नुहुन्छ र 'काममिथ्याचारलाई त्याग्नुपर्छ' भनी भन्नुहुन्छ। मृषावादको पनि निन्दा गर्नुहुन्छ र 'मृषावादलाई त्याग्नुपर्छ' भनी भन्नुहुन्छ। गामणि! त्यस्ता शास्ता प्रति अभिप्रसन्न हुने श्रावक पनि हुन्छ। उसले यस्तो विचार गर्छ—

'भगवान्‌ले अनेक प्रकारले प्राणीहत्याको निन्दा गर्नुभएको छ र प्राणीहत्यालाई त्याग्नुपर्छ भनी भन्नुभएको छ। मैले यति वा उति प्राणीहत्या गरेको छु। जो मैले यति वा उति प्राणीहत्या गरें—त्यो ठीक छैन, त्यो राम्रो होइन। त्यसको कारणमा मैले पश्चात्ताप गरे

तापनि मेरो त्यो पापकर्म मैले नगरेको हुनेछैन ।' अनि उसले राम्ररी सोच-विचार गरी प्राणीहत्यालाई त्याग्छ । भविष्यकोनिमित्त उ प्राणी-हत्याबाट दूर रहन्छ । यसप्रकार पापकर्मको प्रहाण हुन्छ । यसप्रकार पापकर्मबाट उत्तीर्ण हुन्छ ।

'भगवान्‌ले अनेक प्रकारले अदिन्नादानको (=चोरी) निन्दा गर्नुभएको छ .. काममिथ्याचारको निन्दा गर्नुभएको छ,... मृषावादको निन्दा गर्नुभएको छ र मृषावादलाई त्याग्नुपर्छ भनी भन्नुभएको छ । मैले यति वा उति अदिन्नादान लिएको छु, .. काममिथ्याचार गरेको छु .. मृषावाद गरेको छु । जो मैले यति वा उति मृषावाद गरें—त्यो ठीक छैन, त्यो राम्रो होइन । त्यसको कारणमा मैले पश्चात्ताप गरे तापनि मेरो त्यो पापकर्म मैले नगरेको हुनेछैन ।' अनि उसले राम्ररी सोच-विचार गरी मृषावादलाई त्याग्छ । भविष्यकोनिमित्त मृषावादबाट दूर रहन्छ । यसप्रकार पापकर्मको प्रहाण हुन्छ । यसप्रकार पापकर्मबाट उत्तीर्ण हुन्छ ।

दशकुशल—"(१) उ प्राणीहत्यालाई त्यागी प्राणीहत्याबाट विरत रहन्छ, (२) अदिन्नादानलाई त्यागी अदिन्नादानबाट विरत रहन्छ, (३) काममिथ्याचारलाई त्यागी काममिथ्याचारबाट विरत रहन्छ, (४) मृषावादलाई त्यागी मृषावादबाट विरत रहन्छ, (५) पैशुन्यतालाई त्यागी पैशुन्यताबाट विरत रहन्छ, (६) परुषतालाई त्यागी परुषताबाट विरत रहन्छ, (७) सम्प्रलापलाई त्यागी सम्प्रलापबाट विरत रहन्छ, (८) अभिध्यालाई त्यागी अनभिध्यालु (=निर्लोभी) हुन्छ, (९)

ब्यापादलाई त्यागी अब्यापादी हुन्छ तथा (१०) मिथ्यादृष्टिलाई त्यागी सम्यक्दृष्टिक हुन्छ ।

"गामणि ! अनि सो आर्यश्रावक, यसरी अभिध्यालाई दूर गरी, ब्यापादलाई दूर गरी, असम्मूढ भई, संप्रज्ञानि भई तथा स्मृतिमान् भई प्रथम दिशामा, द्वितीय दिशामा, तृतीय दिशामा तथा चतुर्थ दिशामा मैत्रीचित्त फैलाई बस्छ। त्यस्तैगरी उर्ध, अध, तीर्य—सबैतिर, सबै प्रकारले, सबैलाई तथा सबै लोकमा—विपुल, महान, अप्रमाण-मैत्रीचित्त, अवैरचित्त तथा अद्वेषचित्त फैलाई बस्छ ।

"गामणि ! जस्तै कुनै शंख बजाउने बलवान्-पुरुषले केही मात्र बलगरी शंख बजाई चारैदिशातिर प्रतिध्वनित पार्छ त्यस्तैगरी उपरोक्ता-कारले जुन प्रमाणकरको रूपमा भाविता गरेको, बहुलिकृत गरेको मैत्रीचित्त हो त्यसलाई प्रमाणकरमै सीमित राख्दैन, त्यसैमा सीमित भएर बस्दैन ।

"गामणि ! अनि सो आर्यश्रावक, यसरी अभिध्यालाई दूर गरी, ब्यापादलाई दूर गरी, असम्मूढ भई, संप्रज्ञानी भई तथा स्मृतिमान् भई —प्रथम दिशामा, द्वितीय दिशामा, तृतीय दिशामा तथा चतुर्थ दिशामा करुणाचित्त फैलाई... मुदिताचित्त फैलाई... तथा उपेक्षाचित्त फैलाई बस्छ । त्यस्तैगरी उर्ध, अध, तीर्य –सबैतिर, सबैप्रकारले, सबैलाई तथा सबैलोकमा—विपुल, महान, अप्रमाण-करुणाचित्त... मुदिताचित्त... तथा उपेक्षाचित्त फैलाई बस्छ ।

"गामणि ! जस्तै कुनै शंख बजाउने बलवान् पुरुषले केही मात्र बलगरी शंख बजाई चारैदिशातिर प्रतिध्वनित पार्छ त्यस्तैगरी उपरोक्ताकारले जुन् प्रमाणको रूपमा भाविता गरेको, वहुलिकृत गरेको करुणाचित्त, मुदिताचित्त तथा उपेक्षाचित्त हो त्यसलाई प्रमाणकरमै सीमित राख्दैन, त्यसैमा सीमित भएर बस्दैन ।"

यति कुरा सुनी असिबन्धकपुत्र गामणिले भगवान्सँग यस्तो भने—

"धन्यहो, भन्ते ! धन्यहो, भन्ते !... आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस् ।"

× × ×

मूल सूत्र—

४—निगण्ठ-नाटपुत्रले कुरासिकाए

एक समय भगवान् कोशलमा चारिकागर्दै धेरै भिक्षुहरूका साथ जहाँ नालन्दा[1] हो त्यहाँ जानुभयो[2]। अनि भगवान्ले नालन्दाको पावारिक-आम्रवनमा विहार गर्नुभयो।

त्यस समय नालन्दामा दुर्भिक्ष परेको थियो, जीवन मरणको समस्या थियो। मृतक शरीरहरूका सेता सेता हाडहरू यत्र तत्र देखिन्थे। केवल (धानको) बोट मात्र हुन्थ्यो, फल फल्दैनथ्यो।

---

१. यस सूत्रमा 'कोशलमा चारिकागर्दै' भन्ने वाक्य भएको हुँनाले यहाँको 'नालन्दा' राजगृह र पाटलिपुत्रको बीचमा पर्ने 'नालन्दा' भन्दा भिन्नै 'नालन्दा' हो भन्ने कुरा बुझिन्छ। यसै सूत्रको अनुवाद बु. प. भा–१, पृ. २०३ः मा पनि भएको छ। तर त्यहाँ गल्तीले गर्दा 'कोशलमा चारिकागर्दै' भनी लेख्नुपर्नेमा 'वैशाली नगरमा चारिकागर्दै' भनी लेखिएकोमा 'कोशलमा चारिकागर्दै' भनी सच्च्याएर पढ्नुहुन निवेदन गरेको छु।

२. सं. नि. III. पृ. २८५ः कुलसुत्तं, अ. क. III. पृ. १०२.

त्यसवखत निगण्ठ-नाटपुत्र विशाल निगण्ठ परिषद्कासाथ नालन्दामा बस्दथे। अनि निगण्ठ-श्रावक असिबन्धकपुत्र गामणि जहाँ निगण्ठ-नाटपुत्र थिए त्यहाँ गए। त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्र-लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका निगण्ठ-श्रावक असिबन्धकपुत्र गामणिलाई निगण्ठ-नाटपुत्रले यसो भने—

"गामणि! तिमी जाऊ, श्रमण गौतमलाई वादारोपण गर। अनि तिम्रो यस्तो कल्याणकीर्ति शब्द फैलिने छ—'असिबन्धकपुत्र गामणिले त्यत्रा महान् ऋद्धिसम्पन्न, त्यत्रा महानुभावसम्पन्न श्रमण गौतमलाई वादारोपण गरे'!"

"भन्ते! कसरी मैले त्यत्रा महान् ऋद्धिसम्पन्न, त्यत्रा महानु-भावसम्पन्न श्रमण गौतमलाई वादारोपण गरूँ?"

"गामणि! तिमी जहाँ श्रमण गौतम छन् त्यहाँ जाऊ, त्यहाँ पुगेपछि श्रमण गौतमसँग यस्तो सोध—'भन्ते! भगवान्ले अनेक-प्रकारले कुलगृह प्रति अनुदया, अनुरक्षा तथा अनुकम्पाको वर्णना गर्नुहुन्छ, होइन त?' गामणि! यस्तो सोध्दा श्रमण गौतमले यसो भन्ने छन्—'गामणि! हो, तथागतले अनेकप्रकारले कुलगृह प्रति अनुदया, अनुरक्षा तथा अनुकम्पाको वर्णना गर्छन्।' अनि तिमीले उनलाई यसो भन—'भन्ते! त्यसोभए यस्तो दुर्भिक्ष भएको समयमा, जीवन-मरणको समस्या भएको समयमा, मृतक शरीरहरूका सेता सेता हाडहरू जताततै देखिने समयमा, केवल बीज-बोटमात्र उम्रने समयमा

तपाइ भगवान् यत्तिका विशाल भिक्षुसङ्घलिई चारिका गर्नुहुन्छ, सो किननि ? तपाइ कुलगृहको विनाशकोनिमित्त चारिका गर्नुहुन्छ, तपाइ पीडाकोनिमित्त चारिका गर्नुहुन्छ, तपाइ कुलगृहको हानीकोनिमित्त चारिका गर्नुहुन्छ ।' गामणि ! तिम्रा यस दोधारे प्रश्न सुन्दा श्रमण गौतमले न उकेल्न सक्नेछन्, न त निल्न नै सक्नेछन् ।"

"भन्ते ! हवस्" भनी निगण्ठ-नाटपुत्रको कुरा सुनी असिबन्धकपुत्र गामणि आसनबाट उठी निगण्ठ-नाटपुत्रलाई अभिवादन तथा प्रदक्षिणागरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका असिबन्धकपुत्र गामणिले भगवान्सँग सोधे—

कुलगृह प्रति बुद्धको अनुदया

"भन्ते ! भगवान्ले अनेकप्रकारले कुलगृह प्रति अनुदया, अनुरक्षा तथा अनुकम्पाको वर्णना गर्नुहुन्छ, होइन त ?"

"गामणि ! हो, तथागतले अनेक प्रकारले कुलगृह प्रति अनुदया, अनुरक्षा तथा अनुकम्पाको वर्णना गर्छन् ।"

"भन्ते ! त्यसोभए यस्तो दुर्भिक्ष भएको समयमा, जीवन-मरणको समस्या भएको समयमा, मृतक शरीरहरूका सेता सेता हाडहरू जताततै देखिने समयमा, केवल बीज-बोटमात्र उम्रने समयमा तपाइ भगवान् यत्तिका विशाल भिक्षुसङ्घ लिई चारिका गर्नुहुन्छ, सो किननि ? तपाइ कुलगृहको विनाशकोनिमित्त चारिका गर्नुहुन्छ, तपाइ कुलगृहको

पीडाकोनिमित्त चारिका गर्नुहुन्छ, तपाइ कुलगृहको हानीकोनिमित्त चारिका गर्नुहुन्छ ।"

"गामणि ! यहाँदेखि एकान्नब्बे (९१) कल्पसम्मको कुरा अनुस्मरण गर्दा पनि पाकेको भोजनमात्र दानदिनाको कारणले कुनै पनि कुलगृहको हानी नोक्सानी भएको कुरा मलाई थाहाछैन । बरु जो ती कुलगृहहरू धनी, महाधनी, महाभोगी, प्रसस्त सुन-चाँदी हुने, प्रसस्त वित्तोपकरण हुने, प्रसस्त धनधान्य भएका हुन्—ती सबै दानकै फलले, सत्यताको फलले र संयमको फलले नै भएका हुन् ।

अष्टभय—"गामणि ! कुलगृहहरूका हानी नोक्सानी हुने हेतु-प्रत्ययहरू आठवटा छन्—(१) राजाको कारणबाट, (२) चोरीको कारणबाट, (३) अग्निको कारणबाट, (४) पानीको कारणबाट, (५) राखेको ठाउँबाट अलप हुनाको कारणबाट, (६) ठीक-ठीकसँग कामकाज गर्न नजान्नाको कारणबाट, (७) जसको कुलगृहमा कुलङ्गार भन्ने जन्मिन्छ र जसले घरको सम्पत्ति धूलो छरे झैं छर्छ, विनाश पार्छ, विध्वंश पार्छ तथा (८) अनित्यताको कारणबाट कुलगृहहरूको हानी नोक्सानी हुन्छ ।

"गामणि ! यिनै आठवटा हेतु-प्रत्ययद्वारा कुलगृहहरूको हानी नोक्सानी हुन्छ । गामणि ! कुलगृहहरूको हानी नोक्सानी हुने यी आठवटा कारणहरू छँदाछँदै जस्ले यस्तो भन्छ—'कुलगृहको विनाशकोनिमित्त भगवान् विचरण गर्छन्, कुलगृहको पीडाकोनिमित्त भगवान् विचरण गर्छन्, कुलगृहको हानीकोनिमित्त भगवान् विचरण गर्छन्'—

गामणि ! त्यो वचन नछोडेसम्म, त्यो चित्त (=चेतना) नछोडेसम्म, त्यो धारणा नछोडेसम्म, त्यो धारणाबाट मुक्त नभएसम्म सो पुरुष पयाकेको जस्तैगरी नरकमा पर्नेछ ।"

यति कुरा सुनी असिबन्धकपुत्र गामणिले भगवान्‌सँग यस्तो बिन्तिगरे—

"धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! ... आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्‌ले मलाई स्वीकार गर्नुहोस् ।"

---

३. इच्छानङ्गलक उपासक

परिचय

कोशल राज्यको उक्कट्ठा नगर बाहिर इच्छानङ्गल[१] भन्ने एक गाउँ थियो। यस गाउँमा जन्मेका हुनाले वा यस गाउँमा बस्ने भएका हुनाले यिनलाई 'इच्छानङ्गलक' भनिएको हो भनी उदानट्ठ-कथाले[२] उल्लेख गरेको छ। यस गाउँमा कोशलका नामी नामी ब्राह्मणहरू आई छ छ महीनासम्म मन्त्रसोधन कार्य गर्दथे[३]। त्रिशरण ग्रहणद्वारा भगवान्‌समक्ष 'उपासक हुँ' भनी जनाएको हुनाले 'उपासक' भनिएको हो र यिनी पञ्चशील पालन गरी बुद्ध, धर्म तथा सङ्घका भक्त भएका थिए[४]।

---

१. हेर बु. ब्रा. भा–१, पृ. २८२, ३१३.

२. पृ. ७९: उपासकसुत्तवण्णना, मुचलिन्दवग्गो।

३. पपं. सू. III. पृ. २९६: वासेट्ठसुत्तवण्णना अथवा बु. ब्रा. भा–१, पृ. २८२.

४. उदा. अ. क. पृ. ७९: उपासकसुत्तवण्णना, मुचलिन्दवग्गो।

यी उपासक अघि अघि बुद्धकहाँ बराबर जाने गर्थे। यसपटक चाहिं केही समयपछि मात्र बुद्धकहाँ गएका हुनाले अगाडिको सूत्रमा भगवान्ले 'धेरै दिनपछि आयौ' भनी भन्नुभएको हो। त्यसपछि आफू आउन ढिला हुनाको कारण बताउँदै उनले सूत्रमा कुनै न कुनै काममा व्यस्त भएको कुरो जनाएका हुन्। कुनै अनादर वा अश्रद्धाको कारणले होइन[1]। बाँकी कुराहरू अगाडिको मूल सूत्रबाटै प्रष्ट भएका छन्।

× × ×

१. उदा. अ. क. पृ. ७९: उपासकसुत्तवण्णना, मुचलिन्दवग्गो।

मूल सूत्र—

१–प्रपञ्चमा लाग्नेलाई सुख हुन्न

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यस समय इच्छानङ्गलक नामक उपासक कुनै कामले श्रावस्तीमा आइपुगेका थिए । अनि श्रावस्तीमा त्यो काम सिध्याइसकेपछि सो उपासक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका सो उपासकसँग भगवान्ले यस्तो भन्नुभयो—

"उपासक! धेरै दिनपछि तिमीले यो कामगर्‍यौ—जो कि तिमी यहाँ आयौ ।"

"भन्ते ! धेरै दिनदेखि म भगवान्को दर्शनार्थ आउन चाहन्थें, किन्तु कुनै न कुनै काममा व्यस्त थिएँ । त्यसैले म भगवान्को दर्शनार्थ आउन सकिन ।"

---

१. उदा. पा. पृ. ७६: उपासकसुत्तं, मुचलिन्दवग्गो, अ. क. पृ. ७९.

अनि त्यसवेला यो कुरा बुझ्नु भई भगवान्‌ले यो उदान प्रकट गर्नुभयो—

"सुखं वत तस्स न होति किञ्चि,
सङ्खातधम्मस्स बहुस्सुतस्स ।
सकिञ्चनं पस्स विहञ्ञमानं,
जनो जनस्मि[1] पटिबद्धरूपो'ति ॥"

अर्थ—

"जसलाई कुनै प्रपञ्च छैन—त्यस्ता संख्यातधर्म (=निर्वाण) र बहुश्रुत हुनेलाई सुख नै हुन्छ । ती सकिञ्चन पुरुषहरूले कष्टभोग गरिरहेको हेर—जो आफू आफूमा प्रतिबद्ध छन् ।"

---

१. स्याम र रोमनमाः 'जनम्हि' ।

४. उग्गह मेण्डकनत्ता

प रि च य

अङ्गदेशको भद्दिय (=भद्रीय) नगरमा मेण्डक[१] भन्ने महाधनवान् अमृतभोगी[२] एक सेठ थिए। 'उग्गह' यिनकै नाति हुन्। त्यसैले अगाडिको मूल सूत्रमा 'मेण्डकका नाति उग्गह' भनी लेखिएको हो।

जस्तै 'उग्गह' मेण्डक सेठका नाति हुन्। त्यस्तैगरी विशाखा महा उपासिका पनि यिनकै नातिनी हुन्[३]। जस्तै विशाखा महा उपासिकाको सम्बन्धमा पालिसाहित्यले स्पष्टरूपले धनञ्जय सेठकी छोरी भनी उल्लेख गरेको छ त्यसरी यी उग्गहको बारेमा कतै उल्लेख भएको पाईंदैन। केवल मेण्डकका नाति भन्ने मात्र पाइन्छ।

---

१. अं. अ. क. I. पृ. २१९: विसाखाकथा अथवा बु. म. भा-१, पृ. २०: विशाखा महाउपासिका तथा बु. रा. भा-१, पृ. ६३: राजा विम्बिसार।

२. बु. रा. भा-१, पृ. ११: राजा बिम्बिसार; बु. म. भा-१, पृ. २०.

३. हेर बु. म. भा-१, पृ. ९८: विशाखा महाउपासिका।

जसरी धनञ्जय सेठले आफ्नो छोरी विशाखालाई पतिकुलमा दिएर पठाउने बेलामा पतिकुलमा गर्नुपर्ने कर्तव्यको सम्बन्धमा अतिबुद्धि दिएका थिए[1] त्यसरी नै यी उग्गहले पनि पतिकुलमा पठाइने आफ्ना छोरीहरूलाई अतिबुद्धि सुनाउनकोनिमित्त बुद्धसँग प्रार्थना गरेका कुरा अगाडिको मूल सूत्रद्वारा प्रष्टैसँग बुझिएको छ। जब भगवान्ले कुमारीहरूलाई उपदेशगर्न थाल्नुभयो तब उपदेश सुनिरहने छोरीहरूलाई असजिलो नहोस् भन्ने विचारले यिनी उठेर गएका हुन् भन्ने कुरा मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा समयोचित देखिन्छ। जुन उपदेश भगवान्ले कुमारीहरूलाई दिनुभयो सो अगाडिको मूल सूत्रमै प्रष्टसँग उल्लेख भएको छ। अर्थकथामा उल्लेख भएका अरू खास खास कुराहरू सूत्रको सम्बन्धित ठाउँहरूमा पादटिप्पणीहरू लेखिदिएको छ।

× × ×

---

१. हेर बु. म. भा–१, पृ. ३५ र पृ. ४५ मा।

मूल सूत्र—

१–विवाह हुने कुमारीलाई अतिबुद्धि

एक समय भगवान् भद्दिय[१] (=भद्रीय) नगरको जातीय-वनमा[२] बस्दै हुनुहुन्थ्यो[३]।

अनि मेण्डकका नाति उग्गह (=उद्ग्रह) जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका मेण्डकका नाति उग्गहले भगवान्सँग यस्तो भने—

---

१. अट्ठकथामाः 'भद्दिक' छ। अं. अ. क. II. पृ. ५९७: उग्गहसुत्तं, सुमनवग्गो।

२. स्वयंजात वन। यो वन, भद्दियनगरदेखि लिएर हिमालसम्म एकाबद्ध भईरहेको छ। भगवान् भद्दिय नगरको आश्रय लिएर यो जातीय वनमा बस्नु भएको थियो। अं. अ. क. II. पृ. ५९७: उग्गहसुत्त-वण्णना, सुमनवग्गो।

३. अं. नि–५, पृ. ३०३: उग्गहसुत्तं, सुमनवग्गो, अ. क. II. पृ. ५९७.

"भन्ते ! भगवान् समेत चारजनाकोनिमित्त[1] भोलिको मेरो भोजन भगवान्ले स्वीकार गर्नुहोस् ।"

तूष्णीभावद्वारा भगवान्ले स्वीकार्नुभयो ।

अनि भगवान्ले स्वीकार्नु भएको कुरा बुझी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणागरी मेण्डकका नाति उग्गह फर्केर गए ।

अनि त्यस रात बितिसकेपछि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ मेण्डकको नाति उग्गहको निवासस्थान हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि बिच्छाइराखेको आसनमा बस्नुभयो । अनि मेण्डकको नाति उग्गहले प्रणीत खाद्य भोज्यद्वारा

---

१. किन चारजनालाई मात्र निम्त्याएका होलान् ? उग्गहको घरमा विवाह मङ्गलको ठूलो कार्यक्रम थियो । धेरै भिक्षुहरू हुँदा हुल-मुलको बीचमा वहाँहरूलाई राम्ररी स्वागत सम्मान पुऱ्याउन गाह्रो हुनसक्छ भन्ने सोचेर चारजनालाई मात्र निम्त्याएका हुन् । उनको मनमा यस्तो पनि लागेको थियो कि—धेरै भिक्षुहरू भएमा, भिक्षुहरूका बीच भगवान्ले ती तरुणी कुमारीहरूलाई अर्तिबुद्धि सुनाउनु हुँदा लाजको कारणले अर्तिबुद्धिका कुराहरू राम्ररी सुन्न सक्ने छैनन् । त्यसैले पनि चारजनालाई मात्र निम्त्याएका हुन् भनी अं. अ. क. II. पृ. ५९७: उग्गहसुत्तवण्णना, सुमनवग्गले उल्लेख गरेको छ ।

आफ्नै हातले भगवान्‌लाई सन्तर्पित गरे। अनि भोजन सिद्धिएपछि पात्रबाट भगवान्‌ले हात हटाइसकेपछि मेण्डकका नाति उग्गह एक छेउमा बसे। एक छेउमा बसेका मेण्डकका नाति उग्गहले भगवान्‌सँग यस्तो विन्तिगरे—

"भन्ते ! यी मेरा कुमारीहरू पतिकुलमा जाँदैछन्। भन्ते ! भगवान्‌ले यिनीहरूलाई अववाद (=अर्ति उपदेश) गर्नुहोस; भन्ते ! भगवान्‌ले यिनीहरूलाई अनुशासन गर्नुहोस्; भन्ते ! जुनकुरा उनीहरूका लागि दीर्घकालसम्म हित र सुख हुनेछ[१]।"

त्यसपछि ती कुमारीहरूलाई भगवान्‌ले यस्तो भन्नुभयो—

(१) "कुमारी हो ! अतः तिमीहरूले यस्तो सिक्नुपर्छ—

'हितैषी अर्थकामी आमाबाबुहरूले अनुकम्पाको कारणबाट अनुकम्पाराखी जुन पतिलाई दिनेछन्—सो पतिभन्दा पहिले उठ्ने र पछि

१. भगवान्‌सँग यति प्रार्थना गरी मेण्डकका नाति उग्गह भगवान्‌लाई अभिवादन गरी आसनबाट उठेर गए। किनभने ? — अर्तिबुद्धि सुनिरहने आफ्ना छोरीहरूलाई अफ्ठचारो नपरोस् भन्ने हेतुले। आफ्नो अगाडि कुरा सुन्नुपर्दा शायद उनीहरूलाई लाज वा संकोच पनि हुनसक्छ। त्यसैले छोरीहरूलाई अर्ति उपदेश दिनुहोस् भनी भगवान्‌सँग प्रार्थनागरी उनी उठेर गएका हुन् भनी अं. अ. क. II. पृ. ५९८ः उग्गहसुत्तवण्णना, पञ्चकनिपात, सुमनवग्गले उल्लेख गरेको छ।

सुत्ने[1]; के गर्नुपर्छ भनी विचारगर्ने; मनपराउने स्वभावको हुने तथा प्रियबोली बोल्ने हुनेछौं।' कुमारी हो! यसरी तिमीहरूले सिक्नुपर्छ।

(२) "कुमारी हो! अतः तिमीहरूले यस्तो सिक्नुपर्छ—

'जो ती पतिका गौरवनीय आमा वा बाबु वा श्रमण ब्राह्मणहरू हुन् - उनीहरूको सत्कार, गौरव, मान तथा पूजा गर्नेछौं र आफूकहाँ

---

१. 'पहिले उठ्ने र पछि सुत्ने' भनी घरका जहानहरूमा सबभन्दा पछि सुत्ने र सबभन्दा अघि उठ्ने भनी भनिएको हो। किनभने ?— पहिले खाएर पहिले नै स्त्रीहरूले सुत्नु हुन्न। घरका सबै मानिस-हरूलाई खुवाइसकेपछि विभिन्न उपकरणहरू जस्तै—भाँडा-कुँडाहरू ठाउँ ठाउँमा थन्क्याई गाईगोरूहरू भित्र पसे वा पसेनन् भन्ने कुरा समेत बुझी, सबै कामकाजमा विचार पुऱ्याई, साँचाका झुप्पा (कुञ्चिकमुद्दिकं) हातमा लिई यदि भोजन छ भने भोजन खाएर छैनभने अर्को पकाएर सबैलाई सन्तर्पित गरिसकेपछि मात्र सुत्नुपर्छ र सूर्योदय हुनुञ्जेलसम्म सुतिरहनु हुन्न। सबैभन्दा पहिले उठेर दाशकामदारहरूलाई बोलाई 'यो यो काम गर' भनी काममा लगाई वा अह्राई, गाई दुहन लगाई, घरका सबै कामहरू आफ्नै अगाडि गर्न र गराउनु पर्छ। यिनै कुराहरूलाई ध्यानमा राखी 'पहिले उठ्ने र पछि सुत्ने' भनी भनिएको हो भनी अं. अ. क. II. पृ. ५९८: उग्गहसुत्तवण्णना, पञ्चकनिपात, सुमनवग्गले उल्लेख गरेको छ।

आएका उनीहरूलाई आसनद्वारा पूजा सम्मान गर्नेछौं ।' कुमारी हो ! यसरी तिमीहरूले सिक्नुपर्छ ।

(३) "कुमारी हो ! अतः तिमीहरूले यस्तो सिक्नुपर्छ—

'जो ती पतिको भित्री कामकाज हो—ऊनको वा कपासको कामकाज हो—त्यसमा दक्षा[1] हुनेछौं, निरालसी हुनेछौं, त्यस त्यस काममा[2] उपाय कुशलले युक्ता हुनेछौं तथा आफूले पनि अर्कालाई पनि गर्न गराउनमा समर्थ हुनेछौं । कुमारी हो ! यसरी तिमीहरूले सिक्नुपर्छ ।

(४) "कुमारी हो ! अतः तिमीहरूले यस्तो सिक्नुपर्छ—

'जो ती पतिका अभ्यन्तर, भित्र भएका दाशहरू वा प्रेष्यहरू वा कामदारहरू हुन्—उनीहरूले गरेकोलाई 'गरे' भनी जान्नेछौं, नगरेको-

---

१. बाख्राका रौंहरूको लट्टा फुटाउने, धुने तथा रंगाउने र वेणी बनाउने आदि काम र कपास फट्कने धागो काट्ने, बुन्ने आदि काममा दक्षा हुनेछौं । अं. अ. क. II. पृ. ५९८: उग्गहसुत्तवण्णना, पञ्चकनिपात, सुमनवग्गो ।

२. ऊन र कपासको काम संविधान गर्नमा उपाय जान्ने । अर्थात्—यस्तो वेलामा यस्तो गर्नुपर्छ भनी बुद्धि पुऱ्याउने । अं. अ. क. II. पृ. ५९८: उग्गहसुत्तवण्णना, पञ्चकनिपात, सुमनवग्गो ।

लाई 'गरेनन्' भनी जान्नेछौं[१]; रोगी हुनेको बलाबल जान्नेछौं[२], उनीहरूकोनिमित्त आफूले पाउने भागबाट खादनीय भोजनीय दिनेछौं।' कुमारी हो! यसरी तिमीहरूले सिक्नुपर्छ।

(५) "कुमारी हो! अतः तिमीहरूले यस्तो सिक्नुपर्छ—

'पतिले जुन धन-धान्य चाँदी (रजतं) अथवा सुन (जातरूपं) ल्याउनेछन् त्यो आरक्षा सहित गुप्तगरी राख्नेछौं; हामीहरू त्यहाँ धूर्तिनी, चोरिनी, मतवाल्नी तथा विनाशकारिणी हुनेछैनौं।' कुमारी

---

१. दिनभरी काम गर्नेलाई, आधादिन काम गर्नेलाई तथा काम नगरी त्यसैँबस्नेलाई—यस्तो यस्तो दिनुपर्छ, यति यति दिनुपर्छ भन्ने आदि कुराहरू जान्नेछौं भनी सिक्नुपर्छ भनी भनिएको हो। अं. अ. क. II. पृ. ५९८: उग्गहसुत्तवण्णना, पञ्चकनिपात, सुमनवग्गो।

२. रोगी हुने वेलामा हेरविचार नगरी, औषधोपचार नगरेको खण्डमा उनीहरूले यस्तो सोच्ने छन्—'यी मालिकहरूले हामी निरोगी छँदा भने जे चाहे त्यो काम गराए। किन्तु अहिले हामी बिरामी हुँदा छ वा छैन भन्ने कुरा पनि थाहा पाउँदैनन्।' यस्तो सोचेर उनीहरू बेखुश भई पछि काम गर्ने छैनन् अथवा गरे तापनि राम्ररी गर्ने छैनन्। अतः उनीहरू निरोगी भए वा भएनन्, उनीहरूलाई उचित औषधोपचार गरे वा गरेनन् तथा उनीहरूकोनिमित्त उचित खाद्य भोज्य दिए वा दिएनन् भन्ने आदि कुराहरू जान्नेछौं भनी सिक्नुपर्छ भनी भनिएको हो। अं. अ. क. II. पृ. ५९८: उग्गहसुत्तवण्णना, पञ्चकनिपात, सुमनवग्गो।

हो ! यसरी तिमीहरूले सिक्नुपर्छ । कुमारी हो ! यी पाँच गुणहरूले युक्तहुने स्त्री मृत्युपछि शरीर छाडी मनापकायिका देवता[१]हरूको सहवासमा उत्पन्न हुनेछ ।

१. "यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको ।
सब्बकामहरं पोसं, भत्तारं नातिमञ्ञति ।।

२. "न चापि सोत्थि भत्तारं, इच्छाचारेन[२] रोसये ।
भत्तु च गरुनो सब्बे, पटिपूजेति पण्डिता ।।

३. "उट्ठाहिका[३] अनलसा, सङ्गहिता परिज्जना ।
भत्तु[४] मनापं[४] चरति, सम्भतं अनुरक्खति ।।

४. "या एवं वत्तती नारी, भत्तुछन्दवसानुगा ।
मनापा नाम देवा, यत्थ सा उपपज्जती'ति ।।"

अर्थ—

१—"जसले सधैं भरणपोषण गर्छ, जो नित्य आतप्त भई

---

१. मनापकायिकादेवता भनेको 'निर्माणरती देवलोक' हो । अं. अ. क. II. पृ. ५९९ः उग्गहसुत्तवण्णना, पञ्चकनिपात ।

२. नालन्दा पालिमाः 'इस्साचारेन'; रोमनमाः 'इस्सावादेन' ।

३. स्याममाः 'उट्ठायिका' ।

४–४. सिंहलमाः 'भत्तमनापा' ।

उत्साहित भई बस्छ तथा जसले सबै इच्छा पूरा गरिदिन्छ—त्यस्ता स्वामीलाई उसले हेला गर्दिन ।

२—"पण्डिता स्त्रीले स्वैर्यीभावको कारणले गर्दा आफ्नो स्वामी रिसाउने काम गर्दिन, स्वामीका आमा-बाबु लगायत सबै गौरवनीय जनहरूलाई पूजा गर्छे ।

३—"उत्थान वीर्य भएकी निरालसी तथा परिजनहरूलाई संग्रह गर्ने स्त्रीले स्वामी खुशी हुने गरी आचरण गर्छे र स्वामीले ल्याएको धन रक्षा गर्छे ।

४—"जुन नारीमा स्वामीको इच्छानुसार काम गर्ने गुणहरू निहीत हुन्छन् सो नारी जहाँ मनाप नामक देवताहरू हुन्छन् त्यहाँ उत्पन्न हुन्छे ।"

---

५. उदेन उपासक

प रि च य

यी उदेन (—उदयन) उपासक कोशलवासी हुन् । यिनी श्रद्धालु तथा सङ्घउपस्थाक थिए । एकदिन यिनले सङ्घको उद्देश्यगरी एक विहार बनाएका थिए । अनि दानदिनकोनिमित्त सङ्घलाई निम्तो पठाए । त्यस समय वर्षावासको समय थियो । वर्षावासको बीचमा भिक्षुहरू कहींजान हुन्नथ्यो । त्यसैले भिक्षुहरू आएनन् । यसले गर्दा उनको मन खिन्न भएको थियो । पछि यस घटनालाई लिएर भगवान्‌ले वर्षावासको बीचमा एक साताकोभित्र फर्केर आफू बसेको ठाउँमा आइपुग्ने गरी जानहुने नियम बनाइदिनुभयो । जुन कुरा अगाडिको मूल पालिमै प्रष्ट गरिएको छ ।

× × ×

उदेन नामका भिन्नाभिन्नै पात्रहरू

(१) उदेन (राजा)—यिनी कौशम्बीवासी परन्तप राजाका पुत्र हुन् । यिनका वासुलदत्ता, श्यामावती र मागन्दिय भन्ने तीनवटी महिषीहरू थिए । (बु. रा. भा–१, पृ. ४१८ देखि हेर्नू) । यिनका एकमात्र बोधिराज कुमार भन्ने पुत्र थिए । (बु. रा. भा–१, पृ. ४३३; पपं. सू. III. पृ. २२४: बोधिराज-कुमारसुत्तवण्णना) ।

(२) उदेन (राजा)—यिनी आफ्ना नब्बे करोड परिवारहरूका साथ कोण्डञ्ञ बुद्धकहाँ प्रव्रजित भएका थिए । बु. वं. अ. क. पृ. १११: कोण्डञ्ञबुद्धवंसवण्णना ।

(३) उदेन (राजा)—यिनी सिद्धत्थ (=सिद्धार्थ) बुद्धको पिता थिए । बु. वं. पा. पृ. ३५७: सिद्धत्थबुद्धवंसो, अ. क. पृ. १८७.

(४) उदेन (राजा)—यिनी उक्खेप कटवच्छ स्थविरका अघिल्ला जन्मका पिता हुन् । अप. दा. पा. I. पृ. ६५: एकत्थम्भिकत्थेर अपदानं; थेर. गा. अ. क. I. पृ. १४८: उक्खेप कटवच्छत्थेरस्स गाथावण्णना ।

(५) उदेन– यिनी सुमन बुद्धका उपस्थाक थिए । बु. वं. पा. पृ. ३३०: सुमनबुद्धवंसो ।

(६) उदेन (यक्ष)—यिनी वैशालीको उदेन भन्ने वृक्षमा बस्ने यक्ष

हुन् । सं. नि. अ. क. III. पृ. १९८: चेतियसुत्तवण्णना, चापाल-वग्गो ।

(७) उदेन (थेर)—वहाँ स्थविर, बुद्ध परिनिर्वाण भएपछि वाराणशीको खेमीय आम्रवनमा बस्नुभएको थियो । वहाँले घोटमुख ब्राह्मणलाई उपदेश गर्नुभएको थियो । बु. ब्रा. भा–२, पृ. २०८: घोटमुख ब्राह्मण ।

(८) उदेन (वत्थु)—यस कथामा कौशम्बीवासी परन्तप राजाका छोरा उदेन राजाको सम्बन्धमा विस्तृत कुराहरू उल्लेख भएका छन् । धम्म. प. अ. क. पृ. ८१: अप्पमादवग्गो ।

(९) उदेनत्थेर अपदानं—अप. दा. पा. I. पृ. ४५३.

(१०) उदेन (चेतिय)—यो त्यो चैत्यस्थान हो जुन वैशालीमा थियो । सं. नि. IV. पृ. २२१: चेतियसुत्तं, इद्धिपादसंयुत्तं, अ. क. III. पृ. १९८.

(११) उदेन (उपासक)—यिनै उपासकका कुरा यहाँ अगाडि अनुवाद गरिदिएको छु ।

× × ×

मूल सूत्र—

१–उदेन उपासकको विहारदान

अनि भगवान् राजगृहमा इच्छानुसार विहार गर्नुभई जहाँ श्रावस्ती छो त्यहाँ चारिका गर्नुभयो[1]। चारिका गर्नुहुँदै क्रमैसँग श्रावस्तीमा पुग्नुभयो। अनि त्यहाँ श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा भगवान् बस्नुभयो।

त्यस समय कोशल जनपदका उदेन (=उदयन) उपासकले सङ्घको उद्देश्य गरी विहार बनाएका थिए। अनि –'भदन्तहो! आउनुहोस्, म दान पनि दिन चाहन्छु, धर्म पनि सुन्न चाहन्छु र भिक्षुहरूको दर्शन पनि गर्न चाहन्छु' भनी उनले भिक्षुहरूकहाँ दूत पठाए। भिक्षुहरूले (दूतलाई यस्तो भने)—

"आवुसो! भगवान्ले 'वर्षावास बसिसकेपछि पहिलो तीनमहीनाभित्र वा पछिल्लो तीनमहीनाभित्र वर्षावास नसिध्याइकन

---

१. महा. व. पा. पृ. १४५: सत्ताहकरणीयानुजानना, वस्सूपनायिकक्खन्धकं, अ. क. III. पृ. ११२८.

चारिकार्थ जानहुन्न' भन्ने नियम बनाउनु भएको छ । अतः भिक्षुहरूको वर्षावास नसिद्धिएसम्म उदेन उपासक पर्खून् । वर्षावास सिद्धिएपछि भिक्षुहरू जानेछन् । यदि अहिल्यै जरूरी भएमा उहीं बस्ने आवासीय भिक्षुहरूमा विहार प्रतिष्ठा गराउनू ।"

(यो सुनेर) "मैले खबर पठाउँदा पनि भदन्तहरू किन नआउनु भएका होलान् । म दायक पनि हुं कारक पनि हुं तथा सङ्घ उपस्थाक पनि हुं" भन्दै उदेन उपासक कराउन थाले, खिन्नहुन थाले र धिक्कार्न पनि थाले । उदेन उपासकले कराइरहेका खिन्न भइरहेका तथा धिक्कारिरहेका कुरा भिक्षुहरूले सुने । अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए । त्यसपछि यसै कारणमा यसै प्रसंगमा धार्मिक कथाहरू सुनाई भगवान्ले भिक्षुहरूलाई यसरी सम्बोधन गर्नुभयो —

"भिक्षु हो ! (निम्न) सात व्यक्तिहरूको सप्ताहसम्मको कामकोनिमित्त सन्देश पठाएमा जाने अनुमति दिन्छु, सन्देश नपठाएमा होइन । (१) भिक्षु, (२) भिक्षुणी, (३) शिक्षमाणा, (४) श्रामणेर, (५) श्रामणेरी, (६) उपासक तथा (७) उपासिका । भिक्षुहो ! यी सात व्यक्तिहरूको कामकोनिमित्त सप्ताहसम्मकोलागि सन्देश पठाएमा जाने अनुमति दिन्छु । सन्देश नपठाएमा होइन । सप्ताहभरमा फर्केर आउनु पर्छ ।

"भिक्षुहो ! यहाँ सङ्घको उद्देश्य गरी उपासकले विहार बनाएको हुन्छ । यदि उसले भिक्षुहरूकहाँ 'भदन्तहरू ! आउनुहोस्, म दान पनि दिन चाहन्छु, धर्म पनि सुन्न चाहन्छु तथा भिक्षुहरूको दर्शन

पनि गर्न चाहन्छु' भनी दूत पठाउँछ भने—भिक्षुहो ! सप्ताहसम्मको-लागि गइदिनु पर्छ, दूत नपठाएमा होइन । सप्ताहभरमै फर्केर आउनु पर्छ ।"

६. उपक मण्डिकापुत्र

परिचय

यी उपक मण्डिकापुत्र देवदत्त समर्थक हुन् । एकदिन गृद्धकूट पर्वतमा बसिरहनु भएका बुद्धकहाँ गई अर्कालाई निन्दा गर्नुहुन्न भन्ने कुरा सुनाएका थिए । तर उनी स्वयं अर्काको निन्दा गर्दथे । बुद्धकहाँ गई यस्तो भन्नाको उनको खास अभिप्राय बुद्धले देवदत्तलाई 'नरकगामी' भन्नुभएको कुरा उनले सुनेका थिए र यस विषयमा बुद्धले के भन्नुहुँदो रहेछ भन्ने कुरा बुझ्नकोनिमित्त उनी बुद्धकहाँ गएका हुन् । तर यसबारेमा कुनै कुरा सुन्नुभन्दा अगाडि नै बुद्धको प्रत्युत्तरद्वारा नाजवाफ भएका थिए । जुन कुरा अगाडि अनुदित सूत्रद्वारा प्रष्ट भएका छन् ।

× × ×

उपक नामका पात्रहरू

(१) उपक (आजीवक)—यिनी उही आजीवक हुन जसले बुद्धत्व प्राप्तपछि बुद्ध भगवान् बुद्धगयाबाट सारनाथ गइरहनु भएको वेलामा गया र बुद्धगयाको तीनगाउत बाटोको बीचमा भेटेका थिए। (हेर बु. श्रा. च. भा–१, पृ. ५१, १५४)। त्यसपछि यिनले 'जव' वा 'चापा' भन्ने व्याधाकी एक छोरीलाई देखेर मोहित भई उनीसँग विवाह गरे र पछि उनको तरफबाट 'सुभद्र' भन्ने एक पुत्र जन्माएका थिए। अनि केही समयपछि, वृद्ध अवस्थामा यिनी श्रावस्तीमा गई बुद्धकहाँ प्रव्रजित भई अनागामी फलमा प्रतिष्ठित भई मृत्युपछि 'अविहा' भन्ने ब्रह्मलोकमा उत्पन्न भई त्यहीं अरहत् भए। पपं. सू. II. पृ. १५८–५९: पासरासिसुत्तवण्णना; सुत्त. नि. अ. क. पृ. १८९: मुनिसुत्तवण्णना। यिनको जन्मस्थान नाला भन्ने गाउँ हो भनी थेरी. गा. अ. क. पृ. १७६: चापाथेरीगाथावण्णनाले उल्लेख गरेको छ।

(२) उपक (मण्डिकापुत्र)—यिनकै कुरा यहाँ अगाडि अनुदित भएको छ।

(३) उपक (सुत्तं)—यस सूत्रमा उपक मण्डिकापुत्रका कुराहरू उल्लेख भएका छन्। यसको अनुवाद अगाडि छ। अं. नि–४, पृ. १९३: ब्राह्मणवग्गो।

× × ×

मूल सूत्र–

१–परनिन्दाबाट कुशल सिद्ध हुन्न

एक समय भगवान् राजगृह स्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो[१]। अनि उपक[२] मण्डिकापुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका उपक मण्डिकापुत्रले भगवान्लाई यस्तो भने –

---

१. अं. नि–४, पृ. १९३: उपकसुत्तं, ब्राह्मणवग्गो, अ. क. II. पृ. ५५४.

२. यी उपक मण्डिकापुत्र देवदत्तका अनुयायी थिए। बुद्धले देवदत्तलाई निन्दा गर्छन् वा प्रशंसा—के गर्दा रहेछन् भन्ने कुरा बुझ्नकोनिमित्त यिनी बुद्धकहाँ गएका थिए। बुद्धले देवदत्तलाई 'नरकगामी हुन्, कल्पस्थायी हुन् तथा अचिकित्सेय हुन्' भनी भन्नुभएका कुरा यिनले सुनेका थिए। त्यसैले यिनी बुद्धले के भन्दा रहेछन् भन्ने कुरा बुझ्नकोनिमित्त बुद्धकहाँ गएका हुन् भनेर पनि भन्दछन्। अं. अ. क. II. पृ. ५५४: उपकसुत्तवण्णना, चतुक्कनिपात, ब्राह्मणवग्गो।

"भन्ते ! म यस्तो वादी तथा यस्तो दृष्टिक हुँ—'जसले अर्कालाई निन्दा गर्छ, सो निन्दा गर्नाको कारणद्वारा उसले सर्वथा (कुशललाई) उत्पादन गर्न सक्दैन। (कुशललाई) उत्पादन गर्न नसक्नाको कारणद्वारा उ निन्दनीय हुन्छ र सदोषी पनि'।"

"उपक ! हो, परनिन्दा गर्नेले परनिन्दा गर्नाको कारणद्वारा सर्वथा (कुशललाई) उत्पादन गर्न सक्दैन। (कुशललाई) उत्पादन गर्न नसक्नाको कारणद्वारा उ निन्दनीय र सदोषी पनि हुन्छ। उपक ! तिमी परनिन्दा गर्छौ, परनिन्दाको कारणद्वारा तिमीले सर्वथा (कुशललाई) उत्पादन गर्न सक्दैनौ। (कुशललाई) उत्पादन गर्न नसक्ने तिमी निन्दनीय र सदोषी पनि छौ।"

"भन्ते ! जस्तै—पानीबाट उठ्न खोज्नेलाई (उम्मुज्जमानकंयेव) ठूलो पासोले बाँध्वछ, भन्ते ! त्यस्तैगरी—पानीबाट उठ्न खोज्ने मलाई भगवान्ले ठूलो वादरूपी पासोले बाँध्नुभयो।"

"उपक ! यो अकुशल हो भनी मैले प्रज्ञापन गरेको छु। त्यस सम्बन्धमा अपरिमित पदहरू, अपरिमित व्यञ्जनहरू तथा अपरिमित तथागतका धर्मदेशनाहरू छन्—जसले यो यो अकुशल हो भनी भन्दछन्। उपक ! त्यो अकुशललाई छाड्नुपर्छ भनी मैले प्रज्ञापन गरेको छु। त्यस सम्बन्धमा पनि अपरिमित पदहरू, अपरिमित व्यञ्जनहरू तथा अपरिमित तथागतका धर्मदेशनाहरू छन्—जसले यो यो अकुशललाई छाड्नुपर्छ भनी भन्दछन्।

"उपक ! यो कुशल हो भनी मैले प्रज्ञापन गरेको छु। त्यस

सम्बन्धमा अपरिमित पदहरू, अपरिमित व्यञ्जनहरू तथा अपरिमित तथागतका धर्मदेशनाहरू छन्—जसले यो यो कुशल हो भनी भन्दछन् । उपक ! त्यो कुशललाई भाविता गर्नुपर्छ भनी मैले प्रज्ञापन गरेको छु । त्यस सम्बन्धमा पनि अपरिमित पदहरू, अपरिमित व्यञ्जनहरू तथा अपरिमित तथागतका धर्मदेशनाहरू छन् – जसले यो यो कुशललाई भाविता गर्नुपर्छ भनी भन्दछन् ।"

अनि भगवान्‌को भाषणलाई अभिनन्दन र अनुमोदन गरी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी आसनबाट उठी उपक मण्डिकापुत्र जहाँ वैदेहीपुत्र मगधराजा अजातशत्रु थिए त्यहाँ गए । त्यहाँ पुगेपछि जति कुराकानी भगवान्‌सँग भएका थिए ती सबै कुराकानी वैदेहीपुत्र मगधराजा अजातशत्रुलाई सुनाए ।

यस्तो भन्दा वैदेहीपुत्र मगधराजा अजातशत्रु रिसाई असन्तुष्ट भई उपक मण्डिकापुत्रलाई यस्तो भने—

"नुन बनाउनेहरूको गाउँमा बस्ने गुणध्वंसकारी यो केटा कति मुखर हो, कति प्रगल्भ हो – जहाँ कि भगवान् अरहत् सम्यक्सम्बुद्धलाई समेत होच्याएर कुरागर्न चाहन्छ । हट उपक ! विनास होऊ, तिमीलाई देख्न नपरोस्[१] ।"

---

१. यस्तो भनेर मन्टचाएर वाहिर पठाउन लगाए भनी मनो. र. पू. II. पृ. ५५५: उपकसुत्तवण्णना, ब्राह्मणवग्गले उल्लेख गरेको छ ।

७. उपालि केटा

परिचय

राजगृहको एक धनाढ्यकुलमा उपालि भन्ने एक केटा थिए। उनका आमाबाबुहरू उनलाई धेरै प्यार गर्दथे। प्यारको कारणले गर्दा उनलाई कुनै शिल्प सिकाउँदा उनको हात, आँखा तथा औंलाहरू दुख्लान् भन्ने सोचेर अन्तमा उनलाई भिक्षुहरूकहाँ लगी प्रव्रजित गराए। उनीसँगै अरू सोह्रजना उनका साथीहरू पनि प्रव्रजित भए। यिनीहरू सबै बीसवर्षभन्दा कम उमेरका थिए। प्रव्रजित भएका यिनीहरूले भोक सहन सकेका थिएनन्। खानाको लागि झगडा गर्दथे। यसै कारणलाई लिएर भगवान्ले बीसवर्ष पूरा नहुनेहरूलाई भिक्षु तथा उपसम्पदा गर्न नहुने नियम बनाइदिनु भयो। अरू कुराहरू अगाडि अनुदित मूलपालिमै प्रष्ट भएका छन्।

× × ×

उपालि नामका भिन्नाभिन्नै पात्रहरू

(१) उपालि (स्थविर) — वहाँ त्यो स्थविर हुनुहुन्छ जसले बुद्धधर्ममा विनयसम्बन्धी अग्रस्थान प्राप्त गर्नुभएको छ। (अं. नि–१, पृ. २५: एतदग्गवग्गो; बु. श्रा. च. भा–१, पृ. २३: प्राक्कथन)। वहाँ कपिलवस्तुवासी हुनुहुन्छ र नाऊको कुलमा जन्मिनु भएको थियो। (अं. अ. क. I. पृ. १७२: उपालिकथा)। पछि भगवान् बुद्ध अनुप्रिय भन्ने मल्लहरूको निगममा बसिरहनु भएको वेलामा भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किमिल र देवदत्तहरू सँगै भगवान्कहाँ प्रव्रजित हुनुभएको थियो। (चुल्ल. व. पा. पृ. २८१: छसक्यपब्बज्जकथा)। त्यसवखत उक्त सातजनाहरूमध्येमा सर्वप्रथम उपालिलाई प्रव्रजित गराएका थिए। उपालि स्थविरका उपाध्याय कप्पितक स्थविर हुनुहुन्छ भनी पाचि. पा. पृ. ४२१: द्वापञ्ञासमपाचित्तियमा उल्लेख भएको पाइन्छ।

(२) उपालि (भागिनेय्य उपालित्थेर)—अपदानट्ठकथा अनुसार यी स्थविर उपालि स्थविर (१) का भाञ्जा हुन् र यिनी पनि कपिलवस्तुकै थिए। पछि यिनी उपालि स्थविर (१) कहाँगई प्रव्रजित भए। विनय-प्रश्नहरूको विषयमा यिनमा तीक्ष्ण प्रज्ञा थियो। त्यसैले यिनलाई विनय-प्रश्नहरूको विषयमा अग्रस्थान दिएका थिए भनी उहीं उल्लेख भएको छ। अप. दा. अ. क.

पृ. ३११: भागिनेय्यउपालित्थेरअपदानं; अप. दा. पा. I. पृ. १०९। तर अङ्गुत्तरनिकायको एतदग्गपालिमा भने यो कुरा उल्लेख छैन।

(३) उपालि (गृहपति)—यिनी नालन्दावासी एक धनाढ्य साहु हुन्। यिनी निगण्ठ-नाटपुत्रका प्रमुख दाता हुन्। पछि यिनी बुद्धको अनुयायी भए। यिनका कुराहरू अगाडि उल्लेख गरेको छु।

(४) उपालि (केटा)—यिनकै कुरा यहाँ अगाडि उल्लेख गरेको छु।

(५) उपालिगाथा—यी ती गाथाहरू हुन् जुन गाथाहरूद्वारा उपालि गृहपतिले निगण्ठ नाटपुत्रलाई बुद्धका गुणहरू सुनाउँदै भनेका थिए। यी गाथाहरू शय पदहरूले युक्त छन्। (पपं. सू. III. पृ. ६८: उपालिसुत्तवण्णना)। म. नि. II. पृ. ५९: उपालिसुत्तं। बु. प. भा-१, पृ. २४७.

(६) उपालिवग्गो—यो वर्ग अङ्गुत्तरनिकायको दशकनिपातमा उल्लेख भएको छ। अं. नि-१०, पृ. १५४ र २४१.

(७) उपालिपुच्छाकथा यो शीर्षक महावग्गपालिको चम्पेय्यक्खन्धकमा पाइन्छ। यसमा उपालि स्थविरले विनय सम्बन्धी अनेक प्रश्नहरू भगवान्सँग सोधेका कुराहरू समावेश भएका छन्। महा. व. पा. पृ. ३४१.

(८) उपालिपञ्चकं—यो शीर्षक परिवारपालिको पृ. ३१६ मा

उल्लेख भएको छ । यसमा पनि उपालि स्थविरले विनय सम्बन्धी अनेक प्रश्नहरू बुद्धसँग सोधेका छन् ।

(९) उपालिसुत्तं—यो सूत्र अङ्गुत्तरनिकायको दशकनिपात पृ. १५४ मा उल्लेख भएको छ । यस सूत्रमा उपालि स्थविरले कति कारणले भगवान्‌ले शिक्षापद तथा प्रातिमोक्ष उद्देशण गर्ने नियम बनाउनु भएको हो भन्ने कुरा बुद्धसँग सोध्नु भएको छ ।

(१०) उपालिसुत्तं—यो सूत्र पनि अङ्गुत्तरनिकायको दशकनिपात पृ. २६३ मा उल्लेख भएको छ । यस सूत्रमा उपालि स्थविरले आफू जङ्गलमा एकान्तस्थानमा बस्नजान चाहेको कुरो व्यक्त गर्दा भगवान्‌ले लामो उपदेश गरी उपालि स्थविरलाई सङ्घको बीचमै बस्ने कुराको संकेत दिनुभएको छ ।

(११) उपालिसुत्तं—यो त्यो सूत्र हो जुन सूत्रमा उपालि गृहपतिले निगण्ठ-नाटपुत्रको शिष्यत्वलाई छाडी बुद्धको शिष्यत्वमा गएका कुराको वर्णन छ । म. नि. II. पृ. ४३; अ. क. III. पृ. ३५ । यसको अनुवाद अगाडि गरिदिएको छु ।

× × ×

मूल सूत्र—

१–बीसवर्ष नपुगेकालाई उपसम्पदा नगर्ने

त्यस समय बुद्ध भगवान राजगृह स्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनु भएको थियो[१]।

त्यस समय राजगृहमा सत्रजनाको सहायकमण्डल थियो। उपालि केटा त्यस मण्डलको प्रमुख थिए। अनि उपालिका आमा-बाबुहरूको मनमा यस्तो लाग्यो—"कुन उपायद्वारा हामीहरूको मृत्युपछि उपालिले सुखपूर्वक जीविका गर्नसक्ला र दुःखभोग गर्न नपर्ला?" अनि उपालिका आमा-बाबुहरूलाई यस्तो लाग्यो—"यदि उपालिले लेख्न सिक्यो भने—हामीहरूको मृत्युपछि उपालिले सुखपूर्वक जीविका गर्नेछ र दुःख गर्नपर्ने छैन।" फेरि उपालिका आमा-बाबुहरूलाई यस्तो लाग्यो—'यदि उपालिले लेखन सिक्यो भने उसका औंलाहरू दुख्नेछन्। यदि उपालिले गणना गर्न सिक्यो भने हामीहरूको मृत्युपछि उपालिले

१. पाचि. पा. पृ. १७४: उपालिदारकवत्थु, ऊनवीसतिवस्स-उपसम्पादने; महा. व. पा. पृ. ८०: उपालिदारकवत्थु, अ. क. II. पृ. ८९३.

सुखपूर्वक जीविका गर्नेछ र दुःख गर्नपर्ने छैन।" फेरि उपालिका आमा-बाबुहरूलाई यस्तो लाग्यो—"यदि उपालिले गणना गर्न सिक्यो भने उसको छाती दुख्नेछ। यदि उपालिले सराफी काम सिकेमा—हामीहरूको मृत्युपछि उपालिले सुखपूर्वक जीविका गर्नेछ र दुःख गर्नपर्ने छैन।" फेरि उपालिका आमा-बाबुहरूलाई यस्तो लाग्यो—"यदि उपालिले सराफीकाम सिक्योभने उसका आँखाहरू दुख्नेछन्[१]। यी शाक्य पुत्रीय श्रमणहरू सुखपूर्वक बस्छन् र सुखसमाचरण छन्। यिनीहरू सुभोजन भोजनगरी राम्रो निवासस्थानमा राम्रो शय्यामा सुत्छन्। यदि शाक्यपुत्रीय श्रमणकहाँ गई उपालि प्रव्रजित भएमा—हामीहरूको मृत्युपछि उपालिले उक्तप्रकारले सुखपूर्वक जीविका गर्नेछ र दुःख गर्नपर्ने छैन।"

अनि आमा-बाबुहरूले यी कुराहरू गरिरहेको उपालि केटोले सुने। अनि उपालि केटो जहाँ ती केटाहरू (आफ्ना साथीहरू) थिए त्यहाँ गए। त्यहाँ पुगेर ती केटाहरूलाई यस्तो भने—

"हामीहरू शाक्यपुत्रीय श्रमणकहाँ गई प्रव्रजित हुन जाऔं।"

"यदि तपाइ प्रव्रजित हुन चाहनु हुन्छ भने हामी पनि प्रव्रजित हुनेछौं।"

त्यसपछि आ-आफ्ना आमा-बाबुहरूकहाँ गई ती केटाहरूले यस्तो भने—"घरबार छाडी अनगारिय भई प्रव्रजित हुनकोनिमित्त मलाई

---

१. सराफीको काम गर्दा रूपैयाँ गन्दा गन्दै आँखाहरू दुख्न सक्छन् भनी सोचेका हुन्। सम. पा. II. पृ. ८९३: पञ्चसतिमपाचित्तियं।

अनुमति दिनुहोस् ।" अनि "ती केटाहरू सबैको एउटै इच्छा र कल्याण अभिप्राय छ" भनी ती केटाहरूका सबै आमा बाबुहरूले अनुमति प्रदान गरे ।

त्यसपछि भिक्षुहरूकहाँ गई उनीहरूले प्रव्रज्या मागे । ती भिक्षुहरूले प्रव्रज्या गरी उपसम्पदा पनि गरिदिए । उनीहरू रातको प्रत्यूष समयमा उठेर "यागु देऊ, भात देऊ, खादनीय देऊ" भनी रुन्थे । भिक्षुहरू यस्तो भन्दथे—"आवुसो ! रात नबितेसम्म पर्ख । उज्यालो भएपछि यदि यागु पाए यागु पिउनेछौ, यदि भात पाए भात खानेछौ,—यदि अन्य खादनीय पदार्थ पाए खादनीय पदार्थ खानेछौ । यदि यागु, भात, खादनीय पदार्थ नपाएको खण्डमा भिक्षाटन् गरेर खानेछौ ।" ती भिक्षुहरूले यस्तो भन्दा पनि उनीहरू "यागु देऊ, भात देऊ, खादनीयपदार्थ देऊ" भनी रोइनै रहन्थे । शयनासनमा (=बिच्छयाइराखेको वछ्यानमा) दिशा पनि पिसाब पनि गर्दथे (ऊहदन्ति पि उम्मिहन्तिपि) ।

अनि रातको प्रत्यूष समयमा उठ्दा भगवान्ले केटाहरूको (रोइरहेको) आवाज सुन्नुभयो । सुन्नुभएपछि आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो—"आनन्द ! केटाहरूको त्यो आवाज के हो ?" अनि आयुष्मान् आनन्दले भगवान्लाई यसको कारण बताउनु भयो । अनि यसै कारणमा, यसै सन्दर्भमा भिक्षुसङ्घलाई भेला गराई भगवान्ले भिक्षुहरूसँग सोध्नुभयो—

"भिक्षुहो ! साँच्चै हो के, जानेर पनि भिक्षुहरू बीसवर्षभन्दा कम उमेरका व्यक्तिलाई उपसम्पदा गर्छन् ?"

"साँच्चै हो, भगवान् ।"

अनि भगवान्ले—"भिक्षुहो ! कस्ता हुन् ती मोघपुरुषहरू ! जो जानेर पनि बीसवर्षभन्दा कम उमेरका व्यक्तिलाई उपसम्पदा गर्छन्" भनी भिक्षुहरूको निन्दा गर्नुभयो । भिक्षुहो ! बीसवर्ष भन्दा कम उमेरका व्यक्तिहरूले ठण्डी-गर्मी, भोक-प्यासलाई सहनगर्न सक्दैनन्, लामखुट्टे-झिंगा, हावा-घाम, सर्प आदिहरूको स्पर्शलाई सहनगर्न सक्दैनन्, आफूमा आइपरेका नराम्रा तथा कठोर बोलीलाई सहनगर्न सक्दैनन्, उत्पन्न भएको शारीरिक वेदनालाई, तीव्रदु:ख, परुष, कटु, अस्वादिला, मन नपर्ने तथा प्राण हरणगर्ने जस्ता वेदनाहरूलाई सहनगर्न सक्ने स्वभावका हुन्नन्—अक्षम हुन्छन् । भिक्षुहो ! बीसवर्ष पुगेकाहरूले ठण्डी-गर्मी,...तथा प्राण हरण गर्ने जस्ता वेदनाहरूलाई सहनगर्न सक्ने हुन्छन्—सक्षम हुन्छन् । भिक्षुहो ! यो कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्नसक्छ, न प्रसन्न हुनेको प्रसन्नतालाई बढाउनसक्छ, बल्कि अप्रसन्न हुनेको अप्रसन्नतालाई झन् बढाउने र प्रसन्न हुने कुनै कुनैको प्रसन्नतालाई अन्यथा पार्नसक्छ ।...अतः भिक्षुहो ! यसरी शिक्षापद सिक्नुपर्छ—

"बीसवर्षभन्दा कम उमेरको व्यक्तिलाई जो भिक्षुले जानेर[१]

---

१. जानेर भन्नाले स्वयं जान्दछ वा अर्कालि भन्दछ वा स्वयंले बताउँछ ।
पाचि. पा. पृ. १७६: पञ्चसट्ठिमपाचित्तियं, विभङ्ग ।

उपसम्पदा[1] गर्छ भने त्यो व्यक्ति पनि उपसम्पन्न हुन्न, तो भिक्षुहरू पनि निन्दनीय हुन्छन् तथा त्यसमा पाचित्तिय (=दोष) लाग्छ।"

---

१. उपसम्पदा गर्नकोनिमित्त गण, आचार्य, पात्र, तथा चीवरको खोजी गर्छ अथवा सीमा सम्मत गर्छ भने दुष्कृत्य आपत्ति लाग्छ। उपसम्पदा गर्नकोनिमित्त ज्ञप्तिवाक्यद्वार दुष्कृत्य आपत्ति लाग्छ। दुइपटकको कर्मवाचाद्वारा पनि दुष्कृत्य आपत्ति लाग्छ र कर्मवाचाको समाप्तिद्वारा उपाध्याय हुनेलाई पाचित्तिय दोष लाग्छ। गणहरू र आचार्य हुनेलाई दुष्कृत्य आपत्ति लाग्छ भनी पाचि. पा. पृ. १७६: पञ्चसट्ठिमपाचित्तियं, विभङ्गमा उल्लेख भएको छ।

८. उपालि गृहपति

परिचय

यी उपालि गृहपति नालन्दावासी हुन । यिनी महाधनी थिए र यिनी निगण्ठ-नाटपुत्रका सेवक र दाताहरूमध्ये प्रमुख दाता थिए भन्ने कुरा—जब यिनले बुद्धधर्म ग्रहण गरे तब निगण्ठ-नाटपुत्रले "अब भने मेरो भातको हण्डी फुटचो" भनी गरेका अपशोचबाट प्रष्ट हुन्छ[१] । यिनी पण्डित थिए भन्ने कुरा चाहिं दीर्घतपस्वी निगण्ठले "यी उपालि पण्डित छन्[२]" भनी भनेबाट अनुमान लगाउन सकिन्छ । यिनको एउटा नून बनाउने गाउँ पनि थियो[३] र सातवटा दलानहरू भएको एउटा घर पनि थियो[४] । जुन घरमा यिनले आफू बुद्धमार्गी भइसकेपछि परीक्षार्थ आएका आफ्ना अघिका गुरु निगण्ठ-नाटपुत्रसँग भेट गरेका थिए ।

१. पपं. सू. III. पृ. ६८: उपालिसुत्तवण्णना ।

२. पपं. सू. III. पृ. ६४: उपालिसुत्तवण्णना ।

३. पपं. सू. III. पृ ३६–३७: उपालिसुत्तवण्णना ।

४. पपं. सू. III. पृ. ६४–६५: उपालिसुत्तवण्णना ।

नालन्दाको पावारिक-आम्रवनमा बसिरहनु भएका बुद्धसँग वाद गर्नकोनिमित्त यिनी बुद्धकहाँ गएका थिए। अनि बुद्धको पहिलो प्रश्नको उत्तर सुन्नेबित्तिकै यिनी प्रभावित भएको कुरा उपालि स्वयंले पछि बताएका कुरा अगाडिको सूत्रमै उल्लेख भएको छ। भगवान्को उपदेशको अन्त्यमा यिनले स्रोतापत्तिफल साक्षात्कार गरेका थिए भन्ने कुरा पपञ्चसूदनीले[1] उल्लेख गरेको छ। स्रोतापत्तिफल मात्र साक्षात्कार गरेका होइनन् स्रोतापत्तिफलका साथसाथै शैक्षभूमिमै रहेर प्रतिसम्भिदा-ज्ञान पनि पाएका थिए भनी पपञ्चसूदनीले[2] उल्लेख गरेको छ। अरू कुराहरू अगाडिका मूल सूत्रहरूमै प्रष्ट भएका छन्। उपालिको सम्बन्धमा दुइवटा मूल सूत्रहरू भेटिएका छन्। अरू विशेष कुराहरू सम्बन्धित ठाउँहरूमा पादटिप्पणीहरू लेखिदिएको छु। अतः यहाँ उत्ति लम्ब्याइरहनुपर्ने आवश्यकता ठान्दिन।

× × ×

---

१. III. पृ. ६४: उपालिसुत्तवण्णना।

२. III. पृ. ६८: उपालिसुत्तवण्णना। उपालि गृहपति जस्तै शैक्षभूमिमै रहेर प्रतिसम्भिदा-ज्ञान पाउनेहरू अरू पनि चारजना छन्। जस्तै—(१) आनन्द महास्थविर, (२) चित्तगृहपति (=चित्र-गृहपति), (३) धम्मिक उपासक र (४) खुज्जुत्तरा उपासिका। विसु. म. पृ. ३३०: परिच्छेद–१४ र विभं. अ. क. पृ. ३९१: पटिसम्भिदाविभङ्गो, सुत्तन्तभाजनीयवण्णना।

मूल सूत्र—

१–बुद्धसँग पहिलो भेट

यस्तो मैले सुनें[१]।

एक समय भगवान् नालन्दा स्थित पावारिकको आम्रवनमा[२] बस्नुभएको थियो।

---

१. म. नि. II. पृ. ४३: उपालिसुत्तं, अ. क. III. पृ. ३५.

२. नालन्दा नगरमा 'पावारिक' भन्ने एक सेठ थियो। उता कौशाम्बीमा पनि 'पावारिक' भन्ने सेठ थियो। यी दुइजनाको बीचमा फरक देखाउनकोनिमित्त नालन्दाका पावारिकलाई 'दुस्स पावारिक' भनेर चिनाइएको छ। (पपं. सू. III. पृ. ३५; दी. नि. अ. क. II. पृ. ६३३) नालन्दा नजिक उनको एक आँपको बगैंचा थियो। भगवान्को उपदेशबाट प्रभावित भई यिनले आफ्नो आम्रवनमा कुटी, गुफा, मण्डप आदिले युक्त एक विहार बनाइदिएका थिए। त्यसैले यस विहारको नाम जीवकले आफ्नो आम्रवनमा बनाइदिएको विहारको नाम 'जीवक आम्रवन' रहे जस्तै 'पावारिक आम्रवन' वा 'पावारिकाराम' भनी प्रसिद्ध भयो। त्यसैले सूत्रमा

निगण्ठको धर्ममा दण्ड भनिन्छ

त्यस समय निगण्ठ-नाटपुत्र[1] विशाल निगण्ठ-परिषद्का साथ नालन्दामा बसिरहेका थिए। त्यसवखत दीर्घतपस्वी[2] निगण्ठ (=जैन साधु) नालन्दामा भिक्षाटन् गरी भिक्षाटन्बाट फर्की भोजनोपरान्त पावारिकको आम्रवनमा, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुराकानी गरिसकेपछि एक छेउमा उभिए। एक छेउमा उभिएका दीर्घतपस्वी निगण्ठलाई भगवान्ले यस्तो भन्नुभयो—

"तपस्वी ! आसनहरू छन्, यदि चाहन्छौ भने बस।"

भगवान्ले यति भन्नुभएपछि दीर्घतपस्वी-निगण्ठ एक होचो

'पावारिकको आम्रवनमा' भनी भनिएको हो। पपं. सू. III. पृ. ३५: उपालिसुत्तवण्णना; दी. नि. अ. क. II. पृ. ६३३: सम्पसादनीयसुत्तवण्णना; अं. अ. क. I. पृ. २३५: खुज्जुत्तरा, एककनिपात; सं. नि. अ. क. III. पृ. १६९: नालन्दासुत्तवण्णना, अम्बपालिवग्गो, सतिपट्ठानसंयुत्तं। कौशम्बीको सेठलाई 'पावारिय' वा 'पावारिक' भन्दछन्। हेर लेखकको बु. रा. भा–१, पृ. ४१९.

१. कहीं कहीं 'निगण्ठ-नाथपुत्र' भनी उल्लेख भएको पाइन्छ।

२. अग्लो भएकोले 'दीर्घतपस्वी' भनिएको हो। पपं. सू. III. पृ. ३५: उपालिसुत्तवण्णना।

आसन लिई एक छेउमा बसे। एक छेउमा बसेका दीर्घतपस्वी-निगण्ठसँग भगवान्ले यस्तो भन्नुभयो—

१–"तपस्वी ! पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त निगण्ठ-नाटपुत्रले[1] कति कर्महरू बताउँछन् ?"

"आवुसो गौतम ! निगण्ठ-नाटपुत्रलाई 'कर्म कर्म' भनी बताउने अभ्यास छैन। आवुसो गौतम ! निगण्ठ-नाटपुत्रलाई 'दण्ड दण्ड' भनी बताउने अभ्यास छ।"

२–"तपस्वी ! पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त निगण्ठ-नाटपुत्रले कति दण्डहरू बताउँछन् त ? (पञ्ञापेति)"

"आवुसो गौतम ! निगण्ठ-नाटपुत्रले पापकर्मगर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त तीनदण्डहरू बताउँछन्—काय-दण्ड, वचन-दण्ड तथा मन-दण्ड[2]।"

---

१. पालि साहित्यमा जैनधर्मका प्रवर्तक महावीर तीर्थंकरलाई 'निगण्ठ-नाटपुत्र' भनी भन्दछन्।

२. जस्तै बुद्धधर्ममा कायद्वारा गरिने क्रियालाई 'कायकर्म' आदि भनी बताइएको छ त्यस्तै निगण्ठ अर्थात् जैनधर्ममा 'काय-दण्ड' आदि भनिन्छ। यी तीन दण्डहरूमध्ये पहिला दुइ दण्डहरूलाई अचित्तक भनी निगण्ठ-नाटपुत्र बताउँछन्। उनी भन्दछन् कि—जस्तै हावा आउँदा रुखका शाखा हल्लिन्छन्, पानी चल्दछ तर त्यसमा चित्त छैन—त्यस्तैगरी कायदण्ड पनि अचित्तक हुन्छ। जस्तै हावा आउँदा

३–"तपस्वी ! केत, काय-दण्ड अकँ, वचन-दण्ड अकँ तथा मन-दण्ड अकँ हो ?"

"आवुसो गौतम ! काय-दण्ड अकँ, वचन-दण्ड अकँ तथा मन-दण्ड अकँ हो ।"

४–"तपस्वी ! यसरी छुट्याइएका, यसरी विभक्त गरिएका यी तीन-दण्डहरूमध्ये—पापकर्म गर्नकोनिमित्त पापकर्मको प्रवृत्तिकोनिमित्त निगण्ठ नाटपुत्रले कुन दण्डलाई महासावद्यतर भन्दछन् त ? —काय-दण्डलाई कि, वचन-दण्डलाई कि अथवा मन-दण्डलाई ?"

"आवुसो गौतम ! यसरी छुट्याइएका, यसरी विभक्त गरिएका यी तीन दण्डहरूमध्येमा पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त निगण्ठ-नाटपुत्रले काय दण्डलाई महासावद्यतर (=महादोष) भन्दछन्; वचन-दण्डलाई र मन-दण्डलाई होइन ।"

५–"तपस्वी ! काय-दण्ड भनी भन्छौ ?"

तालवृक्षका पातहरूका आवाज आउँछन्, पानीको आवाज आउँछ तर त्यसमा चित्त छैन—त्यस्तैगरी—वचनदण्ड पनि अचित्तक हुन्छ । यी दुइ दण्डहरूलाई अचित्तक हुन् भनी बताउँछन् । चित्त-लाई मन-दण्ड भनी भन्दछन् । अनि दीर्घतपस्वी-निगण्ठलाई आफ्नो वचनमा कायम राख्न लगाउने विचारले बुद्धले अगाडि—'तपस्वी ! केत…' भन्ने आदि कुरा सोध्नु भएको हो भनी पपं. सू. III. पृ. ३५: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

"हो, आवुसो गौतम ! काय-दण्ड भनी भन्छु ।"

"तपस्वी ! काय-दण्ड भनी भन्छौ ?"

"हो, आवुसो गौतम ! काय-दण्ड भनी भन्छु ।"

"तपस्वी ! काय-दण्ड भनी भन्छौ ?"

'हो, आवुसो गौतम ! काय-दण्ड भनी भन्छु ।"

यसरी तीन तीन पटकसम्म भगवान्ले यस विषयमा दीर्घतपस्वी निगण्ठलाई आफ्नो वचनमा प्रतिस्थापित गराउनु भयो[१] ।

---

१. किन भगवान्ले यस्तो गर्नुभएको होला भन्ने सम्बन्धमा अट्ठकथाले यसरी कारण दिएको छ ।

भगवान्ले देख्नु भएको थियो कि यी दीर्घतपस्वी निगण्ठले यो कुरा लिएर गई उनका शास्ता महानिगण्ठलाई र उनको परिषद्लाई सुनाउने छन् । अनि त्यो परिषद्मा बसेका उपालि गृहपति यो कुरा सुनेर मसँग वादगर्न आउनेछन् । त्यसवखत उनलाई मैले धर्मोपदेश गर्नेछु र उनी तीन तीन पटकसम्म शरणमा जानेछन् । अनि मैले उनलाई चारसत्यका कुराहरू प्रकाश पारिदिनेछु । सत्य प्रकाशनको अन्तमा उनी स्रोतापत्ति-फलमा प्रतिष्ठित हुनेछन् । मैले पारमीहरू पूरागरेको परोपकारार्थ हो । यिनै कारणहरूलाई देख्नु भएर वहाँले यस्तो गर्नुभएको हो । पपं. सू. III. पृ. ३५: उपालिसुत्तवण्णना ।

बुद्धको धर्ममा कर्म भनिन्छ

अनि दीर्घतपस्वी निगण्ठले भगवान्‌सँग यस्तो सोधे—

(१) "आवुसो गौतम ! पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त तपाइले कति दण्डहरू बताउनु हुन्छ नि ?"

"तपस्वी ! तथागतलाई 'दण्ड, दण्ड' भन्ने अभ्यास छैन; 'कर्म, कर्म' भन्ने अभ्यास छ ।"

(२) आवुसो गौतम ! प्रापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त तपाइ गौतमले कति कर्महरू बताउनु भएको छ त ?"

"तपस्वी ! पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त मैले तीन कर्महरू बताएकोछु[१] (पञ्ञापेमि), जस्तै कायकर्म, वचनकर्म तथा मनकर्म ।

---

१. जब दीर्घतपस्वी निगण्ठले बुद्धधर्म अनुसार 'कति कर्महरू बताउनु भएको छ त ?' भनी सोधे तब भगवान् बुद्धले अगाडिका कुराहरू बताउनुभयो ।

यहाँ कायकर्म, वचनकर्म तथा मनकर्म भनी निम्नप्रकारले भनिएको छ ।

(क) कायद्वारमा उत्पन्न हुने, कायद्वारबाट निस्कने, कायद्वारबाट गरिने तथा कायद्वारबाट सिद्धहुने आठ (८) कामावचर कुशल चेतनाहरू, बाह्र (१२) अकुशल चेतनाहरू लगायत जम्मा बीस (२०) चेतनाहरूलाई **कायकर्म भनिएको हो** ।

(ख) उपरोक्ताकारले कायद्वारबाट कार्य सिद्ध नभई वचनद्वारबाट कार्यसिद्ध हुने उक्त बीसैंवटा चेतनाहरूलाई **वचनकर्म भनिएको हो** ।

(ग) यी दुवै द्वारहरूमा उत्पन्न नभई मनद्वारमा उत्पन्न हुने उनन्तीस (२९) चेतनाहरूलाई **मनकर्म भनिएको हो** । (हेर लेखकको बु. प. भा–१, पृ. १५९ मा)

संक्षेपमा भन्ने हो भने यहाँ—त्रिविध कायदुश्चरित्रलाई कायकर्म, चतुर्विध वचनदुश्चरित्रलाई वचनकर्म तथा त्रिविध मन-दुश्चरित्रलाई मनकर्म भनिएको हो ।

यस सूत्रमा कर्म (=क्रिया) प्रधानगरी उपदेश गर्नुभएको छ भनी पपं. सू. III. पृ. ३५–३६: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

म. नि. II. पृ. ६३: कुक्कुरवतिकसुत्तंमा चाहिं चार-प्रकारले कर्मप्रधानका कुराहरू बताउनु भएको छ ।

कर्म प्रधानगरी देशनागर्नु भएता पनि कर्मको वास्तविक मूलभूत कारण चेतना नै हो । त्यसैले कतै कतै स्पष्टरूपले चेतना प्रधानगरी—'चेतनालाई नै कर्म भन्दछु, किनभने—चिताएर कर्म गरिन्छ' भनी निब्बेधिकसुत्तंमा उल्लेख भएको छ । (अं. नि–६, पृ. १२०) पपं. सू. III. पृ. ३५–३६: उपालिसुत्तवण्णना ।

(३) "आवुसो गौतम ! काय कर्म भिन्नै, वचन-कर्म भिन्नै तथा मन-कर्म भिन्नै हो कि (अथवा एउटै हो) ?"

"तपस्वी ! काय-कर्म भिन्नै हो, वचन-कर्म भिन्नै हो तथा मन-कर्म भिन्नै हो ।"

(४) "आवुसो गौतम ! यसरी छुटयाइएका, यसरी विभक्त गरिएका यी तीन कर्महरूमध्येमा—पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त तपाइले कुन कर्मलाई महासावद्यतर (=महादोष) भन्नुहुन्छ नि ? कायकर्मलाई कि, वचनकर्मलाई कि अथवा मनकर्मलाई ?"

"तपस्वी ! यसरी छुटयाइएका, यसरी विभक्त गरिएका यी तीन कर्महरूमध्येमा—पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त मैले मनकर्मलाई महासावद्यतर (=महादोष) भनी बताउँछु[१]; कायकर्मलाई र वचनकर्मलाई होइन ।"

---

१. यहाँ मनकर्मलाई किन महासावद्यतर भनेको हो भन्ने कुरा यसरी बुझ्नुपर्छ—

साधारण लोकवासीले बुझ्नेगरी बताउनकोनिमित्त यहाँ धेरै र थोरै वा महान् वा अल्प अथवा ठूलो र स्यानो भन्ने विशेषण पद जोडिएको हो ।

अकुशल-पथमा आउँदा कायकर्म र वचनकर्म महान् हुन्छ भने कुशल पथमा आउँदा मनकर्मलाई महान् भनिन्छ । किनभने—पञ्चआनन्तरिय कर्महरूमध्ये मातृघात, पितृघात आदि चार

आनन्तरिय कर्महरू कायद्वारा प्रयत्नगरी, कायद्वारबाट कार्यसम्पन्न गरिन्छ वचनद्वारबाट होइन; कल्पसम्म नरकमा रहनपर्ने सङ्घभेद जस्ता आनन्तरिय अकुशलकर्म चाहिं वचनद्वारबाट कार्यसम्पन्न गरिन्छ कायद्वारबाट होइन। अतः यी पाँच आनन्तरिय कर्महरू कायद्वार र वचनद्वारबाट गरिन्छ। त्यसैले अकुशलको विषयमा काय र वचन कर्मलाई महासावद्यतर भनिएको हो। पञ्चआनन्तरिय कर्मभन्दा ठूलो अकुशल अरू छैन र यी अकुशलहरू काय र वचन-द्वारबाट नै सिद्ध हुन्छन्।

कुशल-पथमा आउँदा कसरी मनकर्म महान् हुन्छ त ? —

एउटै ध्यानचेतनाले चौरासीहजार (८४,०००) कल्पसम्म आयु हुने स्वर्गसम्पत्ति पनि प्राप्त गराइदिन सक्छ। एउटै मार्ग-चेतनाले सबै अकुशलहरू समुच्छेदन गरी अरहत्-फल पनि प्राप्त गराइदिन सक्छ। त्यसैले कुशल-पथमा आउँदा मनकर्म महान् हुन्छ भनी भनिएको हो।

यस सूत्रमा चाहिं निश्चित मिथ्यादृष्टिलाई लक्षगरी मनकर्मलाई महासावद्यतर भनी भनिएको हो भनी पपं. सू. III. पृ. ३६: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ। यस्तै कुराको सन्दर्भमा भगवान्ले अं. नि–१, पृ. ३४: एकधम्मपालिमा यसरी उल्लेख गर्नुभएको छ—

"नाहं भिक्खवे, अञ्ञं एक धम्मं पि समनुपस्सामि यं एवं महासावज्जं, यथयिदं, भिक्खवे, मिच्छादिट्ठि; मिच्छादिट्ठि परमानि, भिक्खवे, वज्जानि।"

(५) "आवुसो गौतम ! मन-कर्म भनी भन्नुहुन्छ त ?"

"हो, तपस्वी ! मन-कर्म भनी भन्छु ।"

"आवुसो गौतम ! मन-कर्म भनी भन्नुहुन्छ त ?"

"हो, तपस्वी ! मन-कर्म भनी भन्छु ।"

"आवुसो गौतम ! मन-कर्म भनी भन्नुहुन्छ त ?"

"हो, तपस्वी ! मन-कर्म भनी भन्छु ।"

यसरी तीन तीन पटकसम्म दीर्घतपस्वी निगण्ठले यस विषयमा भगवान्‌लाई आफ्नो वचनमा प्रतिस्थापित गराई आसनबाट उठी, दीर्घतपस्वी निगण्ठ जहाँ निगण्ठ-नाटपुत्र थिए त्यहाँ गए ।

उपालि गृहपति बुद्धकहाँ गए

त्यस समय निगण्ठ-नाटपुत्र उपालि प्रमुख वालकिनीय[1]-परिषद्

अर्थात्—"भिक्षुहो ! मिथ्यादृष्टि जस्तो महासावद्य (=महादोष) अरू कुनै म देख्दिन; दोषहरूको प्रमुख कारण नै मिथ्यादृष्टि हो ।"

यति कुरा सुनिसकेपछि दीर्घतपस्वी निगण्ठले पनि भगवान्‌ले जस्तै अगाडि 'आवुसो गौतम ! मनकर्म भनी भन्नुहुन्छ त ?' भनी प्रश्न सोधे । पपं. सू. III. पृ. ३६: उपालिसुत्तवण्णना ।

१. उपालि गृहपतिको 'वालक लोणकार गाम' अर्थात् 'नून बनाउने वालकको गाउँ' भन्ने एक गाउँ थियो । त्यस गाउँबाट हुने आम्दानी

सहित विशाल गृही-परिषद्का साथ (नालन्दामा) बसिरहेका थिए। अनि निगण्ठ-नाटपुत्रले टाढैबाट दीर्घतपस्वी-निगण्ठलाई आइरहेको देखेर उनीसँग यस्तो सोधे—

"हे तपस्वी ! कताबाट तिमी दिनको मध्याह्न समयमा आइरहेका छौ ?"

"भन्ते ! म त्यहाँबाटै श्रमण गौतमकहाँबाटै आइरहेको छु।"

"तपस्वी ! के त श्रमण गौतमसँग तिम्रो केही कुराकानी भयो त ?"

"भन्ते ! श्रमण गौतमसँग मेरो केही कुराकानी भएको थियो।"

गाउँलेहरूले उपालि गृहपतिलाई बुझाउन ल्याउँदथे। एकदिन त्यस्तैगरी आम्दानी बुझाउन ल्याएको वेलामा उपालि गृहपतिले 'हाम्रा शास्ता महानिगण्ठको दर्शनार्थ जाऊँ" भनी उनीहरूलाई साथमा लिई निगण्ठ-नाटपुत्रकहाँ गए। त्यसवखत त्यहाँ अरू विशाल गृही-परिषद् पनि थियो। त्यसैले सूत्रमा 'उपालि प्रमुख बालकिनी परिषद्…' भनी भनिएको हो। पपं. सू. III. पृ. ३६–३७: उपालिसुत्तवण्णना।

'वालकिनीय' भनी बालुवा धेरै भएको बालवती भन्ने अर्थलाई पनि लिन सकिन्छ भनी पपं. सू. III. पृ. ३७: उपालिसुत्तवण्णनाले नै उल्लेख गरेको छ।

"तपस्वी ! श्रमण गौतमसँग के कस्तो कुराकानी भएको थियो त ?"

अनि दीर्घतपस्वी निगण्ठले जे जति कुराकानी भगवान्सँग भएका थिए ती सबै कुराहरू निगण्ठ-नाटपुत्रलाई सुनाए। यति सुनाइसकेपछि निगण्ठ-नाटपुत्रले दीर्घतपस्वी निगण्ठलाई यस्तो भने—

"साधु ! साधु[1] !! तपस्वी ! शास्ताको शासन (=धर्म) लाई राम्ररी बुझ्ने श्रुतवान् श्रावकले जस्तो कुरा भन्नुपर्ने थियो त्यस्तै कुरा दीर्घतपस्वी निगण्ठले श्रमण गौतमलाई बताइदिए। त्यत्रो ठूलो काय-दण्ड (=काय-कर्म) को अगाडि यति स्यानो मन-दण्ड (=मन-कर्म) लाई (ठूलोछ भन्नु) के मिल्ला र[2] ! अतएव पापकर्म गर्नको-

---

१. पालि साहित्यमा—'राम्रो, असल, ठीक, बढिया, हो, धन्यवाद, स्यावास तथा हुन्छ' भन्ने भाव व्यक्त गर्नकोनिमित्त 'साधु' शब्द प्रयोग गरिन्छ। स्वीकृति सूचनार्थ पनि 'साधु' शब्द प्रयोग गरिन्छ। यहाँचाहिं 'धन्य' वा 'स्यावास' भन्ने अर्थ बुझ्नुपर्छ।

२. पाप कर्म गर्नकोनिमित्त बुद्धले जुन काय-कर्मभन्दा मन-कर्मलाई महान् छ भनी भन्नुभयो त्यस कुरालाई लिएर निगण्ठ-नाटपुत्रले— 'त्यत्रो ठूलो शरीरबाट हुने कायकर्मको अगाडि विल्कुल नदेखिने मनकर्म के ठूलो हुन सक्ला र, के गिन्ति हुन सक्ला र !' भन्दै बुद्धको कुरामाथि हँस्सी उडाउँदै यस्तो भनेका हुन् र आफूले पनि 'काय-कर्म नै महासावद्यतर छ' भन्ने कुरा समर्थन गरे। पपं. सू. III. पृ. ३७: उपालिसुत्तवण्णना।

निमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त काय-दण्ड नै महासावद्यतर छ, न कि वचन-दण्ड र मन-दण्ड।"

यो कुरा सुनेर उपालि गृहपतिले निगण्ठ-नाटपुत्रलाई यस्तो भने—

"साधु! साधु!! भन्ते दीर्घतपस्वी! शास्ताको शासनलाई (=धर्मलाई) राम्ररी बुझ्ने श्रुतवान् श्रावकले जस्तो कुरा भन्नुपर्ने थियो त्यस्तै कुरा दीर्घतपस्वी निगण्ठले श्रमण गौतमलाई बताइदिनु भयो। त्यत्रो ठूलो काय-दण्डको अगाडि यति स्यानो मन-दण्डलाई (ठूलो छ भन्नु) के मिल्ला र! अतएव पापकर्म गर्नकोनिमित्त, पाप-कर्मको प्रवृत्तिकोनिमित्त काय-दण्ड नै महासावद्यतर छ, न कि वचन-दण्ड र मन-दण्ड।

"हवस् त भन्ते! त्यसोभए म श्रमण गौतमकहाँ जानेछु र यस विषयमा श्रमण गौतममाथि वाद आरोप लगाउनेछु। भदन्त तपस्वीले प्रतिस्थापित गरे बमोजिम श्रमण गौतम उही कुरामा प्रतिष्ठित हुन्छन् कि हुँदैनन् (हेरौं)। (यदि उही कुरामा प्रतिष्ठित हुन्छन् भने)—

(१) जस्तै कुनै बलवान् पुरुषले लामो लामो रौं भएको च्याँख्रालाई उसको रौं समाती अगाडितिर तान्छ, पछाडितिर तान्छ र कहिले अगाडि-पछाडि तान्छ, त्यस्तैगरी—मैले पनि श्रमण गौतमलाई वादले वादलाई अगाडितिर तान्नेछु, पछाडितिर तान्नेछु र कहिले अगाडि-पछाडि गरी तान्नेछु।

(२) "जस्तै कुनै बलवान् जाँड बनाउने (=सोण्डिका-कम्मकारो) पुरुषले—जाँड पकाएको भाँडो (खर्कण्डा) धेरै पानी भएको तलाउमा डुबाई, भाँडाको कान समाती अघिल्तिर तान्छ, पछिल्तिर तान्छ र कहिले अगाडि-पछाडि गर्छ, त्यस्तैगरी मैले पनि श्रमण गौतमलाई वादले वादलाई अघिल्तिर तान्नेछु, पछिल्तिर तान्नेछु र कहिले अगाडि-पछाडि गरी तान्नेछु।

(३) "जस्तै कुनै बलवान् सुराधूर्तले जाँड छान्ने चाल्नीको कान समाती तलतिर पारी—माथितिर पारी धुन्छ बारम्बार टक्-टक्याएर धुन्छ, त्यस्तैगरी—मैले पनि श्रमण गौतमलाई वादले वादलाई तलतिरपारी, माथितिरपारी, टक्-टक्याउनेछु।

(४) "जस्तै कुनै साठीवर्ष पुगिसकेको हात्ती गहिरो पोखरीमा पसी साणधोविकं[1] (=सनपाटक्रीडा) भन्ने खेल खेल्छ, त्यस्तैगरी—मैले पनि श्रमण गौतमलाई वादले वादलाई 'सनपाट-क्रीडा' जस्तै गरी खेलाउने छु। हवस् त भन्ते! म जानेछु र श्रमण गौतमलाई यसै कुरामा वाद आरोप लगाउनेछु।"

---

१. मानिसहरू सनपाटलाई पानीमा डुबाई राख्छन्। केहीदिनपछि मुठी मुठी बनाई खूबसँग ढुँगामा चुट्छन्। त्यस्तैगरी हात्ती गहिरो पानीमा डुबी, सूँढले कहीले मस्तकमा, कहीले आङमा पानी छयाप्छ, पानीमा क्रिडा गर्छ। यसैलाई 'साणधोविकं' (=सनपाट क्रिडा) भनी भनिएको हो। म. नि. अ. क. II. पृ. २२६: चूल-सच्चकसुत्तं।

"गृहपति ! जाऊ त, तिमी श्रमण गौतमकहाँ गई यस विषयमा वाद आरोपन गर । मैले श्रमण गौतमलाई वाद आरोपन गरूँ अथवा दीर्घतपस्वीले अथवा तिमीले। (यसमा कुनै फरक पर्दैन)"

यस्तो भन्दा दीर्घतपस्वी निगण्ठले निगण्ठ-नाटपुत्रलाई यस्तो भने—

"भन्ते ! यो कुरा म रुचाउँदिन कि उपालि गृहपति श्रमण गौतमकहाँ गई वाद आरोपन गरून् । भन्ते ! श्रमण गौतम मायावी छन्। उनी आवट्टनीय (=चक्रमा पार्ने माया) जान्दछन् । जुन विद्याद्वारा उनले अन्यतीर्थीय श्रावकहरूको मनलाई फर्काइदिन्छन् ।"

"तपस्वी ! उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा जालान् भन्ने कुरा असम्भव छ । बरु श्रमण गौतम नै उपालि गृहपतिको शिष्यत्वमा आउन सक्छन् । गृहपति ! जाऊ तिमीले श्रमण गौतमलाई वाद आरोपन गर । श्रमण गौतमलाई मैले वाद आरोपन गरूँ अथवा दीर्घतपस्वीले अथवा तिमीले ।"

दोश्रो पटक पनि . तेश्रो पटक पनि दीर्घतपस्वी निगण्ठले निगण्ठ-नाटपुत्रलाई यस्तो भने

"भन्ते ! यो कुरा म रुचाउँदिन .. उनी आवट्टनीय जान्दछन् । जुन विद्याद्वारा उनले अन्यतीर्थीय श्रावकहरूको मनलाई फर्काइदिन्छन् ।"

"तपस्वी ! उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा जालान् भन्ने कुरा असम्भव छ। बरु श्रमण गौतम नै उपालि गृहपतिको शिष्यत्वमा आउन सक्छन् । गृहपति ! जाऊ, तिमीले श्रमण गौतमलाई वाद आरोपन गर[1] । श्रमण गौतमलाई मैले वाद आरोपन गरूँ अथवा दीर्घतपस्वीले अथवा तिमीले ।"

"हवस्, भन्ते !" भनी निगण्ठ-नाटपुत्रलाई प्रत्युत्तर दिई, उनलाई अभिवादन गरी, प्रदक्षिणा गरी उपालि गृहपति जहाँ पावारिक-आम्रवन हो, जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी[2] एक छेउमा बसे । एक छेउमा बसेका उपालि गृहपतिले भगवान्सँग यस्तो भने—

"भन्ते ! यहाँ दीर्घतपस्वी निगण्ठ आए होइन ?"

---

१. महानिगण्ठले तीन तीनबारसम्म उपालिलाई बुद्धकहाँ पठाउनलाग्दा पनि दीर्घतपस्वीले किन रोकेका होलान् भन्ने कुराको सम्बन्धमा अट्ठकथाले यसरी स्पष्टिकरण दिएको छ ।

निगण्ठ-नाटपुत्र बुद्धसँगसँगै एउटै नगरमा बसे ता पनि उनले बुद्धलाई कहील्यै देखेका छैनन् । अट्ठकथाको भनाइअनुसार महानिगण्ठले बुद्धको विरुद्ध आफ्नो वादलाई नछाडेसम्म उनले बुद्धकोदर्शन गर्न असम्भव हुन्छ । अर्थात् आफ्नो वादको घमण्डलाई नछाडिकन उनी बुद्धकहाँ जानसक्दैनन् । अतः बुद्धलाई नदेखेको हुँदा उनले बुद्धको व्यक्तित्वको बारेमा र वहाँको नैर्याणिक कथा-

हरूको बारेमा केही जानेका थिएनन् र उनले उपालिलाई तीन तीन बारसम्म पठाउन लागेका हुन् ।

२. दीर्घतपस्वी निगण्ठ चाँहीं समय समयमा बुद्धकहाँ गई उभिइरहन्थे पनि बस्थे पनि। समय समयमा उनले बुद्धसँग प्रश्नहरू पनि सोध्दथे । त्यसैले बुद्धको दर्शन-सम्पत्ति तथा वहाँको नैर्याणिक कथाहरू सम्बन्धी उनलाई पूरा पूरा जानकारी थियो । त्यसैले उनको मनमा यस्तो लाग्दथ्यो––

"यी उपालि गृहपति विद्वान् छन्, पण्डित छन् । श्रमण गौतमकहाँ गएर उनी बुद्धको दर्शन मात्रले पनि प्रसन्न हुन सक्छन्, वहाँको नैर्याणिक उपदेश सुनेर पनि प्रसन्न हुन सक्छन्, त्यहाँबाट उनी हामीहरूकहाँ पुनः फर्केर नआउन पनि सक्छन् ।"

यस्तो सोचेर नै उनले बारबार बुद्धकहाँ पठाउने विषयमा असहमति जनाएका हुन् । पपं. सू. III. पृ. ३७: उपालिसुत्त-वण्णना ।

२. बुद्धलाई देखेर प्रसन्न हुनेले पनि, अप्रसन्न हुनेले पनि, प्रायः जसो सबैले वहाँलाई वन्दना गर्छन् । त्यसमध्ये अल्पसंख्यक मानिसहरूले वन्दना पनि गर्दैनन् । उच्चकुलीन भएर अनगारिय भावमा बसेको हुनाले बुद्धलाई वन्दना नै गर्न योग्य छ । यी उपालि गृहपतिले चाहिं बुद्धलाई देखेर प्रसन्न भएर नै वन्दना गरेका थिए भनी पपं. सू. III. पृ. ३७: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

"गृहपति ! हो, यहाँ दीर्घतपस्वी निगण्ठ आएका थिए ।"

"भन्ते ! के, दीर्घतपस्वी निगण्ठसँग तपाइको केही कुरा भएको थियो त ?"

"गृहपति ! भएको थियो; दीर्घतपस्वी निगण्ठसँग मेरो केही कुरा भएको थियो ।"

"भन्ते ! दीर्घतपस्वी निगण्ठसँग तपाइको के कस्तो कुरा भएको थियो त ?"

अनि जति कुराकानी दीर्घतपस्वी निगण्ठसँग भएका थिए ती जम्मै कुराहरू भगवान्‌ले उपालि गृहपतिलाई सुनाउनु भयो ।

यस्तो भन्नुभएपछि उपालि गृहपतिले भगवान्‌लाई यस्तो भने—

"धन्यहो, धन्यहो भन्ते तपस्वी ! शास्ताको शासनलाई राम्ररी बुझ्ने श्रुतवान् श्रावकले जसरी कुरा भन्नुपर्ने हो त्यसरी नै दीर्घतपस्वी निगण्ठले भगवान्‌लाई कुरा बताइदिए । त्यत्रो ठूलो काय-दण्डको अगाडि यति स्यानो मन-दण्डलाई (ठूलो छ भन्न) के मिल्ला र ! अतएव पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त काय-दण्ड नै महासावद्यतर छ, न कि वचन-दण्ड र मन-दण्ड ।"

"गृहपति ! यदि तिमी सत्यमा बसी[१] छलफल गर्छौं भने यहाँ तिमीसँग केही कुरा हुनसक्छ ।"

"भन्ते ! म सत्यमावसी छलफल गर्नेछु; हुन्छ, हामीहरूका बीच यहाँ केही कुरा होस् ।"

बुद्धसँग छलफल

(१) "गृहपति ! भनौं कि यहाँ चीसोपानी निषेधगर्ने[२] र तातोपानी सेवनगर्ने (कुनै एक) निगण्ठलाई रोग लाग्यो, दुःख भयो, ब्याधिले अत्यन्त पीडादियो। चीसोपानी पिउन नपाएर उसको मरणभयो भने—गृहपति ! निगण्ठ-नाटपुत्रले त्यस्ताको (मृत्युपछि) उत्पत्ति कहाँ बताउँछन् नि ? यसमा तिमी के भन्छौ ?"

---

१. भुइमा गाडेको खम्वा जस्तै अचल भई आफूले भनेको वचन-सत्यमा अचल भई बसेर कुरा गर्छौं भने तिमीसँग केही कुरा गर्नेछु अथवा केही कुरा हुनेछ भनी भनिएको हो । पपं. सू. III. पृ. ३७–३८: उपालिसुत्तवण्णना ।

२. निगण्ठ-सम्प्रदायका अर्थात् जैन-सम्प्रदायका साधुहरू चीसोपानीमा 'जीव' छ भन्ने संज्ञालिएर चीसोपानी निषेध गर्ने भएका हुनाले यहाँ 'चीसोपानी निषेध गर्ने' भनी भनिएको हो । पपं. सू. III. पृ. ३८: उपालिसुत्तवण्णना ।

"भन्ते ! मनसत्व भन्ने देवलोक छ, उ त्यहाँ उत्पन्न हुन्छ (भनी बताउँछन्) । किनभने ? भन्ते ! मनः प्रतिबद्ध भई[1] (=मनमा आसक्त भई) उ मृत्यु भएको हुँदा ।"

"गृहपति ! राम्ररी मनमा सोच, गृहपति ! राम्ररी मनमा सोचेर बताऊ । तिम्रो अघिल्लो कुरा पछिल्लोसँग वा पछिल्लो कुरा अघिल्लोसँग मेल खान्न । गृहपति ! तिमीले यस्तो भनेकाछौ कि— 'भन्ते ! म सत्यमा बसी छलफल गर्नेछु; हुन्छ, हामीहरूका बीच यहाँ केही कुराकानी होस्' ।"

"भन्ते ! यदद्यपि भगवान्ले यस्तो भन्नुहुन्छ, तथापि पापकर्म

---

१. 'मनः प्रतिबद्ध भई' अर्थात् मनमा आशा लिएर मरेको हुँदा उ 'मनसत्व' भन्ने देवलोकमा उत्पन्न हुन्छ भनी बताउँछन् ।

त्यो व्याधिले पीडित भएको निगण्ठलाई पित्त-ज्वर भएको हुन्छ । त्यसैले उसलाई तातोपानी पिउनु वा हातखुट्टा धुन वा शरीर नुहाउनकोनिमित्त तातोपानी काम लाग्दैन । किनकि यसले उसको रोग बढ्छ । रोग निकोपार्नकोनिमित्त चीसोपानीको आवश्यकता हुन्छ । परन्तु उसले तातोपानी मात्र सेवन गर्छ । त्यो नपाएमा तातोयागु वा भात सेवन गर्छ । चित्तले भने चीसोपानी पिउने वा सेवन गर्ने प्रबल आशा राख्छ । यसबाट उसको मन-दण्ड (=मन-कर्म) प्रबल छैन भन्ने कुराको खण्डन यहीं हुन्छ । काय-दण्ड (=काय-कर्म) र वचन-दण्ड (=वचन-कर्म) लाई

बचाउनकोनिमित्त उ चीसोपानी पिउँछु वा सेवनगर्छु भनी भन्दैन। यसरी उसले काय-दण्ड र वचन-दण्डलाई रक्षा गरे ता पनि यसद्वारा च्युति वा प्रतिसन्धि दिन सक्दैन। अर्थात् पुनर्जन्म दिन सक्दैन। मन-दण्डमा त्रुटी भए पनि त्रुटी नभए पनि पुनर्जन्मको कारण त मन-दण्ड (=मन-कर्म) नै हुन्छ। यसरी भगवान्ले उनलाई काय-दण्ड र वचन-दण्डभन्दा मन-दण्ड (=मन-कर्म) नै बलवान् छ, महान् छ र प्रबल छ भन्ने कुरा भनाउन लगाउनु भयो।

उपरोक्त युक्तियुक्त कुरा सुनेर उपालि गृहपतिले पनि सोचे कि—हुन पनि हो, मूर्छा हुँदा एकहप्तासम्म पनि वेहोस भएर रहन सक्छ, तर चित्तको प्रवृत्ति छउञ्जेलसम्म उसलाई मरेको भनी भनिंदैन। तर जब चित्तको प्रवृत्ति बन्दहुन्छ तब मऱ्यो भनी भनिन्छ र यसलाई बाहिर लगी जलाइदेऊ भन्ने अवस्थामा पुग्छ। काय-दण्ड वा वचन-दण्डद्वारा त्यस्तो हुन सक्दैन। मन-दण्डद्वारा नै त्यस्तो हुन सक्छ। अतः मन-दण्ड नै महान् रहेछ, बलवान् रहेछ र प्रबल रहेछ; किनभने—मनको प्रवृत्ति टुटेर पनि उसले पुनर्जन्म दिलाउन सक्छ। हाम्रा महानिगण्ठको कुरा अनैर्याणिक रहेछ।

यस्तो सोचे तापनि उनले बुद्ध भगवान्को विचित्र उपदेश-लीला सुन्नकोनिमित्त आफ्नो अनुमत चाहिं प्रकट गरेका थिएनन्। बल्कि आफ्नो उही कुरामाथि जोडदिएका थिए। जुन कुरा सूत्रका अगाडिका कुराहरूबाट प्रष्ट भएकै छ। पपं. सू. III. पृ. ३८: उपालिसुत्तवण्णना।

गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त काय-दण्ड नै महासावद्यतर छ, न कि वचन-दण्ड र मन-दण्ड ।"

(२) "गृहपति! निगण्ठ-नाटपुत्र चतुर्यामसंवरले[1] संवृत्त भई – (१) सबै (चीसो) पानी वर्जित गर्छन्[2], (२) सबै (पाप) वर्जनले युक्त हुन्छ, (३) सबै पापलाई शुद्ध गर्छन् (=पखाल्छन्) तथा (४) सबै पाप वर्जित गर्नमा तत्पर रहन्छन् । उनी अघाडि-पछाडि हिड्दा धेरै क्षुद्रकप्राणीहरू[3] (खुद्दके पाणे) मारिन्छन् । गृहपति! यसलाई निगण्ठ-नाटपुत्रले कस्तो विपाक (=फलभोग) बताउँछन् नि? यसमा तिमी के भन्छौ त?"

---

१. चार प्रकारबाट संयम हुनेलाई 'चातुर्याम संवर' भनिएको हो । ती हुन् - (१) प्राणीहिंसा गर्दैन गराउँदैन तथा प्राणीहिंसा गर्नेको अनुमोदन पनि गर्दैन, (२) चोरी गर्दैन गराउँदैन तथा चोरी गर्नेको अनुमोदन पनि गर्दैन, (३) झूटो बोल्दैन बोलाउँदैन तथा झूटो बोल्नेको अनुमोदन पनि गर्दैन, (४) पञ्चकाम विषयको सेवन गर्दैन गराउँदैन तथा पञ्चकाम विषय सेवन गर्नेको अनुमोदन पनि गर्दैन । दी. नि. III. पृ. ३८: उदुम्बरिकसुत्तं; म. नि. अ. क. III. पृ. ३९: उपालिसुत्तवण्णना ।

२. कुनै प्रकारका चीसो पानीलाई सेवन गर्दैन । निगण्ठ-नाटपुत्र विश्वास गर्छन् कि चीसो पानीमा जीवहरू छन् । त्यसैले सबै-प्रकारका चीसो पानी वर्जन गर्छन् । पपं. सू. III. पृ. ३९: उपालि-सुत्तवण्णना ।

३. एकेन्द्रिय र दुइ इन्द्रिय भएका प्राणीहरू छन् भनी निगण्ठ-नाटपुत्र

"भन्ते ! असञ्चेतनिक (=नचिताएको, नजानेको तथा चित्त नभएको) लाई निगण्ठ-नाटपुत्रले महासावद्य (=महादोष) भनी भन्दैनन् ।"

"गृहपति ! यदि चिताएमा ? (=चेतना भएमा ?)"

"भन्ते ! महासावद्य (=महादोष) हुन्छ ।"

"गृहपति ! चेतना (=चिताएको) लाई निगण्ठ-नाटपुत्रले (माथि उल्लिखित तीन दण्डहरूमध्येमा) कुन 'दण्डमा' राख्छन् त ?"

"भन्ते ! मन-दण्डमा[1] ।"

बताउँछन् (पञ्ञपेति) । सुकेका रुखका काठहरू, पुराना पातहरू, तथा गिर्खाहरू पनि प्राणवान् नै हुन् (पाणोतेव) भनी बताउँछन् र यिनीहरूलाई एकेन्द्रिय प्राणी हुन् भन्दछन् । अरू प्राणीहरूलाई दुइ इन्द्रिय भएका प्राणी भन्दछन् । यसमध्ये पानीको स्यानो विन्दुमा स्यानो पानीको विन्दू जत्रै प्राण हुन्छ, ठूलोमा ठूलो प्राण हुन्छ भन्ने विश्वास गर्छन् । त्यसैले बुद्धले 'क्षुद्रक प्राणी' भनी भन्नुभएको हो भनी पपं. सू. III. पृ. ३९: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. 'मन-दण्डमा राख्छन्' अर्थात् मन-कर्मको वर्गमा राख्छन् भनी भन्नेवित्तिकै उनले पनि आफ्नो बुद्धिले विचार गरे कि—हाम्रा निगण्ठले असञ्चेतनिक कर्मलाई थोरै दोष र सञ्चेतनिक कर्मलाई महादोष भनी भन्दछन् र चेतनालाई मन-दण्डमा राख्छन् । अतः यिनको कुरा अनैर्याणिक रहेछ बुद्धको कुरानै नैर्याणिक रहेछ । पपं. सू. III. पृ. ३९–४०: उपालिसुत्तवण्णना ।

"गृहपति ! राम्ररी मनमा सोच, गृहपति ! राम्ररी मनमा सोचेर बताऊ । तिम्रो अघिल्लो कुरा पछिल्लो कुरासँग र पछिल्लो कुरा अघिल्लो कुरासँग मेल खान्न । गृहपति ! तिमीले यस्तो भनेका छौ कि —'भन्ते म सत्यमा बसी छलफल गर्नेछु; हुन्छ, हामीहरूका बीच यहाँ केही कुराकानी होस्' ।"

"भन्ते ! यद्यपि भगवान्‌ले यस्तो भन्नुहुन्छ, तथापि काय-दण्ड नै पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त महासावद्यतर छ, न कि वचन-दण्ड र मन-दण्ड ।"

(३) "गृहपति ! के यो नालन्दा समृद्ध, सश्रीक तथा बहुजनाकीर्णछ ?"

"भन्ते ! छ, यो नालन्दा समृद्ध, सश्रीक तथा बहुजनाकीर्ण छ ।"

"गृहपति ! यहाँ एक पुरुष तरबार लिई आउँछ र उ यसो भन्छ—'अहिल्यै यो नालन्दाका सबै प्राणीहरूलाई एकै क्षणमा एकै मुहूर्तमा मासुको एउटै थूप्रो र एउटै रास पारिदिनेछु ।' गृहपति ! के उसले नालन्दाका सबै प्राणीहरूलाई एकै क्षणमा, एकै मुहूर्तमा मासुको एउटै थूप्रो र एउटै रास पार्न सक्ला ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! दश पुरुष, बीस पुरुष, तीस पुरुष, चालीस पुरुष, पचास पुरुषहरूले पनि नालन्दाका सबै प्राणीहरूलाई एकै क्षणमा,

एकै मुहूर्तमा मासुको एउटै थूप्रो र एउटै रास पार्न सक्दैनन् भने एक पुरुषको त के कुरा !"

"गृहपति ! यहाँ चित्तवशीप्राप्त एक ऋद्धिवान् श्रमण वा ब्राह्मण आई 'मैले यो नालन्दालाई एकै क्रोधचित्तले (एकेनमनोपदोसेन) भस्मपार्नेछु' भनी भन्दछन्। गृहपति ! के त चित्तवशीप्राप्त सो ऋद्धिवान् श्रमण वा ब्राह्मणले यो नालन्दालाई एकै क्रोधचित्तले भस्मपार्न सक्लान् के ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! दश नालन्दा, बीस नालन्दा, तीस नालन्दा, चालीस नालन्दा, पचास नालन्दाहरूलाई पनि चित्तवशीप्राप्त सो ऋद्धिवान् श्रमण वा ब्राह्मणले भस्मपार्न सक्नेछन् भने एक नालन्दाको त के कुरा[1] !"

"गृहपति ! राम्ररी मनमा सोच, गृहपति ! राम्ररी मनमा सोचेर बताऊ। तिम्रो अघिल्लो कुरा पछिल्लोसँग र पछिल्लो कुरा

---

१. हो त, दश त के पचासौं मानिसले पनि एक नालन्दालाई एकै मुहूर्तमा मासुको एकै थूप्रो पार्न सक्दैनन्। किन्तु चित्तवशी प्राप्त ऋद्धिवान् श्रमण वा ब्राह्मणले भने एक नालन्दा त के पचासौं नालन्दा भएपनि एकै क्रोधचित्तले खरानी पार्न सक्छन् भन्ने कुरा आफूले पनि महसूस गरी यस्तो भने। उनले यो पनि सोचेकि ह्राम्रा महानिगण्ठको कुरा नैर्याणिक रहेनछ, बुद्धकै कुरा नैर्याणिक रहेछ। पपं. सू. III. पृ. ४०: उपालिसुत्तवण्णना।

अघिल्लोसँग मेलखान्न । गृहपति ! तिमीले यस्तो भनेका छौं कि— 'भन्ते ! म सत्यमा बसी छलफल गर्नेछु; हुन्छ, हामीहरूका बीच यहाँ केही कुराकानी होस् ।"

"भन्ते ! यद्यपि भगवान्ले यस्तो भन्नुहुन्छ, तथापि काय-दण्ड नै पापकर्म गर्नकोनिमित्त, पापकर्मको प्रवृत्तिकोनिमित्त महासावद्यतर छ, न कि वचन-दण्ड र मन-दण्ड ।"

(४) "गृहपति ! तिमीले सुनेकाछौ के—दण्डकारण्य[१], कालिङ्गारण्य[१], मेध्यारण्य[२] (मेज्झारञ्ञं), मातङ्गारण्यहरू[२] अरण्य भएका कुराहरू ?"

"भन्ते ! सुनेकोछु; कसरी दण्डकारण्य, कालिङ्गारण्य, मेध्यारण्य तथा मातङ्गारण्यहरू अरण्य भए भन्ने कुरा सुनेकोछु ।"

"गृहपति ! के तिमीले सुनेका छौ त ? कसले गरेर दण्डकारण्य, कालिङ्गारण्य, मेध्यारण्य तथा मातङ्गारण्यहरू अरण्य भएका हुन् ?"

१–१. यी अरण्यहरू कसरी अरण्य भए भन्ने सम्बन्धका सविस्तर कुराहरू पपं. सू. III. पृ. ४०–४७: उपालिसुत्तवण्णनामा र जा. अ. क. VI. पृ. १५: सरभङ्गजातक, नं. ५२२ मा उल्लेख भएका छन् । धेरै लामो भएकोले यहाँ उल्लेख गरिन ।

२–२. यस विषयका कुराहरू पनि विस्तृतपूर्वक पपं. सू. III. पृ. ४७–६१: उपालिसुत्तवण्णनामा र जा. अ. क. V. पृ. ८४: मातङ्ग-जातक नं. ४९७ मा उल्लेख भएका छन् ।

"भन्ते ! मैले सुनेकोछु कि—ऋषिहरूको क्रोधचित्तले—दण्डकारण्य, कालिङ्गारण्य, मेध्यारण्य तथा मातङ्गारण्यहरू अरण्य भएका हुन् ।"

"गृहपति ! राम्ररी मनमा सोच, गृहपति ! राम्ररी मनमा सोचेर बताऊ । तिम्रो अघिल्लो कुरा पछिल्लोसँग र पछिल्लो कुरा अघिल्लोसँग मेलखान्न । गृहपति ! तिमीले यस्तो भनेकाछौ कि—भन्ते ! म सत्यमा वसी छलफल गर्नेछु; हुन्छ, हामीहरूका बीच यहाँ केही कुराकानी होस्' ।"

उपालिको शरणागमन

"भन्ते ! पहिलो उपमाद्वारा नै म भगवान् प्रति अभिप्रसन्न र सन्तुष्ट भएको थिएँ । किन्तु भगवान्का विचित्र प्रशनका उत्तरहरू सुन्नकोनिमित्त यसप्रकार भगवान्लाई प्रतिवादी बनाउने विचार गरेको हुँ । आश्चर्य हो, भन्ते ! अद्भूत हो, भन्ते ! जस्तै—घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अन्धकारमा तेलको बत्ती राखिदिंदा—आँखा हुने पुरुषले रूपहरू देख्छ, त्यस्तैगरी—भगवान्ले मलाई अनेकप्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि भगवान्ले मलाई जीवनभर शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

(१) "गृहपति ! राम्ररी जानी-बुझी गर, तिमी जस्ता ख्यातिप्राप्त पुरुषले राम्ररी सोच-विचार गरेर मात्र कुनै काम गर्नु उचित हुनेछ ।"

"भन्ते ! यस वाक्यद्वारा त म भगवान् प्रति झन् अभिप्रसन्न तथा सन्तुष्ट भएँ, जो कि मलाई भगवान् यस्तो भन्नुहुन्छ—'गृहपति ! राम्ररी जानी बुझी गर, तिमी जस्ता ख्यातिप्राप्त पुरुषले राम्ररी सोच-विचार गरेर मात्र कुनै काम गर्नु उचित हुनेछ ।'

"भन्ते ! यदि अन्य तीर्थीयहरूले मलाई शिष्य बनाउन पाएका भए उनीहरूले—'उपालि गृहपति हाम्रा शिष्यत्वमा आए' भन्दै सारा नालन्दामा पताकाहरू फहराउने थिए होलान्[१]; परन्तु भगवान्ले मलाई यस्तो भन्नुहुन्छ—'गृहपति ! राम्ररी जानी-बुझी गर, तिमीजस्ता ख्यातिप्राप्त पुरुषले राम्ररी सोच-विचार गरेर मात्र कुनै काम गर्नु उचित हुनेछ ।'

---

१. पताकाहरू किन फहराउने थिए होलान् भन्ने सम्वन्धमा अट्ठकथाले यसरी उल्लेख गरेको छ ।

ती अन्य तीर्थीयहरूले यस्ता ठूला पुरुष हाम्रा धर्ममा श्रावक बन्न आए भनी धेरै खुशीभई पताकाहरू फहराई बेसकरी प्रचार गर्ने थिए होलान् । यस्तो गर्नाले ठूलो लाभ हुनेछ । यसरी प्रचारगर्नाको अर्को उद्देश्य चाहिं केही भएर शरणमा आएका पुरुष पछि उत्कण्ठित भई फर्केर जालान् भन्ने विचारले पनि यस्तो

"भन्ते ! म दोश्रो पटक पनि भगवान्कै शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि जीवनभर शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस् ।"

(२) "गृहपति ! दीर्घकालदेखि तिम्रो कुल (गृह) निगण्ठ-हरूकोनिमित्त पानी पिउने कुवा जस्तो भएको छ । उनीहरू आउँदा (बुद्धको शरणमा गएको हुँदा) उनीहरूलाई 'पिण्ड (=भिक्षा भोजन) नदिए पनि हुन्छ' भन्ने विचार नलेऊ[1] ।"

गर्दछन् । भनौं कि शरणमा आउनेको मनमा पछि उत्कण्ठित भएर फर्कने विचार भए तापनि 'त्यत्रो ठूलो प्रचार भैसकेकोले सबैले थाहा पाइसके, अब कसरी फर्कने' भन्ने लाग्छ । यसरी आफ्नो सम्प्रदायबाट फेरि फर्केर जान नदिनकोनिमित्त पनि पताकाहरू फहराउँछन् र वेसकरी प्रचार गर्छन् भनी पपं. सू. III. पृ. ६१–६२: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. उपालि गृहपति महान् दाता भएका हुनाले 'बुद्धको शरणमा गएँ' भनेर अरूहरूलाई केही नदिन सक्छन् भन्ने लागेर बुद्धले उनलाई यो अर्ति दिनुभएको हो । भनाइको मतलब "गृहपति ! अघि अघि दश, बीस, तीस अथवा जतिजना निगण्ठहरू आए तापनि 'छैन' भनी नभनी तिमी उनीहरूलाई दान दिन्छौ । अत: अबदेखि मेरो शरणमा आएँ भनेर उनीहरूलाई दिने कार्य हटाउन पर्दैन । बल्कि दिंदै रहनु पर्छ । पपं. सू. III. पृ. ६२: उपालिसुत्तवण्णना ।

"भन्ते! यस वाक्यद्वारा त म भगवान् प्रति झन् अभिप्रसन्न तथा सन्तुष्ट भएँ; जो कि मलाई भगवान्ले यस्तो भन्नुहुन्छ—'गृहपति! दीर्घकालदेखि तिम्रो कुल (गृह) निगण्ठहरूकोनिमित्त पानी पिउने कुवा जस्तो भएको छ। उनीहरू आउँदा 'पिण्ड नदिए पनि हुन्छ' भन्ने विचार नलेऊ।'

"भन्ते! मैले सुनेको थिएँ[1] कि—श्रमण गौतमले भन्नुहुन्छ कि 'मलाई मात्र दानदेऊ अरूलाई नदेऊ; मेरा श्रावकहरूलाई मात्र दानदेऊ अरूलाई नदेऊ; मलाई दिएको मात्र महत्फल हुन्छ, अरूलाई दिएको महत्फल हुन्न; मेरा श्रावकहरूलाई दिएको मात्र महत्फल हुन्छ, अरू श्रावकहरूलाई दिएको महत्फल हुन्न।' तर (त्यसको विपरीत) भगवान्ले निगण्ठहरूलाई पनि दान दिनुपर्छ भनी मलाई बताउनु हुन्छ। भन्ते! यस विषयमा हामी नै उचित समय जान्नेछौं।

"भन्ते! अब म तेश्रो पटक पनि भगवान्कै शरणमा पर्छु, धर्म र सङ्घको पनि। आजदेखि जीवनभर शरणमा आएको उपासक हो भनी मलाई भगवान्ले स्वीकार गर्नुहोस्।"

---

१. यस्तो कुरा कहाँ सुनेका थिए? निगण्ठहरूकहाँ सुनेका थिए। कुलगृहहरूमा जाँदा निगण्ठहरूले यस्तो प्रचार गर्दथे – 'हामी त घरमा आएका जसलाई पनि दान दिनुपर्छ भनी भन्दछौं तर श्रमण गौतमले चाहिं आफूलाई र आफ्ना शिष्यहरूलाई मात्र दान दिनुपर्छ र अर्कालाई दिनुहुन्न भनी भन्दछन्...।' यसै कुरालाई ध्यानमा राखी गृहपतिले 'मैले सुनेको थिएँ कि...' आदि भनेका हुन् भनी पपं. सू. III. पृ. ६२: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

(३) अनि भगवान्ले उपालि गृहपतिलाई आनुपूर्विकथा[१] सुनाउनु भयो । जस्तै—दानकथा[२], शीलकथा, स्वर्गकथा, कामविषयको

---

१. क्रमैसँग भनिने कथालाई 'आनुपूर्विकथा' भन्दछन् । जस्तै—दानको तदनन्तर शील, शीलको तदनन्तर स्वर्ग आदि । जुन क्रमका कुराहरू सूत्रमै उल्लेख भएका छन् । पपं. सू. III. पृ. ६२: उपालिसुत्तवण्णना ।

२. '**दान**' भनेको सुखको कारण हो, सम्पत्तिहरूको मूल हो, भोगहरूको प्रतिष्ठा हो, कुमार्गमा लाग्नेको त्राण, लेण (=गुफा), गति तथा परायण हो । इहलोक र परलोककोनिमित्त दान जस्तो आस्था वा प्रतिष्ठा अर्को छैन ।

आस्थाको अर्थले यो दान भनेको रत्नमय सिंहासन जस्तै हो । प्रतिष्ठाको अर्थले महापृथ्वी जस्तै हो । आरम्मणको अर्थले आलम्वन गर्ने डोरी जस्तै हो ।

दुःख उत्तीर्णको अनुसार यो दान डुँगा जस्तो हो । आस्वासनको अर्थ अनुसार संग्राम सूर जस्तै हो । भयत्राणको अर्थ अनुसार सुसंस्कृत नगर जस्तै हो ।

मात्सर्यमलादिहरूद्वारा लिप्त नभएकोले 'दान' पद्म जस्तै हो । ती मात्सर्यादिहरूलाई दहन गर्ने भएकोले 'दान' अग्नि जस्तै हो । त्रास नहुने अर्थ अनुसार 'दान' सिंह जस्तै हो । बलवान् अर्थ अनुसार 'दान' हात्ती जस्तै हो । मङ्गल मानिने अर्थ अनुसार 'दान'

सेतो गोरु जस्तै हो । क्षेम भूमिमा पुऱ्याइदिने अर्थ अनुसार 'दान' वल्लभ अश्वराजा जस्तै हो ।

दान' भनेको म (=बुद्ध) गएको बाटो हो । दानदिने कार्य मेरै वंश हो । किनभने ?—दशपारमीहरू पूरा गर्दै आएको वेलामा मैले—**वेलाम-महायज्ञ** (=महादान) (वेलामसुत्तं, अं. नि–९, पृ. ३५ वा लेखकको बु. गृ. भा–१, पृ. ९६), **महागोविन्द-महायज्ञ,** (हेर लेखकको बु. ब्र. भा–१, पृ. ३२८: महागोविन्द सूत्रको अनुवाद), **महासुदर्शन-महायज्ञ,** (महासुदस्सनसुत्तं, दी. नि. II. पृ. १३०) तथा **वेस्सन्तर-महायज्ञ,** (जा. अ. क. VII. पृ. ४२०, नं. ५४७) र अनेक महायज्ञहरू पूरा गरेको थिएँ । खरायोको योनिमा उत्पन्न भएको वेलामा बलिरहेको आगोमा हाम्फाली आफूलाई बलिदान पनि दिएको थिएँ । (जा. अ. क. III. पृ. ४०, नं. ३१६: ससजातकं ।)

दानद्वारा यो लोकमा शक्रसम्पत्ति, मारसम्पत्ति, ब्रह्मसम्पत्ति, चक्रवर्ती सम्पत्ति, श्रावकपारमीज्ञान, प्रत्येक बोधिज्ञान तथा अभिसम्बोधिज्ञान पनि पाउन सकिन्छ । यसरी अनेकप्रकारका गुणहरूले युक्त भएका दानका कुराहरू बताउनुभयो । दानदिनेले शील पनि पालन गर्न सक्ने हुँदा तदनन्तर शीलको कुरा भन्नुभएको हो भनी पपं. सू. III. पृ. ६२–६३ ले उल्लेख गरेको छ ।

'शील' भनेको आस्था, प्रतिष्ठा, आरम्मण, त्राण, लेण आदि हो । 'शील' भनेको मेरो (=बुद्धको) वंश हो । सङ्खपाल

नागराजा भएको वेलामा, (जा. अ. क. VI. पृ. ५८, नं. ५२४), भूरिदत्त नागराजा भएको वेलामा, (जा. अ. क. VII. पृ. १४१, नं. ५४३), चम्पेय्य नागराजा भएको वेलामा, (जा. अ. क. V. पृ. १४६, नं. ५०६), सीलव नागराजा भएको वेलामा, (जा. अ. क. I. पृ. २७३, नं. ८६), मातृपोषक हस्तीराजा भएको वेलामा, (जा. अ. क. IV. पृ. ११४, नं. ४५५) तथा छद्दन्त हस्तीराजा भएको वेलामा, (जा. अ. क. V. पृ. २१३, नं. ५१४) मैले अनेकौं जन्महरूमा 'शील' पालन गरेको थिएँ।

इहलोक र परलोक-सम्पत्तिहरूमध्येमा शील जस्तो आस्था, शील जस्तो प्रतिष्ठा···अरू छैनन्। शील-अलङ्कार जस्ता अलङ्कारहरू अरू छैनन्। शील-पुष्प जस्ता पुष्पहरू अरू छैनन्। शील-सुगन्ध जस्ता सुगन्धहरू अरू छैनन्। शीलरूपी अलङ्कारले अलंकृत, शीलरूपी कुसुम लगाएका, शीलरूपी सुगन्धलेप लगाएका पुरुषलाई देव सहित मनुष्यलोकले हेरेर पनि तृप्त हुन्न। यस्ता गुणहरू भएका शील पालन गर्ने पुरुष, यस्ता शीलले यस्तो स्वर्गलोक, यस्तो शीलले यस्तो स्वर्गलोकमा उत्पन्न हुनसक्छ भन्ने कुरा दर्शाउनकोनिमित्त शीलकथाको लगत्तै पछि **स्वर्गको कुरा** भन्नुभएको हो भनी पपं. सू. III. पृ. ६३: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

स्वर्गकथा भनेको—यी स्वर्ग भन्ने ठाउँहरूमा—इष्ट, कान्त, मनाप तथा नित्यक्रीडा सम्पत्ति आदिहरू पाइन्छन्। यिनी-

हरूमध्ये चातुर्महाराजिक देवलोकमा नव्वेलाख (९०,००,०००) वर्षसम्म दिव्यसुख र दिव्यसम्पत्ति भोगन पाइन्छ र त्रयस्त्रिंश देवलोकमा तीन करोड साठीलाख (३,६०,००,०००) वर्षसम्म दिव्यसुख भोगन पाइन्छ। यसरी स्वर्गसम्वन्धी गुणहरूका कुरालाई स्वर्गकथा भनिन्छ। स्वर्ग सम्वन्धी जति कुराहरू भने पनि बुद्धले भन्नसक्नु हुन्छ। यसको अन्त छैन। त्यसैले भनेको—'भिक्षुहो! मैले अनेक पर्यायद्वारा स्वर्गका कुराहरू भन्नसक्छु' आदि। यसरी स्वर्गकथाद्वारा प्रलोभन गरी, हात्तीलाई अलंकृत गर्दै उसको सूँढ काट्ने जस्तै—यो स्वर्ग पनि अनित्य छ, अध्रुव छ; त्यसमा छन्दराग राख्नहुन्न भन्ने कुरा दर्शाउनकोनिमित्त मज्झिमनिकायको चूलदुक्खक्खन्ध सूत्रमा—'अल्पसुख, वहुदुःख, बहुक्लेशहरू र बहु-दोषहरू छन्' (हेर बु. गृ. भा-१, पृ. २९९ मा) भन्ने अनेक प्रकारले कामविषयको दोष देखाउनु भई—'**कामविषयको दुष्परिणाम**…' भनी सूत्रमा उल्लेख गरेको हो भनी पपं. सू. III. पृ. ६३: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

यसरी कामविषयको दोष देखाएर त्यसपछि **नैष्क्रम्यको गुण** बताउनुहुँदै 'नैष्क्रम्यको आनिसंस प्रकाश पार्नुभयो' भनी भनिएको हो भनी उक्त अट्ठकथामै उल्लेख भएको छ।

यी दान आदि आनुपुब्बिकथाको बर्णन मनो. र. पू. II. पृ. ७५४: सीहसुत्तवण्णना, अट्ठकनिपातमा पनि पाइन्छ र उदा. अ. क. पृ. १९८: सुप्पबुद्धकुट्ठिसुत्तवण्णनामा पनि।

दुष्परिणाम, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यको आनिसंस (=गुण) प्रकाश पार्नुभयो। जब भगवान्ले उपालि गृहपतिको चित्त उपयुक्त (कल्लं), मृदु, नीवरण रहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब वहाँले स्वयं प्राप्तगर्नु भएको[1] (सामुक्कंसिका) जुन धर्महरू हुन् ती धर्महरू प्रकाश पार्नुभयो—'यो दुःख हो, यो समुदय हो, यो निरोध हो तथा यो मार्ग हो।' जस्तै मैलो नपरेको शुद्धवस्त्रमा राम्ररी रङ्गले समात्छ, त्यस्तैगरी उपालि गृहपतिलाई उसै आसनमा विरज, वीतमल[2] धर्मचक्षु उत्पन्न भयो—'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन्।' अनि उपालि गृहपति दृष्टधर्मी, प्राप्तधर्मी, विदितधर्मी भई धर्मको गहिराइलाई बुझी शंकारहित, निश्चिन्त, वैशारद्य तथा शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको आश्रय नचाँहिने भएपछि उनले भगवान्सँग यस्तो भने—

---

१. स्वयम्भूज्ञानद्वारा आफैले प्राप्तगरेको ज्ञान, अरूहरूकोनिमित्त असाधारण हुने ज्ञान। पपं. सू. III. पृ. ६४: उपालिसुत्तवण्णना।

२. यहाँ 'विरज वीतमल धर्मचक्षु' भनेका—रागरूपी रजहरू नभएकाले 'विरज' र रागरूपी मल वा मैलाहरू नभएकाले 'वीतमल' भनिएको हो। 'धर्मचक्षु' भन्नाले मार्गफललाई भनिएको हो भनी पपं. सू. III. पृ. ६४: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

'धर्मचक्षु उत्पन्न भयो' भन्ने वाक्य जुनसुकै सूत्रमा आए तापनि यसले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामी-फल

"हवस् त भन्ते ! अब हामीहरू जान्छौं ।"

"गृहपति ! जस्तो उचित ठान्छौ ।"

त्यसपछि भगवान्‌को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी भगवान्‌लाई अभिवादन र प्रदक्षिणा गरी उपालि गृहपति जहाँ आफ्नो घर हो त्यहाँ गए । घरमा पुगेपछि द्वारपाललाई भने—

"सौम्य द्वारपाल ! आजदेखि निगण्ठ र निगण्ठीहरूकोनिमित्त ढोका बन्दरहने छ र भगवान्‌का भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू तथा

अथवा अर्हत्-फलहरूमध्ये कुनै एक फल प्राप्त भएको हो भन्ने कुरा जनाउँछ ।

'धर्मचक्षु लाभ भयो' भन्नाले ब्रह्मायु सूत्रमा (म. नि. II. पृ. ३८२ अथवा हेर बु. ब्रा. भा–१, पृ. १६४) 'अनागामी-फल' लाभ भयो भनी भनिएको हो; (पपं. सू. III. पृ. ६४: उपालि-सुत्तवण्णना, पपं. सू. IV. पृ. २१७: राहुलोवादसुत्तवण्णना); दीघनखसूत्रमा (म. नि. II. पृ. १९६ अथवा बु. प्र. भा–१, पृ. ३५७) 'धर्मचक्षु लाभ भयो' भन्नाले 'स्रोतापत्ति फल' प्राप्तभयो भनी भनिएको हो; चुल्लराहुलवाद सूत्रमा (म. नि. III. पृ. ३७६) 'धर्मचक्षु लाभ भयो' भन्नाले 'अरहत्-फल' प्राप्त भएको हो भनी भनिएको हो (पपं. सू. IV. पृ. २१७) र यहाँ यस सूत्रमा चाहिं 'धर्मचक्षु लाभ भयो' भन्नाले 'स्रोतापत्ति-फल' प्राप्त भएको हो भन्ने कुरा बुझ्नुपर्छ । पपं. सू. III. पृ. ६४: उपालिसुत्तवण्णना ।

उपासिकाहरूकानिमित्त ढोका खुला रहने छ। यदि कुनै निगण्ठ आए भने उनलाई यस्तो भन—'भन्ते! पर्खनुहोस्, नपस्नुहोस्। आजदेखि उपालि गृहपति श्रमण गौतमका शिष्यत्वमा गइसके। निगण्ठहरू र निगण्ठीहरूकानिमित्त ढोका बन्दभयो। भगवान्का भिक्षुहरू, भिक्षुणी-हरू, उपासकहरू तथा उपासिकाहरूकानिमित्त ढोका खुलाभयो। भन्ते! यदि तपाइलाई भिक्षाको आवश्यकता छ भने—यहाँ बस्नुहोस् यहीं नै तपाइलाई (भिक्षा) ल्याइदिने छ'।"

"हवस्, भन्ते!" भनी द्वारपालले उपालि गृहपतिलाई प्रत्युत्तर दियो।

निगण्ठ-नाटपुत्रद्वारा उपालिको परीक्षा

"उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गए" भन्ने कुरा दीर्घतपस्वी निगण्ठले सुने[१]। अनि दीर्घतपस्वी निगण्ठ जहाँ

१. यी दीर्घतपस्वी निगण्ठले उपालि गृहपति बुद्धकहाँ गएदेखि नै 'यी उपालि पण्डित छन्। बुद्ध पनि दर्शनीय छन् तथा उनको कुरा नैर्याणिक छ। अतः बुद्धलाई देख्नेवित्तिकै उपालि गृहपति प्रसन्न हुन सक्छन्। प्रसन्न भएर बुद्धको शरणमा पनि जान सक्छन्। उनी बुद्धको शरणमा गए कि गएनन्' भन्ने कुराहरू सोच्दै उनी यताउता गई उनको विषयमा चर्चा गरी हिंडेका थिए। त्यसैले सर्वप्रथम दीर्घतपस्वीले उपालि गृहपति बुद्धको शरणमा गएको कुरा सुनेका थिए भनी पपं. सू. III. पृ. ६४: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

निगण्ठ-नाटपुत्र थिए त्यहाँ गए। त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्रलाई यस्तो भने—

"भन्ते! मैले सुनें कि उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गइसके।"

"तपस्वी! उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा जालान् भन्ने कुरा सम्भव छैन। बरु श्रमण गौतम नै उपालि गृहपतिको शिष्यत्वमा आउन सम्भव छ।"

दोश्रो पटक पनि .. तेश्रो पटक पनि दीर्घतपस्वी निगण्ठले निगण्ठ-नाटपुत्रलाई भने—

"भन्ते! मैले सुनें कि उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गइसके। भन्ते! त्यसोभए उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गएका हुन् वा होइनन् भन्ने कुरा बुझ्नकोनिमित्त म जानेछु।"

"तपस्वी! हुन्छ, जाऊ। उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गएका हुन् वा होइनन् भन्ने कुरा बुझेर आऊ।"

अनि दीर्घतपस्वी निगण्ठ जहाँ उपालि गृहपतिको घर हो त्यहाँ गए। द्वारपालले दीर्घतपस्वी निगण्ठलाई टाढैबाट आइरहेको देख्यो। देखेर दीर्घतपस्वी निगण्ठलाई द्वारपालले यसो भन्यो—

"भन्ते! पर्खनुहोस्, भित्र नजानु होस्। आजदेखि उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा जानुभयो। निगण्ठहरू, निगण्ठीहरूकानिमित्त ढोका बन्द भइसक्यो। भगवान्का भिक्षुहरू,

भिक्षुणीहरू, उपासकहरू तथा उपासिकाहरूकानिमित्त ढोका खुल्यो। भन्ते! यदि तपाइलाई भिक्षाको आवश्यकता छ भने यहीं पर्खनुहोस्, तपाइलाई (भिक्षा) यहीं ल्याइदिने छ।"

"आवुसो! मलाई भिक्षाको आवश्यकता छैन" भनी दीर्घतपस्वी निगण्ठ त्यहाँबाट फर्केर जहाँ निगण्ठ-नाटपुत्र थिए त्यहाँ गए। त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्रलाई यस्तो भने—

"भन्ते! उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गए भन्ने कुरा साँच्चै रहेछ। भन्ते! त्यसैले मैले तपाइलाई उपालि गृहपति श्रमण गौतमकहाँ गई वादारोपण गर्ने कुरा मलाई चित्त बुझ्दैन भनी भनेको थिएँ किन्तु मैले (त्यो) पाइन। श्रमण गौतम मायावी छन्, मन फर्काउने माया (= आवर्तनीय माया) जान्दछन्। जुन मायाद्वारा उनले अन्यतीर्थीय श्रावकहरूको मनलाई फर्काइदिन्छन्। भन्ते! अब उपालि गृहपतिको मन श्रमण गौतमको मन फर्काउने मायाद्वारा फर्किसक्यो।"

"तपस्वी! उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा जालान् भन्ने कुरा सम्भवछैन; बरु श्रमण गौतम नै उपालि गृहपतिको शिष्यत्वमा आउन सम्भव छ।"

दोश्रो पटक पनि... तेश्रो पटक पनि दीर्घतपस्वी निगण्ठले निगण्ठ-नाटपुत्रलाई भने—

"भन्ते! उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गए भन्ने कुरा साँच्चै रहेछ। भन्ते! त्यसैले मैले तपाइलाई उपालि गृहपति

श्रमण गौतमकहाँ गई वादारोपण गर्ने कुरा मलाई चित्त बुझ्दैन भनी भनेको थिएँ किन्तु मैले (त्यो) पाइन । श्रमण गौतम मायावी छन्,...। भन्ते ! अब उपालि गृहपतिको मन श्रमण गौतमको मन फर्काउने मायाद्वारा फर्किसक्यो ।"

"तपस्वी ! त्यसोभए म जानेछु; उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा गएका हुन् कि होइनन् भन्ने कुरा स्वयं बुझ्नेछु ।"

त्यसपछि निगण्ठ-नाटपुत्र विशाल परिषद् लिएर जहाँ उपालि गृहपतिको घर हो त्यहाँ गए । टाढैदेखि द्वारपालले निगण्ठ-नाटपुत्रलाई आइरहेको देख्यो । देखेर निगण्ठ-नाटपुत्रलाई यस्तो भन्यो —

"भन्ते ! यहीं पर्खनुहोस्, भित्र नजानुहोस् । आजदेखि उपालि गृहपति श्रमण गौतमको शिष्यत्वमा जानुभयो । निगण्ठहरू, निगण्ठीहरूकानिमित्त ढोका बन्द भइसक्यो । भगवान्का भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू तथा उपासिकाहरूकोनिमित्त ढोका खुल्यो । भन्ते ! यदि तपाइलाई भिक्षाको आवश्यकता छ भने यहीं पर्खनुहोस, तपाइलाई (भिक्षा) यहीं ल्याइदिने छ ।"

"सौम्य द्वारपाल ! त्यसोभए[१] जहाँ उपालि गृहपति छन् त्यहाँ जाऊ, त्यहाँ पुगेपछि उपालि गृहपतिलाई यस्तो भन—'भन्ते !

---

१. द्वारपालको वचन सुनेर मनमा सारै दुःख लागेपछि उनले 'त्यसोभए' भनी द्वारपालसँग कुरागर्न थालेका हुन् । द्वारपालले 'यहीं पर्खनुहोस् भित्र नजानुहोस्' भनी भनेको कुराको अर्थ उनले बुझ्नै सकेका थिएनन् । पपं. सू. III. पृ. ६४: उपालिसुत्तवण्णना ।

निगण्ठ-नाटपुत्र विशाल परिषद् लिएर ढोका बाहिरको कोठामा पर्खिरहेका छन्; उनी तिमीसँग भेट्न चाहन्छन्' ।"

"हवस्, भन्ते !" भनी निगण्ठ-नाटपुत्रलाई प्रत्युत्तर दिई द्वारपाल जहाँ उपालि गृहपति थिए त्यहाँ गयो । त्यहाँ पुगेपछि उपालि गृहपति-लाई यस्तो भन्यो –

"भन्ते ! निगण्ठ नाटपुत्र, विशाल परिषद् लिएर ढोका बाहिरको कोठामा पर्खिरहेका छन्; उनी तपाइसँग भेट्न चाहन्छन् ।"

"त्यसोभए, सौम्य द्वारपाल ! माझको द्वारशालामा[१] (= दलानमा) आसन लगाऊ ।"

"हवस्, भन्ते !" भनी उपालि गृहपतिलाई प्रत्युत्तर दिई, माझको दलानमा आसनहरू लगाई जहाँ उपालि गृहपति थिए त्यहाँ गएर उपालि गृहपतिलाई उसले यस्तो भन्यो –

---

१. 'माझको द्वारशालामा' भन्नाले—जुन घरमा सातवटा दलानहरू र सात खण्डहरू हुन्छन् त्यस्तो घरको सात खण्डको बीचको खण्डमा; अर्थात् यताबाट पनि चौथो खण्डमा उताबाट पनि चौथो खण्डमा पर्ने दलानमा; जुन घरमा पाँच खण्डहरू हुन्छन् त्यस्तो घरको यताबाट पनि तेश्रो खण्डमा पर्ने उताबाट पनि तेश्रो खण्डमा पर्ने दलानमा; जुन घरमा तीन खण्डहरू हुन्छन्, त्यस्तो घरको यताबाट पनि दोश्रो उताबाट पनि दोश्रो खण्डमा पर्ने दलानमा भनिएको हो । उपालि गृहपतिको घरमा चाहिं सातवटा खण्डहरू थिए भनी भन्दछन्, पाँचवटा पनि । पपं. सू. III. पृ. ६४–६५: उपालिसुत्तवण्णना ।

"भन्ते ! माझको दलानमा (अथवा कोठामा) आसनहरू लगाइसकें । अब जे उचित ठान्नुहुन्छ ।"

त्यसपछि उपालि गृहपति जहाँ माझको दलान हो त्यहाँ गए ; त्यहाँ पुगेपछि, जुन आसन त्यहाँ अग्र, श्रेष्ठ, उत्तम तथा प्रणीत थियो त्यसमा बसी द्वारपाललाई बोलाए --

"सौम्य द्वारपाल ! त्यसोभए, जहाँ निगण्ठ-नाटपुत्र छन् त्यहाँ जाऊ; त्यहाँ गई निगण्ठ-नाटपुत्रलाई यसो भन—'भन्ते ! यदि चाहनुहुन्छ भने प्रवेश गर्नुहोस्' ।"

"हवस्, भन्ते !" भनी उपालि गृहपतिलाई प्रत्युत्तर दिई जहाँ निगण्ठ-नाटपुत्र थिए त्यहाँ गयो; त्यहाँ पुगेपछि द्वारपालले निगण्ठ-नाटपुत्रलाई यसो भन्यो—

"भन्ते ! उपालि गृहपति यसो भन्नुहुन्छ—'भन्ते ! यदि चाहनुहुन्छ भने प्रवेश गर्नुहोस्' ।"

अनि निगण्ठ-नाटपुत्र, विशाल परिषद् लिएर जहाँ माझको दलान हो त्यहाँ गए ।

अघि उपालि गृहपतिले निगण्ठ-नाटपुत्रलाई टाढैबाट आइरहेको देख्नेवित्तिकै त्यहींसम्म गई अगवानी गर्दथे र जुन आसन अग्र श्रेष्ठ, उत्तम तथा प्रणीत हो त्यसलाई उत्तरासङ्गले (=पछ्यौराले) पुछी, (हात) समाती उनलाई (आसनमा) बसाल्दथे । आज सोही उपालि गृहपति जुन त्यहाँ अग्र, श्रेष्ठ, उत्तम तथा प्रणीत आसन हो त्यसमा आफू स्वयं बसी निगण्ठ-नाटपुत्रलाई यस्तो भने—

"भन्ते ! आसनहरू छन्, यदि चाहनुहुन्छ भने बस्नुहोस् ।"

यस्तो भन्दा निगण्ठ-नाटपुत्रले उपालि गृहपतिलाई यसो भने—

"गृहपति ! तिमी बहुला भयौ । गृहपति ! तिमी जड भयौ । तिमी—'भन्ते ! म श्रमण गौतमकहाँ गई वादारोपण गर्नेछु' भनेर गई, वाद-विवादको ठूलो पासोमा (सङ्घाट) बाँधिएर फर्केर आयौ । गृहपति ! कुनै अंड (=अंडकोश) हारक पुरुष अर्काको अंडालाई झिकी ल्याउनेछु भनी गएर (आफ्नै) अंडालाई झिक्न लगाई फर्केर आउँछ; गृहपति ! जस्तै कुनै अक्षिहारक (=आँखा झिक्ने) पुरुष अर्काको आँखा झिकेर ल्याउँछु भनी गई (आफ्नै) आंखा झिक्न लगाई फर्केर आउँछ; त्यस्तैगरी—गृहपति ! तिमी—'भन्ते ! म श्रमण गौतमकहाँ गई वादारोपण गर्नेछु' भनी गएर वाद-विवादको ठूलो धापमा फसेर फर्केर आयौ । आवर्तनीय मायाद्वारा श्रमण गौतमले तिम्रो मनलाई फर्काइदिए ।"

"भन्ते ! आवर्तनीय माया असलै हो ! भन्ते ! आवर्तनीय माया असलै हो !! भन्ते ! यस आवर्तनीय मायाद्वारा मेरा रगत सम्बन्धी ज्ञातिहरू आवर्तित भएपनि हुन्छ, (यसबाट) उनीहरू सबैको दीर्घकाल-सम्मको लागि हित र सुख नै हुनेछ । भन्ते ! यस आवर्तनीय मायाद्वारा सबै क्षत्रीहरू आवर्तित भएपनि हुन्छ, (यसबाट) उनीहरू सबैको दीर्घकालसम्मको लागि हित र सुख नै हुनेछ । भन्ते ! यस आवर्तनीय मायाद्वारा सबै ब्राह्मणहरू... सबै वैश्यहरू... सबै शूद्रहरू आवर्तित

भएपनि हुन्छ, (यसबाट) उनीहरू सबैको दीर्घकालसम्मको लागि हित र सुख नै हुनेछ । भन्ते ! यस आवर्तनीय मायाद्वारा देवलोक सहित, मार सहित ब्रह्मा; ब्राह्मण सहित प्रजा, मनुष्यहरू सहित देवताहरू आर्वातित भएपनि हुन्छ, (यसबाट) उनीहरू सबैको दीर्घकालसम्मको लागि हित र सुख नै हुनेछ । भन्ते ! त्यसो हुनाले तपाइलाई उपमा दिन्छु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनिएकोकुरालाई बुझ्नसक्ने छन् ।

उपमा—"भन्ते ! पूर्वसमयमा एक जीर्ण, वृद्ध, वयोवृद्ध, बुढो ब्राह्मणको तरुणी माणविका प्रजापति थिई । उ गर्भिणी तथा प्रसवासन्न थिई । भन्ते ! अनि त्यो माणविकाले सो ब्राह्मणलाई यसो भनी—

'ब्राह्मण ! तपाइ बजारमा गई एक बाँदरको बच्चा (खेलौना) किनेर ल्याउनुहोस् । जो मेरो वालकलाई खेलौना हुनेछ ।'

"भन्ते ! यस्तोभन्दा सो ब्राह्मणले त्यो माणविकालाई यसो भन्यो —

'भो ! वालक जन्मनुञ्जेलसम्म पर्ख । यदि तिमीले वालक जन्मायौ भने म बजारमा गई बाँदरको बच्चा (खेलौना) किनेर ल्याउनेछु, जो तिम्रो कुमारलाई खेलौना हुनेछ । यदि तिमीले वालिका जन्मायौ भने म बजारमा गई बाँदरनीको बच्चा किनेर ल्याउनेछु, जो तिम्रो वालिकालाई खेलौना हुनेछ ।'

"भन्ते ! त्यो माणविकाले दोश्रो पटक पनि... तेश्रो पटक पनि सो ब्राह्मणलाई भनी—

'ब्राह्मण ! तपाइ बजारमा गई एक बाँदरको बच्चा किनेर ल्याउनुहोस् । जो मेरो बालकलाई खेलौना हुनेछ ।'

"भन्ते ! अनि माणविका प्रति अनुरक्त, प्रतिबद्ध भएको सो ब्राह्मणले बजारमा गई बाँदरको बच्चा किनेर ल्याई त्यो माणविकालाई यस्तो भन्यो —

'भो ! बजारबाट किनेर ल्याएको बाँदरको बच्चा यही हो, जो तिम्रो बालकलाई खेलौना हुनेछ ।'

"भन्ते ! यस्तोभन्दा त्यो माणविकाले सो ब्राह्मणलाई यस्तो भनी—

"ब्राह्मण ! तपाइ यो बाँदरको बच्चा लिएर रक्तपाणी-रञ्जितकारपुत्रकहाँ जानुहोस् । अनि त्यहाँ पुगेपछि रक्तपाणी-रञ्जितकारपुत्रलाई यस्तो भन्नुहोस्—'सौम्य रक्तपाणी ! यो बाँदरको बच्चालाई चारैतिरबाट पिटी, दुवैतिरबाट मली, पहेँलो गरी रङ्गाउन चाहन्छु ।'

"भन्ते ! अनि माणविका प्रति अनुरक्त, प्रतिबद्ध भएको सो ब्राह्मण, त्यो बाँदरको बच्चा लिई जहाँ रक्तपाणी-रञ्जितकारपुत्र हो त्यहाँ गयो । त्यहाँ पुगेपछि रक्तपाणी-रञ्जितकारपुत्रलाई भन्यो— 'रक्तपाणी ! म यो बाँदरको बच्चालाई चारैतिरबाट पिटी, दुवैतिरबाट मली, पहेँलो गरी रङ्गाउन चाहन्छु ।"

"भन्ते ! यसोभन्दा रक्तपाणी-रञ्जितकारपुत्रले सो ब्राह्मणलाई यस्तो भन्यो—'भन्ते ! यो तपाइको बाँदरको बच्चा रङ्गाउन त योग्यछ, तर चारैतिरबाट पिटी दुवैतिरबाट मलन भने योग्य छैन ।'

"भन्ते ! यस्तैगरी बाल (=मूर्ख, अज्ञानी) निगण्ठहरूको वाद, अज्ञानीहरूलाई मात्र रङ्गाउन योग्य छ, न कि पण्डितहरूलाई; (त्यो वाद) न परीक्षण योग्य छ, न त विमर्शन योग्य छ[1] । भन्ते ! त्यसपछि त्यो ब्राह्मण एक जोर नयाँ कपडा लिएर जहाँ त्यो रक्तपाणी-रञ्जितकारपुत्र थियो त्यहाँ गयो । त्यहाँ पुगेपछि रक्तपाणी-रञ्जितकार-पुत्रलाई यस्तो भन्यो—

'सौम्य रक्तपाणी ! यो नयाँ एक जोर कपडा चारैतिरबाट पिटी, दुवैतिरबाट मली पहेँलो गरी रङ्गाउन चाहन्छु ।'

"भन्ते ! यस्तोभन्दा सो रक्तपाणी-रञ्जितकारपुत्रले त्यो ब्राह्मण-लाई यस्तो भन्यो—

'भन्ते ! यो तपाइको एक जोर नयाँ कपडा भने रङ्गाउन पनि योग्य छ, चारैतिरबाट पिट्न पनि योग्य छ तथा दुवैतिरबाट मल्न पनि योग्य छ ।'

"भन्ते ! त्यस्तैगरी—वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धको वाद, पण्डितहरूलाई रङ्गाउन योग्य छ, न कि बालमूर्खलाई; (त्यो वाद)

---

१. जस्तै खेलौना बाँदरको बच्चालाई रङ्गाउन त सकिन्छ तर त्यसलाई पिट्न र मलन सकिन्न, चकनाचूर भएर जान्छ । त्यस्तैगरी यी निगण्ठहरूको वादमा पनि कुनै मानिसले घाँस चुटेर चामल खोजनु र केराको बोटमा कुनै सारत्व खोजनु जस्तै हो । किनकि परीक्षण-को वा विमर्शन गर्नेको यसमा कुनै गुँजाइस छैन । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

परीक्षण योग्य पनि छ, विमर्शन गर्न योग्य पनि छ[१] ।"

"गृहपति ! 'उपालि गृहपति निगण्ठ-नाटपुत्रका श्रावक हुन्' भन्ने कुरा राजा सहित अरू परिषद्लाई पनि थाहा छ । गृहपति ! त्यसोभए अब तिमी कसका श्रावक ह्वौ भनी विश्वास गर्ने त ?"

उपालिद्वारा श्रावकत्वको घोषणा

यस्तोभन्दा उपालि गृहपति आसनबाट उठी, उत्तरासङ्ग (=पछ्यौरा) एकांश पारी जुन दिशातिर भगवान् हुनुहुन्थ्यो त्यस दिशातिर हेरी दुवैहात जोरी निगण्ठ-नाटपुत्रलाई यस्तो भने—

"भन्ते ! त्यसोभए म कसको श्रावक हुँ भन्ने कुरा सुन्नुहोस् ।"

---

१. जस्तै त्यो नयाँ कपडा रङ्गाउन पनि पिट्न पनि तथा मल्न पनि योग्य छ त्यस्तैगरी बुद्धको धर्ममा परीक्षा गर्न सकिन्छ, विमर्शन गर्न सकिन्छ । पण्डितहरू चतुसत्यका कुराहरू सुनेर प्रसन्न हुन्छन्, प्रमुदित हुन्छन्, जतिसुने पनि तृप्त हुन्नन् । त्यसैले भनेका—बुद्ध-वचनमा जति जति गम्भीर भएर जान्छ उति उति रसास्वाद हुन्छ । अतः यो धर्म परीक्षणीय पनि छ विमर्शनीय पनि छ । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

१. 'धीरस्स विगतमोहस्स, पभिन्नखीलस्स[1] विजितविजयस्स ।
अनीघस्स[2] सुसमचित्तस्स, वुद्धसीलस्स[3] साधुपञ्ञस्स ।
वेसमन्तरस्स[4] विमलस्स, भगवतो तस्स सावकोहमस्मि ।।

२. 'अकथङ्कथिस्स तुसितस्स, वन्तलोकामिसस्स मुदितस्स ।
कतसमणस्स मनुजस्स, अन्तिमसारिरस्स[5] नरस्स ।
अनोपमस्स विरजस्स, भगवतो तस्स सावकोहमस्मि ।।

३. 'असंसयस्स कुसलस्स, वेनयिकस्स सारथिवरस्स ।
अनुत्तरस्स रुचिरधम्मस्स, निक्कङ्खस्स पभासकस्स[6] ।
मानच्छिदस्स वीरस्स, भगवतो तस्स सावकोहमस्मि ।।

४. 'निसभस्स अप्पमेय्यस्स, गम्भीरस्स मोनपत्तस्स ।
खेमङ्करस्स वेदस्स, धम्मट्ठस्स संवुतत्तस्स[7] ।
सङ्गातिगस्स मुत्तस्स, भगवतो तस्स सावकोहमस्मि ।।

---

१. रोमनमा: 'पभिन्नखिलस्स' ।
२. स्याम र रोमनमा: 'अनिघस्स' ।
३. स्याममा: 'बुद्धसीलस्स' ।
४. सिंहल र रोमनमा: 'वेस्सन्तरस्स' ।
५. स्याममा: 'अन्तिमसरीरस्स' ।
६. सिंहलमा: 'पभासकरस्स' ।
७. स्याममा: 'सुसंवुतत्तस्स' ।

५. 'नागस्स पन्तसेनस्स, खीणसंयोजनस्स मुत्तस्स ।
पटिमन्तकस्स[1] धोनस्स[2], पन्नधजस्स वीतरागस्स ।
दन्तस्स निप्पपञ्चस्स, भगवतो तस्स सावकोहमस्मि ।।

६. 'इसिसत्तमस्स अकुहस्स, तेविज्जस्स ब्रह्मपत्तस्स ।
न्हातकस्स[3] पदकस्स, पस्सद्धस्स विदितवेदस्स ।
पुरिन्ददस्स सक्कस्स, भगवतो तस्स सावकोहमस्मि ।।

७. 'अरियस्स भावितत्तस्स, पत्तिपत्तस्स वेय्याकरणस्स ।
सतिमती विपस्सिस्स, अनभिनतस्स[4] नो अपनतस्स[5] ।
अनेजस्स[6] वसिप्पत्तस्स, भगवतो तस्स सावकोहमस्मि ।।

८. 'समुग्गतस्स[7] झायिस्स, अननुगतन्तरस्स सुद्धस्स ।
असितस्स हितस्स[8], पविवित्तस्स अग्गप्पत्तस्स ।
तिण्णस्स तारयन्तस्स, भगवतो तस्स सावकोहमस्मि ।।

---

१. कम्बोजमाः 'पटिमन्तस्स' ।
२. स्याममाः 'मोनस्स' ।
३. सिंहल र रोमनमाः 'नहातकस्स' ।
४. स्याममाः 'अनभिणतस्स' ।
५. स्याममाः 'अपणतस्स' ।
६. स्याममाः 'अनिजस्स' ।
७. सिंहल, स्याम र रोमनमाः 'सम्मग्गतस्स' ।
८. सिंहल र रोमनमाः 'अप्पहीनस्स'; स्याममाः 'अप्पभीतस्स' ।

९. 'सन्तस्स भूरिपञ्ञस्स, महापञ्ञस्स वीतलोभस्स।
तथागतस्स सुगतस्स, अप्पटिपुग्गलस्स असमस्स।
विसारदस्स निपुणस्स, भगवतो तस्स सावकोहमस्मि ॥

१०. 'तण्हच्छिदस्स बुद्धस्स, वीतधूमस्स अनुपलित्तस्स।
आहुनेय्यस्स यक्खस्स, उत्तमपुग्गलस्स अतुलस्स।
महतो यसग्गपत्तस्स, भगवतो तस्स सावकोहमस्मि ॥'

अर्थ—

१–'धीरवान्, विगतमोही[१], काँढा[२] भाँचिएका, विजित विजयी[३], निर्दुखी[४], सु-समचित्त[५], वृद्धशीली, असल प्रज्ञा, वेस्समन्तर[६] तथा विमल हुनुभएका वहाँ भगवान्‌को म श्रावक हुँ।

---

१. दुःखमा अज्ञानता, दुःखसमुदयमा अज्ञानता, दुःखनिरोधमा अज्ञानता, दुःखनिरोधगामिनी प्रतिपद्‌मा अज्ञानता, पूर्वान्तमा अज्ञानता, अपरान्तमा अज्ञानता, पूर्वान्तअपरान्तमा अज्ञानता, यसकारणद्वारा प्रतित्यसमुत्पन्न हुन्छ भन्ने विषयमा अज्ञानता आदिलाई अज्ञान, मोह, अविद्या भन्दछन् (विभं. पा. पृ. ४३३: तिकमातिकनिद्देसो, खुद्दकवत्थुविभङ्गो)। यस्तो 'मोह' नभएकोलाई यहाँ 'विगतमोही' भनिएको हो।

२. 'खील' वा 'कील' भनी काँढा वा किलालाई भनिएको हो। चित्तमा काँढा बिझ्ने जस्तै बिझ्ने भएकोले निम्न पाँच कारणहरू-

लाई 'चेतोखिल' =चित्तको काँढा भन्दछन् । जस्तै—(१) शास्ता प्रति शंका गर्छ प्रसन्न हुन्न, (२) धर्म प्रति शंका गर्छ प्रसन्न हुन्न, (३) सङ्घ प्रति शंका गर्छ प्रसन्न हुन्न, (४) शिक्षा प्रति शंका गर्छ प्रसन्न हुन्न र (५) सहब्रह्मचारीहरू प्रति कोप गर्छ र असन्तुष्ट भई आघात राख्छ । यी हुन् चित्तका काँढा । (विभं. पा. पृ. ४५३: पञ्चकमातिकनिद्देस, खुद्दकवत्थुविभङ्ग; म. नि. I. पृ. १३७: चेतोखिलसुत्तं; अं. नि–५, पृ. ४८८: चेतोखिलसुत्तं ।) यस्ता काँढाहरू नभएकाले 'काँढा भाँचिएका' भनी भनिएको हो । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

३. सबै प्रकारका पृथक्जनमाथि विजय प्राप्त गरिसकेका तथा मृत्युमार, क्लेशमार र देवपुत्रमारहरूमाथि विजय प्राप्त गरिसकेका-लाई यहाँ 'विजित-विजयी' भनी भनिएको हो । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

४. क्लेश-दुःख र विपाक-दुखबाट मुक्त भइसकेकालाई यहाँ 'निर्दु:खी' भनिएको हो । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

५. देवदत्त, धनपालक, अङ्गुलिमाल, राहुल स्थविर आदि सबैमाथि समान चित्त राख्ने भएकाले 'सु-समचित्त' भनिएको हो । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

६. रागादि विषमताबाट उत्तीर्ण भई बस्नेलाई यहाँ 'वेस्समन्तर' भनिएको हो । पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना ।

२–'अकथंकथी[1], सन्तुष्ट, सांसारिक कामभोगलाई त्यागीसकेका, मुदितविहारी, श्रमण-धर्मलाई पुरागरिसकेका मनुज, अन्तिम शरीरधारी नर, अनुपम तथा क्लेशरूपी रजहरूबाट मुक्त हुनुभएका वहाँ भगवान्को म श्रावक हुँ ।

३–'संशय रहित, कुशल (=दक्ष), शिक्षित गराउनमा सारथी, अनुत्तर (=सर्वोत्तम), शुद्ध धर्मवान्, शंका दूर भएका, प्रभाकर, निरभीमानी तथा वीर्यवान् हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ ।

४–'वृषभ समान कसैसंग नडराउने, अप्रमेय्य, गम्भीर, मुनित्व-प्राप्त, क्षेमंकर, ज्ञानी, धर्मस्थित, संयमी, बन्धन (सङ्ग[2]) रहित तथा मुक्त हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ ।

---

१. 'यो कस्तो हो, यो कसरी हो' भन्ने आदि किशिमबाट शंकागरी कुरा गर्नेलाई 'कथंकथी' भन्दछन् । त्यस्तो नहुनेलाई 'अकथंकथी' भन्दछन् । पपं. सू. II. पृ. १८१: चूलहत्थिपदोपमसुत्तवण्णना ।

२. राग, द्वेष, मोह, मान तथा दृष्टिलाई पञ्चसङ्ग (=पाँच बन्धन) भन्दछन् । (विभं. पा. पृ. ४५३: पञ्चकमातिकनिद्देस, खुद्दकवत्थु-विभङ्ग) यस्तो बन्धन नभएकालाई यहाँ 'बन्धन रहित' भनिएको हो ।

५–'नाग-पुरुष[१], एकान्तप्रेमी, क्षीणसंयोजन[२], मुक्त, प्रतिमंत्रक (=वाद प्रतिवाद गर्न दक्ष), क्लेश पखालिसकेका ज्ञानी, प्राप्तध्वज, वीतरागी, दान्त तथा निष्प्रपञ्च हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ।

६–'ऋषि-सप्तम[३], अपाखंडी, त्रिविदयायुक्त, ब्रह्मत्व प्राप्त (=श्रेष्ठत्व प्राप्त), स्नातक, पदकार, प्रश्रब्ध, ज्ञानज्ञ, पहिले दिने तथा समर्थवान् हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ।

---

१. निर्भीक तथा बलवान् पुरुषलाई नागपुरुष भन्दछन्। चार कारण-द्वारा नागपुरुष भनिन्छ – (१) छन्दादिभयको कारणले कुनै पनि अनुचित काम नगर्नाले, (२) सबै क्लेसहरू प्रहीण भएकाले, (३) कुनै प्रकारको गोप्य काम नगर्नाले र (४) कायबल, ज्ञान-बलले बलवान् हुनाले। यी नै चार कारणहरूले युक्त पुरुषलाई 'नागपुरुष' भनिएको हो। मनो. र. पू. II. पृ. ५०५: दोणसुत्त-वण्णना, चतुक्कनिपात।

२. संयोजन दशवटा छन्—(१) कामराग संयोजन, (२) प्रतिघ संयोजन, (३) मान संयोजन, (४) दृष्टि संयोजन, (५) विचि-कित्सा संयोजन, (६) शीलव्रत परामर्श संयोजन, (७) भवराग संयोजन, (८) ईर्ष्या संयोजन (९) मात्सर्य संयोजन तथा (१०) अविदया संयोजन। विभं. पा. पृ. ४७०: दसकमातिकानिद्देसो, खुद्दकवत्थुविभङ्गो।

३. विपश्वी आदि बुद्धहरूदेखि लिएर सप्तम बुद्ध हुनु भएका। पपं. सू. III. पृ. ६६: उपालिसुत्तवण्णना।

७–'आर्य, भावितात्मा, प्राप्तव्य-प्राप्त, व्याख्याता, स्मृतिमान्, विपश्वी (=विशुद्ध दर्शन), अरहन्त, अदुष्ट, निर्दोषी तथा वशीप्राप्त हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ।

८–'समुद्गत, ध्यानी, निक्लेशचित्त, शुद्ध, अबद्ध, हितैषी, प्रविवेक प्राप्त, अग्र प्राप्त, उत्तीर्ण तथा तारणकर्ता हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ।

९–'शान्त, भूरि-प्राज्ञ[1], महाप्राज्ञ[2], विगतलोभ, तथागत, सुगत, अप्रतिपुद्गल (=अतुल्य), असम-सम, विशारद तथा निपुण हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ।

१०–'तृष्णा रहित, बुद्ध, अन्धकार रहित, अनुपलिप्त, पूजनीय, यक्ष (=प्रभावशाली), उत्तम पुद्गल, अतुल, महान् तथा अग्रयश प्राप्त हुनु भएका वहाँ भगवान्को म श्रावक हुँ[3]।'

---

१. भूरि-प्रज्ञा भनेको कस्तो हो भन्ने बारेमा पटि. म. पा. पृ. ४५८ मा हेर्नू।

२. महाप्रज्ञा भनेको कस्तो हो भन्ने बारेमा पटि. म. पा. पृ. ४५१ मा हेर्नू।

३. यसरी शय (१००) पदहरूद्वारा बुद्धको निक्लेश भावको गुण वर्णन गरी त्यस्ताको म श्रावक शिष्य हुँ भनी उपालिले घोषणा गरे। स्रोतापन्नका साथसाथै उनले प्रतिसम्भिदाज्ञान पनि पाएका थिए भनी पपं. सू. III. पृ. ६८: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

निगण्ठको रगत वमन

"गृहपति ! यी श्रमण गौतमका गुणहरू तिमीले कहिले संग्रह गरेका ह्वौ[१] ?"

"भन्ते ! जस्तै—अनेकप्रकारका पुष्पराशिबाट दक्ष मालाकार वा मालाकार अन्तेवासीले विचित्र मालाहरू बनाउँछ; भन्ते ! त्यस्तैगरी—अनेक गुणले युक्त, अनेक शतगुणहरूले युक्त भगवान् हुनुहुन्छ[२]। भन्ते ! त्यस्ता वर्णनगर्न योग्य पुरुषको वर्णन कसले नगर्ला !"

---

१. यिनी अहिले भरखरै मात्र श्रमण गौतमकहाँ गएर आए। कहिले यिनले यी गाथाहरू सम्पिण्डन गरेहोलान् भन्ने लागेर निगण्ठ-नाटपुत्रले 'कहिले संग्रह गरेका ह्वौ ?' भनी सोधेका हुन् भनी पपं. सू. III. पृ. ६८: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. यहाँ अनेक फूलहरूका रास तथा सुमेरु जस्तै गुणहरू भएका बुद्धका गुणहरू सम्झनु पर्छ। दक्ष मालाकार जस्तै उपालि गृहपतिलाई सम्झनु पर्छ। मालाकारले माला बनाउने जस्तै उपालिले बुद्धको वर्णनगरी गाथाहरू बनाएको सम्झनु पर्छ। पपं. सू. III. पृ. ६८: उपालिसुत्तवण्णना।

अनि निगण्ठ-नाटपुत्रले भगवान्को स्वागत-सत्कारलाई सहन नसकी त्यहीं नै मुखबाट तातो रगत वमन गरे[1]।

× × ×

---

१. बुद्धलाई देखाएको स्वागत सत्कारलाई सहन नसकी निगण्ठ-नाटपुत्रले रगत वमन गरेको हो भनी पपं. सू. III. पृ. ६८: उपालिसुत्त-वण्णनाले पनि लेखेको छ। यस्तो पनि लेखेको छ कि—अब यी गृहपति हामीलाई चाहन्नन्। पचास साठी जना निगण्ठहरू साथमा लिएर आई अब भोलिदेखि यिनको घरमा भोजन गर्न पाइनेछैन। मेरो भोजनको हण्डी फुटयो। अनि उनलाई यस कारणद्वारा अति गहिरो शोक भयो। यी सत्वहरू आ-आफ्नै ढंगले चिन्तन गर्छन् भन्दै शोकको कारणले निगण्ठ-नाटपुत्रको भित्रीभाग गर्मेर आयो। अनि उहीं उनले पात्रभरी जति रगत वमन गरे। यति मात्र होइन उनी उहीं घुँडाले टेक्नेगरी घोप्टिन गए। अनि उनलाई पाल्कीमा राखी नगर बाहिर लगी त्यहाँबाट खाटमा राखी पावामा लगे। यसै रोगले गर्दा पावामा चिरकाल नबित्दै उनको मृत्यु भयो।

यो सूत्र उग्घटितञ्ञू-पुद्गललाई देशना गर्ने ढँगले देशना गरिएको सूत्र हो भनी पपं. सू. III. पृ. ६८: उपालिसुत्तवण्णनाले उल्लेख गरेको छ।

अं. नि–४, पृ. १४२: उग्घटितञ्ञूसूत्र अनुसार चार-प्रकारले धर्मावबोध गर्नसक्ने पुरुषहरू हुन्छन्। (१) उग्घटितञ्ञू

अर्थात् उपदेशको साथ उदाहरण प्रस्तुत गर्ने बित्तिकै धर्मावबोध गर्ने पुरुष, (२) विपचितञ्ञू अर्थात् विस्तारपूर्वक धर्मोपदेश गरेको सुनेर धर्मावबोध गर्ने पुरुष, (३) नेय्यो अर्थात् सुनेको उपदेश सम्बन्धी सोधपूछ गरी, कल्याणमित्रहरूको सत्संगत गरी क्रमैसँग धर्मावबोध गर्ने पुरुष, (४) पदपरमो अर्थात् जसले यस जीवनमा जतिसुकै पढेपनि जतिसुकै सत्संगत गरेपनि धर्मावबोध गर्न नसक्ने पुरुष। मनो. र. पू. II. पृ. ५३५: पुग्गलोवग्गो, चतुक्कनिपात-वण्णना।

मूल सूत्र—

२–कसरी यसै जीवनमा परिनिर्वाण हुन्छ ?

एक समय भगवान् नालन्दाको पावारिक-आम्रवनमा बस्नुभएको थियो[१]। अनि उपालि गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका उपालि गृहपतिले भगवान्लाई यस्तो भने—

"भन्ते ! के हेतु, के प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्नन् ? के हेतु, के प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन् ?"

a. १–"गृहपति ! यहाँ चक्षुविज्ञेय रूपहरू छन् जो इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन्। जो भिक्षु ती रूपहरूको अभिनन्दन गर्छ, बयान गर्छ र त्यसैमा डुबिरहन्छ सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण

---

१. सं. नि. III. पृ. १०२: नालन्दासुत्तं।

हुन सक्दैन । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुँदैनन् ।

a. २–"गृहपति ! यहाँ श्रोतविज्ञेय शब्दहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन् । जो भिक्षु ती शब्दहरूको अभिनन्दन गर्छ, बयान गर्छ र त्यसैमा डुबिरहन्छ सो भिक्षु ती शब्दहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसको कारणले शब्द विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्दैन । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुँदैनन् ।

a. ३–"गृहपति ! यहाँ घ्राणविज्ञेय गन्धहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन् । जो भिक्षु ती गन्धहरूको अभिनन्दन गर्छ, बयान गर्छ र त्यसैमा डुबिरहन्छ सो भिक्षु ती गन्धहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसको कारणले गन्ध-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्दैन । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुँदैनन् ।

a. ४–"गृहपति ! यहाँ जिह्वाविज्ञेय रसहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन् । जो भिक्षु ती रसहरूको अभिनन्दन गर्छ, बयान गर्छ र त्यसैमा डुबिरहन्छ सो भिक्षु ती रसहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसको कारणले रस-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्दैन ।

गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुँदैनन् ।

a. ५–' गृहपति ! यहाँ कायविज्ञेय स्पर्शहरू छन् जो इष्ट, कान्त ... र रजनीय हुन्छन् । जो भिक्षु ती स्पर्शहरूको अभिनन्दन गर्छ, बयान गर्छ र त्यसैमा डुबिरहन्छ सो भिक्षु ती स्पर्शहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसको कारणले स्पर्श-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्दैन । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुँदैनन् ।

a. ६–"गृहपति ! यहाँ मनः-विज्ञेय धर्महरू छन् जो इष्ट, कान्त ... र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दन गर्छ, बयान गर्छ र त्यसैमा डुबिरहन्छ सो भिक्षु ती धर्महरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्दैन । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुँदैनन् ।

b. १–"गृहपति ! यहाँ चक्षु-विज्ञेय रूपहरू छन् जो इष्ट, कान्त, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन् । जो भिक्षु ती रूपहरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसमा डुबिरहँदैन सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिनरहँदा उसमा त्यसको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त

भिक्षु परिनिर्वाण हुन्छ। गृहपति! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन्।

b. २–"गृहपति! यहाँ श्रोत-विज्ञेय शब्दहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन्। जो भिक्षु ती शब्दहरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसमा डुबिरहँदैन सो भिक्षु ती शब्दहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिनरहँदा उसमा त्यसको कारणले शब्द विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन्।

b. ३–"गृहपति! यहाँ घ्राण-विज्ञेय गन्धहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन्। जो भिक्षु ती गन्धहरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसमा डुबिरहँदैन सो भिक्षु ती गन्धहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिनरहँदाँ उसमा त्यसको कारणले गन्ध-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन्।

b. ४–"गृहपति! यहाँ जिह्वा विज्ञेय रसहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन्। जो भिक्षु ती रसहरूको अभिनन्दन गर्दैन र त्यसमा डुबिरहँदैन सो भिक्षु ती रसहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिनरहँदा उसमा त्यसको कारणले रस-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति! यही हेतु,

यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन् ।

b. ५–"गृहपति ! यहाँ काय-विज्ञेय स्पर्शहरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन् । जो भिक्षु ती स्पर्शहरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसमा डुबिरहँदैन सो भिक्षु ती स्पर्शहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिनरहँदा उसमा त्यसको कारणले स्पर्श-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन् ।

b. ६–"गृहपति ! यहाँ मनःविज्ञेय धर्महरू छन् जो इष्ट, कान्त... र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसमा डुबिरहँदैन सो भिक्षु ती धर्महरूको अभिनन्दन, बयान र त्यसैमा डुबिनरहँदा उसमा त्यसको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन् ।"

९. ऋषिदत्त र पुराण स्थपतिहरू

परिचय

अगाडि अनुदित मूल सूत्रको अध्ययन गर्दा 'साधुक' भन्ने गाउँ श्रावस्ती स्थित जेतवनारामको कतै आसपासमा रहेको हुनुपर्छ भन्न सकिन्छ। 'यस गाउँ भएर नै भगवान्को जाने बाटो थियो[1]' भन्ने कुराबाट उक्त कुराको पुष्टचाइ गर्न सकिन्छ।

यो साधुक गाउँ ऋषिदत्त (इसिदत्त) र पुराण स्थपतिहरूको आफ्नै गाउँ हो[2]। पुराण स्थपतिकी मिगसाला (=मृगशाला) भन्ने एउटी छोरी पनि थिइन् भन्ने कुरा मिगसालासुत्तबाट[3] ज्ञात हुन्छ।

---

१. सार. प. III. पृ. २१५: थपतिसुत्तवण्णना, वेलवद्वारवग्गो, सोतापत्तिसंयुत्तं।

२. सार. प. III. पृ. २१५.

३. अं. नि-६, पृ. ६२: धम्मिकवग्गो र अं. नि-१०, पृ. २०९: आकङ्खवग्गो। यी दुइ सूत्रहरूमध्येमा माथिल्लो सूत्रमा ऋषिदत्त-

सारत्थपकासिनीले[१] ऋषिदत्त स्थपति सकृदागामी र पुराण स्थपति स्रोतापन्न हुन् भनी लेखेको छ। तर अङगुत्तरनिकायको छक्क र दशकनिपातका मिगसालासुत्तहरूले भने—"पुराणो ब्रह्मचारी अहोसि" अर्थात्—"पुराण चाहिं ब्रह्मचारी थिए" भन्ने वाक्यद्वारा पुराण स्थपति सकृदागामी भन्ने र "इसिदत्तो अब्रह्मचारी अहोसि सदारसन्तुट्ठो" अर्थात्—"ऋषिदत्त चाहिं अब्रह्मचारी स्वदारसन्तुष्टि थिए" भन्ने वाक्यद्वारा ऋषिदत्त स्थपति स्रोतापन्न थिए भन्ने अर्थ जनाउँछ। यो कुरा तल माथि परेको होकि भन्ने आशंका हुन्छ।

ऋषिदत्त र पुराण स्थपति (दुइ दाजुभाइ) हरू राजा प्रसेनजित् कोशलका विश्वासी कर्मचारीहरू थिए। यिनीहरूको श्रद्धा आफ्ना मालिक प्रसेनजित् राजामाथिभन्दा पनि बढी बुद्ध प्रति अटल थियो भन्ने कुरा—

लाई मिगसालाको 'पेत्तेय्य' र तल्लो सूत्रमा 'पितामह' भनी उल्लेख भएको छ। हिन्दी अङगुत्तरनिकायमा चाहिं यी दुवै सूत्रहरूमा 'पितामह' भनी लेखेको छ।

D. P. P. I. पृ. ३२१ ले चाहिं ऋषिदत्त स्थपति मिगसालाका काका हुन् भनी लेखेको छ। हुनुपर्ने पनि यस्तै हो।

सिंहल लिपिमा छापिएको अङगुत्तरनिकायमा चाहिं यी दुवै सूत्रहरूमा 'पेत्तेय्य' (=काका) भनी उल्लेख भएको छ।

१. III. पृ. २१५: थपतिसुत्तवण्णना।

चढाइमा जाँदा एकदिन प्रसेनजित् कोशल राजा सँगसँगै यिनीहरू पनि एक साँगुरो ठाउँमा बास बसेका थिए। त्यसबखत बुद्ध हुनु भएको दिशातिर शीर पारी सुत्दा राजातिर खुट्टा पर्ने र राजातिर शीर पारी सुत्दा भगवान् हुनुभएको दिशातिर खुट्टा पर्ने हुँदा यिनीहरू-लाई 'के गरौं. के गरौं' जस्तो भयो। अनि उनीहरूले "राजातिर खुट्टा पारेर सुत्दा राजा रिसाएर हद्दगरे हामीले पाउने तलब नादन सक्लान्, तर बुद्ध हुनु भएको दिशातिर जानी जानी खुट्टा पारेर त कदाचित् सुत्न सकिन्न" भन्ने निश्चय गरी बुद्ध हुनु भएको दिशातिर शीर पारी राजातिर खुट्टापारी सुते। त्यतिञ्जेलसम्म राजा निदाएका थिएनन् र उनीहरूले आफूतिर खुट्टा पारेर सुतेको कारणबाट रिसाउनुको सट्टा आश्चर्य मानी—"अहो! बुद्ध प्रति यिनीहरूको भक्ति! अवश्य पनि यिनीहरूले बुद्ध धर्ममा कुनै विशेष फल पाएका होलान्" भनी प्रसन्न नै भएका थिए[1]।

यस्तै यस्ता श्रद्धा र भक्तिको कारणले गर्दा नै जब यिनीहरूले बुद्ध भगवान् श्रावस्तीबाट कतै जाने कुरा सुन्दथे तब यिनीहरू दुःखी हुन्थे। जब बुद्ध भगवान् श्रावस्तीमा आउने कुरा सुन्दथे तब यिनीहरू प्रफुल्लित हुन्थे भन्ने कुरा पनि अगाडिको सूत्रमा उल्लेख भएको छ।

यिनीहरू राजा प्रसेनजित्का विश्वासी मात्र थिएनन् बल्कि यिनीहरूले राजाको सवारी चलाउने कामको व्यवस्था पनि पूर्णरूपेण

---

१. पपं. सू. III. पृ. २४३: धम्मचेतियसुत्तवण्णना अथवा हेर बु. रा. भा–१, पृ. ३५३–५४

गर्दथे भन्ने कुरा पनि अगाडि अनुदित मूल सूत्रको कुराबाट प्रष्ट भएको छ ।

यिनीहरूको जीवनलाई बुद्धले पनि प्रशंसा गर्नुभएको छ भन्ने कुरा अगाडिकै सूत्रको अन्तका कुराहरूबाट प्रमाणित भएको छ ।

× × ×

केही ऋषिदत्त नामहरू

(१) ऋृषिदत्त (इसिदत्त) स्थविर—यिनी ती स्थविर हुन् जो चित्र गृहपतिका अदृष्ट मित्र थिए । यिनी अवन्ती राष्ट्रमा एक गाडिवान्को पुत्र भई जन्मेका थिए । यिनको नाम ऋृषिदत्त (इसिदत्त) थियो । यौवन अवस्थामा पुगेपछि मच्छिकासण्डका चित्र गृहपतिसँग अदृष्ट साथी भई पछि उनले पठाएको बुद्धगुण भएको एक पत्र पाई बुद्ध धर्ममा प्रसन्न भई कात्यायन महास्थविरकहाँ प्रव्रजित भई चिरकाल नबित्दै यिनी षडभिज्ञलाभी अरहत् भएका थिए । पछि मध्यदेशमा बुद्धको दर्शनार्थ यिनी गएका थिए । (थेर. गा. अ. क. I. पृ. २३८: इसिदत्तत्थेरस्सगाथावण्णना) । पछि यिनी मच्छिकासण्डमा पनि आएका थिए र त्यहाँ चित्र गृहपतिको घरमा भोजनार्थ जाँदा सोधेका प्रश्नहरूको उत्तर सन्तोषजनक ढंगले

दिएका थिए । (हेर बु. गृ. भा–१, पृ. १४६–५४) ।

(२) ऋषिदत्त (स्थपति)—यिनकै कुरा यहाँ अगाडि उल्लेख गरेकोछु ।

(३) इसिदत्तसुत्तं—यो सूत्र सं. नि. III. पृ. २५३: चित्तसंयुत्तमा उल्लेख भएको छ । यस सूत्रमा ऋषिदत्त स्थविरले चित्र गृहपतिलाई धातुनानत्व सम्बन्धी उपदेश गरेका कुराहरू छन् । यसको अनुवाद बु. गृ. भा–१, पृ. १४६ मा पाइन्छ ।

(४) इसिदत्तसुत्तं—यो सूत्र पनि सं. नि. III. पृ. २५५: चित्त-संयुत्तमा उल्लेख भएको छ । यस सूत्रमा ऋषिदत्त स्थविरले चित्र गृहपतिलाई शाश्वत र उच्छेद आदि भन्ने सम्बन्धमा उपदेश गरेका कुराहरू छन् । यसको अनुवाद पनि बु. गृ. भा–१, पृ. १४९ मा पाइन्छ ।

× × ×

मूल सूत्र—

१–टाढाहुँदा दुःख र नजिकहुँदा सुख

श्रावस्तीको कुरा[1] ।

त्यस समय "तीन महीनापछि चीवर (पनि) सिद्धिएपछि भगवान् चारिकामा जानुहुने छ" भन्दै केही भिक्षुहरू भगवान्‌को चीवर सिउँदै थिए ।

त्यस समय कुनै कामले ऋषिदत्त[2] (इसिदत्त) र पुराण[3]

---

१. सं. नि. IV. पृ. २९६: थपतिसुत्तं, सोतापत्तिसंयुत्तं, अ. क. III. पृ. २१५

२. यिनी सकृदागामी हुन् भनी सं. अ. क. III. पृ. २१५. थपतिसुत्तवण्णना, सोतापत्तिसंयुत्तले उल्लेख गरेको छ ।

३. यिनी स्वदार सन्तोषी स्रोतापन्न हुन् भनी सं. अ. क. III. पृ. २१५: थपतिसुत्तवण्णनाले उल्लेख गरेको छ । अं. नि–६, पृ. ६२: मिगसालासुत्तं, धम्मिकवग्ग (अ. क. II. पृ. ६७२) र अं. नि–१०, पृ. २०९: मिगसालासुत्तं, आकङ्खवग्गमा (अ. क. II. पृ. ८४७) चाहिं पुराणलाई ब्रह्मचारी र ऋषिदत्तलाई अब्रह्मचारी भनी लेखेको छ ।

स्थपतिहरू[1] (थपतयो) साधुकमा[2] बसिरहेका थिए। अनि ऋषिदत्त र पुराण स्थपतिहरूले—"तीन महीनापछि चीवर (पनि) सिद्धिएपछि भगवान् चारिकामा जानुहुनेछ भन्ने र केही भिक्षुहरू भगवान्को चीवर सिउँदै छन्" भन्ने कुरा सुने।

अनि ऋषिदत्त र पुराण स्थपतिले बाटामा एक पुरुषलाई

---

१. पालि: 'थपति', संस्कृत: 'स्थपति' को अर्थ पालिटेक्स्ट शब्दकोषले 'सिकर्मी, डकर्मी, कालीगरी, ओभरसियर तथा हाकीम' भनी दिएको छ।

अभि. धा. प. गा. नं. ५०६ ले थपति' को अर्थ सिकर्मी' भनी उल्लेख गरेको छ।

२. 'साधुक' भन्ने एक गाउँ हो। यो गाउँ कोशल राज्यभित्र पर्छ। यो गाउँ ऋषिदत्त र पुराण स्थपतिहरूको निजी गाउँ हो भनी सं. अ. क. III. पृ. २१५: थपतिसुत्तवण्णना, सोतापत्तिसंयुत्तले उल्लेख गरेको छ।

यो गाउँ श्रावस्ती स्थित जेतवनारामको आसपासमै थियो भनी भरतसिंह उपाध्यायले आफ्नो बु. भा. भू. पृ. २६४ मा उल्लेख गरेका छन्।

राखी[1] यस्तो भने—'हे पुरुष ! जब तिमीले भगवान् अरहत् सम्यक्सम्बुद्धलाई आउनु भएको देख्नेछौ तब हामीलाई भन ।" दुइ तीन दिनपछि उसले भगवान्लाई टाढैबाट आइरहनु भएको देख्यो । देखेपछि जहाँ ऋषिदत्त र पुराण स्थपतिहरू थिए त्यहाँ गयो; त्यहाँ पुगेपछि ऋषिदत्त र पुराण स्थपतिहरूलाई यस्तो भन्यो—

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध आउँदै हुनुहुन्छ । अब जे जस्तो उचित सम्झनु हुन्छ जान्नुहोस् ।"

अनि ऋषिदत्त र पुराण स्थपतिहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्को पछि पछि लागी अनुगमन गरे[2] ।

---

१. उनीहरूको गाउँ भएर नै भगवान्को जाने बाटो थियो । अतः वहाँ कुनै समयमा जान सक्नुहुन्छ । हामीहरू सुतिरहेको वेलामा वा कुनै काममा लागिरहेको वेलामा वहाँ जान सक्नुहुन्छ । यस्तो भयो भने हामीले वहाँलाई हेर्न पाउन सक्नेछैनौं भन्ने विचारगरी उनीहरूले बाटामा मानिस राखेका हुन् भनी सं. अ. क. III. पृ. २१५ः थपतिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. 'पछि पछि लागेर अनुगमन गरे' भनेको—धेरै टाढा भएर पनि होइन, धेरै नजिक पनि होइन । भगवान् चाहिं गाडा हिड्ने बाटाको बीचको पैदल बाटोबाट जानुभयो । यिनीहरू दुवै जनाले दाँयाँ बाँयाँ भएर भगवान्को अनुगमन गरे । सं. अ. क. III. पृ. २१५ः थपतिसुत्तवण्णना ।

अनि भगवान् बाटोबाट हटेर जहाँ एक रुख हो त्यहाँ मनि जानुभयो[१]। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो[२]। ऋषिदत्त र पुराण स्थपतिहरू पनि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती ऋषिदत्त र पुराण स्थपतिहरूले भगवान्सँग यस्तो भने—

(१) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् श्रावस्तीबाट कोशलमा चारिका गर्न जानुहुनेछ' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अबभने भगवान् हामीहरूबाट टाढा हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् श्रावस्तीबाट कोशल-चारिकामा[३] जानुभयो' तब भन्ते! त्यसबखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुन्छ।'

(२) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् कोशलबाट मल्लमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् कोशलबाट मल्लमा चारिका गर्न जानुभयो' तब भन्ते!

---

१. भगवान् किन बाटाबाट हट्नु भएको भने?—

अरू साथीहरूसँग गइरहेका भए भगवान्सँग कुराकानी गर्न सकिन्छ। अन्यथा उचित सम्झिदैन। त्यस्तैगरी अरूसँग बसिरहनु भएका वा उभिइरहनु भएका भए भगवान्सँग दिनभरी

भएपनि कुराकानी गर्नु उचित सम्झिन्छ। अन्यथा उचित सम्झिदैंन। त्यसैले भगवान्ले यस्तो सोच्नुभयो कि—हिंडिरहेका यिनीहरूसँग कुराकानी गर्नु उचित छैन। उभिएर कुराकानी गर्नु पनि उचित छैन। यिनीहरू फल-अधिगमन गरिसकेका, आफ्नो मालिक आफै भइसकेका तथा मेरो शासनलाई जानिबुझि सकेका हुन्। अतः यिनीहरूसँग दिनको समयमा कतै बसेर कुराकानी गर्नेछु। यति सोचेर भगवान् बाटोवाट हटेर कुनै एकातिर जानुभएको हो भनी सं. अ. क. III. पृ. २१५ः थपतिसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. कसले त्यहाँ आसन विच्छ्याइदियो त ?—भन्ने सम्बन्धमा अट्ठकथाले यसरी उल्लेख गरेको छ—

ती ऋषिदत्त र पुराण स्थपतिहरू न केवल फत्ताफक्ति गएका थिए, वल्कि आफ्नो साथमा छाता, उपानह, लट्ठी, पाउमा घस्ने तेल सहित अष्टपानहरू र मृगको खुर जस्ता खुट्टा भएका पीराहरू पनि साथमा लिनलगाएर उनीहरू गएका थिए। अतः जब भगवान् रुखमनि पुग्नुभयो तब यिनीहरूले ल्याइराखेको आसन वछ्याइदिएका थिए। त्यसैले सूत्रमाः 'बिच्छ्याइराखेको आसनमा बस्नुभयो' भनी उल्लेख भएको हो भनी सं. अ. क. III. पृ. २१५ थपतिसुत्तवण्णना, सोतापत्तिसंयुत्तले उल्लेख गरेको छ।

३. यहाँ चारिका भन्नाले मध्यदेशको चारिकालाई 'चारिका' भनिएको हो भनी सं. अ. क. III. पृ. २१५ः थपतिसुत्तवण्णनाले उल्लेख गरेको छ।

त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुन्छ।'

(३) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् मल्लबाट वज्जीमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् मल्लबाट वज्जीमा चारिका गर्न जानुभयो' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुन्छ।'

(४) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् वज्जीबाट काशीमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् वज्जीबाट काशीमा चारिका गर्न जानुभयो' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुन्छ।'

(५) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् काशीबाट मगधमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् काशीबाट मगधमा चारिका गर्न जानुभयो' तब भन्ते! त्यसवखत

हामीहरूलाई असन्तोष लाग्छ, दौर्मनस्य हुन्छ—'अब भने भगवान् हामीहरूबाट टाढा हुनुहुन्छ।'

(१) "भन्ते! जब हामीहरू सुन्दछौं कि—भगवान् मगधबाट काशीमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् मगधबाट काशीमा चारिका गर्न जानुभयो' तब भन्ते! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुन्छ।'

(२) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् काशीबाट वज्जीमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् काशीबाट वज्जीमा चारिका गर्न जानुभयो, तब भन्ते! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुन्छ।'

(३) "भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् वज्जीबाट मल्लमा चारिका गर्न जानुहुने छ' तब भन्ते! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुने छ।' भन्ते! जब हामीहरू सुन्दछौं कि—'भगवान् वज्जीबाट मल्लमा चारिका गर्न जानुभयो' तब भन्ते! त्यसवखत हामीहरूलाई

सन्तोष लाग्छ, सौमनस्य हुन्छ – 'अब भने भगवान् हामीहरूको नजिक हुनुहुन्छ।'

(४) "भन्ते ! जब हामीहरू सुन्दछौं कि—'भगवान् मल्लबाट कोशलमा चारिका गर्न जानुहुने छ' तब भन्ते ! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुने छ।' भन्ते ! जब हामीहरू सुन्दछौं कि—'भगवान् मल्लबाट कोशलमा चारिका गर्न जानुभयो' तब भन्ते ! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुन्छ।'

(५) "भन्ते ! जब हामीहरू सुन्दछौं कि—'भगवान् कोशलबाट श्रावस्तीमा चारिका गर्न जानुहुने छ' तब भन्ते ! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुने छ।' भन्ते ! जब हामीहरू सुन्दछौं कि—'भगवान् कोशलबाट श्रावस्तीमा चारिका गर्न जानुभयो' तब भन्ते ! त्यसवखत हामीहरूलाई सन्तोष लाग्छ, सौमनस्य हुन्छ—'अब भने भगवान् हामीहरूको नजिक हुनुहुन्छ[१]।'

---

१. यहाँ नजिक भएको कारणले मात्र उनीहरूलाई सन्तोष लागेको होइन बल्कि 'अब हामीले दानदिन सक्नेछौं, पुष्पगन्धहरूद्वारा पूजागर्न सक्नेछौं, प्रश्न सोध्न सक्नेछौं तथा धर्मोपदेश सुन्न सक्नेछौं' भनी उनीहरूको मनमा सन्तोष लाग्छ भनिएको हो भनी सं. अ. क. III. पृ. २१६: थपतिसुत्तवण्णना, सोतापत्तिसंयुत्तले उल्लेख गरेको छ।

"स्थपति हो ! त्यसैले यो घरावास सम्बाधपूर्ण छ[1], रजपथ छ; प्रव्रज्यात्व खुला आकाश समान छ। स्थपित हो ! अतः अप्रमादी हुनुपर्छ।"

"भन्ते ! यो सम्बाधभन्दा पनि अर्को सम्बाध छ जो सम्बाधतर तथा सम्बाधसंख्याततर छ।"

"स्थपति हो ! त्यो कस्तो सम्बाध हो त जुन यो सम्बाधभन्दा पनि सम्बाधतर तथा सम्बाधसंख्याततर छ ?"

"भन्ते ! यहाँ जब राजा प्रसेनजित् कोशल उदयानभूमिमा जान चाहन्छन्, तब जो त्यो राजा प्रसेनजित् कोशल चढेर जाने हात्ती हो त्यसलाई—जो ती राजा प्रसेनजित् कोशलका प्रियमनाप भएका प्रजापतिहरू हुन्—उनीहरूमध्ये एउटीलाई अगाडि र अर्कीलाई पछाडि बसाल्छौं[2]। भन्ते ! सुगन्धले विभूषिता भएकी ती भगिनीहरूको शरीर-

---

१. घरावासको कारणले गर्दा तिमीहरूबाट म टाढा हुँदा तिमीहरूलाई असन्तोष तथा दौर्मनस्य भएको हो। यो पनि सम्बाध नै हो। यदि घरावास छाडी प्रव्रजित भएको भए जहाँ जहाँ म जानेथिएँ त्यहाँ त्यहाँ तिमीहरू मेरासाथमा जानसक्ने थियौ। त्यसैले तिमीहरू बढी अप्रमादी भएर बस्नसक्नु पर्छ। सं.नि.अ.क. III. पृ. २१६ः थपति-सुत्तवण्णना।

२. ती अलंकृत भएकी दुइवटी स्त्रीहरूमध्ये एउटीलाई एक हात्तीमा र अर्कीलाई अर्को हात्तीमा बसाली दाँया बाँयामा राखी राजाको हात्तीलाई माझमा राख्छौं। सं. नि. अ. क. III. पृ. २१६ः थपति-सुत्तवण्णना, सोतापत्तिसंयुत्तं।

बाट यस्तो वासना आउँछ कि—मानो कुनै सुगन्धको बट्टाको बिर्को उघारेजस्तै; सुखपूर्वक पोषिता ती भगिनीहरूको काय-संस्पर्श यस्तो कोमल छ कि—मानो फट्की राखेको कपास वा सिम्मलको भुवा जस्तै। भन्ते ! त्यसवखत हामीले हात्तीको पनि रक्षा गर्नुपर्नें हुन्छ; ती भगिनी-हरूको पनि रक्षा गर्नुपर्नें हुन्छ तथा आफूलाई पनि रक्षा गर्नुपर्नें हुन्छ[1]। भन्ते ! (त्यसवखत) हाम्रो मनमा ती भगिनीहरूमाथि पापचित्त उत्पन्न भएको कुरा हामीलाई थाहाछैन। भन्ते ! यही त्यो सम्बाध हो जो त्यो सम्बाधभन्दा पनि सम्बाधतर र संम्बाधसंख्याततर छ।"

चार अङ्गले युक्त पुरुष स्रोतापन्न हुन्छ

"स्थपति हो ! त्यसैले घरावास सम्बाधपूर्ण छ, रजपथ समान छ; प्रव्रज्यात्व खुला आकाश समान छ। स्थपति हो ! अतः अप्रमादी हुनुपर्छ। स्थपति हो ! चार अङ्गले सम्पन्न हुने आर्यश्रावक स्रोतापन्न

---

१. जस्तो गर्दा हात्तीले अनुचित ढँगले काम नगरोस् त्यस्तैगरी हात्ती-लाई रक्षा गर्नुपर्ने हुन्छ। जस्तो गर्दा ती भगिनीहरू प्रमादी हुन नसक्ने हुन् त्यसरी रक्षा गर्नुपर्ने हुन्छ र आफूहरूले पनि मुस्काउनु, हाँस्नु, बोल्नु तथा हेर्नुबाट संयमी भई रक्षा गर्नुपर्ने हुन्छ। त्यस्तो संयम नगर्नेलाई स्वामीको मर्यादालाई भङ्गगर्ने भनी निन्दा गर्न सकिन्छ। सं.नि.अ.क. III. पृ. २१६: थपतिसुत्तवण्णना, सोतापत्ति-संयुत्तं।

हुन्छ—अविनिपाती स्वभावको तथा निश्चित सम्बोधिपरायण हुन्छ। कुन चारले भने ?—

(१) "स्थपति हो ! यहाँ आर्यश्रावक—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देव-मनुष्यहरूका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ' भनी बुद्ध प्रति विशिष्टरूपले (अवेच्चप्पसादेन) प्रसन्न भएको हुन्छ।

(२) "यहाँ आर्यश्रावक—'भगवान्को धर्म सु-आख्यात छ, प्रत्यक्षणीय छ, अ-कालिक छ, 'आऊ हेर !' भन्न योग्य छ, औपनयिक (=निर्वाण नजिक पुऱ्याउने) छ तथा विज्ञपुरुषद्वारा बोधनीय छ' भनी धर्म प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ।

(३) "यहाँ आर्यश्रावक—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ, ऋजु प्रतिपन्न छ, ज्ञेयमार्ग प्रतिपन्न छ, उपयुक्तमार्ग प्रतिपन्न छ; यिनै चार जोडा अर्थात् आठ पुद्गलहरू भगवान्को श्रावकसङ्घ हो—जो पूजनीय छ, पाहुना बनाउन योग्य छ, दाक्षिणेय छ, हातजोरी नमस्कार गर्न योग्य छ र लोकवासीकानिमित्त पुण्यक्षेत्र समान छ' भनी सङ्घ प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ।

(४) "यहाँ आर्यश्रावक मात्सर्यमल रहित भएको चेतना लिएर घरमा बस्छ, मुक्तत्यागी हुन्छ, शुद्धहात हुन्छ, दिनेकार्यमा अग्रसर हुन्छ,

याचक योग्य हुन्छ तथा दान संविभाजनमा रत हुन्छ[१] ।'

"स्थपति हो ! यी चार अङ्गहरूले सम्पन्न हुने आर्यश्रावक स्रोतापन्न हुन्छ—अविनीपाती स्वभावको तथा निश्चित सम्बोधिपरायण हुन्छ ।

"स्थपति हो ! 'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,... तथा देव-मनुष्यहरूका शास्ता बुद्ध भगवान् हुनुहुन्छ' भनी तिमीहरू बुद्ध प्रति विशिष्टरूपले प्रसन्नछौ, 'भगवान्को धर्म सु-आख्यात छ,... तथा विज्ञ-पुरुषहरूद्वारा बोधनीय छ' भनी धर्म प्रति विशिष्टरूपले प्रसन्नछौ, 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ, .. र लोकवासीकानिमित्त पुण्य-क्षेत्र समान छ' भनी सङ्घ प्रति विशिष्टरूपले प्रसन्नछौ तथा जो ती तिमीहरूका कुलगृहमा दातव्य वस्तुहरू छन् ती सबै शीलवान् कल्याण धर्मीहरूलाई अर्पित गरिसकेकाछौं भनी त्यसबाट भाग लगाएको हुन्न[२] । स्थपति हो ! दानसंविभाजन गरिदिने सम्बन्धमा यो कोशलमा कतिजना तिमीहरूजस्ता मानिसहरू देखदछौ र ! यस सम्बन्धमा तिमीहरू के भन्दछौ ?"

"भन्ते ! हामीहरूको लाभ हो, भन्ते ! हामीहरूको सुलाभ हो; जसको बारेमा भगवान् यस्तो जान्नुहुन्छ ।"

---

१. "स्रोतापन्न हुनेको चार लक्षणहरू" भन्ने ठाउँहरूमा 'आर्यशील' लाई लिएर चार लक्षणहरू देखाइएका छन् । जस्तै—सं. नि. IV.

पृ. २९१: चक्कवत्तिराजसुत्तं, सोतापत्तिसंयुत्तंमा; उहीं पृ. २९२: ब्रह्मचरियोगाधसुत्तंमा; लेखकको बु. गृ. भा–१, पृ. ८७ मा; यहाँ यस सूत्रमा चाहिं 'दान' लाई लिएर चार अङ्गहरू देखाइएका छन् ।

२. 'भाग लगाएको हुन्न' भनेको—'यति सम्पत्ति भिक्षुहरूकोनिमित्त र यति सम्पत्ति हामीहरूकोनिमित्त हुनेछ' भनी आफ्नो सम्पत्ति भाग लगाएको हुन्न । बल्कि घरमा भएका जम्मै श्रीसम्पत्तिहरू भिक्षु-हरूकोनिमित्त हो भनी संकल्प गरिराखेको हुन्छ भनी भनिएको हो । सं. नि. अ. क. III. पृ. २१६: थपतिसुत्तवण्णना, सोतापत्ति संयुत्तं ।

१०. कल्याणभत्तिक गृहपति

परिचय

राजगृहमा कल्याणभत्तिक भन्ने एक श्रद्धालु गृहपति थिए। राम्रो, असल तथा सुन्दर भोजन दानदिने भएकाले उनको नाम नै 'कल्याणभत्तिक' (कल्याणभक्तक) भन्ने रहन गएको हो। भिक्षुहरूको-निमित्त उनी दिनदिनै चारवटा भोजन दिन्थे अर्थात् दिनदिनै चारजना भिक्षुहरूलाई भोजन गराउँदथे। भोजन गराउँदा स्त्री-पुत्रादिहरूकासाथ उनी स्वयंले भोजन अर्पित गर्दथे र 'पुग्यो पुग्यो' न भनुञ्जेलसम्म भोजनहरू राखिदिन्थे।

एकदिन मेत्तिय र भुम्मज्जक भिक्षुहरू यिनको भोजनमा जाने पालो आएको थियो। यिनीहरूको पालोपरेको छ भन्ने कुरा सुन्नेबित्तिकै कल्याणभत्तिक गृहपतिको मन खिन्न भएको थियो। त्यसैले त्यसदिन यिनले आफ्नै हातले भोजन नगराएका मात्र होइनन् वलिक दाशीलाई भोजन गराइदिन अह्राएका थिए र भोजन पनि उत्तमप्रकारको थिएन। भनिन्छ कि यस्तो हुनाको कारण भोजनमा आउने भिक्षुहरूकै अपुण्य-

वानताको प्रभावले वा अभाग्यताको कारणले भएको हो । यो मेत्तिय र भुम्मजक भिक्षुहरू छवर्गीय भिक्षुहरूमध्येका हुन् ।

× × ×

मूल पालि—

१—असल भोजन प्रदान गर्ने गृहपति

त्यस समय मेत्तियभुम्मज्जक[1] भिक्षुहरू नयाँ तथा अभागी (=अप्पपुञ्ञा) थिए[2]। सङ्घका जुन कमसल (लामकं) शयनासनहरू हुन्, जुन कमसल भोजनहरू हुन्—ती उनीहरूले पाउँदथे।

त्यस समय राजगृहका मानिसहरू स्थविर भिक्षुहरूलाई राम्ररी बनाइएका भोजनहरू दिन चाहन्थे र घिउ, तेल तथा मिठाईहरू (उत्तरिभङ्गं) पनि। मेत्तियभुम्मज्जक भिक्षुहरूलाई साधारण खाना, नराम्रो खाना, कनिकाको खाना र मिठाईहरू दिइन्थ्यो। भोजन सिध्याएर फर्केपछि उनीहरूले स्थविर भिक्षुहरूसँग यस्तो सोध्दथे— "आवुसो! तपाइहरूको भोजन कस्तो थियो? आवुसो! तपाइहरूको भोजन कस्तो थियो?" अनि तीमध्ये कुनैले भन्दथे—"आवुसो!

---

१. मेत्तिय र भुम्मज्जक भन्ने दुइ भिक्षुहरू हुन्। बर्मीमा: 'मेत्तिय-भूमजक' लेखिएको छ। यिनीहरू छवर्गीय भिक्षुहरूमध्येका हुन्। हेर बु. गृ. भा—१, पृ. २८० को पादटिप्पणीमा।

२. पारा. पा. पृ. २४१: अट्ठमसङ्घादिसेसो, अ. क. II. पृ. ५८०.

हामीहरूको भोजनमा घिउ तेल तथा मिठाईहरू थिए।" मेत्तिय-भुम्मज्जक भिक्षुहरू यस्तो भन्दथे—"आवुसो! हामीहरूको भोजनमा त केही थिएन, केवल साधारण खाना र नराम्रो खाना तथा कनिकाको खानाको साथ मिठाईहरू थिए।"

त्यस समय कल्याणभत्तिक[1] (=कल्याणभक्तक) गृहपति चारवटा नित्य भोजन दिन्थे। भोजन खुवाउने ठाउँमा पुत्रदारहरू सहित उपस्थित भई उनी भोजन पस्कन्थे—"कसैले भोजन राखौं कि भनी सोध्दछन्, कसैले तिहुन (सूप) राखौं कि भनी सोध्दछन्, कसैले तेल राखौं कि भनी सोध्दछन् तथा कसैले मिठाईहरू राखौं कि भनी सोध्दछन्।" त्यसवखत मेत्तियभुम्मज्जक भिक्षुहरूलाई कल्याण-

---

१. 'कल्याणभत्तिक' भन्ने पालि शब्दको विग्रह वा अर्थ समन्तपासादिकाले यसरी गरेको छ—

"कल्याणभत्तिको ति कल्याणं, सुन्दरं, अतिवियपणीतं भत्तमस्साति कल्याणभत्तिको; पणीत दायकत्ता भत्तेनेव पञ्ञत्तो।" सम. पा. II. पृ. ५८१.

उनको खाना असल हुन्थ्यो वा असल खाना दिने भन्ने अर्थले उनको नाम 'कल्याणभत्तिक' रहन गएको हो। 'भात' भन्ने शब्दलाई ध्यानमा राखेर नै मैले यसको रूपान्तर कोष्ठभित्र 'कल्याणभक्तक' उल्लेख गरेको हुँ। संस्कृतमा भातलाई 'भक्तं' भन्दछन्।

भत्तिक गृहपतिको भोलिको भोजनकोनिमित्त जान नियुक्त गरिएको थियो। अनि (त्यसैदिन) कल्याणभत्तिक गृहपति कुनै कामले आराममा (=विहारमा) गए। उनी जहाँ आयुष्मान् दब्बमल्लपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् दब्बमल्लपुत्रलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका कल्याणभत्तिक गृहपतिलाई आयुष्मान् दब्बमल्लपुत्रले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो। अनि कल्याण-भत्तिक गृहपति आयुष्मान् दब्बमल्लपुत्रको धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई उनले आयुष्मान् दब्बमल्लपुत्रसँग यस्तो भने –

"भन्ते! हाम्रो घरमा हुने भोलिको भोजनको लागि जान कसलाई नियुक्त गरिएको छ?"

"गृहपति! तपाइको घरमा हुने भोलिको भोजनको लागि जान मेत्तियभुम्मज्जक भिक्षुहरूलाई नियुक्त गरिएको छ।"

अनि कल्याणभत्तिक गृहपति—"कसरी यी पापक भिक्षुहरू भोलि हाम्रा घरमा भोजन गर्नेछन्!" भनी असन्तुष्ट भए। अनि घरमा गई दाशीलाई यस्तो भने—

"हे जे! भोलि भोजनार्थ जो आउने छन् उनीहरूलाई दलानमा आसन बिच्छ्याई कनिकाको खाना र मिठाईहरू पस्क।"

"हवस्, आर्य!" भनी सो दाशीले कल्याणभत्तिक गृहपति-लाई प्रत्युत्तर दिई।

अनि मेत्तियभुम्मज्जक भिक्षुहरू "आवुसो ! हिजो हामीहरू-लाई कल्याणभत्तिक (=कल्याण-भत्तक) गृहपतिको घरमा भोजनको लागि जान नियुक्त गरिएको थियो । भोलि कल्याणभत्तिक गृहपतिले हामीहरूलाई पुत्रदार सहित उपस्थित भई भोजन पस्काउने छन् । कसैले भोजन राखौं कि भनी सोध्नेछन्, कसैले तिहुन (सूप) राखौं कि भनी सोध्नेछन्, कसैले तेल राखौं कि भनी सोध्नेछन् तथा कसैले मिठाईहरू राखौं कि भनी सोध्नेछन् ।" (भनी सोच्न थाले) उनीहरू यसै कुराको सन्तुष्टिताले गर्दा रातमा राम्ररी सुत्न पनि सकेननन्[१] । अनि मेत्तियभुम्मज्जक भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ कल्याणभत्तिक गृहपतिको निवासस्थान हो त्यहाँ गए । अनि त्यो दाशीले मेत्तियभुम्मज्जक भिक्षुहरू आइरहेको टाढैबाट देखी । देखेपछि दलानमा आसन बिच्छ्याई मेत्तियभुम्मज्जक भिक्षुहरूलाई यस्तो भनी—

"भन्ते ! बस्नुहोस् ।"

अनि मेत्तियभुम्मज्जक भिक्षुहरूको मनमा "अवश्य पनि भोजन तयार भएको छैन होला, त्यसैले दलानमा बसालेको होला" भन्ने ठाने । अनि कनिकाको भोजन सहित मिठाईहरू लिएर त्यो दाशी आई "भन्ते ! भोजन गर्नुहोस् भनेर भनी ।"

"भगिनी ! हामीहरू नित्य भोजनमा आउनेहरू ह्वौं ।"

---

१. जसरी अघि इच्छानुसार सुत्ने हो त्यसरी सुत्न सकेनन् भनी भनिएको हो । सम. पा. II. पृ. ५८१: अट्ठमसङ्घादिसेसो ।

"आर्यहरू नित्य भोजनमा आउनेहरू हुनुहुन्छ भन्ने कुरा मलाई थाहाछ। तर हिजै मलाई गृहपतिले अह्राएका थिए कि—'हे जे! भोलि जो भोजनार्थ आउने छन् उनीहरूलाई दलानमा आसन बिच्छयाई कनिकाको भोजन र मिठाईहरू (बिलङ्गदुतियं) पस्क।' भन्ते! खानुहोस्।"

अनि मेत्तियभुम्मञ्जक भिक्षुहरूले यस्तो सोचे—"आवुसो! हिजो कल्याणभक्तिक गृहपति आराममा गएका थिए। अवश्य पनि दब्बमल्लपुत्रले गृहपतिसँग हामीहरूलाई भेद-भिन्न गराएका होलान्।" यसै कुरामा असन्तुष्ट भई उनीहरूले राम्रोसँग खाना पनि खाएनन्। अनि भोजन सिद्धिएपछि, पिण्डचर्याबाट फर्किसकेपछि मेत्तियभुम्मञ्जक भिक्षुहरू आराममा गई पात्र-चीवर राखी, विहार बाहिरको दलानमा[१] सङ्घाटी पटचाएर चूपलागी, निःशब्द भई, शीर निहुर्याई, मुख तलतिर पारी, चिन्तित भई केही नबोली बसे।

---

१. वेणुवनको बाहिर ढोकाको दलानमा। सम. पा. II. पृ. ५८१: अट्ठमसङ्घादिसेसो।

११. केवट्ट गृहपति

परिचय

नालन्दावासी यी केवट्ट गृहपति ४० कोटी धनसम्पत्ति भएका गृहपतिमहाशाल[1] कुलमा जन्मेका थिए। यिनी बुद्ध धर्ममा अत्यधिक श्रद्धा र भक्ति राख्दथे। यसै अत्यधिक श्रद्धाको कारणले गर्दा उनले बुद्धधर्म प्रचार गर्नकोनिमित्त कुनै एक ऋद्धिवान् भिक्षुलाई दुइ हप्ताको एक पटक वा एक महीनाको एक पटक अथवा वर्षको एक पटक आकाशमा गई विविधप्रकारका ऋद्धि प्रातिहार्यहरू देखाउने गरेमा नालन्दामा खूबसँग बुद्धधर्मको ख्याति हुने थियो भन्ने सोचेका थिए र बुद्धसँग यस विषयमा प्रार्थना पनि गरेका थिए[2]। परन्तु यस कुरालाई बुद्ध भगवान्ले स्वीकार्नु भएन। बुद्धको कुरालाई कसैले अमान्य गर्न

---

१. कस्तो कुललाई 'गृहपतिमहाशाल कुल' भन्दछन् भन्ने कुरा बुझ्नकोनिमित्त बु. प. भा–१, पृ. ४७ को पादटिप्पणीमा हेर्नू।

२. सुमं. वि. I. पृ. २५५: केवट्टसुत्तवण्णना।

सक्दैन । किन्तु यी गृहपति बुद्धको अतिविश्वासी र बुद्धको अति भक्त भएकाले यिनले बुद्धसँग बारबार जोर गरेका थिए[१] ।

त्यसवखत **नालन्दा नगर** कति समृद्ध थियो भन्ने कुरा केवट्ट गृहपतिले अगाडिको सूत्रमा—"यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ" भनी उल्लेख गरेको वाक्यद्वारा प्रष्ट हुन्छ । अरू कुराहरू अगाडि अनुदित सूत्रबाटैं प्रष्ट भएका छन् ।

× × ×

केही केवट्ट नामहरू

(१) केवट्ट (ब्राह्मण)—यिनी कम्पिल्ल देशको उत्तर पञ्चाल नगरवासी चूलनी ब्रह्मदत्त राजाका अर्थ र धर्मानुशासक ब्राह्मण हुन् । यी कुराहरू जा. अ. क. VII. पृ. ३४८ः महाउम्मग्गजातक, महाउम्मग्गकण्डमा पाइन्छन् । जा. नं. ५४६.

(२) केवट्ट (गृहपति)—यिनी नालन्दा नगरवासी महाधनी एक गृहपति हुन् । यिनकै कुरा यहाँ अगाडि उल्लेख गरेको छु ।

(३) केवट्टसुत्तं—यो सूत्र दी. नि. I. पृ. १८३ मा उल्लेख भएको छ । यस सूत्रमा केवट्ट गृहपतिले भगवान्सँग एकजना ऋद्धिवान्

१. सुमं. वि. I. पृ. २५६ः केवट्टसुत्तवण्णना ।

भिक्षुलाई नालन्दामा ऋद्धि देखाउनकोनिमित्त नियुक्त गर्नुहोस् भनी प्रार्थना गरेका कुरा र यसलाई भगवान्ले अस्वीकार गर्नु भएको कुराको साथै ऋद्धि-प्रातिहारिय देखाउँदामा हुने अपगुणका कुराहरू पनि बताइएका छन् ।

(४) केवट्ट द्वार—यो द्वार वाराणशी नगरको एक द्वार हो । विमा-व. अ. क. पृ. ७८: लखुमाविमान ।

× × ×

मूल सूत्र—

१–ऋद्धि प्रातिहार्य देखाउनु होस्

यस्तो मैले सुनें[१]।

एक समय भगवान् नालन्दाको पावारिक आम्रवनमा[२] बस्नुभएको थियो। अनि केवट्ट गृहपतिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका केवट्ट गृहपतिपुत्रले भगवान्सँग यस्तो विन्तिगरे—

---

१. दी. नि. I. पृ. १८३: केवट्टसुत्तं, अ. क. I. पृ. २५५.

२. 'पावारिक आम्रवन' भन्ने दुइवटा छन्। यौटा कौशम्बीवासी पावारिक सेठको आम्रवन। (पपं. सू. II. पृ. ३२७: कोसम्बकसुत्तवण्णना; पपं. सू. III. पृ. ३५: उपालिसुत्तवण्णना)। अर्को नालन्दावासी पावारिक सेठको आम्रवन। (सुमं. वि. I. पृ. २५५: केवट्टसुत्तवण्णना; सुमं. वि. II. पृ. ६३३: सम्पसादनियसुत्तवण्णना)। हेर बु. प. भा–१, पृ. २१६ को पादटिप्पणीमा र बु. ब्रा. भा–३, पृ. १३२ मा अनि माथि पृ. ७० को पादटिप्पणीमा।

"भन्ते ! यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ जो (नालन्दावासी) भगवान् प्रति अभिप्रसन्न छन् । भन्ते ! भगवान्ले एक भिक्षुलाई नियुक्ति गर्नुभए बेश हुनेथियो । जसले उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउने छन् । यसबाट यी नालन्दावासी भगवान् प्रति झन् बढी अभिप्रसन्न हुनेछन् ।"

यस्तोभन्दा भगवान्ले केवट्ट गृहपतिपुत्रलाई यसो भन्नुभयो—

"केवट्ट ! म भिक्षुहरूलाई यस्तो धर्मोपदेश गर्दिन—'भिक्षुहो ! तिमीहरू आऊ, तिमीहरूले शुद्ध जीवन बिताई बस्ने गृहस्थीहरूलाई उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाऊ' ।"

दोश्रो पटक पनि केवट्ट गृहपतिपुत्रले भगवान्सँग यस्तो विन्ति-गरे—

"भन्ते ! मैले भगवान्लाई विध्वंश[1] पार्न खोजेको होइन । बल्कि यस्तो विन्ति गर्दछु —'भन्ते ! यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ —जो (नालन्दावासी) भगवान् प्रति अभिप्रसन्न छन् । भन्ते ! भगवान्ले एक भिक्षुलाई नियुक्ति गर्नुभए बेश हुनेथियो । जसले उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउने छन् । यसबाट नालन्दावासी भगवान् प्रति झन् बढी अभिप्रसन्न हुनेछन्' ।"

---

१. तपाइको सुकीर्तिलाई बिगार्न खोजेको होइन भन्ने अर्थले यहाँ 'विध्वंश' शब्द प्रयोग गरिएको हो । दी. नि. अ. क. I. पृ. २५५: केवट्टसुत्तवण्णना ।

दोश्रो पटक पनि भगवान्‌ले केवट्ट गृहपतिपुत्रलाई यसो भन्नुभयो—

"केवट्ट! म भिक्षुहरूलाई यस्तो धर्मोपदेश गर्दिन[1]—'भिक्षुहो! तिमीहरू आऊ, तिमीहरूले शुद्ध जीवन बिताई बस्ने गृहस्थीहरूलाई उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाऊ'।"

तेश्रो पटक पनि केवट्ट[2] गृहपतिपुत्रले भगवान्‌सँग यस्तो विन्तिगरे—

"भन्ते! मैले भगवान्‌लाई विध्वंश पार्न खोजेको होइन। वल्कि यस्तो विन्ति गर्दछु—'भन्ते! यो नालन्दा समृद्ध, उन्नत तथा बहुजनाकीर्ण छ। जो (नालन्दावासी) भगवान् प्रति अभिप्रसन्न छन्। भन्ते! भगवान्‌ले एक भिक्षुलाई नियुक्ति गर्नुभए बेश हुनेथियो। जसले उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउने छन्। यसबाट नालन्दाबासी भगवान् प्रति झन् बढी अभिप्रसन्न हुनेछन्'।"

---

१. यसभन्दा अघि भगवान्‌ले राजगृहसेठको कारणमा (चुल्ल. व. पा. पृ. २००; जुन कुराहरू बु.प. भा-१, पृ. २० देखि २३ सम्ममा उल्लेख भएका छन्) भिक्षुहरूलाई ऋद्धिप्रातिहार्य देखाउनमा प्रतिबन्ध लगाई नियम बनाइसक्नु भएको थियो। त्यसैले यस सूत्रमा

भगवान्ले 'म भिक्षुहरूलाई यस्तो धर्मोपदेश गर्दिन' भनी भन्नुभएको हो । दी. नि. अ. क. I. पृ. २५५: केवट्टसुत्तवण्णना ।

२. केवट्ट गृहपतिपुत्र चालीस कोटी धनसम्पत्ति भएका एक महाधनी तथा बुद्ध धर्ममा अत्यधिक श्रद्धा राख्ने उपासक थिए । बुद्ध प्रति पनि यिनको अत्यधिक श्रद्धा भक्ति थियो । अधिक श्रद्धाको कारणले गर्दा नै उनको मनमा यस्तो कौतुहलपूर्ण कल्पना उठेको थियो । जस्तै—'यदि कुनै एक भिक्षुले नालन्दामा समय समयमा आकाशमा गई ऋद्धिप्रातिहार्य देखाएको खण्डमा नालन्दाका मानिसहरू झन् बढी बुद्धधर्ममाथि प्रसन्न हुनेथिए । यस सम्बन्धमा भगवान्ले एक भिक्षुलाई ऋद्धिप्रातिहार्य देखाउने काममा नियुक्ति गर्नुभए कति बेश हुनेथियो ।' यसै कल्पना वा इच्छाको कारणले गर्दा भगवान्कहाँ गई उनले बडो भक्तिपूर्वक भगवान्सँग यस्तो विन्ति गरेकाहुन् । उनको मनमा 'यस्तो गराउँदा नालन्दाका जनतामा बढी प्रभाव पर्ने र बुद्धधर्म पनि बढीसे बढी मात्रामा प्रचार हुने थियो' भन्ने विश्वास पनि लागेको थियो । त्यसैले भगवान्ले प्रतिक्षेप गर्नुभए ता पनि उनले पुनः पुनः विन्तिगरेका हुन् । भगवान्ले पुनः पुनः प्रतिक्षेप गर्नुभएको बुझी 'शायद उनको प्रार्थनालाई भगवान्ले अर्कै ढँगले सम्झनु भयो होला' भन्ने लागेपछि उनले 'भन्ते ! मैले भगवान्लाई विध्वंश पार्न खोजेको होइन' भनी पष्टिकरण दिएका हुन् । दी. नि. अ. क. I. पृ. २५५: केवट्टसुत्त-वण्णना ।

तीन प्रातिहार्यहरू

"केवट्ट ! मैले स्वयं साक्षात्कार गरी बताएका प्रातिहार्यहरू तीन प्रकारका छन्[१] । कुन तीन भने ?—(१) ऋद्धिप्रातिहार्य, (२) आदेशनाप्रातिहार्य, (३) अनुशासनीप्रातिहार्य ।

(१) ऋद्धिप्रातिहार्य—"केवट्ट ! ऋद्धिप्रातिहार्य भनेको कस्तो हो भने ?—केवट्ट ! यहाँ भिक्षु, अनेकप्रकारका ऋद्धिविधज्ञानलाई प्रत्यनुभव गर्छ—एक भएर पनि धेरै हुन्छ, धेरै भएर पनि एक हुन्छ; प्रकट पनि हुन्छ, लोप पनि हुन्छ; छेकबारको बीचबाट पनि पर्खालको बीचबाट पनि पर्वतको बीचबाट पनि – मानो आकाशमा झैं—नछोइकन पारीजान्छ । पानीमा डुब्की लगाए झैं पृथ्वीमा डुब्की लगाउँछ; मानो पृथ्वीमा हिडे झैं पानीमा पनि पानीले नभिज्नेगरी हिड्छ; मानो सकुण पक्षी झैं आकाशमा पलेटीमारी जान्छ; यी महर्द्धिक महानुभाव सम्पन्न चन्द्रसूर्यलाई पनि हातले परामर्श गर्छ र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राख्छ ।

---

१. जब केवट्ट गृहपतिपुत्रले पुनः पुनः सोही कुरा दोहऱ्याउँदै प्रार्थना गर्नथाले तब 'अधिक श्रद्धाको कारणले मैले प्रतिक्षेप गर्दा पनि यिनी बार वार उही कुरा भन्दछन् । अतः यिनलाई प्रातिहार्य देखाउनमा हुने अपगुणका कुराहरू बताइदिनु पऱ्यो' भन्ने लागेपछि भगवान्ले तीनप्रकारका प्रातिहार्यका कुराहरू बताउन लाग्नु भएको हो । दी. नि. अ. क. I. पृ. २५६: केवट्टसुत्तवण्णना ।

"अनि त्यसरी—एक भएर पनि धेरै हुने; धेरै भएर पनि एक हुने; प्रकट पनि हुने, लोप पनि हुने; छेकबारको बीचबाट पनि, पर्खालको बीचबाट पनि, पर्वतको बीचबाट पनि– मानो आकाशमा झैं —नछोइकन पारीजाने; पानीमा डुब्की लगाए झैं पृथ्वीमा डुब्की लगाउने; मानो पृथ्वीमा हिड्ने झैं पानीमा पनि पानीले नभिज्नेगरी हिड्ने; मानो सकुण पक्षी झैं आकाशमा पलेटीमारी जाने; यी महर्द्धिक महानुभाव सम्पन्न चन्द्रसूर्यलाई पनि हातले परामर्श गर्ने र ब्रह्मलोक-सम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राख्नसक्ने सो भिक्षुलाई कुनै श्रद्धालु (उपासक) ले प्रसन्नतापूर्वक हेर्छ।

"अनि त्यो श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) ले कुनै अश्रद्धालु अप्रसन्नचित्त हुने (पुरुष) लाई बताउँछ–'अहो आश्चर्य! अहो अद्भूत!! श्रमणको कस्तो महर्द्धिकता, कस्तो महानुभावता!! मैले सो भिक्षुलाई अनेकप्रकारका ऋद्धिविधज्ञानलाई प्रत्यनुभव गरेको देखें। जस्तै - एक भएर पनि धेरै भएको, धेरै भएर पनि एक भएको; प्रकट पनि भएको, लोप पनि भएको; छेकबारको बीचबाट पनि, पर्खालको बीचबाट पनि, पर्वतको बीचबाट पनि—मानो आकाशमा झैं–नछोइकन पारीगएको; पानीमा डुब्की लगाए झैं पृथ्वीमा डुब्की लगाएको; मानो पृथ्वीमा हिड्ने झैं पानीमा पनि पानीले नभिज्नेगरी हिडेको; मानो सकुण पक्षी झैं आकाशमा पलेटीमारी गएको; यी महर्द्धिक महानुभाव सम्पन्न चन्द्रसूर्यलाई पनि हातले परामर्श गरेको र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राखेको देखें।"

"अनि सो श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) लाई सो अश्रद्धालु अप्रसन्नचित्त हुने (पुरुष) ले यस्तो भन्छ—'भो! गन्धारी भन्ने विद्‌या छ। त्यही विद्याद्वारा सो भिक्षुले ती अनेकप्रकारका ऋद्धि-प्रातिहार्यहरू प्रत्यनुभव गरेकाहुन्। जस्तै—एक भएर पनि धेरै भएको, धेरै भएर पनि एक भएको; ...र ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीर-द्वारा वशमा राखेको।"

"केवट्ट! सो अश्रद्धालु अप्रसन्नचित्त हुने (पुरुष) ले त्यो श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) लाई यसो भन्नसक्छ भन्ने कुरामा तिमी के ठान्दछौ, यसमा तिमी के भन्दछौ त?"

"भन्ते! भन्नसक्छ भन्ने म ठान्दछु।"

"केवट्ट! ऋद्धिप्रातिहार्यमा यही दोष देखेर म ऋद्धिप्रातिहार्य प्रति आत्तिएको छु, लज्जित छु, घृणित छु।

(२) आदेशनाप्रातिहार्य — "केवट्ट! आदेशनाप्रातिहार्य भनेको कस्तो हो भने?— केवट्ट! यहाँ भिक्षु परसत्व परपुद्गलको चित्तलाई पनि जान्दछ, चैतसिकलाई पनि जान्दछ; तर्कना गरेको पनि जान्दछ विचार गरेको पनि जान्दछ—'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ।'

"अनि परसत्व परपुद्गलको चित्तलाई जान्ने, चैतसिकलाई जान्ने; तर्कना गरेको पनि जान्ने, विचार गरेको पनि जान्ने—'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ' भनी जान्ने भिक्षुलाई कुनै श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) ले देखदछ।

"अनि त्यो श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) ले कुनै अश्रद्धालु अप्रसन्नचित्त हुने (पुरुष) लाई बताउँछ—'अहो आश्चर्य! अहो अद्भूत!! श्रमणको कस्तो महर्द्धिकता, कस्तो महानुभावता!! मैले सो भिक्षुलाई 'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ' भनी परसत्वको परपुद्गलको चित्त पनि जानेको, चैतसिक पनि जानेको, तर्कना गरेको पनि जानेको र विचार गरेको पनि जानेको देखें।"

"अनि त्यो श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) लाई सो अश्रद्धालु अप्रसन्नचित्त हुने (पुरुष) ले यस्तो भन्दछ—'भो! मणिका भन्ने विद्‌या छ। त्यही विद्याद्वारा सो भिक्षुले—'यस्तो तिम्रो मन छ, यस्तो तिम्रो चित्त छ' भनी परसत्वको परपुद्‌गलको चित्त पनि जानेको हो, चैतसिक पनि जानेको हो, तर्कना गरेको पनि जानेको हो र विचार गरेको पनि जानेको हो।'

"केवट्ट! सो अश्रद्धालु अप्रसन्नचित्त हुने (पुरुष) ले त्यो श्रद्धालु प्रसन्नचित्त हुने (उपासक) लाई यसो भन्नसक्छ भन्ने कुरामा तिमी के ठान्दछौ, यसमा तिमी के भन्दछौ त?"

"भन्ते! भन्नसक्छ भन्ने म ठान्दछु।"

"केवट्ट! आदेशनाप्रातिहार्यमा यही दोष देखेर म आदेशना-प्रातिहार्य प्रति आत्तिएको छु, लज्जित छु, घृणित छु।

(३) अनुशासनीप्रातिहार्य—"केवट्ट! अनुशासनीप्रातिहार्य भनेको कस्तो हो भने?—केवट्ट! यहाँ भिक्षु यसरी अनुशासन गर्छ—

'यसरी तर्कना गर[१], यसरी तर्कना नगर[२]; यसरी मनस्कार गर[३], यसरी मनस्कार नगर[४]; यसलाई छाड[५] र यसलाई ग्रहण गरी विहार गर[६] ।' केवट्ट ! यसैलाई अनुशासनीप्रातिहार्य भन्दछन् ।

तथागत उत्पन्न–"केवट्ट ! फेरि यो लोकमा तथागत अरहन्त, सम्यक् सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यहरूका शास्ता तथा बुद्ध भगवान् उत्पन्न हुनुहुन्छ । वहाँले देव मार ब्रह्मासहित लोकलाई; श्रमण

---

१. नैष्क्रम्य वितर्कनालाई तर्कना गर भनी भनिएको हो । सुमं. वि. I. पृ. २५६: केवट्टसुत्तवण्णना ।

२. कामवितर्कनादि वितर्कनाहरूलाई तर्कना नगर भनी भनिएको हो । सुमं. वि. I. पृ. २५६: केवट्टसुत्तवण्णना ।

३. अनित्यसंज्ञा वा दुःखसंज्ञाहरूमध्ये कुनै एक संज्ञालाई मनमा राख भनी भनिएको हो । सुमं. वि. I. पृ. २५६.

४. नित्यादि भन्ने संज्ञालाई मनमा नराख भनी भनिएको हो । सुमं. वि. I. पृ. २५६: केवट्टसुत्तवण्णना ।

५. यी पञ्चकामगुणिक रागहरूलाई छाड भनी भनिएको हो । सुमं. वि. I. पृ. २५६: केवट्टसुत्तवण्णना ।

६. चतुमार्गफल लोकोत्तर धर्महरूमध्ये कुनै एकलाई प्राप्तगरी विहार गर भनी भनिएको हो । सुमं. वि. I. पृ. २५६: केवट्टसुत्तवण्णना ।

यसरी भगवान्‌ले ऋद्धिविधलाई ऋद्धिप्रातिहार्य भनी, अर्काको चित्तलाई जानेर भन्नुलाई आदेशना प्रातिहार्य भनी तथा श्रावकहरूद्वारा र बुद्धद्वारा सँधै धर्मोपदेश गर्नेलाई अनुशासनी प्रातिहार्य भनी बताउनु भयो। त्यसमध्येमा प्रातिहार्यद्वारा अनुशासन गर्ने प्रातिहार्य महामौद्‌गल्यायन स्थविरलाई अभ्यास छ; आदेशना प्रातिहार्यद्वारा अनुशासन गर्ने प्रातिहार्य धर्मसेनापतिलाई अभ्यास छ। देवदत्तले सङ्घभेद गरी पाँचशय भिक्षुहरू लिई गयाशीर्षमा बसिरहेका उनीहरूलाई बुद्धलीलाले धर्मदेशना गर्नुभएका अग्रश्रावकहरूमध्ये धर्मसेनापति सारिपुत्रले उनीहरूको मनोवृत्तिलाई बुझेर धर्मोपदेश गर्नु भएको थियो। अनि स्थविरको धर्मदेशना सुनेर पाँचशय भिक्षुहरूले स्रोतापत्तिफल साक्षात्कार गरे। त्यसपछि महामौद्‌गल्यायन स्थविरले विकुर्वण ऋद्धि देखाई देखाई धर्मोपदेश गर्नुभयो। यो सुनेर सबै अरहत् फलमा प्रतिष्ठित भए। अनि दुवै महापुरुषहरू पाँचशय भिक्षुहरू लिई आकाशबाट वेणुवनमै जानुभयो। अनुशासनी प्रातिहार्य चाहिं सँधैभरी बुद्धको धर्मदेशनामा हुन्छ। यी मध्ये ऋद्धिप्रातिहार्य र आदेशनाप्रातिहार्यहरू सदोष हुन्छन्, मार्गमा रहँदैनन्। मार्गमा नरहनाले नैर्याणिक हुन्नन्। अनुशासनीप्रातिहार्य चाहिं निर्दोष हुन्छ, मार्गमा रहन्छ। मार्गमा रहने भएको हुनाले यो नैर्याणिक हो। त्यसैले भगवान्‌ले ऋद्धिप्रातिहार्य र आदेशनाप्रातिहार्यको अपवाद गर्नुहुन्छ र अनुशासनीप्रातिहार्यको प्रशंसा गर्नुहुन्छ भनी सुमं. वि. I. पृ. २५६–५७: केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ।

ब्राह्मण सहित प्रजालाई; देवसहित मनुष्यलाई स्वयं साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ। वहाँले आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ। वहाँले अर्थयुक्त, ब्यञ्जनयुक्त, परिपूर्ण भएको र परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ। अनि गृहपति वा गृहपतिपुत्र अथवा कुनै पनि कुलगृहमा जन्मेकाले सो धर्मलाई श्रवण गर्छ। धर्म श्रवण गरेपछि उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्न हुन्छ। श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ—'घरमा बासगर्नु बाधापूर्ण छ, प्रव्रज्या हुनु खुला आकाश जस्तो छ। घरमा बसेर परिपूर्ण-रूपले, परिशुद्धरूपले, शंख जस्तै सफागरी ब्रह्मचर्य (=मैथुन ब्रह्मचर्य) पालन गर्नु सम्भव छैन। अतः किन म, केशदाह्री क्षौर गरी अनगारिय भई प्रव्रजित नहूँ!' यति विचार गरेपछि सो पुरुष - थोरै वा धेरै भोगसम्पत्ति त्यागी, थोरै वा धेरै ज्ञातिपरिवारहरू त्यागी, केशदाह्री क्षौर गरी, कषायवस्त्र धारण गरी, घरबार त्यागी अनगारिय भई प्रव्रजित हुन्छ। यसरी प्रव्रजित भएको सो भिक्षु प्रातिमोक्षशीलले संयमित भई विहार गर्छ, आचार-गोचरले सम्पन्न हुन्छ, अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ, शिक्षापदहरू समादान गरी राम्ररी सिक्छ, काय-वचन कुशलकर्मले सम्पन्न हुन्छ, परिशुद्ध जीविका गर्छ, शील सम्पन्न हुन्छ, इन्द्रियहरू आरक्षा गर्छ, स्मृतिसम्प्रजन्यताद्वारा युक्त भई सन्तुष्ट पनि हुन्छ।

"उ प्राणीहिंसा त्यागी प्राणीहिंसाबाट विरत भई बस्छ। दण्डरहित, शस्त्ररहित, लज्जालु, दयालु तथा सबै प्राणी प्रति हितानुकम्पी

भई बस्छ।...[१]। अनि उ, यी पञ्चनीवरणलाई त्यागी, चित्तको उपक्लेश (=चित्तमल) लाई प्रज्ञाद्वारा कमजोर पार्नकोनिमित्त कामविषयबाट अलग भई, अकुशलबाट अलग भई, वितर्क र विचारयुक्त भएको विवेक (=ध्यान) बाट उत्पन्न प्रीति तथा सुख भएको प्रथमध्यान प्राप्तगरी बस्छ। केवट्ट! यसलाई पनि **अनुशासनीप्रातिहार्य** भनी भन्दछन्। ...[२]। द्वितीयध्यान प्राप्तगरी बस्छ ..[२] तृतीयध्यान प्राप्तगरी बस्छ— ...[२] चतुर्थध्यान प्राप्तगरी बस्छ। केवट्ट! यसलाई पनि **अनुशासनीप्रातिहार्य** भनी भन्दछन्। अनि उसले ज्ञानदर्शनार्थकोनिमित्त चित्त झुकाउँछ। उसले यस्तो जान्दछ—'यो मेरो शारीरिक रूप चातुर्महाभौतिक (=पृथ्वी, आप्, तेज वायु) हो, आमा-बाबुहरूको कारणद्वारा भएको हो, भात दालद्वारा संवर्धित, वालककालमा छेदन-परिमार्जन-भेदन-विध्वंशन तथा अनित्य स्वभावको हो; यो मेरो विज्ञान (=चेतना) यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ।'...[३]। केवट्ट! यसलाई पनि **अनुशासनीप्रातिहार्य** भनी भन्दछन्। अनि यसरी

---

१. यहाँका बाँकीकुराहरू बु. प. भा–१, पृ. २८२ देखि पृ. २८८ सम्मका सबै कुराहरू दोहऱ्याई पढ्नू अथवा यहाँका बाँकी कुराहरू सबै दी. नि. I. सामञ्ञफल सुत्तमा लेखे बमोजि बुझ्नुपर्छ। अथवा बु. ब्रा. भा–२, पृ. २२७ देखि २४२ मा हेर्नू।

२. यहाँका बाँकी कुराहरू बु. प. भा–१, पृ. २८९ मा झैं दोहऱ्याई पढ्नू।

३. यहाँका बाँकी कुराहरू दी.नि.I.पृ. ६७: सामञ्ञफलसुत्तमा झैं हुन्। अथवा बु. प. भा–१, पृ. ४५६ देखि ४६४ सम्म हेर्नू (सकुलुदायी)।

समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल, क्लेशरहित भएपछि; मृदु तथा कर्मण्य भएपछि; निश्चलतामा पुगेपछि—उसले मनोमयकाय अभिनिर्माण गर्नकोनिमित्त चित्त झुकाउँछ। उसले यस कायबाट अलगै अर्कै अङ्ग-प्रत्यङ्गले युक्त, इन्द्रिय सहित मनोमयकायरूप निर्मित गर्छ...[1]। केवट्ट! यसलाई पनि अनुशासनीप्रातिहार्य भनी भन्दछन्। अनि यसरी समाहित चित्त भएपछि... निश्चलताला पुगेपछि—उसले ऋद्धिविधकोनिमित्त चित्त झुकाउँछ। उसले अनेकविध ऋद्धिविधको अनुभव गर्छ—एक भएर पनि बहुविध हुन्छ... ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीरद्वारा वशमा राख्छ...[1]। केवट्ट! यसलाई पनि अनुशासनीप्रातिहार्य भनी भन्दछन्। अनि यसरी समाहित चित्त भएपछि ...निश्चलतामा पुगेपछि—दिव्यश्रोतधातुकोनिमित्त उसले चित्त झुकाउँछ। उसले अलौकिक विशुद्ध श्रोतधातुद्वारा देवताहरूको पनि, मनुष्यहरूको पनि—टाढाको पनि, नगिचको पनि—दुवै शब्दहरू सुन्छ...[1]। केवट्ट! यसलाई पनि अनुशासनीप्रातिहार्य भनी भन्दछन्। अनि यसरी समाहित चित्त भएपछि .. निश्चलतामा पुगेपछि—परचित्तज्ञानकोनिमित्त (चेतोपरियजाणाय) उसले चित्त झुकाउँछ। उसले परसत्वको, परपुद्गलको चित्तलाई आफ्नो चित्तले जान्दछ—सरागचित्तलाई 'सरागचित्त' भनी...[2] अविमुक्त चित्तलाई 'अविमुक्त चित्त' भनी जान्दछ...[2]। केवट्ट! यसलाई पनि अनुशासनीप्रातिहार्य

---

१. यहाँका बाँकी कुराहरू बु. प. भा–१, पृ. ४५७–५९ मा हेर्नू।

२. यहाँका बाँकी कुराहरू बु. प. भा–१, पृ. ४५९–६० मा हेर्नू। अथवा बु. ब्रा. भा–२, पृ. १९३–९८ मा हेर्नू।

भनी भन्दछन् । अनि यसरी समाहित चित्त भएपछि ..निश्चलतामा पुगेपछि – पूर्वानुस्मृति ज्ञानकोनिमित्त उसले चित्त झुकाउँछ । उसले अनेकप्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ...[१] । केवट्ट! यसलाई पनि अनुशासनीप्रातिहार्य भनी भन्दछन् । अनि यसरी समाहित चित्त भएपछि ... निश्चलतामा पुगेपछि — च्युतिउत्पत्ति ज्ञानकोनिमित्त (चुतूपपातञाणाय) उसले चित्त झुकाउँछ । उसले अलौकिक, विशुद्ध दिव्यचक्षुद्वारा हीन प्रणीत सुवर्ण दुर्वर्ण सुगति दुर्गतिमा च्युत हुने उत्पन्न हुने प्राणीहरूलाई देखदछ...[२] । केवट्ट! यसलाई पनि अनुशासनीप्रातिहार्य भनी भन्दछन् । अनि यसरी समाहितचित्त भएपछि...निश्चलतामा पुगेपछि—आस्रवक्षय ज्ञानकोनिमित्त उसले चित्त झुकाउँछ । अनि उसले 'यो दुःख हो' भनी यथार्थत जान्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थत जान्दछ, 'यो दुःखनिरोध हो' भनी यथार्थत जान्दछ, 'यो दुःखनिरोधको मार्ग हो' भनी यथार्थत जान्दछ । 'यो आस्रव हो' भनी यथार्थत जान्दछ, 'यो आस्रव समुदय हो' भनी यथार्थत जान्दछ, 'यो आस्रव निरोध हो' भनी यथार्थत जान्दछ, 'यो आस्रव निरोधको मार्ग हो' भनी यथार्थत जान्दछ । यसप्रकार जानिसकेपछि, देखिसकेपछि उसको चित्त कामास्रवबाट पनि विमुक्त हुन्छ, भवास्रवबाट पनि विमुक्त हुन्छ, अविद्यास्रवबाट पनि विमुक्त हुन्छ ।

---

१. यहाँका बाँकी कुराहरू बु. प. भा–१, पृ. ४६०–६१ मा हेर्नू । अथवा बु. प. भा–१, पृ. २९० मा हेर्नू । अथवा बु. ब्रा. भा–२, पृ. १९८ मा हेर्नू ।

२. यहाँका अरू बाँकी कुराहरू बु. प. भा–१, पृ. ४६२ मा वा दी. नि. I. पृ. ७२ः सामञ्ञफलसुत्तमा हेर्नू ।

विमुक्त भइसकेपछि 'विमुक्त भएँ' भन्ने पनि (उसलाई) ज्ञान हुन्छ। 'जाति (= जन्म) क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त अर्कोजन्म लिनुपर्ने हेतु छैन' भन्ने पनि ज्ञान हुन्छ।...'[१]। केवट्ट ! यसलाई पनि अनुशासनीप्रातिहार्य भनी भन्दछन्।

"केवट्ट ! यी तीन प्रातिहार्यहरू मैले स्वयं साक्षात्कार गरी प्रकाश गरेको छु।"

चतुर्महाभूतहरू कहाँ निरुद्ध हुँदारहेछन् ?

"केवट्ट ! अघि एकदिन यसै भिक्षुसङ्घमध्येमा एक भिक्षुको मनमा यस्तो परिवितर्कना उठेको थियो—'यी चार महाभूहतरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुँदारहेछन्[२] ?'

---

१. यहाँका बाँकी निदर्शनहरू बु. प. भा–१, पृ. ४६३ मा अथवा दी. नि. I. पृ. ७४: सामञ्ञफलसुत्तमा हेर्नू।

२. यो कुरा किन उठाउनु भएको होला भन्ने सम्बन्धमा सुमं. वि. I. पृ. २५७: केवट्टसुत्तवण्णनाले यस्तो भन्दछ—

ऋद्धिप्रातिहार्य र आदेशनाप्रातिहार्यहरूको अनैर्याणिकता देखाउनकोनिमित्त र अनुशासनीप्रातिहार्यको मात्र नैर्याणिकता देखाउनकोनिमित्त। हुनत सबै बुद्धहरूको महाभूतको खोजी गर्ने एक भिक्षु हुन्छ भनी भन्दछन्। महाभूतको खोजी गर्दै ब्रह्मलोकसम्म विचरण गरेर पनि कसैले बताउन नसके पछि उ अन्तमा बुद्धकहाँ आई प्रश्न सोधेर शंका निवारण गर्छ।

(१) "केवट्ट ! अनि सो भिक्षु त्यस्तो समाधिमा समाधिष्ठ भए—जुन समाधिमा समाधिष्ठ हुँदा देवयानिय मार्ग[१] उत्पन्न भयो। केवट्ट ! अनि सो भिक्षु जहाँ चातुर्महाराजिक देवहरू थिए त्यहाँ गए। त्यहाँ पुगेपछि चातुर्महाराजिक देवहरूसँग उनले यस्तो भने—'आवुसो ! यी चार महाभूतहरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन्[२] ?' केवट्ट ! यस्तो सोध्दा चातुर्महाराजिक देवहरूले सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! हामीहरू जान्दैनौं कि यी चार महाभूतहरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन्। भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर चातुर्महाराजाहरू छन्। शायद उनीहरूले यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला[३]।'

---

१. ऋद्धिविधज्ञानलाई नै यहाँ 'देवयानिय मार्ग' भनिएको हो भनी सुमं. वि. I. पृ. २५७: केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. यी भिक्षु ऋद्धि प्रकृतिका थिए। त्यसैले नजिकमा हुनु भएका भगवान्‌सँग यो प्रश्न नसोधी देवताहरू महानुभाव सम्पन्न हुन्छन् भन्ने सोची ऋद्धिद्वारा यिनी देवलोकमा गएका हुन् भनी सुमं. वि. I. पृ. २५७: केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. बुद्ध विषयको प्रश्नको उत्तर देवताहरूले दिन सक्दैनन्। त्यसैले यस्तो भनेका हुन्। अनि जब सो भिक्षुले यस प्रश्नको उत्तर देऊ भनी बार बार जोर गरे तब उनको यस कुराबाट बच्नको लागि उनीहरूले 'चातुर्मराजाहरू' छन् भनी बताएका हुन् भनी सुमं. वि. I. पृ. २५७: केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ।

(२) "केवट्ट ! अनि सो भिक्षु जहाँ चातुर्महाराजाहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि चातुर्महाराजाहरूसँग उनले यस्तो भने—आवुसो ! यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा चातुर्महाराजाहरूले सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! हामीहरू पनि जान्दैनौं कि यी चार महाभूतहरू ..कहाँ निश्शेष-रूपले निरुद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर त्रयस्त्रिंश भन्ने देवहरू छन् । शायद उनीहरूले यी चार महाभूतहरू .. कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

(३) "केवट्ट ! अनि सो भिक्षु जहाँ त्रयस्त्रिंश देवहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि त्रयस्त्रिंश देवहरूसँग उनले यस्तो भने—'आवुसो ! यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा त्रयस्त्रिंश देवहरूले सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! हामीहरू पनि जान्दैनौं कि यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर शक्र भन्ने देवेन्द्र छन् । शायद उनले यी चार महाभूतहरू ..कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

(४) "केवट्ट ! अनि सो भिक्षु जहाँ शक्र देवेन्द्र थिए त्यहाँ गए । त्यहाँ पुगेपछि शक्र देवेन्द्रसँग उनले यस्तो भने—'आवुसो ! यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा

शक्र देवेन्द्रले[1] सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! म पनि जान्दिन कि यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर (५) यामा भन्ने देवहरू,... (६) सुयाम भन्ने देवहरू,... (७) तुषित भन्ने देवहरू,... (८) सन्तुषित भन्ने देवहरू,... (९) निर्माणरती भन्ने देवहरू,... (१०) सुनिर्मित भन्ने देवहरू,... (११) परनिर्मितवशवर्ती भन्ने देवहरू,.. (१२) वशवर्ती भन्ने देवपुत्रहरू छन् । शायद उनीहरूले यी चार महाभूतहरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

"केवट्ट ! अनि सो भिक्षु जहाँ वशवर्ती देवपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेपछि उनले वशवर्ती देवपुत्रसँग यस्तो भने—'आवुसो !

---

१. भिक्षुको प्रश्न सुनेर शक्र देवेन्द्रले यस्तो सोचे—'यो प्रश्न बुद्ध विषयको प्रश्न हो । बुद्धले बाहेक अरू कसैले पनि भन्नसक्ने छैन । यी भिक्षु आगोलाई छाडी जुनकिरी बाल्ने जैं, भेरी छाडेर पेट बजाउने जैं देवहरूकहाँ विचरण गर्दै यो प्रश्न सोध्दैछन् । अतः यिनलाई बुद्धकहाँ फर्काइ दिनुपर्‍यो ।' तर फेरि उनको मनमा यस्तो लाग्यो—'जसकहाँ गए पनि अन्तमा बुद्धकहाँ नपुगी सुख पाउने छैनन् । अतः जाउन् यी एकोहरे भिक्षु, जहाँसम्म जान सक्छन् अथवा जति टाढासम्म जान सक्छन् जाउन् ।' यति सोची शक्रले पनि आफूभन्दा सुन्दरतर तथा प्रणीततर देवहरू छन् भन्ने कुरा बताएका हुन् भनी सुमं. वि. I. पृ. २५७–५८: केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा वशवर्ती देवपुत्रले पनि सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! म पनि जान्दिन कि यी चार महाभूतहरू.. कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर ब्रह्मकायिक भन्ने देवपुत्रहरू छन् । शायद उनीहरूले यी चार महाभूतहरू..कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

(१३) "केवट्ट ! अनि सो भिक्षु त्यस्तो समाधिमा समाधिष्ठ भए—जुन समाधिमा समाधिष्ठ हुँदा सो भिक्षु ब्रह्मयानीय मार्गमा उत्पन्न भए । केवट्ट ! अनि सो भिक्षु जहाँ ब्रह्मकायिक देवहरू थिए त्यहाँ पुगे । त्यहाँ पुगेपछि उनले ब्रह्मकायिक देवहरूसँग यस्तो भने—'आवुसो ! यी चार महाभूतहरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?' केवट्ट ! यस्तो सोध्दा ब्रह्मकायिक देवहरूले सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! हामीहरू पनि जान्दैनौं कि यी चार महाभूतहरू.. कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् । भिक्षु ! हामीभन्दा सुन्दरतर तथा प्रणीततर—अपराजेय, विजेता (अभिभू, अनभिभूतो), साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक (सज्जिता), वशी र प्राणीहरूका (भूतभव्यानं) पिता, ब्रह्मा महाब्रह्मा छन् । शायद उनले यी चार महाभूतहरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् भन्ने कुरा जान्दछन् होला ।'

'आवुसो ! सो महाब्रह्मा अहिले कहाँ छन् त ?'

'भिक्षु ! हामीलाई थाहाछैन कि ब्रह्मा कहाँ छन्, ब्रह्मा कुन-

प्रकारले छन् अथवा ब्रह्मा कुन ठाउँमा छन्। भिक्षु ! किन्तु जुन पूर्वलक्षणहरू देखा परिरहेका छन्, आलोकित भइरहेका छन्, प्रकाशमान् भइरहेका छन्—यी ब्रह्मा प्रकट हुने लक्षणहरू हुन्, जो आलोकित हुँदैछन्, प्रकाशमान् हुँदैछन् ।'

"केवट्ट ! अनि केही समयमै सो महाब्रह्मा प्रकट भए। केवट्ट ! अनि सो भिक्षु जहाँ महाब्रह्मा थिए त्यहाँ गए। त्यहाँ पुगेपछि महाब्रह्मालाई उनले यस्तो भने—

'आवुसो ! यी चार महाभूतहरू—पृथ्वी, आप्, तेज, वायु—कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?'

"केवट्ट ! यस्तो सोध्दा महाब्रह्माले सो भिक्षुलाई यस्तो भने—'भिक्षु ! म ब्रह्मा-महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी र प्राणीहरूका पिता हुँ ।'

"केवट्ट ! दोस्रो पटक पनि सो भिक्षुले महाब्रह्मालाई यस्तो भने—

'आवुसो ! म तिमीसँग यस्तो सोध्दिन कि तिमी ब्रह्मा-महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी र प्राणीहरूका पिता हौ वा होइनौ ? परन्तु म तिमीसँग यस्तो भन्दछु कि—'यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?'

"केवट्ट ! दोस्रो पटक पनि महाब्रह्माले सो भिक्षुलाई यस्तो

भने—'भिक्षु म ब्रह्मा-महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी र प्राणीहरूका पिता हुँ।'

''केवट्ट ! तेश्रो पटक पनि सो भिक्षुले महाब्रह्मालाई यस्तो भने—

'आवुसो ! म तिमीसँग यस्तो सोध्दिन कि तिमी ब्रह्मा-महाब्रह्मा, अपराजेय विजेता, साँच्चैकै वशवर्ती, ईश्वर, कर्ता, निर्माता, श्रेष्ठ, व्यवस्थापक, वशी र प्राणीहरूका पिता ह्वौ वा होइनौ ? परन्तु म तिमीसँग यस्तो सोध्दछु कि—यी चार महाभूतहरू कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?'

''केवट्ट ! अनि सो महाब्रह्माले सो भिक्षुको हात समाती एक छेउमा लगी सो भिक्षुलाई यसो भने—

'भिक्षु ! यी ब्रह्मकायिक देवहरू यस्तो ठान्दछन् कि – ब्रह्माले नजानेका केहीं छैनन्, ब्रह्माले नदेखेका केही छैनन्, ब्रह्माले नबुझेका केही छैनन्, ब्रह्माले साक्षात्कार नगरेका केही छैनन् । त्यसैले उनीहरूका साम्नुन्ने मैले नभनेको हुँ । भिक्षु ! म पनि जान्दिन कि – यी चार महाभूतहरू ..कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् । भिक्षु ! यो त तिम्रै गल्ती हो, तिम्रै अपराध हो जो कि भगवान्‌लाई छाडी बाहिर अरूबाट यो प्रश्नको उत्तर तिमी खोज्दछौ । भिक्षु ! तिमी जाऊ[१], वहाँ भगवान्-

१. भिक्षुले प्रश्न सोध्नेवित्तिकै महाब्रह्माले 'यो बुद्ध विषयको प्रश्न हो' भन्ने कुरा जानिसकेका थिए । किन्तु आफू प्रति अरू ब्रह्माहरूमा

कहाँ नै गई यो प्रश्न सोध । जस्तो भगवानले व्याकरण गर्नुहुने छ त्यस्तै तिमीले धारण गर ।'

''केवट्ट ! अनि सो भिक्षु, जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ, त्यस्तैगरी— ब्रह्मलोकमा अन्तर्धान भई मेरो अगाडि प्रकट भए । केवट्ट ! अनि सो भिक्षुले मलाई यसो भने—

जस्तो विश्वास थियो त्यसमा खलबली आउन सक्ला भन्ने कारणले यिनले ब्रह्मपरिषद्का अगाडि 'जान्दिन' भनी नभनेका हुन् र प्रश्नकर्ता भिक्षुको ध्यान अर्कैतिर आकर्षित गर्ने विचारले आँपको प्रश्न सोध्दा लौकाको उत्तर दिए जैं गरी 'म नै ईश्वर हुँ, म नै कर्ता हुँ' भन्ने आदि कुरा बताएका हुन् । किन्तु जब भिक्षुले 'मैले तिमी को ह्वौ भनी सोधेको होइन' भनी बारम्बार परिषद्को अगाडि भन्नथाले तव परिषद्को अपवाद्बाट बच्नकोनिमित्त महाब्रह्माले उनलाई एक छेउमा लगी आफूले नजानेको कुरा मात्र भनेका होइनन् बल्कि बुद्धसँग सोध्नुपर्ने प्रश्न अन्त सोधेर के उत्तर पाउन सकौला ? यो त कुनै तेल खोज गर्नेले तीललाई न निचोरी बालुवा निचोरेर तेल निकाल्न खोजेको जस्तो पो भयो भन्दै भिक्षुको दोष देखाई उनलाई बुद्धकहाँ जानकोनिमित्त उत्साहित समेत गराएका हुन् भनी सुमं. वि. I. पृ. २५८: केवट्टसुत्तवण्णनाले उल्लेख गरेको छ ।

'भन्ते ! चार महाभूतहरू—पृथ्वी आप्, तेज, वायु – कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ?'

"केवट्ट ! यस्तोभन्दा सो भिक्षुलाई मैले यस्तो भने—

'भिक्षु ! अघि सामुद्रिक व्यापारीहरू तीर देखनसक्ने चरो लिई जहाजमा बसी समुद्रमा गए । जहाजबाट तीर नदेखेपछि उनीहरूले तीर देखनसक्ने चरो छाडिदिए । उ पूर्वदिशातिर गयो, दक्षिणदिशातिर गयो, पश्चिमदिशातिर गयो, उत्तरदिशातिर गयो; माथितिर गयो, अनुदिशातिर गयो । तीर देखनसकेको भए उ गएको गयै हुन्थ्यो । किन्तु चारै दिशातिर उसले कतै पनि तीर देखन नसकेपछि उ फर्केर आए जस्तै—भिक्षु ! तिमी पनि ब्रह्मलोकसम्म पुगी तिमीले यस प्रश्नको उत्तर पाउन सकेनौ र अन्तमा मेरै छेउमा आयौ । भिक्षु ! यो प्रश्न यसरी सोधिंदैन कि—भन्ते ! यी चार महाभूतहरू...कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् ? बलिक भिक्षु यो प्रश्न यसरी सोधिनु पर्छ—

"कत्थ आपो च पथवी, तेजो वायो न गाधति ।
कत्थ दीघं च रस्सं च, अणु थूलं सुभासुभं ।
कत्थ नामं च रूपं च, असेसं उपरुज्झती'ति ।।"

अर्थ—

'कहाँ आप्, पृथ्वी, तेज तथा वायु रहँदैन ?
कहाँ लामो, छोटो, मसीनो, मोटो तथा शुभाशुभ रहँदैन ?
कहाँ नाम र रूप निश्शेषरूपले निरुद्ध हुन्छ ?'

अनि त्यहाँ यसरी व्याकरण हुन्छ—

१. 'विञ्ञाणं अनिदस्सनं, अनन्तं सब्बतोभयं ।
एत्थ आपो च पथवी, तेजो वायो न गाधति ।।

२. 'एत्थ दीघं च रस्सं च, अणुं थूलं सुभासुभं ।
एत्थ नामं च रूपं च, असेसं उपरुज्झति ।
विञ्ञाणस्स निरोधेन, एत्थेतं उपरुज्झती'ति ।।"

अर्थ—

१–'जुन विज्ञान (=निर्वाण) अनिदर्शन छ, जुन अनन्त (=उत्पत्ति स्थिति विनाश नभएको) छ तथा सर्वतिरबाट प्रभा छ—त्यहाँ आप्, पृथ्वी, तेज तथा वायु रहँदैन ।

२–'यहाँ लामो, छोटो, सूक्ष्म, शुभाशुभ रहँदैन; यहाँ नाम र रूप निश्शेषरूपले निरुद्ध हुन्छन्; (अन्तिम) विज्ञान (=चरिम विज्ञान) को निरुद्ध भएपछि यहीं सबै निरुद्ध हुन्छन्' ।"

भगवान्ले यति भन्नुभयो । अनि सन्तुष्ट भएर केवट्ट गृहपति-पुत्रले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

---

१२. घटिकार कुमाले

परिचय

हुनत यी घटिकार कुमाले हाल गौतम बुद्धका पालाका होइनन् । यिनी कश्यप बुद्धका पालाका हुन् । किन्तु यिनको सम्बन्धमा स्वयं शाक्यमुनि बुद्ध भगवान्ले मज्झिमनिकाय, भाग–२, पृ. २७१: घटिकारसुत्तमा उल्लेख गर्नु भएको हुँदा मैले यिनलाई यस संग्रहमा समावेश गरेको हुँ ।

कश्यप सम्यक्सम्बुद्धका पालाका एक अति उच्च तथा आदर्शमय जीवन भएका यी कुमाले अनागामी मार्गफलमा प्रतिष्ठित थिए । त्यसवखत आफ्ना दुवैजना अन्धा आमा-बाबुहरूलाई यिनले धर्मतापूर्वक पालनपोषण गरेका थिए । यिनका एक अति हितैषी साथी जोतिपाल भन्ने ब्राह्मण थिए । यिनी हालका बुद्ध बोधिसत्व हुनुहुँदाका थिए । यही मित्रताको गाँठो रहेको हुनाले बुद्धले यिनका कुरा बताउनु भएको हुनुपर्छ ।

मृत्यु भएपछि घटिकार कुमाले घटिकार देवपुत्रको नामले

शुद्धावास ब्रह्मलोकमा उत्पन्न भएका थिए भन्ने कुरा घटिकारसुत्त[1] द्वारा थाहा पाइन्छ। ब्रह्मलोकमा उत्पन्न भएका यी घटिकार ब्रह्माले सिद्धार्थ बोधिसत्वले गृहत्याग गरी अनोम नदीको तीरमा गई प्रव्रजित हुँदा कषायवस्त्र ल्याइदिएका थिए भनी गोतमबुद्धवंस-वण्णनाले[2] उल्लेख गरेको छ। यस सम्बन्धी अरू कुराहरू बुद्धकालीन ब्रह्मादिदेव, भाग–१, पृ. १७३ देखि १९० सम्म घटिकार देवपुत्रको कथामा हेर्नू। अगाडि अनुदित मूल सूत्र सम्बन्धी जति पनि विशेष स्पष्टिकरणहरू अट्ठकथाले दिएको छ ती कुराहरू मैले ठाउँ ठाउँका पादटिप्पणीहरूमा लेखिदिएको छु।

× × ×

घटिकार नामहरू

(१) घटिकार (ब्रह्मा)—यी ती ब्रह्माको नाम हो जसले अनोम नदीको तीरमा प्रव्रजित हुनलाग्नुभएका सिद्धार्थ बोधिसत्व-लाई कषायवस्त्र ल्याइदिएका थिए। बु. वं. अ. क. पृ २३६:

---

१. सं. नि. I. पृ. ३३: घटिकारसुत्तं, देवतासंयुत्तं अथवा हेर बु. ब्र. भा–१, पृ. १८६ मा।

२. पृ. २३६; अथवा बु. ब्र. भा–१, पृ. १८२–८३ मा हेर्नू।

गोतमबुद्धवंसवण्णना; जा. अ. क. I. पृ. ५४: अविदूरे निदान; विमा. व. अ. क. पृ. २५३: कन्थकविमान।

(२) घटिकार (कुमाले)—यी उही कुमाले हुन् जसको कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छु।

(३) घटिकार (सुत्तं)—यो त्यो सूत्र हो जुन सूत्रमा कोशलमा चारिका गर्दा भगवान्ले एक ठाउँमा यो घटिकार कुमालेको सम्बन्धमा कुराहरू प्रकाश पार्नु भएको छ। म. नि. II. पृ. २७१, अ. क. III. पृ. १९१.

(४) घटिकार (सुत्तं)—यो त्यो सूत्र हो जुन सूत्रमा घटिकार देवपुत्रले जेतवनाराममा बसिरहनुभएका बुद्धकहाँ आई आफ्ना सातजना साथीहरू पनि अविहा ब्रह्मलोकमा उत्पन्न भई परिनिर्वाण भएको कुराको सूचित गरेका छन्। सं. नि. I. पृ. ३३: देवतासंयुत्तं; सं. नि. I. पृ. ५७: देवपुत्तसंयुत्तं। यस सूत्रको अनुवाद बु. ब्र. भा-१, पृ. १८६ मा भएको छ।

× × ×

मूल सूत्र—

१–घटिकार कुमालेको भक्ति

भगवान् मुस्काउनुभयो

यस्तो मैले सुनें [१] ।

एक समय भगवान् कोशलमा महत् भिक्षुसङ्घका साथ चारिका गर्दै हुनुहुन्थ्यो । अनि भगवान् बाटोबाट एकातिर लागी एक स्थानमा मुसुक्क हास्नुभयो [२] (सितंपात्वाकासि) । अनि आनन्दलाई यस्तो लाग्यो—

---

१. म. नि. II. पृ. २७१: घटिकारसुत्तं, अ. क. III. पृ. १९१.

२. भगवान् मूल बाटोमा हिंडिरहनुभएको वेलामा एक ठाउँमा हेरेर "के म पारमी पूरा गर्दै आइरहेको वेलामा अघि म यस ठाउँमा बसेको रहेछु वा रहेन छु ?" भनी पूर्वानुस्मरण ज्ञानद्वारा अनुस्मरण गर्नुहुँदा वहाँले—"कश्यप बुद्धको पालामा यो ठाउँ वेहलिङ्ग भन्ने गाउँ-निगम थियो र त्यसवखत म जोतिपाल भन्ने माणव थिएँ र

मेरा साथी **घटिकार** भन्ने कुमाले थिए । उनीसँग यस ठाउँमा एक सु-कारण घटेको थियो" भन्ने कुरा जान्नुभयो र त्यो कुरा भिक्षु-हरूलाई थाहा नभएको हुनाले उनीहरूलाई बताउनु पर्‍यो भन्ने सोच्नु भई, बाटोबाट एकातिर लाग्नु भई एक ठाउँमा उभिएर नै वहाँ मुसुक्क हास्नु भएको थियो भनी पपं. सू. III. पृ. १९१: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

'मुसुक्क हास्नुभयो' भनेको—मुखका मुख्य दाँतहरू अलि अलि देख्नेगरी मन्द हाँसो हाँस्नु भएको हो । जस्तै—लौकिक महाजनहरू भए पेट् पिट्दै 'अहो कस्तो यो ठाउँ हो, अहो कस्तो यो ठाउँ हो !' भन्दै हास्ने थिए त्यसरी बुद्धहरू हास्नुहुन्न । बुद्धहरूको हाँसो केवल हर्षप्रहर्षित सूचक मात्रै हुन्छ ।

हाँसो भनेको तेह्र (१३) सौमनस्य सहगत चित्तहरूद्वारा सम्पन्न हुन्छ ।

यसमध्ये साधारण महाजनहरू अकुशलपक्षका चार (४) चित्त र कुशल पक्षका चार (४) कामावचर चित्त गरी जम्मा आठ (८) चित्तद्वारा हास्छन् । त्यसमध्ये शैक्षहरू उपरोक्त अकुशलपक्षका दृष्टिसम्प्रयुक्त ससंस्कारिक र असंस्कारिक भन्ने दुइ चित्त छाडी बाँकी छ (६) चित्तद्वारा हास्छन् । क्षीणास्रवीहरू चाहि चार (४) सहेतुकक्रियाचित्त र एकवटा (१) अहेतुकक्रियाचित्त गरी जम्मा पाँच (५) चित्तद्वारा हास्छन् ।

त्यसमध्ये पनि जब बलवत् आरम्मण पथमा आउँछ तब दुइ ज्ञानसम्प्रयुक्त चित्तद्वारा हाँसो उठ्छ। कमजोर आरम्मण पथमा आउँदा चाहिं दुइ द्विहेतुक चित्तद्वारा र अहेतुक चित्त गरी जम्मा तीन चित्तद्वारा हाँसो उठ्छ।

यहाँ चाहिं क्रिया अहेतुकमन:विज्ञानधातु सौमनस्य सहगत-चित्त उत्पत्तिद्वारा मात्र भगवान् हास्नु भएको हो भनी पपं. सू. III. पृ. १९१: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ।

यहाँ एक प्रश्न उठ्छ कि पछि पछि लागिरहनुभएका आयुष्मान् आनन्दले भगवान् मुस्काउनु भएको कुरा कसरी थाहा-पाउनुभयो त ?

यस्तो अवस्थामा तथागतका चारवटा दाँतहरूबाट निस्केको बिजुलीको चमक जस्तै महातालवृक्ष प्रमाणको रश्मी निस्की तीनपटकसम्म बेगले शरीर घुमी दाँतमा पुगेर लुप्त हुन्छ। यही लक्षणद्वारा पछि पछि लागिरहनुभएका आयुष्मान् आनन्दले भगवान् मुस्काउनु भएको कुरा थाहापाउनु भएको हो भनी पपं. सू. III. पृ. १९१ घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ।

भगवान् मुस्काउनु भएका कुराहरू म. नि. II. पृ. ३००: मखादेवसुत्तंमा र जा. अ. क. IV. पृ. ५४: कण्हजातकं नं. ४४० मा पनि पाइन्छन्।

"भगवान् मुस्काउनाको के कारण र के प्रत्यय रहेछ ? विना-कारणले तथागतहरू मुस्काउनु हुन्न ।"

अनि एकांश चीवरपारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ दुइहात-जोरी आयुष्मान् आनन्दले भगवान्सँग यस्तो भन्नुभयो—

"भन्ते ! मुस्काउनाको के कारण र के प्रत्यय रहेछ ? विना-कारणले तथागतहरू मुस्काउनु हुन्न ।"

घटिकारको पूर्वकथा

"आनन्द ! परापूर्वकालमा यस ठाउँ वेहलिङ्ग[1] नामक गाउँ-निगम थियो । जो समृद्ध, विपुल, धेरै मनुष्यहरू आकीर्ण थिए । आनन्द ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध वेहलिङ्ग गाउँ-निगमको आश्रयलिई बस्नुभएको थियो । आनन्द ! यहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको आराम (=विहार) थियो । आनन्द ! यहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध बसेर भिक्षुसङ्घलाई अववाद (=अतिबुद्धि) दिनुहुन्थ्यो ।"

अनि आयुष्मान् आनन्दले सङ्घाटी (=दोबरी चीवर) लाई चारदोबर पट्याएर बिछ्याई भगवान्लाई यस्तो विन्ति गर्नुभयो—

१. नालन्दा पालिमा: 'बेगलिङ्ग'; रोमनमा: 'वेभलिङ्ग'; स्याममा: 'वेभलिङ्ग' ।

"भन्ते ! त्यसोभए भगवान् यहाँ बस्नुहोस् । यो स्थान दुइजना अरहन्त सम्यक्सम्बुद्धहरूले परिभोग गरेको हुनेछ[1] ।" भगवान् बिच्छ्याइराखेको आसनमा बस्नुभयो । बस्नु भइसकेपछि आयुष्मान् आनन्दलाई भगवान्‌ले आमन्त्रण गर्नुभयो—

"आनन्द ! परापूर्वकालमा यस ठाउँमा वेहलिङ्ग नामक गाउँ-निगम थियो जो समृद्ध, विपुल, धेरै मनुष्यहरू आकीर्ण थिए । आनन्द ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध वेहलिङ्ग गाउँ-निगमको आश्रय लिई बस्नुभएको थियो । आनन्द ! यहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध बसेर भिक्षुसङ्घलाई अववाद दिनुहुन्थ्यो ।

"आनन्द ! वेहलिङ्ग गाउँ-निगममा घटिकार भन्ने कुमाले

---

१. यति खेर आयुष्मान् आनन्दलाई यस्तो लाग्यो—यस ठाउँमा बसी कश्यप बुद्ध भगवान्‌ले भिक्षुसङ्घलाई अर्तिबुद्धि दिनुभयो । चतुसत्यका कुराहरू बताउनु भयो । भगवान्‌लाई पनि यस ठाउँमा बस्ने इच्छा प्रकट गराइदिनुपऱ्यो । यसरी यो भूमिभाग दुइजना बुद्धहरूद्वारा परिभोग गरेको हुनेछ र महाजनहरूले पनि यसै घटनालाई स्मरण गरी सुगन्धित पुष्पधूपहरूद्वारा पूजागरी चैत्य स्थापना गरी परिचर्या गरेर स्वर्गपरायण हुनेछन् । यस्तो सोचेर वहाँले बुद्धसँग प्रार्थना गरेको हो भनी पपं. सू. III. पृ. १९१–९२: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको उपस्थाक थिए। अग्र उपस्थाक थिए।"

घटिकारको साथी जोतिपाल

"आनन्द! घटिकार कुमालेको जोतिपाल नामक माणव साथी थियो जो उनको प्रिय-सहायक थियो। आनन्द! अनि घटिकार कुमालेले जोतिपाल माणवलाई आमन्त्रण गरे—'हे सौम्य जोतिपाल! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ हामी जाऔं। भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनगर्नु मङ्गल हो।' आनन्द! यस्तोभन्दा जोतिपाल माणवले घटिकार कुमालेलाई यस्तो भने—'हे सौम्य घटिकार! भइहाल्यो। ती मुण्डक श्रमणको दर्शनले के (फल) हुन्छ र!' आनन्द! दोश्रो पटक पनि घटिकार कुमालेले जोतिपाल माणवलाई आमन्त्रण गरे—'हे सौम्य जोतिपाल! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ हामी जाऔं। भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनगर्नु मङ्गल हो।' आनन्द! यस्तोभन्दा जोतिपाल माणवले घटिकार कुमालेलाई यस्तो भने—'हे सौम्य घटिकार! भइहाल्यो ती मुण्डक श्रमणको दर्शनले के (फल) हुन्छ र!' आनन्द! तेश्रो पटक पनि घटिकार कुमालेले जोतिपाल माणवलाई आमन्त्रण गरे—'हे सौम्य जोतिपाल! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ हामी जाऔं। भगवान कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनगर्नु मङ्गल हो।' आनन्द! यस्तोभन्दा जोतिपाल

माणवले घटिकार कुमालेलाई यस्तो भने—'हे सौम्य घटिकार ! भइहाल्यो । ती मुण्डक श्रमणको दर्शनले के (फल) हुन्छ र[1] ! !'

'हे सौम्य जोतिपाल ! त्यसोभए स्नानचूर्णहरू लिएर स्नानको-निमित्त नदीमा जाऔं त[2] ।'

"आनन्द ! अनि 'हुन्छ सौम्य' भनी जोतिपाल माणवले घटिकार कुमालेलाई प्रत्युत्तर दिए। आनन्द ! अनि स्नानचूर्णहरू लिएर घटिकार कुमाले र जोतिपाल माणव स्नानगर्नकोनिमित्त नदीमा गए।

"आनन्द ! अनि घटिकार कुमालेले जोतिपाल माणवलाई

---

१. ब्राह्मण कुलमा जन्मेको हुनाले जाति अभिमानले सबैलाई भन्ने बानी जस्तै हेलाँको दृष्टिले हेरी, हेलाँगरी यस्तो भनेका हुन् भनी पपं. सू. III. पृ. १९२: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. एकै कुरामा जिद्दी गरिरहनुभन्दा अर्को विषयमा ध्यानाकर्षण गरी त्यहाँबाट बुद्धकहाँ लैजानेछु भन्ने विचार गरी घटिकारले 'नुहाउन जाऔं' भनी भनेका हुन् । जस्तै आजकल मानिसहरूलाई चैत्य-वन्दना गर्न जाऔं अथवा धर्मश्रवणकोनिमित्त जाऔं भन्दा उनीहरू उति उत्साह देखाउँदैनन् । तर नाचगान हेर्न जाऔं भन्दा चाहि तुरन्तै उत्साहित हुन्छन् । त्यस्तैगरी उनी पनि 'नुहाउन जाऔं' भन्दा उत्साहित भएर एकै वचनमा मानेका थिए भनी पपं. सू. III. पृ. १९२: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

आमन्त्रण गरे—'सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्-सम्बुद्धको आराम (=विहार) यहाँ नजिकमै छ। सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनगर्न आराममा जाऔं। सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ जानु साधुसम्मत छ।' आनन्द ! यस्तोभन्दा जोतिपाल माणवले घटिकार कुमालेलाई यस्तो भने—"सौम्य घटिकार ! भइहाल्यो। त्यस्ता मुण्डक श्रमणको दर्शनले के (फल) हुन्छ र !'

"आनन्द ! दोश्रो पटक पनि...आनन्द ! तेश्रो पटक पनि घटिकार कुमालेले जोतिपाल माणवलाई यस्तो भने—'सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको आराम (=विहार) यहाँ नजिकमै छ। सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ आराममा जाऔं। सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ जानु साधुसम्मत छ।' आनन्द ! तेश्रो पटक पनि जोतिपाल माणवले घटिकार कुमालेलाई यस्तो भने—'सौम्य घटिकार ! भइहाल्यो। त्यस्ता मुण्डक श्रमणको दर्शनले के (फल) हुन्छ र ?'

"आनन्द ! अनि घटिकार कुमालेले जोतिपाल माणवको पटुका (ओवट्टिकायं) समाती यस्तो भने—'सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको यो आराम नजिकमै छ। सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ आराममा जाऔं। वहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ जानु साधुसम्मत छ।' आनन्द ! अनि जोतिपाल माणवले पटुका छोडाई

घटिकार कुमालेलाई यस्तो भने—'सौम्य घटिकार ! भइहाल्यो । ती मुण्डक श्रमणलाई हेरेर के (फल) होला र !' आनन्द ! अनि घटिकार कुमालेले जोतिपाल माणवको नुहाइराखेको शीरको केश समाती यस्तो भने—'सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्-सम्बुद्धको यो आराम नजिकमै छ । सौम्य जोतिपाल ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ आराममा जाऔं । वहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ जानु साधु सम्मत छ[१] ।' आनन्द ! अनि जोतिपाल माणवलाई यस्तो लाग्यो—'भो आश्चर्य हो ! भो अद्भूत हो !! जहाँ कि हीनजातिक भएर पनि यी घटिकार कुमालेले हाम्रो नुहाएको शीरको केश समात्ने पनि हिम्मत गर्छन् भने अवश्य पनि यो (कुरा) कमसल होओइन होला !' (यस्तो मनमा सोचेर)

---

१. घटिकार कुमालेले यस्तो सोचेका थिए कि—यी जोतिपाल माणव पण्डित तथा बुद्धिमानी छन् । यिनले बुद्धको दर्शन गरेको खण्डमा अवश्य पनि यिनी बुद्ध प्रति प्रसन्न हुनेछन् । वहाँको धर्मोपदेश सुनेर पनि प्रसन्न हुनेछन् । प्रसन्न भएर प्रसन्नाकार पनि प्रकट गर्न सक्नेछन् । यस्तै कारणको लागि नै कल्याणमित्र चाहिने हो । अतः जोतिपाल माणव नुहाएर कपडाहरू लगाई रहेको वेलामा उनले पटुका मात्र समातेका होइनन् उनको केश पनि समेतका हुन् । जब घटिकारले यस्तोबिघ्न प्रक्रिया देखाए तब जोतिपालको मनमा परिवर्तन आयो र उनले विहारमा गई बुद्धको दर्शन गर्ने वचन दिए । पपं. सू. III. पृ. १९२: घटिकारसुत्तवण्णना ।

घटिकार कुमालेलाई यस्तो भने—'सौम्य घटिकार ! त्यसोभए हुन्छ ।' 'सौम्य जोतिपाल ! किन कि वहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनगर्नु साधु सम्मत छ त्यसैले मैले यसरी जोर गरेको हुँ ।' 'सौम्य घटिकार ! त्यसोभए मेरो केश छाड । हामी जाऔं ।'

जोतिपाल पब्रजित भए

"आनन्द ! अनि घटिकार कुमाले र जोतिपाल माणव जहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन गरी घटिकार कुमाले एक छेउमा बसे । जोतिपाल माणवले चाहिं भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि उनी पनि एक छेउमा बसे । आनन्द ! अनि घटिकार कुमालेले भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धसँग यस्तो विन्ति गरे— 'भन्ते ! यी जोतिपाल माणव मेरा साथी, प्रियसाथी हुन् । भगवान्ले यिनलाई धर्मोपदेश गर्नुहोस् ।' आनन्द ! अनि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धले घटिकार कुमालेलाई र जोतिपाल माणवलाई धार्मिक कथाद्वारा[1] सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित

---

१. यहाँ 'धार्मिक कथाद्वारा' भनी स्मृति प्रतिलाभ गराउने अर्थात् पूर्वजन्मका कुराहरू स्मरण गराउने कुरालाई भनिएको हो भनी जान्नुपर्छ । भगवान्ले उनलाई 'हे जोतिपाल ! तिमी कुनै हीन

पार्नुभयो । आनन्द ! अनि घटिकार कुमाले र जोतिपाल माणव भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

"आनन्द ! अनि जोतिपाल माणवले घटिकार कुमालेलाई यस्तो भने—'सौम्य घटिकार ! यस्तो धर्म सुनेर पनि तिमी घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्नौ त ?'

स्थानमा जानकोनिमित्त उत्पन्न भएका होइनौ । महाबोधि आसनमा बसी सर्वज्ञ-ज्ञान लाभार्थ प्रार्थना गर्दै आएका ह्वौ । त्यस्ता पुरुषले प्रमादी भई बस्नुहुन्न ।'

परसमुद्रवासी स्थविरले चाहिं यसरी उल्लेख गरेका छन् - 'जोतिपाल ! जस्तै म दशपारमीहरू पूरागरी सर्वज्ञ-ज्ञानलाई अबवोध गरी, बीसहजार भिक्षुहरूले परिवृत्त भई विचरण गर्छु, त्यस्तै तिमी पनि दशपारमीहरू पूरागरी सर्वज्ञ-ज्ञानलाई अवबोध गरी श्रमणगणहरूले परिवृत्त भई लोकमा विचरण गर्ने छौ ।' यस्ता पुरुष प्रमादी भएर बस्नुहुन्न भन्ने आदि कुराहरू सुनाउनु भई प्रव्रज्या हुनेतिर उनको मन लाग्नेगरी कामबिषयको दुष्परिणाम र नैष्क्रम्यको महिमा सम्बन्धी उपदेश सुनाउनु भयो ।' प.पं. सू. III. पृ. १९३: घटिकारसुत्तवण्णना ।

'सौम्य जोतिपाल ! तिमी जान्दछौ कि—म मेरा अन्धा वयोवृद्ध आमा-बाबुहरूलाई पोषण गर्दछु ।'

'सौम्य घटिकार ! त्यसोभए म घरबार छाडी अनगारिय भई प्रव्रजित हुनेछु ।'

"आनन्द अनि घटिकार कुमाले र जोतिपाल माणव जहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका घटिकार कुमालेले भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धसँग यस्तो विन्ति गरे—'भन्ते ! यी जोतिपाल माणव मेरा साथी, प्रिय साथी हुन् । यिनलाई भगवान्ले प्रव्रजित गराउनु होस् ।' आनन्द ! अनि जोतिपाल माणवले भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धकहाँ प्रव्रज्या पाए उपसम्पदा पनि[1] ।

---

१. प्रव्रजित भएका बोधिसत्वले के चर्या गर्छन् त भन्ने कुराको सम्बन्धमा पपञ्चसूदनीले यसरी लेखेको छ—

बुद्धको सन्मुख प्रव्रजित भएपछि बोधिसत्व सिङ खसेको गोरु जस्तै निरहङ्कारी हुन्छन् । चतुपारिशुद्धि शीलमा प्रतिष्ठित भई, त्रिपिटक बुद्धवचन अध्ययन गरी, तेह्रधुतङ्गशीलहरू समादान गरी, अरण्यभित्र पसी, गमनागमनको नियम पालन गर्दै श्रमण-धर्म पालन गरी बस्छन् र विपश्यनाध्यान अभिवृद्धि गरी अनुलोम ज्ञानको अनुभूति गर्छन् । तर मार्गफलकोनिमित्त भने कोशिस गर्दैनन् । जोतिपालले पनि त्यस्तैगरी जीवन बिताएका थिए । पपं. सू. III. पृ. १९३: घटिकारसुत्तवण्णना ।

भगवान् कश्यप वाराणशीमा

"आनन्द ! जोतिपाल माणव उपसम्पन्न भएको केही समय पछि (अर्थात्) दुइहप्तापछि वेहलिङ्गमा इच्छानुसार विहार गर्नुभई भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध जहाँ वाराणशी हो त्यहाँ चारिकार्थ जानुभयो। चारिका गर्दै क्रमशः वाराणशीमा पुग्नुभयो। आनन्द ! त्यहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध वाराणशीको ऋषिपतन मृगदायमा बस्नुभयो।

"आनन्द ! अनि काशीराजा किकीले—'भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध वाराणशीमा आइपुग्नु भई वाराणशीको ऋषिपतन मृगदायमा बस्नुभएको छ' भन्ने कुरा सुने। आनन्द ! अनि काशीराजा किकी असल असल रथहरू सजाउन लगाई असल रथमा चढी असल असल रथहरू लिई महान् राजानुभावद्वारा वाराणशीबाट भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको दर्शनार्थ गए। जतिसम्म रथको बाटोथियो त्यतिसम्म रथमा गई (त्यसपछि) रथबाट ओर्ल्हीं जहाँ भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्थ्यो त्यहाँसम्म पैदल गए। त्यहाँ पुगेपछि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका काशीराजा किकीलाई भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो। आनन्द ! अनि काशीराजा किकी भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित,

समुत्तेजित तथा सम्प्रहर्षित भएपछि भगवान् कश्यप अरहत् सम्यक्-सम्बुद्धलाई उनले यस्तो विन्ति गरे—'भन्ते ! भोलिकोनिमित्त मेरो भोजन भिक्षुसङ्घका साथ भगवान्‌ले स्वीकार गर्नुहोस् ।' आनन्द ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो। आनन्द ! अनि काशीराजा किकी भगवान् कश्यप अरहत् सम्यक्-सम्बुद्धले स्वीकार्नु भएको कुरो बुझी आसनबाट उठी भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए। आनन्द ! अनि काशीराजा किकीले त्यसरात बितेपछि आफ्नो निवास-स्थानमा पण्डुमुटिक[1] (=रातो धान) को भात अनेक सूपहरू (=तिउनहरू), अनेक व्यञ्जनहरू र प्रणीत खाद्यभोज्यहरू तयार पार्न लगाई भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धलाई—'भन्ते !

---

१. रातो धान बनाउनकोनिमित्त धानलाई रोप्ने वेलादेखि नै ठूलो सन्मानपूर्वक स्याहारसम्मान गरिन्छ । जस्तै—खेत जोतिसकेपछि बिउ रोप्ने वेलामा चाँदनी बाँधी बिउ रोप्छन् र सुगन्ध जलले सिञ्चाइ गर्छन् । धान पाकिसकेपछि धानका बाला काटी धान झिकी त्यसलाई थैला थैलामा पोको पोको पारी राखी डोरीमा झुण्ड्याई आकाशमै सुकाउँछन् र सुगन्ध चूर्णहरू छरी भकारीमा राख्छन् । तीन तीन वर्षमा सो भकारीको धान झिक्छन् । यसो गर्दा सो धान रातो हुन्छ । यस्तो धानको भात पकाई अनेक सूपब्यञ्जन-हरूका साथ भोजन गराए । पपं. सू. III. पृ. १९४: घटिकारसुत्त-वण्णना ।

भोजनको समय भयो, भोजन तयार छ' भनी समयको सूचना दिन पठाए।

"आनन्द ! अनि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध जहाँ काशीराजा किकीको निवासस्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइ-राखेको आसनमा भिक्षुसङ्घका साथ बस्नुभयो। आनन्द ! अनि काशीराजा किकीले बुद्धसहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्य-भोज्यहरू 'पुग्यो पुग्यो' भन्नेगरी सन्तर्पित गरे। आनन्द ! अनि भोजन सिद्धिएपछि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धले पात्रबाट हात हटाइसकेपछि, एउटा होचो आसन लिई काशीराजा किकी एक छेउमा बसे। एक छेउमा बसेका काशीराजा किकीले भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धसँग यस्तो विन्ति गरे—

'भन्ते ! भगवान्ले वाराणशीमा वर्षावास गर्न स्वीकार गर्नुहोस्। यस्तैगरी सङ्घको पनि उपस्थान हुनेछ।'

'महाराज ! भइहाल्यो; मैले वर्षावास गर्ने स्वीकार गरिसकेको छु।'

"आनन्द ! दोश्रो पटक पनि...तेश्रो पटक पनि काशीराजा किकीले भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धसँग यस्तो विन्ति गरे—

'भन्ते ! भगवान्ले वाराणशीमा वर्षावास गर्न स्वीकार गर्नुहोस्। यस्तैगरी सङ्घको पनि उपस्थान हुनेछ।'

'महाराज ! भइहाल्यो; मैले वर्षावास गर्ने स्वीकार गरिसकेको छु[१] ।'

"आनन्द ! अनि 'वाराणशीमा वर्षावास गर्ने मेरो निम्तो भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धले स्वीकार गर्नुभएन' भनी काशीराजा किकीलाई दुःख लाग्यो, अन्यथा लाग्यो[२] । आनन्द ! अनि काशीराजा किकीले भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धसँग यस्तो विन्ति गरे—'भन्ते ! मभन्दा ठूलो अरू कुनै उपस्थाक छ के ?'

---

१. कसको वर्षावास वहाँले स्वीकार्नु भएको थियो ? भगवान् कश्यप वेहलिङ्गबाट आउनलाग्नु हुँदा घटिकार कुमालेले वहाँसँग वेहलिङ्ग-मा वर्षावास गर्ने प्रार्थना गरेकाथिए र भगवान्ले पनि स्वीकार गरिसक्नु भएकोथियो । त्यसैले भगवान्ले 'वर्षावास गर्ने स्वीकार गरिसकेको छु' भनी सूत्रमा उल्लेख भएको हो भनी पपं. सू. III. पृ. १९४: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको हो ।

२. 'तीन महीनासम्म दानदिन, धर्मश्रवण गर्न र यस्तैगरी भिक्षुसङ्घको उपस्थान गर्न पाइन' भनी यसै अलाभको कारणले गर्दा राजाको मनमा दुःख लागेको हो । बुद्धको कारणमा होइन । स्रोतापन्न भएका उनी बुद्ध प्रति अप्रसन्न भई दुःखी हुन सक्दैनन् ।

उनी अघि ब्राह्मणभक्त थिए । एकदिन प्रत्यन्तमा अशान्ति भएपछि शान्ति पार्नकोलागि प्रत्यन्तमा जाँदा राजाले **उरच्छदा** नामक छोरीलाई यस्तो भने—"अम्मे ! हाम्रीहरूका देवता

(ब्राह्मणहरू) प्रति प्रमादिनी नहौ।" अनि दरबारमा आएका ब्राह्मणहरू राजकन्या देखेर मूर्क्षित भए। 'यिनीहरू को हुन्?' भनी सोध्दा 'तपाइका देवताहरू हुन्' भनी भनेको सुनी 'देवताहरू यस्ता हुन्छन् के?' भन्दै थुक्दै राजकन्या प्रासादमाथि गइन्।

एकदिन बाटामा उभिइरहेकी राजकन्याले कश्यप बुद्ध भगवान्का अग्रश्रावकलाई बाटामा देखेर बोलाउन लगाई भोजन प्रदान गरिन्। त्यसपछि अनुमोदन धर्मोपदेश सुन्दासुन्दै **उरच्छदा** राजकन्या स्रोतापन्ना भइन्। त्यसपछि उनले अरू पनि भिक्षुहरू छन् के? भनी सोध्दा अग्रश्रावकले बीसहजार भिक्षुहरूका साथ तथागत ऋषिपतनमा बस्नुभएको छ भनी भन्नुभयो। अनि शास्तालाई पनि निम्त्याई दान दिइन्।

प्रत्यन्तमा शान्त पारी राजा फर्केर आएपछि ब्राह्मणहरूले राजकन्याको बारेमा चुक्ली सुनाए। यो थाहापाएर राजकन्या उरच्छदाले आफू जन्मिदा राजाले दिइराखेको सातदिन राज्य चलाउने वर मागिन्। सो अनुसार राजाले सातदिनसम्म राज्य-चलाउन दिए। यस बीच राजकन्याले शास्तालाई भोजन गराउन थालिन् र राजालाई पनि बोलाई पर्दाबाहिर बसालिन्। शास्ताको अनुमोदन धर्मोपदेश सुनेर राजाले पनि स्रोतापत्तिफल साक्षात्कार गरे। अतः स्रोतापन्न हुनेको चित्तमा बुद्ध प्रति आघात उत्पन्न हुन सक्दैन। पपं. सू. III. पृ. १९४–९५: घटिकारसुत्तवण्णना।

घटिकार कुमालेको बयान

'महाराज ! वेहलिङ्ग भन्ने (एक) गाउँ-निगम छ । त्यहाँ घटिकार भन्ने (एक) कुमाले छन् । उनी मेरा उपस्थाक, अग्र उपस्थाक हुन् । महाराज ! जसरी तपाइलाई 'भगवान् कश्यप अरहत् सम्यक्-सम्बुद्धले वाराणशीमा बस्ने मेरो वर्षावासको निम्तो स्वीकार गर्नुहुन्न' भनी अन्यथा तथा दुःखमनाउ लाग्छ – त्यसरी अन्यथा र दुःखमनाउ घटिकार कुमालेको मनमा अहिले पनि हुन्न र पछि पनि हुन्न । महाराज ! घटिकार कुमाले बुद्धको शरणमा गएका छन्, धर्मको शरणमा गएका छन् तथा सङ्घको शरणमा पनि गएका छन् । महाराज ! घटिकार कुमाले प्राणातिपातबाट विरत छन्, अदिन्नादानबाट (=चोरीबाट) विरत छन्, काममिथ्याचारबाट विरत छन्, मृषावाद-बाट विरत छन्, सुरामेरयमद्यप्रमादस्थानबाट विरत छन् । महाराज ! घटिकार कुमाले बुद्ध प्रति उत्कृष्ट प्रसन्नताले (अवेच्चप्पसादेन) सम्पन्न छन् । धर्म प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न छन् । सङ्घ प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न छन् र आर्यकान्तशीलहरूले[1] सुसम्पन्न छन् । महाराज ! घटिकार कुमाले दुःख सत्यमा निःसंदेही छन्, दुःख समुदय सत्यमा निःसंदेही छन्, दुःखनिरोध सत्यमा निःसंदेही छन्, दुःख-

---

१. 'आर्यकान्तशील' भनी विशेषरूपले अनागामी हुनेको शीललाई भनिएको हो । हेर लेखकको बु. गृ. भा–१, पृ. ६९–८७ मा; बु. श्रा. भा–१, पृ. २५६ मा ।

निरोधगामिनी प्रतिपद्मा निःसंदेही छन् । महाराज! घटिकार कुमाले एकछाके, ब्रह्मचारी, शीलवान् र कल्याणधर्मी हुन् । महाराज ! घटिकार कुमाले मणिमाणिक्य तथा सुनचाँदीहरूलाई त्याग्छन् अर्थात् ग्रहण गर्दैनन् । महाराज ! घटिकार कुमाले खन्तीद्वारा वा आफ्नै हातले भुइ खन्दैनन् । जो यहाँ स्वयं थुप्रिएको माटो हो अथवा जो मुसा र कुकुरहरूले खोतलेर थुपारेको माटो हो—त्यो खर्पनमा ल्याई भाँडाहरू बनाई यस्तो भन्दछन्—'यहाँ चामलको पोको, मुगीको पोको, मटरको पोको अथवा जे इच्छा छ त्यो राखेर जजसले जे जे (भाँडा) चाहन्छन् ती ती लैजाउन्[1] ।' महाराज ! घटिकार कुमाले अन्धा वयोवृद्ध आफ्ना

---

१. यस वाक्यको भनाइको मतलब हो—घटिकार कुमालेले पोलिसकेका माटाका भाँडाहरू आफैंले विक्री गर्दैनन् । माटाका भाँडाहरू एक ठाउँमा राखेर—'भाँडा लिन चाहनेले चामल, मुगी अथवा मटर-हरूमध्ये जे छ त्यो थैलामा राखिदिएर भाँडाहरू लैजाऊन्' भनी उनी जङ्गलमा गई दाउरा, माटा तथा परालहरू वा घाँसहरू ल्याउन जान्छन् । घटिकार कुमालेका माटाका भाँडाहरू राम्रा, बलिया तथा असल छन् भन्ने सुनेर महाजनहरू परिशुद्ध चामल, नून, दही, तेल, मह, सखर आदि लिएर आई भाँडाहरू लिन्छन् । कुनै पनि मानिसले कम मोल 'दिएर बढी मोलका भाँडाहरू लिदैनन् । ल्याइएका तण्डुलहरू भाँडाको मोलभन्दा बढी भएमा—'यी धार्मिक ब्यापारीले आफ्ना अन्धा तथा वयोवृद्ध आमा-बाबुहरूको

आमा-बाबुहरूको पोषण गर्छन् । महाराज ! घटिकार कुमालेले पाँच अधोभागीय संयोजनहरू[१] (ओरम्भागियानं संयोजनानं) लाई क्षीण गरिसकेका छन् । उनी औपपातिक (=ब्रह्मलोकमा उत्पन्न हुने) भई त्यसलोकबाट यहाँ नफर्कने भई उहीं परिनिर्वाण हुने छन् ।

भरण पोषण गर्छन् र सम्यक्सम्बुद्धको पनि उपस्थान गर्छन् । अतः हामीले पनि धेरै पुण्य पाउनेछौं' भन्दै ल्याएका वस्तुहरू जम्मै छाडेर जान्छन् । यदि ल्याएका तण्डुलादिका मोल भाँडाको मोलभन्दा कम हुन गएमा फर्केर गई फेरि वस्तुहरू ल्याई राखिदिन्छन् । बढता मोल पर्नेलाई कम मोलका अन्नहरू राखेर कहील्यै लैजान्नन् ।

यस्ता गुणले युक्तहुने पुरुष किन प्रव्रजित नभएका त भन्ने राजाको कुरा काट्नकोनिमित्त भगवान्ले कारणहरू देखाउनु भई 'घटिकार कुमाले अन्धा वयोवृद्ध आफ्ना आमा-बाबुहरूको भरण पोषण गर्छन्' भनी सूत्रको अगाडि भनिएको हो भनी पपं. सू. III. पृ. १९५: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. (१) सत्कायदृष्टि-संयोजन, (२) विचिकित्सा-संयोजन, (३) शीलव्रतपरामर्श-संयोजन, (४) कामच्छन्द-संयोजन, (५) ब्यापाद-संयोजन । यी पाँच संयोजनहरूलाई 'अधोभागीयसंयोजन' भन्दछन् । विभं. पा. पृ. ४५२: पञ्चकमातिकनिद्देसो, खुद्दकवत्थुविभङ्गो; सं. नि. IV. पृ. ५९: ओरम्भागियसुत्तं । अधोभागीय संयोजन भनेको तलतिर लैजाने संयोजन=बन्धन भनिएको हो ।

भाँडाको भात बुद्धले खाए

(१) 'महाराज ! एक समय म वेहलिङ्ग नामक गाउँ-निगममा बसिरहेको थिएँ । महाराज ! अनि म पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ घटिकार कुमालेका आमा-बाबुहरू थिए त्यहाँ गएँ । त्यहाँ पुगेपछि घटिकार कुमालेका आमा-बाबुहरूसँग यस्तो भनें—'हाँ यी भार्गव (भग्गवो[१]) कहाँ गए ?'

'भन्ते ! तपाइको उपस्थाक बाहिर गइसक्यो । (माटाको) भाँडोबाट भात झिक्नु भई, (तिहुनको) भाँडोबाट तिहुन लिनुभई खानुहोस्[२] ।'

---

१. स्याममा: 'भगवो' ।

२. घटिकार कुमालेका आमा-बाबुहरूले किन यसो भनेका होलान् भन्ने विषयमा अट्ठकथाले यसरी लेखेको छ—

भात पकाई, तिहुन तयारपारी आमा-बाबुहरूलाई खुवाई, आफूले पनि खाई, भगवान्‌लाई चाहिने जति भात र तिहुन् राम्ररी सजाई, आसन बिच्छ्याई, पानीको भाँडो राखी, आमा-बाबुहरूलाई सूचित गरी घटिकार कुमाले चाहिं जङ्गलमा जान्छन् । त्यसैले उनका आमा-बाबुहरूले 'भाँडोबाट भात झिक्नुभई (तिहुनको) भाँडोबाट तिहुन लिनुभई खानुहोस्' भनी सूत्रमा भनेका हुन् भनी पपं. सू. III. पृ. १९५–९६: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

'महाराज ! अनि (माटाको) भाँडोबाट भात झिकी, (तिहुनको) भाँडोबाट तिहुन लिई भोजन गरी आसनबाट उठी म फर्केर गएँ । महाराज ! अनि घटिकार कुमाले जहाँ उनका आमा-बाबुहरू थिए त्यहाँ आए । त्यहाँ आइपुगेपछि आमा-बाबुहरूसँग यस्तो भने—'(माटाको) भाँडोबाट भात झिकी, (तिहुनको) भाँडोबाट तिहुनलिई कसले खायो र को आसनबाट उठेर गयो ?'

'तात ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धले (माटाको) भाँडोबाट भात झिक्नु भई (तिहुनको) भाँडोबाट तिहुन लिनुभई भोजन गरी आसनबाट उठी वहाँ फर्केर जानुभयो ।'

'महाराज ! अनि घटिकार कुमालेलाई यस्तो लाग्यो—'अहो मेरो लाभ ! अहो मेरो सुलाभ !! जो कि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध ममाथि यत्रो विश्वास राख्नुहुन्छ ।' महाराज ! अनि घटिकार कुमालेलाई त्यो प्रीतिले[१] आधामहीनासम्म छाड्दैनथ्यो र (उनका) आमा-बाबुहरूलाई एक हप्तासम्म (छाड्दैनथ्यो) ।'

---

१. 'प्रीतिले छाड्दैन' भनेको—निरन्तर उनलाई प्रीतिसुखको अनुभव भइरहन्थ्यो भनी भनिएको हो । चाहे रातमा होस्, चाहे दिनमा होस्, चाहे गाउँमा होस् र चाहे वनजङ्गलमा होस् । जब जब उनको मनमा 'अहो ! देवसहित मनुष्यलोकमा अग्रपुरुष हुनुभएका महापुरुष मेरो घरमा पसी वहाँले आफ्नै हातले भोजन लिई खानुभयो' भन्ने सम्झना हुन्थ्यो तब तब उनको मनमा प्रीति उत्पन्न हुन्थ्यो र

'अहो लाभ ! अहो सुलाभ !!' भनी अनुस्मरण गर्थे। यस्तो अनुस्मरण हुने वेलामा उनको मनमा पाँच प्रकारका प्रीतिहरू उत्पन्न हुन्थे। पपं. सू. III. पृ. १९६: घटिकारसुत्तवण्णना।

पाँच प्रकारका प्रीति भनेका यी हुन्—

(१) खुद्दिका-प्रीति, (२) खणिका-प्रीति, (३) ओक्कन्तिका-प्रीति, (४) उब्बेगा-प्रीति तथा (५) फरणा-प्रीति।

'पीणयतीति=पीति। सा सम्पियायनलक्खणा, कायचित्त पीणन रसा (=क्रिया), फरण रसा वा ओदग्य पच्चुपट्ठाना।'

यी हुन् प्रीतिका लक्षण, रस (=क्रिया), प्रत्युपस्थान लक्षणहरू।

(१) खुद्दिका अर्थात् क्षुद्रक-प्रीति (=स्यानो प्रीति) भनेको जिउमा लोमहर्षण मात्र गर्नसक्ने प्रीति।

(२) खणिका अर्थात् क्षणिका-प्रीति (=क्षणिक प्रीति) भनेको घरी घरी विजुली चम्केको जस्तो मनमा पैदा हुने प्रीति।

(३) ओक्कन्तिका अर्थात् अवक्रान्तिका-प्रीति (=भेल आउने प्रीति) भनेको समुद्रमा भेल आउने जस्तो लहर आउने प्रीति।

(४) उब्बेका अर्थात् उद्वेगा-प्रीति (=ठूलो बलियो प्रीति) भनेको बलियो प्रीति हो। यस प्रीतिद्वारा शरीरलाई उचाली आकाशमा समेत लैजान सक्ने क्षमता हुन्छ।

(२) 'महाराज ! एक समय म वेहलिङ्ग नामक गाउँ-निगममा बसिरहेको थिएँ। महाराज ! अनि म पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ घटिकार कुमालेका आमा-बाबुहरू थिए त्यहाँ गएँ। त्यहाँ पुगेपछि घटिकार कुमालेका आमा-बाबुहरूसँग यस्तो भनें—

'हाँ ! यी भार्गव कहाँ गए ?'

'भन्ते ! तपाइको उपस्थाक बाहिर गइसक्यो। (कुल्माषको) भाँडोबाट कुल्माष लिनुभई, (तिहुनको) भाँडोबाट तिहुन लिनुभई खानुहोस्[1]।'

---

(५) फरणा अर्थात् स्फरणा-प्रीति (=फिजिएर जाने प्रीति) भनेको अति बलियो प्रीति हो। यो प्रीति उत्पन्न हुँदा हावा भरिएको थैलो (भकुण्डो) जस्तै अथवा महा वर्षाद्को पानी बघेर पर्वतको कुना काप्चामा अटाईनअटाई जाने जस्तो गरी शरीरभरी फैलिएर जान्छ। पटि. म. अ. क. पृ. १२८: मग्गसच्चनिद्देस-वण्णना–१३; विसु. म. पृ. १०६–०७: पठविकसिणनिद्देसो–४.

१. किन भगवान्‌ले आफैले लिएर खानु भएको ? यस विषयमा शिक्षापद प्रज्ञापन गर्नुभएको छ होइन ? हो, तर ती शिक्षापद नियमहरू सङ्घकोनिमित्त बनाइएका हुन्, बुद्धकानिमित्त होइनन्। बुद्धकोनिमित्त शिक्षापद-नियमहरूको सिमाना छैन। जस्तै—

'महाराज ! अनि (कुल्माषको) भाँडोबाट कुल्माष लिई (तिहुनको) भाँडोबाट तिहुन लिई भोजन गरी आसनबाट उठी म फर्केर गएँ । महाराज ! अनि **घटिकार कुमाले** जहाँ उनका आमा-बाबुहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि आमा-बाबुहरूसँग यस्तो भने – '(कुल्माषको) भाँडोबाट कुल्माष लिई (तिहुनको) भाँडोबाट तिहुन लिई कसले खायो र को आसनबाट उठेर गयो ?'

'तात ! **भगवान् कश्यप** अरहत् सम्यक्सम्बुद्धले (कुल्माषको) भाँडोबाट कुल्माष लिनुभई (तिहुनको) भाँडोबाट तिहुन लिनुभई भोजन गरी आसनबाट उठी वहाँ फर्केर जानुभयो ।'

'महाराज ! अनि **घटिकार कुमालेलाई** यस्तो लाग्यो—'अहो मेरो लाभ ! अहो मेरो सुलाभ !! जो कि **भगवान् कश्यप** अरहत् सम्यक्सम्बुद्ध ममाथि यत्रो विश्वास राख्नुहुन्छ ।' महाराज ! अनि **घटिकार कुमालेलाई** त्यो प्रीतिले आधामहीनासम्म छाड्दैनथ्यो र उनका आमा-बाबुहरूलाई एकहप्तासम्म ।

राजाको उदयानमा भएका फूल वा फलहरू अरू कसैले टिपेमा निन्दा वा दण्ड हुनसक्छ । तर राजा स्वयंले टिपेमा त्यस्तो हुन्न । यहाँ पनि त्यस्तै हो भनी सम्झनुपर्छ । पपं. सू. III. पृ. १९६: घटिकारसुत्तवण्णना ।

परसमुद्रवासी स्थविरले भने भगवान्लाई देवताले लिएर दिएका थिए भनी भन्दछन् भनी उहीं उल्लेख भएको छ ।

(३) 'महाराज ! एक समय म वेहलिङ्ग नामक गाउँ-निगममा बसिरहेको थिएँ। त्यसवखत (मेरो) कुटीमा पानी चुहिन्थ्यो। महाराज ! अनि मैले भिक्षुहरूलाई बोलाई—'जाऊ, भिक्षुहो ! घटिकार कुमालेको घरमा गई तृण खोज।' महाराज ! यसोभन्दा ती भिक्षुहरूले मलाई यस्तो भने—'भन्ते ! घटिकार कुमालेको घरमा तृण छैन; केवल उनको घरमा छाएको नयाँ तृण छ।' 'त्यसो-भए भिक्षुहो ! जाऊ घटिकार कुमालेको घरलाई तृण रहित पार।'

'महाराज ! अनि ती भिक्षुहरूले घटिकार कुमालेको घरलाई तृण रहित पारे। महाराज ! अनि घटिकार कुमालेका आमा-बाबुहरूले ती भिक्षुहरूसँग यस्तो भने - 'घरलाई तृण रहित पार्ने को हुन् ?'

'भगिनी ! भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको कुटीमा पानी चुहिँदैछ' भनी भिक्षुहरूले भने।

'हे भद्रमुखी हो ! लैजानुहोस्, लैजानुहोस्[१] !!'

---

१. 'लैजानुहोस् ! लैजानुहोस् !!' भन्दै घटिकार कुमालेका आमा-बाबुहरूले यस्तो पनि सोचे—'हाम्रो छोरा कहाँ गयो भनी सोध्दा दशबल बुद्धकहाँ गयो भनी भन्दछौं। अहिले उ कहाँ गएको रहेछ। शास्ता बस्ने कुटीमा पानी चुहेको कुरा पनि उ थाहापाउँदैन।'

यस्तो सोचेर पुत्र प्रति अपराधसंज्ञी भई तृण लगेकोमा सन्तुष्ट मानी उनीहरू दुवैले हर्षपूर्वक 'लैजानुहोस्, लैजानुहोस्' भनेका हुन् भनी पपं. सू. III. पृ. १९६: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ।

'महाराज ! अनि घटिकार कुमाले जहाँ उनका आमा-बाबुहरू थिए त्यहाँ आए । त्यहाँ आइपुगेपछि आमा-बाबुहरूसँग यस्तो भने—'यो घर कसले तृण रहित पाऱ्यो ?'

'तात ! भिक्षुहरूले; भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्धको कुटीमा पानी चुहिँदै छ रे !।'

'महाराज ! अनि घटिकार कुमालेलाई यस्तो लाग्यो—'अहो मेरो लाभ ! अहो मेरो सुलाभ !! जो कि भगवान् कश्यप अरहत् सम्यक्सम्बुद्ध ममाथि यत्रो विश्वास राख्नुहुन्छ । महाराज ! अनि घटिकार कुमालेलाई त्यो प्रीतिले आधामहीनासम्म छाड्दैनथ्यो र आमा-बाबुहरूलाई एकहप्तासम्म । महाराज ! अनि सम्पूर्ण तीनमहीनासम्म[1] उनको घर आकाश नै छाना भई रह्यो । त्यहाँ पानी परेन[2] । महाराज ! यस्ता हुन् घटिकार कुमाले ।'

---

१. वर्षाद्को चारमहीनाको एक महीना वितेपछि भगवान्ले तृण लिन पठाउनु भएको थियो । त्यसैले सूत्रमा 'तीन महीनासम्म' भनिएको हो । त्यो तीन महीनाभरी उनीहरूको घरको छाना नभए तापनि आकाश नै छाना जस्तै भएको थियो । त्यहाँ पानी पर्दैनथ्यो । पपं. सू. III. पृ. १९६: घटिकारसुत्तवण्णना ।

२. 'पानी परेन' भन्नाले छाना नभए तापनि त्यस घरभित्र पानी परेको थिएन भनिएको हो । घरको पाखाभित्र एक थोपो पनि पानी परेको थिएन । छाना भएको जस्तै घरभित्र हावा पानी घामले पनि वाधा पुऱ्याउन्नथ्यो । प्रकृति ऋतु फैलिने जस्तै रहेको थियो । त्यो निगम छाडेर गएपछि पनि त्यो स्थानमा पानी पर्दैनथ्यो । कामगरी रहने

मानिसहरू पानी पर्दा, पानीबाट बच्नकोनिमित्त उनीहरू त्यस ठाउँमा गई कपडा वछ्याई त्यहाँ बसेर कामगर्दथे। कल्पसम्म त्यो ठाउँ त्यस्तै रहनेछ भनी भनिन्छ।

त्यसो भएको तथागतको ऋद्धिप्रभावद्वारा होइन बल्कि उनीहरूकै गुणको प्रभावले भएको हो। 'तथागतले अन्त कतै तृण नदेखी हाम्रो घरको छानाको तृण झिक्न लगाए' भनी उनीहरूको चित्तमा कत्तिपनि दुःखमनाऊ वा अप्रसन्नता उत्पन्न भएको थिएन। बल्कि 'देवसहित मनुष्यलोकका अग्रपुरुष हुनु भएका वहाँले हाम्रो घरको छानाबाट तृण झिक्न लगाई गन्धकुटीमा छाउन लगाउनु भयो, अहा !' भनी उनीहरूको मनमा महत् ठूलो हर्षचित्त उत्पन्न भएको थियो। जुन प्रसन्नता वा प्रीति दुइहप्तासम्म रहेको थियो। अतः उनीहरूकै यस महान् गुणको प्रभावद्वारा यस्तो प्रातिहार्य सिद्ध भएको थियो भनी पपं. सू. III. पृ. १९६–९७: घटिकार-सुत्तवण्णनाले उल्लेख गरेको छ।

जस्तै घटिकार कुमालेको घर भएको ठाउँमा त्यहाँदेखि कल्पसम्म पानी नपर्ने हो त्यस्तैगरी पालि साहित्यमा कल्पस्थायी प्रभाव परेका अरू पनि कारणहरू छन्। जस्तै—

जा. अ. क. III. पृ. ३९, नं. ३१६: ससजातक अनुसार चन्द्रमामा खरायोको प्रतिबिम्बरहेको पनि कल्पस्थायी हो।

जा. अ. क. I. पृ. १३०: नं· २०: नलपानजातक अनु-सार नलपान पोखरीको आसपासका बाँसहरूमा तलदेखि माथिसम्म प्वालहुनु पनि कल्पस्थायी हो।

जा. अ. क. I. पृ. १६१, नं. ३५, वट्टकजातक अनुसार वट्टक चराले 'यहाँ आगो नलागोस्' भनी अधिष्ठान गरेको स्थानमा आगो नलाग्नु पनि कल्पस्थायी हो।

'भन्ते ! घटिकार कुमालेको लाभ हो, भन्ते ! घटिकार कुमालेको सुलाभ हो । जसमाथि भगवान् यत्रो विश्वास राख्नुहुन्छ ।'

किकी राजाको उपहार

"आनन्द ! अनि काशीराजा किकीले घटिकार कुमालेलाई पाँचशय तण्डुल वाहहरू[1], राता धानका चामलहरू र त्यसलाई चाहिने तिहुन पनि पठाए[2] । आनन्द ! अनि घटिकार कुमालेकहाँ गई राजपुरुषहरूले यस्तो भने—'भन्ते ! यी पाँचशय तण्डुल वाहहरू, राता धानका चामलहरू र त्यसलाई चाहिने तिहुन काशीराजा किकीले पठाएका हुन् । भन्ते ! ती ग्रहण गर्नुहोस् ।'

'राजा बहुकृत्य तथा बहु करणीय हुनुहुन्छ । मलाई भैहाल्यो; राजालाई नै होस्[3] ।'

---

१. दुइ गाडाको एक 'वाह' हुन्छ भनी पपं. सू. III. पृ. १९७ ले लेखेको छ ।

२. तीन महीनासम्म एकहजार भिक्षुहरूलाई पुग्नेगरी चामल, तिहुन तथा त्यसलाई चाहिने अरू तेल र सखर आदि पनि पठाएका थिए । पपं. सू. III. पृ. १९७: घटिकारसुत्तवण्णना ।

३. किकी राजाले पठाएको उपहार घटिकार कुमालेले किन ग्रहण नगरेका होलान् ? अत्यन्त अल्पेच्छताको कारणले । उनको मनमा यस्तो लागेको थियो—"यी राजालाई मैले कहिल्यै पनि देखेको

"आनन्द ! शायद तिम्रो मनमा यस्तो लाग्नसक्छ कि त्यस समय जोतिपाल माणव अरू कुनै पुरुष थिए । आनन्द ! यसरी सोच्न पर्दैन । म नै त्यस समय जोतिपाल माणव थिएँ ।"

यति भगवान्ले भन्नुभयो । अनि आयुष्मान् आनन्दले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो ।

छैन । कसरी यिनले उपहार पठाए होलान् ?" अनि उनले सोचे कि—शास्ता वाराणशीमा जानुभएको छ । अवश्य पनि राजाले वहाँसँग वर्षावास गर्नकोनिमित्त प्रार्थना गरे होलान् र भगवान्ले मलाई वचन दिइसक्नु भएको कुरो बताउनु भई मेरो वर्णन गर्नुभयो होला । अतः मेरो गुणकथाद्वारा प्राप्त भएको लाभ नर्तकीले नाचेर पाएको जस्तै हो । यसरी पाएको लाभद्वारा आमा-बाबुहरू र सम्यक्सम्बुद्धलाई के उपस्थान गर्ने ? यति सोचेर उनले प्रतिक्षेप गरेका हुन् भनी पपं. सू. III. पृ. १९७: घटिकारसुत्तवण्णनाले उल्लेख गरको छ ।

१३. घोषित गृहपति

परिचय

कौशम्बी नगरमा जताततै पोखरी र बगैंचाहरू भएको हुनाले र जताततै कौशम्ब रुखहरू नै धेरै भएका हुनाले यस नगरको नाम नै 'कौशम्बी' रहन गएको हो भनी पपञ्चसूदनीले[१] उल्लेख गरेको छ। उहीं नै यो पनि उल्लेख भएको छ कि 'कुसम्ब' अथवा 'कुसुम्ब' भन्ने ऋषिको आश्रमको आसपासमा बसालिएको नगर भएको हुनाले यसलाई 'कौशम्बी[२]' (कोसम्बी) भनिएको हो।

यो कौशम्बी नगर कोशल राज्यको दक्षिणपट्टि यमुना नदीको किनारमा स्थित छ र यो वंश वा वत्स राज्यको राजधानी हो[३]।

---

१. II. पृ. ३२४: कोसम्बकसुत्तवण्णना।

२. यस प्राचीन कौशम्बीलाई वर्तमान भारतको इलाहवादबाट करीब ३० माइल पश्चिम यमुना नदीको किनारमा स्थित 'कोसम' भन्ने गाउँ हो भनी निर्धारण गरिएको छ। G. D. पृ. ९६.

३. D. P. P. II. पृ. ७९८.

यो नगरमा घोषित, कुक्कुट र पावारिक भन्ने तीनजना नामी गृहपतिहरू बस्दथे[१] । तीमध्ये घोषित गृहपतिको साधारण परिचय गराउने उद्देश्यले यहाँ शुरुदेखिका कुराहरू प्रस्तुत गरेको छु ।

घोषित गृहपतिको अतीतकथा

अतीत समयमा अजित[२] देशमा कौतुहलिक (कोतुहलिक) भन्ने एक पुरुष थिए । यिनका काली भन्ने भार्या र कापी भन्ने एक पुत्र थिए । पछि त्यस नगरमा भएको दुर्भिक्षको कारणले गर्दा यी कौतुहलिक आफ्नो पत्नीका साथ बालक समेत लिई कौशम्बीमा गई जीविका गर्नेछु भन्ने सोचेर गए[३] । बाटामा गइरहेका उनीहरूको बाटोखर्च बीचैमा सिद्धिदा उनीहरू भोक र प्यासले पीडित थिए ।

---

१. बु. रा. भा–१, पृ. ४१९.

२. पपं. सू. II. पृ. ३२४: कोसम्बकसुत्तवण्णनामा चाहिं 'अद्दिल्ल देश' र मनो. र. पू. I. पृ. २२६: खुज्जुत्तराकथा, एककनिपातवण्णनामा चाहिं 'वज्जिदेश' भनी उल्लेख भएको छ ।

३. मनो. र. पू. I. पृ. २२६: खुज्जुत्तराकथा, एककनिपातवण्णनामा चाहिं 'अहिवातक रोगको कारणले गर्दा' भन्ने उल्लेख भएको छ । 'अहिवातक रोग' भनेको कस्तो हो भन्ने कुरा बु. म. भा–१ पृ. २२२ मा उल्लेख भएको छ ।

वालकलाई समेत बोकेर लैजान नसक्ने भइसकेका थिए। अनि पुरुषले स्त्रीलाई यस्तो भने—

"भद्रे! हामीहरू जीवित रहनसके फेरि पनि पुत्र पाउन सक्नेछौं। अतः यो वालकलाई यहीं छाडेर जानुपर्‍यो।"

आमाको हृदय चाहिं कमलो हुन्छ। त्यसैले उनी भन्दछिन्—

"ओ स्वामी! जिउँदै वालकलाई छाड्न त सकिन्न।"

"त्यसोभए के गर्ने त?"

"आलोपालो गरी बोकौं।"

अनि आमाको पालोमा वालकलाई फूलको माला जस्तै काँधमा राखेर बोक्छिन् र फेरि बाबु चाहिंलाई दिन्छिन्। बाबु चाहिंले बोकेर लगिरहेको वेलामा उसलाई भोकको कारणलेभन्दा पनि बोकाइको कारणले धेरै कष्टभयो। यसरी आलोपालो गरी बोकी लगिरहेको वेलामा वालक थाकेर बाबुको काखमा निदायो। वालक निदाएको देखेर उनले आमा चाहिंलाई अघिअघि पठाई आफूचाहिं पछिपछि बसी वालकलाई एक रुखमनि स्याउलामा सुताइदिए[१]। यसो गर्नाको कारण—वालक बोकेर कान्तार पारगर्न सकिन्न भन्ने सोचेर हो भनी मनोरथपूरणीले[२] उल्लेख गरेको छ। आमा चाहिंले फर्केर हेर्दा वालकलाई नदेखेपछि—"स्वामी! मेरो वालक खोई?" भनी सोधिन्।

---

१. धम्म. प. अ. क. पृ. ८५: घोसकसेट्ठिनोउप्पत्ति, अप्पमादवग्गो।

२. I. पृ. २२७: खुज्जुत्तराकथा, एककनिपातवण्णना।

"एक रुखमनि राखेर आएँ।"

"स्वामी ! मेरो सत्यानाश नगर्नुहोस्। वालक विना म जिउन सक्दिन। मेरो वालक ल्याइ दिनुहोस्।" भन्दै छाती पिट्दै रुनथालेपछि पुरुष फेरि फर्केर गई वालक लिएर आउँदा आउँदै वालक बीचबाटैमा मर्‍यो[1]।

यसरी वालक छाडेको कर्मको प्रभावद्वारा उनी यस जन्ममा सात पटकसम्म फ्याकिनु परेको हो। पापकर्मलाई अलिकता भनी हेप्नु हुन्न[2]।

यसरी जाँदा जाँदा कान्तार पारगरी सन्ध्यासमयतिर उनीहरू एक गोपालकको घरमा आइपुगे[3]। त्यसदिन गोपालकको धेनुमङ्गलोत्सव थियो। गोपालकको घरमा एक प्रत्येकबुद्धलाई नित्य भोजन गराउँदथे। त्यसदिन पनि प्रत्येकबुद्धलाई भोजन गराई मङ्गल गरेका थिए[4]। पानी नहालिकन धेरै पायस पनि पकाइ राखेका थिए। अनि गोपालकले उनीहरू आएको देखेर "कहाँबाट आएका ह्वौ ?" भनी सबै वृतान्त सुनेपछि उनीहरूलाई परिपूर्णरूपले घिउ सहित पायस दिन लगाए।

---

१. मनो. र. पू. I. पृ. २२७ मा चाहिं वालक मरेको कुरा उल्लेख भएको छैन।

२. धम्म. प. अ. क. पृ. ८५: घोसकवत्थु, अप्पमादवग्गो।

३. मनो. र. पू. I. पृ. २२७.

४. धम्म. प. अ. क. पृ. ८५: घोसकवत्थु।

अनि उनकी भार्याले उनलाई –"स्वामी ! तपाइ जिउँदैरहेमा म पनि जिउने छु, धेरै दिनदेखि तपाइ भोकै हुनुहुन्छ । भरिपूर्ण पेटगरी खानुहोस्" भनी आफूले पनि अलिकति घिउसँग पायस खाइन् । सात आठ दिनदेखि खान नपाएका उनले प्रमाणभन्दा बढता पायस खाएर पचाउन सकेनन्[१] ।

यसरी उनीहरूलाई पायस दिनलगाई गोपालकले पनि खान-थाले । गोपालकले खाएको हेरिरहँदा खाट्मनि बसिरहेकी कुकुरनीलाई पायस पिण्ड दिएको देखेर कौतुहलिकले "धन्यहो यो कुकुरनी ! दिनदिनै यसरी खाना पाउँछे" भन्ने सोचे । अनि राती सुतिरहेका उनी खाना पचाउन नसकी मरेर त्यही कुकुरनीको कोखमा उत्पन्न भए । अनि दाहसंस्कार गरिसकेपछि उनकी भार्या उसै घरमा नोकरी गर्न थालिन् र ज्यालाको रूपमा पाएको चामल पकाई प्रत्येकबुद्धको भिक्षा-पात्रमा राखी "यो पुण्य तपाइको दाशलाई पुगोस्" भनी प्रार्थना गरिन् । पछि उनले यस्तो सोचिन्—"म यहीं बस्नुपऱ्यो । यहाँ प्रतिदिन आर्य आउनु हुन्छ । दिनेवस्तु भएपनि नभएपनि प्रतिदिन आर्यलाई अभिवादन गरी, गर्नुपर्ने सेवाटहल गरी चित्तप्रसन्नपारी धेरै पुण्य कमाउनेछु ।" अनि उनी उहीं नोकरी गरी बसिन् ।

त्यो कुकुरनीले छ वा सात महीनामा एउटै मात्र कुकुरको बच्चा जन्माई । गोपालकले उसलाई एउटी गाईको दूध दिनलगाए । उ चाँडै नै ठूलो भयो । अनि प्रत्येकबुद्धले उसलाई सँधै एकमुठ्ठी भात दिनथाल्नुभयो ।

---

१. मनो. र. पू. I. पृ. २२७: एककनिपातवण्णना ।

भातको कारणले गर्दा उ प्रत्येकबुद्धमाथि ठूलो स्नेह गर्नथाल्यो। दिनको दुइपटक गोपालक प्रत्येकबुद्धको उपस्थानकोनिमित्त जाने गर्थे। यसरी जाँदा बाटाका बीचमा भालुमृगादिहरूलाई हटाउनकोनिमित्त झारपात-हरूमा लट्ठीले ठोकी मुखले पनि 'स्यु स्यु' भनी आवाज निकाली भालुमृगादिहरूलाई लखेट्थे। कुकुर पनि उनीसँग सँगै जान्थ्यो। अनि एकदिन उनले प्रत्येकबुद्धलाई यस्तो भने—"भन्ते! कुनै दिन मलाई आउने फुर्सत नभएको वेलामा यो कुकुरलाई पठाउनेछु र कुकुर आएको संज्ञाद्वारा तपाइ आउनुहोस्।" त्यहाँदेखि फुर्सत नभएको वेलामा "तात! जाऊ, आर्यलाई बोलाएर ल्याऊ" भनी कुकुरलाई पठाउँदथे। उ पनि भन्नेवित्तिकै दौडेरगई आपनो मालिक जानेबाटोतिर लागी जसो जसो आफ्नो मालिकले बाटामा गर्दथे त्यसो त्यसो गरी तीनचोटि भुकेर भालुमृगादिहरूलाई धपाउँथ्यो। अनि बिहान सबेरै शरीरकृत्य गरी पर्णशालामा पसी बसिरहनु भएका प्रत्येकबुद्धको पर्णशालाको दैलोको छेउमा गई तीनपटक भुकेर आफू आएको कुरो ज्ञापनगरी कुकुर एक छेउमा पल्टिन्थ्यो। अनि समय विचारगरी बाहिर आउनुभएका प्रत्येक-बुद्धको अगाडि अगाडि भुक्दै उ जान्थ्यो। बाटोको बीच बीचमा उसलाई जाँच्नकोनिमित्त प्रत्येकबुद्ध अर्कै बाटो लागेर जानुहुन्थ्यो र कुकुर अगाडितिर गई बाटो छेकी वहाँलाई पहिलेकै बाटोमा ल्याउँथ्यो[१]। प्रत्येकबुद्धले आफूले खाने भोजनबाट जुन खाना उसलाई दिनुहुन्थ्यो यसबाट उ वहाँ प्रति अत्यन्त स्नेह गर्दथ्यो[२]।

१. धम्म. प. अ. क. पृ. ८६: घोसकवत्थु।

२. मनो. र. पू. I. पृ. २२८: खुज्जुत्तराकथा, एककनिपातवण्णना।

एकदिन त्यस्तैगरी अर्को बाटोमा लाग्दा प्रत्येकबुद्धको अगाडि गएर बाटो छेक्दा पनि वहाँ फर्कनु नभई कुकुरलाई खुट्टाले हटाई जानुभयो। वहाँ फर्कनु नहुने भाव बुझेर कुकुरले वहाँको वस्त्रको एक छेउमा समाती तानेर उही बाटोमा ल्यायो। यसरी उसले वहाँमाथि ठूलो स्नेह गर्दथ्यो। समय बित्दै गएपछि प्रत्येकबुद्धको चीवर वस्त्र पुरानो भई फाटेर गयो। अनि गोपालकले चीवरकोनिमित्त वस्त्र प्रदान गरे। अनि उनलाई प्रत्येकबुद्धले यस्तो भन्नुभयो—

"आवुसो! चीवर भनेको एक्लैले सिउन गाह्रो छ। अतः अनुकूल स्थानमा गई चीवर सिउनेछु।"

"भन्ते! यहीं बसेर सिउनुहोस्।"

"आवुसो! सकिन्न।"

"भन्ते! त्यसोभए चिरकाल नबिताउनु होला।"

वहाँहरूको कुरासुनी कुकुर उहीं बसिरहेको थियो। अनि "हुन्छ" भनी गोपालकलाई फर्काई प्रत्येकबुद्ध आकाशमाथि गई गन्धमादानतिर लागेर जानुभयो। आकाशतिर जानुभएको प्रत्येकबुद्धलाई हेर्दै कुकुर उहीं भुक्दै बसिरह्यो र प्रत्येकबुद्धलाई आँखाले देख्नछोडेपछि छाती फुटी उ उहीं मर्‍यो। तिरश्चीन जाति भनेको सोजो हुन्छ, बांगो हुन्न। मानिसहरू चाहिं एउटा मनले सोच्छन् र अर्कै मुखले भन्छन्। त्यसैले भनिएको हो—"भन्ते! मानिसहरू भनेका बांगा हुन्छन् र तिरश्चीनहरू भनेका सोजा र अबांगा हुन्छन्[१]।" यसरी उ सोजो र अबांगो चित्त

१. म. नि. II. पृ. ५: कन्दरकसुत्तं।

लिएर मृत्युपछि त्रयस्त्रिंश भवनमा उत्पन्न भई एकहजार अप्सराहरूद्वारा परिवृत्त भई महासम्पत्तिहरू अनुभव गरी बस्यो। उसले कानमा गर्ने कुराको आवाज समस्त दशहजार योजन देवलोकमा सुनिन्थ्यो[1]। यसै कारणले गर्दा उसको नाम नै 'घोषक देवपुत्र' भन्ने रहनगयो। केको प्रभावले यस्तो भएको हो त? प्रत्येकबुद्ध प्रति स्नेहपूर्वक भुकेको प्रभावले हो भनी धम्मपदट्ठकथाले[2] उल्लेख गरेको छ।

घोषित गृहपतिको वर्तमान-कथा

अनि सो देवपुत्र चाँडै नै त्यहाँबाट च्युतभए। देवताहरू देवलोकबाट चारप्रकारले च्युत हुन्छन्। जस्तै— (१) आयुक्षयद्वारा, (२) पुण्यक्षयद्वारा, (३) आहारक्षयद्वारा र (४) कोपद्वारा।

(१) यीमध्ये जसले धेरै पुण्य गरेको हुन्छ उ देवलोकमा उत्पन्न भई आयु छउञ्जेलसम्म बसी त्यसपछि माथिल्लो माथिल्लो लोकमा उत्पन्न हुन्छ। यस्तालाई आयुक्षयद्वारा च्युत भएको भनी भन्दछन्।

(२) जसले अल्प पुण्य गरेको हुन्छ उ चाहिं राजकोष्ठागारमा खन्याइएको तीन चार माना धान जस्तै बीचमै उसको पुण्य सिद्धिन्छ र

---

१. मनो. र. पू. I. पृ. २२८ मा चाहिं केवल सबै देवलोकमा सुनिन्थ्यो भनी उल्लेख भएको छ।

२. पृ. ८६–८७: घोसकवत्थु, अप्पमादवग्गो।

बीचैंमा मृत्यु हुन्छ। यस्तालाई पुण्यक्षयद्वारा च्युत भएको भनी भन्दछन्।

(३) अर्को चाहिंको कामविषयको परिभोग गर्दागर्दै बिस्मृतिभई आहार ग्रहण नगरी क्लान्त शरीर भएर मृत्यु हुन्छ। यस्तालाई आहारक्षयद्वारा च्युत भएको भनी भन्दछन्।

(४) अर्को चाहिंको अर्काको सम्पत्तिमाथि सहन गर्न नसकी क्रोधी भई मृत्यु हुन्छ। यस्तालाई कोपद्वारा च्युत भएको भनी भन्दछन्।

यी देवपुत्र चाहि कामविषयहरूको परिभोग गर्दागर्दै बिस्मृतिभई आहारक्षयद्वारा च्युत भएका हुन्। यसरी च्युत भएर कौशाम्बीमा एक गणिकाको[1] कोखमा प्रतिसन्धि ग्रहण गरे। अनि बालक जन्मेपछि गणिकाले दाशीसँग 'के जन्म्यो ?' भनी सोध्दा 'छोरो' भन्ने सुनेर त्यसोभए 'हे ! यो वालकलाई नाङ्लोमा राखी कसिंगर फाल्ने ठाउँमा फाल्न लैजाऊ' भनी फाल्न पठाई। भनिन्छ कि गणिकाहरू छोरीहरूको भरण पोषण गर्छन् छोराहरूको भने गर्दैनन्। किनभने छोरीहरूबाट उनीहरूको परम्परा कायम रहन्छ।

---

१. धम्म. प. अ. क. पृ. ८७: घोसकवत्थु, अप्पमादवग्गो र मनो. र. पू. I. पृ. २२८: एककनिपातवण्णना। पपं. सू. II. पृ. ३२४: कोसम्बकसुत्तवण्णनामा र दी. नि. अ. क. I. पृ. २२४: जालिय-सुत्तवण्णनामा चाहि एक कुलगृहमा उत्पन्न भए भनी उल्लेख गरेको छ।

अनि वालकलाई कौवा र कुकुरहरूले घेरेर बसे। अघिल्लो जन्ममा प्रत्येकबुद्धमाथिको स्नेहको प्रभावद्वारा र भुकेको प्रभावद्वारा उसलाई कसैले केही गर्न सकेन। त्यसवखत एक पुरुष[1] बाहिर गइरहेको वेलामा वालकलाई कौवा र कुकुरहरूले घेरेर बसिरहेको देखी 'के रहेछ ?' भनी हेर्नजाँदा वालक देखेर पुत्र-स्नेह उत्पन्न गरी 'मैले पुत्र पाएँ' भन्दै उसले वालकलाई घरमा लग्यो[2]। सात सात पटकसम्म मार्नकोनिमित्त प्रयत्न गर्दा पनि पुण्यको प्रभावले गर्दा घोषक वा घोषितलाई मार्न सकेनन्[3]।

अनि उनको पिता मरेपछि राजाले उनलाई नै श्रेष्ठीस्थानमा राख्ने घोषणा गरेको हुनाले उनको नाम नै 'घोषित' रहन गएको हो

---

१. अं. नि. अ. क. I. पृ. २२८: एककनिपातवण्णनामा चाहिं—त्यसवखत कौशम्बी सेठकहाँ काम गर्नजाने एक पुरुष विहान सवेरै सेठकहाँ गइरहेको वेलामा त्यो वालकलाई देखेर 'यो वालक महा पुण्यवान् हुनेछ' भन्ने सोचेर एक अर्को मानिसको हातद्वारा आफ्नो घरमा पठाई आफू सेठको घरमा गयो भनी उल्लेख भएको छ।

२. धम्म. प. अ. क. पृ. ८७–८८: घोसकवत्थु, अप्पमादवग्गो।

३. सात सात पटकसम्म मार्न नसकेका कुराहरू बु. म. भा–१, पृ. १८८ देखि १९९ मा लेखिएको छ। उहीं हेर्नू।

भनी पपञ्चसूदनी[१], दीघनिकायट्ठकथाले[२] तथा मनोरथपूरणीले[३] उल्लेख गरेका छन् ।

घोषित श्रेष्ठीका भद्रवती नगरका भद्रवती श्रेष्ठीसँग अदृष्ट मित्रता थियो[४] र पछि भद्रवती श्रेष्ठी मरेपछि यिनकी छोरी श्यामावतीलाई घोषित श्रेष्ठीले पालेका थिए[५] । पछि उदेन राजासँग उनको विवाह गरिदिए[६] ।

कौशाम्बी नगरमा अर्का पनि कुक्कुट श्रेष्ठी र पावारिक श्रेष्ठी भन्ने दुइजना श्रेष्ठीहरू थिए । यिनी समेत तीनजना श्रेष्ठीहरू कौशाम्बी नगरमा थिए[७] । यी तीनैजना परस्पर घनिष्ट मित्र थिए[८] ।

---

१. II. पृ. ३२५: कोसम्बकसुत्तवण्णना ।

२. I. पृ. २२४: जालियसुत्तवण्णना ।

३. I. पृ. २३२: एककनिपातवण्णना ।

४. हेर बु. म. भा–१, पृ. २२१: श्यामावती ।

५. हेर बु. म. भा–१, पृ. २२९: श्यामावती ।

६. हेर बु. म. भा–१, पृ. २३१: श्यामावती ।

७. पपं. सू. II. पृ. ३२५: कोसम्बकसुत्तवण्णना, दी. नि. अ. क. I. पृ. २२४: जालियसुत्तवण्णना र धम्म. प. अ. क. पृ. १०३: मरणपरिदीपित उदेनवत्थु, अप्पमादवग्गो ।

८. मनो. र. पू. I. पृ. २३४: एककनिपातवण्णना, खुज्जुत्तराकथा ।

त्यस समय यी तीनै सेठहरूका कुलूपग पाँचशय ऋषिहरू पर्वतको फेदीमा बस्दथे। उनीहरू समय समयमा नून र अँमिलो सेवन गर्नको-निमित्त कौशम्बी नगरमा आउँदथे। उनीहरूकोनिमित्त यी तीन मित्र सेठहरूले आ-आफना उद्यानहरूमा पर्णशालाहरू बनाई उपस्थान गर्दथे[1]। उनीहरू चारमहीना त्यहाँ बसी आठमहीना हिमालतिर बस्दथे[2]। अनि एक पटक गृष्मको समयमा मनुष्यपथमा आइरहेको वेलामा पानी नभएको कान्तार पार गरेपछि विशाल बरको रुख देखेर उनीहरूले यस्तो सोच्नथाले—

"यो बरको रुखको ढाँचाकाँचा हेर्दा त यो रुखमा अवश्य पनि कुनै महाप्रभावशाली देवताले बास गरेको हुनुपर्छ। हामीहरूलाई पानी वा भोजनीय वस्तुहरू दिए कति असल हुने थियो।"

ऋषिहरूको अभिप्रायलाई बुझी—"यिनीहरूलाई संग्रह गर्नुपऱ्यो" भन्ने सोचेर देवताले आफ्नो प्रभावद्वारा रुखको शाखाको काफबाट हलोको टुप्पो जत्रै पानीको धार बघाइदिए। चाँदी जस्तै पानीको धार देखेर ऋषिहरूले आ-आफना भाँडाहरूमा पानी थापी पानी पिई यस्तो सोच्नथाले—

"देवताले हामीलाई पिउने पानी दिए। यो ठाउँ चाहिं महा-जङ्गल छ, यहाँ कुनै गाउँ पनि छैन। यदि यी देवताले हामीलाई आहार पनि दिए कति राम्रो हुने थियो।"

---

१. दी. नि. अ. क. I. पृ. २२४: जालियसुत्तवण्णना।

२. मनो. र. पू. I. पृ. २३४: एककनिपातवण्णना, खुज्जुत्तराकथा।

अनि देवताले ऋषिहरूलाई योग्य हुनेगरी यागु र खादद्यपदार्थ-हरू पनि दिई सन्तर्पित गरे[1] ।

फेरि ऋषिहरूले सोच्नथाले –"देवताले हामीलाई पिउने पानी र भोजनहरू पनि दिए । यदि देवताले हामीलाई आफ्नो रूप देखाए कति राम्रो हुने थियो !"

अनि उनीहरूको मनसाय बुझी देवताले आफ्नो अर्धशरीर पनि देखाइदिए ।

"देवते ! तिम्रो श्रीसम्पत्ति महान् छ । के गरेर तिमीले यो श्रीसम्पत्ति पाएका हौ ?"

देवता भन्दछन्—"भन्ते ! त्यति ठूलो होइन; थोरैमात्र पुण्य गरेर यो श्रीसम्पत्ति पाएको हुँ[2] । लोकमा बुद्ध उत्पन्न हुनुभएको छ । अहिले वहाँ श्रावस्तीमा बस्नुहुन्छ । अनाथपिण्डिक गृहपतिले वहाँको उपस्थान गरेका छन् । उपोसथको दिनमा उनले आफ्ना कामदार नोकरहरूलाई प्रकृति भातवेतन दिई उपोसथ-व्रत पालन गर्न लगाउँछन् । म पनि उनको कामदार थिएँ । अनि एकदिन मध्याह्न

---

१. पपं. सू. II. पृ. ३२५: कोसम्बकसुत्तवण्णना । दी. नि. अ. क. I. पृ. २२४ र मनो. र. पू. I. पृ. २३४ ले चाहिं—अलङ्कार सहित हात पसारी पानी र खादद्यपदार्थहरू दिएका थिए भनी उल्लेख गरेका छन् ।

२. पपं. सू. II. पृ. ३२५: कोसम्बकसुत्तवण्णना ।

समयमा बिहानको खानाखान आउँदा मैले अरू कसैलाई काम गरिरहेको देखिन। अनि मैले – "आज मानिसहरूले किन काम नगरेका हुन् ?" भनी सोध्दा "उपोसथ-व्रत" बसिरहेको कुरो सुनाए। अनि मैले पनि "अहिले दिनको आधाभाग बितिसक्यो, अब बाँकी आधाभागमा पनि उपोसथ-व्रत बस्न सकिन्छ के ?" भनी श्रेष्ठीसँग सोध्न लगाउँदा "सकिन्छ बस" भनी भनेका कुरा सुनी दिनको आधाभाग बितिसकेपछि उपोसथशील समादान गरें र सोही दिनमै मरेको मैले यो श्रीसम्पत्ति पाएको हुँ[१]।"

आधादिन मात्र व्रत बसेको हुनाले यसलाई 'अर्ध-उपोसथ' भनिएको हो[२]।

अनि "लोकमा बुद्ध उत्पन्न हुनुभएको छ" भन्ने समाचार सुनेर ऋषिहरू अति प्रसन्न तथा प्रफुल्लित भई उहींबाटै श्रावस्तीमा जान चाहेर पनि "उपस्थाक श्रेष्ठीहरू बहूपकारी हुन् उनीहरूलाई पनि यो कुरा सुनाउनुपर्‍यो" भन्ने सोचेर उनीहरू कौशम्बीमा नै गए[३]।

---

१. दी. नि. अ. क. I. पृ. २२५: जालियसुत्तवण्णना र मनो. र. पू. I. पृ. २३४: एककनिपातवण्णना, खुज्जुत्तराकथा।

२. यो 'अर्धउपोसथ-व्रत' सम्बन्धी विस्तृत कथा धम्म. प. अ. क. पृ. १०३–०४: मरणपरिदीपित उदेनवत्थु, अप्पमादवग्गोमा उल्लेख भएको पाइन्छ।

३. दी. नि. अ. क. I. पृ. २२५: जालियसुत्तवण्णना र मनो. र. पू. I. पृ. २३४: एककनिपातवण्णना।

"ऋषिहरू आउँदैछन्" भन्ने खबर सुनेर तीनैंजना श्रेष्ठीहरू बाटोहेर्न गई "भोलि हाम्रो घरमा भिक्षा ग्रहण गर्नुहोस्" भनी निम्तोगरी श्रेष्ठीहरूले ऋषिहरूलाई महादान दिए। भोजन सिद्धिनेबित्तिकै ऋषिहरूले—"हामीहरू जान्छौं" भनी भन्दा "भन्ते ! अरु अरु समयमा तपाइहरू एकमहीना वा दुइ तीन वा चारमहीना बसेर मात्र जानुहुन्थ्यो। यसपल्ट चाहिं हिजो मात्रै आउनु भई आजै जानुहुन्छ भनी भन्नुहुन्छ। यसो किनिनि ?" भनी श्रेष्ठीहरूले सोधे।

"गृहपतिहो ! हो, लोकमा बुद्ध उत्पन्न हुनु भएको छ। जीवनको कुनै ठेगाना छैन। अत: हामीहरू तुरुन्तै बुद्धकहाँ जान चाहन्छौं।"

"भन्ते ! त्यसोभए हामी पनि जानेछौं। हामीसँगै जानुहोला।"

"तपाइ आगारीयहरूका धेरै अलमल हुन्छन्। अतः तपाइहरू आउँदै गर्नुहोस् हामीहरू चाहिं अगाडि नै जानेछौं" भनी निस्केर गई बाटामा एक ठाउँमा दुइरात नबिताई चाँडै चाँडै गई श्रावस्तीमा पुगी जेतवन विहारमा शास्ताकै समिपमा उनीहरू गए। त्यहाँ मधुर धर्मोपदेश सुनेर सबै प्रव्रजित भई उनीहरूले अरहत्फल पनि साक्षात्कार गरे[१]।

---

१. पपं. सू. II. पृ. ३२६ः कोसम्बकसुत्तवण्णना, दी. नि. अ. क. I. पृ. २२५ः जालियसुत्तवण्णना र मनो. र. पू. I. पृ. २३४ः एकक-निपातवण्णना। धम्म. प. अ. क. पृ. १०५ः मरणपरिदीपित उदेन-वत्थुले भने प्रतिसम्भिदा सहित अरहत् भए भनी उल्लेख गरेको छ।

ती तीनैजना श्रेष्ठीहरू पनि पाँच पाँचशय गाडाहरूमा घिउ, मधु तथा सखर आदि र कपडाहरू समेत लिएर कौशम्बीबाट निस्केर क्रमैसँग श्रावस्तीमा पुग्नगए। अनि जेतवनको आसपासमा बस्नेठाउँ बनाई अर्थात् पालहरू टाँगी शास्ताकहाँ गई वन्दना गरी कुशलवार्ता गरिसकेपछि उनीहरू एक छेउमा बसे। शास्ताले तीनैजना मित्र श्रेष्ठीहरूलाई मधुर धर्मोपदेश सुनाउनुभयो र धर्मोपदेशको अन्तमा उनीहरू स्रोतापत्ति फलमा[१] प्रतिष्ठित भए। अति प्रसन्न भएका उनीहरूले भोलिकोनिमित्त शास्तालाई निम्तो गरी महादान दिए। यस्तैगरी उनीहरूले दुइहप्ता जतिसम्म दानदिएपछि—"भन्ते! हामीहरूको जनपदमा आउनुहुने वचन दिनुहोस्" भनी बुद्धको चरण-कमलमा शीरले ढोगे। भगवान्ले— "गृहपतिहो! तथागतहरू शून्यागारमा अभिरमण गर्छन्" भनी भन्नुभयो। यत्तिकैमा 'वचन दिएको हुन्छ' भन्ने सम्झी गृहपतिहरूले भगवान्लाई "भन्ते! बुझ्यौं, कुरा बुझ्यौं" भनी भने। त्यसपछि उनीहरूले यस्तो पनि विन्ति गरे— "भन्ते! हामीहरूले खबर पठाएपछि पाल्नुहोला[२]।" यति भनी

---

१. धम्म. प. अ. क. पृ. १०५: मरणपरिदीपित उदेनवत्थु; पटि. म. अ. क. पृ. ४१४: युगनन्धकथावण्णना र मनो. र. पू. I. पृ. २३४: एककनिपातवण्णना। दी. नि. अ. क. I. पृ. २२४: जालियसुत्त-वण्णना र पपं. सू. II. पृ. ३२६: कोसम्बकसुत्तवण्णनाले चाहिं स्रोतापन्न भएको कुरा लेखेका छैनन्।

२. धम्म. प. अ. क. पृ. १०५: मरणपरिदीपित उदेनवत्थु।

दशवललाई वन्दना गरी उनीहरू कौशम्बीमै फर्केर गए। यसरी जाँदा बाटामा एक एक योजनमा विहारहरू बनाई[१] क्रमशः कौशम्बीमा पुगी "लोकमा बुद्ध उत्पन्न हुनुभएको छ" भनी उनीहरूले मानिसहरूलाई सुनाए। अनि उनीहरू तीनैजना श्रेष्ठीहरूले आ-आफ्ना बगैंचाहरूमा ठूलो धन खर्चगरी भगवान्लाई बस्नकोनिमित्त महाविहारहरू बनाउन लगाए। (१) कुक्कुट सेठले बनाएको विहारको नाम 'कुक्कुटाराम', (२) पावारिक सेठले बनाएको विहारको नाम 'पावारिक-अम्बवन' र (३) घोषित सेठले बनाएको विहारको नाम 'घोषिताराम' रहन-गयो[२]।

यसरी महाविहारहरू बनाइसिद्धिसकेपछि शास्तालाई आउनु हुन उनीहरूले खबर पठाए। खबर पाएपछि शास्ता पनि कौशम्बीको-निमित्त प्रस्थान गर्नुभयो। त्यसवखत कुरुदेशवासी मागण्डिय ब्राह्मणको[३] अरहत्वको उपनिश्रयसम्पत्ति देखनुभई वहाँ बीच बाटैबाट

---

१. पपं. सू. II. पृ. ३२७: कोसम्बकसुत्तवण्णना; पटि. म. अ. क. पृ. ४१४: युगनन्धकथावण्णना।

२. पपं. सू. II. पृ. ३२७: कोसम्बकसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. २२५: जालियसुत्तवण्णना; पटि. म. अ. क. पृ. ४१४: युगनन्ध-कथावण्णना; मनो. र. पू. I. पृ. २३५: एककनिपातवण्णना र धम्म. प. अ. क. पृ. १०५: मरणपरिदीपित उदेनवत्थु।

३. यी मागण्डिय ब्राह्मणको कथा बु. ब्रा. भा-३, पृ. १३१ मा उल्लेख भएको छ।

कुरुदेशको कम्मासदम्म निगममा जानुभयो र पछि क्रमैसँग कौशम्बी-मा आइपुग्नुभयो[१] "शास्ता आइपुग्नु भयो" भन्ने खबर सुनेर श्रेष्ठीहरू सबै बाटोहेर्न गई भगवान्लाई ल्याई पञ्चाङ्गवन्दना गरी एक छेउमा बसे। एक छेउमा बसेका श्रेष्ठीहरूले भगवान्सँग यस्तो विन्ति गरे—

"भन्ते! यी तीनवटा विहारहरू भगवान्को उद्देश्यगरी बनाइएका हुन्। अतः भन्ते! चतुर्दिशाबाट आउने भिक्षुहरूकोनिमित्त भगवानले स्वीकार गर्नुहोस्।"

भगवान्ले स्वीकार गर्नुभयो[२]।

अनि विहारमा प्रवेश गराई उनीहरूले आलोपालो गरी भगवान्को हेरचाह गर्नथाले। शास्ता चाहिं एक एक दिन एक एक विहारमा बस्नुहुन्थ्यो। ज-जसको विहारमा बस्नुहुन्थ्यो उ-उसकै घर-द्वारमा भिक्षाटन् जानुहुन्थ्यो[३]। अनि ती तीनैजना सेठहरूले एकमहीना-सम्म भगवान्को महासत्कार गरे[४]।

एकदिन यी श्रेष्ठीहरूको मनमा यस्तोलाग्यो—"बुद्ध भनेका सबै लोकवासीहरूलाई अनुकम्पा राखनकोनिमित्त लोकमा उत्पन्न हुन्छन्। अतः अरूहरूलाई पनि दानदिने अवकाश प्रदान गर्नुपर्छ।" यस्तो सोचेर

---

१. मनो. र. पू. I. पृ. २३५.

२. मनो. र. पू. I. पृ. २३६: एककनिपातवण्णना, खुज्जुत्तराकथा।

३. धम्म. प. अ. क. पृ. १०५: मरणपरिदीपित उदेनवत्थु।

४. मनो. र. पू. I. पृ. २३७: एककनिपातवण्णना।

उनीहरूले कौशम्बीवासीहरूकोनिमित्त दानदिने अवकाश प्रदान गरे। त्यसपछि टोलटोल मिलेर नगरवासीहरूले भगवान्‌लाई महादान दिनथाले[१]। यसै बीच एकदिन यी तीनैजना श्रेष्ठीहरूका उपस्थाक मालाकार सुमनले "म दीर्घकालदेखि तपाइहरूको सेवा गरिरहेको छु। म पनि शास्तालाई भोजन गराउन चाहन्छु। अतः एकदिन मलाई पनि अवकाश दिनुहोस्" भनी भने। उनीहरूले अवकाश दिएपछि सुमन मालाकारले पनि दानदिए। यसै समयमा श्यामावती[२] महारानीकी दाशी खुज्जुत्तरा पनि यिनको घरमा सधैं फूल लिन आएकी थिइन् र बुद्धको दर्शन गरी धर्मोपदेश सुनी उनी स्रोतापन्ना भइन्[३]। घोषित गृहपतिको सम्बन्धमा पाएको यौटा मूल सूत्र अगाडि अनुवाद गरिदिएको छु। यो सूत्र आनन्द-देशित हो।

× × ×

---

१. मनो. र. पू. I. पृ. २३७: एककनिपातवण्णना, खुज्जुत्तरा।

२. हेर श्यामावती महारानीका कुरा बु. म. भा–१, पृ. २२०: देखि।

३. धम्म. प. अ. क. पृ. १०५: मरणपरिदीपित उदेनवत्थु, अप्पमादवग्गो; मनो. र. पू. I. पृ. २३७: एककनिपातवण्णना, खुज्जुत्तरा। खुज्जुत्तराको सम्बन्धमा अरू कुराहरू बु. म. भा–१, पृ. १८५ देखि हेर्नू।

केही घोषित नामहरू

(१) घोषित (गृहपति)—यी गृहपति कौशम्बीवासी हुन् । यिनले 'घोषिताराम' बनाएका थिए । यिनकै कुरा यहाँ उल्लेख गरिदिएको छु ।

(२) घोषितसुत्तं—यो सूत्र सं. नि. III. पृ. १०५: सलायतनसंयुत्तमा छ । यसको अनुवाद यहाँ अगाडि प्रस्तुत छ ।

(३) घोषिताराम—यो उही विहार हो जो कौशम्बीवासी घोषित गृहपतिले भगवान्कोनिमित्त बनाएका थिए । कौशम्बीमा पाल्नुहुँदा भगवान् बुद्ध यस विहारमा धेरै पटक बस्नुभएको कुरा अनेक सूत्रहरूमा पाइन्छन् । यस विहारमा अनेक घटनाहरू घटेका कुराहरू पनि सूत्रहरूमा पाइन्छन् । तीमध्ये केही—

(१) एक समय जब केही भिक्षुहरूका बीच केही नियमको बारेमा मतभिन्नता भएर दुइथरी भिक्षुहरूको बीचमा झगडा हुनथाल्यो तब भगवान् बुद्धले उनीहरूलाई सम्झाउँदा पनि नसम्झेपछि भगवान् घोषितारामबाट एक्लै पारिलेय्य वनमा जानुभयो । (हेर बु. रा. भा–१, पृ. ४२०) महा. व. पा. पृ. ३६८: कोसम्बकक्खन्धकं । (२) अर्को एक समय

भगवान् यसै विहारमा बसिरहनु भएको वेलामा छन्न भिक्षुले[1] आफ्नो आपत्ति दोषलाई 'आपत्ति दोष' भनी स्वीकार गर्न चाहन्नथे । अनि भिक्षुहरूले यो कुरा बुद्धलाई सुनाए । त्यसपछि भगवान्ले छन्न भिक्षुलाई निन्दा गरी सङ्घपरिभोगबाट अलग राख्ने आदेश दिनुभएको थियो । (चुल्ल. व. पा. पृ. ४४: आपत्तियाअदस्सने उक्खेपनीयकम्मं ।) पछि गएर घोषितारामभै आई दोषलाई स्वीकार गरी छन्न भिक्षुले सङ्घको आज्ञालाई पालन गरे । (चुल्ल. व. पा. पृ. ४४) । (३) देवदत्तले अजातशत्रु राजकुमारलाई प्रसन्नपारी आफ्नो पक्षमा लिने विचार गरी भिक्षुसङ्घको नायक बन्ने कुविचार गरेको पनि यसै विहारमा बसिरहेको वेलामा हो । (हेर बु. ब्र. भा-१, पृ.

---

१. यी छन्न भिक्षु उनै छन्दक नामक सारथी थिए । जो सिद्धार्थ बोधिसत्व सँगसँगै शुद्धोदन महाराजाकी एक दाशीको कोखबाट जन्मेका थिए । सिद्धार्थ बोधिसत्वले गृहत्याग गरी गएको वखतमा यिनी पनि साथमा थिए र बोधिसत्वले अनोम नदीको तीरमा चूडाकर्म गरिसकेपछि बोधिसत्वको वस्त्र तथा आभरणहरू लिएर श्रावस्तीमा फर्केका थिए । पछि बुद्ध भगवान् कपिलवस्तुमा पाल्नुहुँदा, त्यहाँ ज्ञातिसमागम भएको वेलामा श्रद्धापूर्वक यिनी प्रव्रजित भएका थिए । प्रव्रजित भइसकेपछि यिनको मनमा 'मेरै बुद्ध हो, मेरै धर्म हो' भन्ने घमण्ड थियो । थेर. गा. अ. क. I. पृ. १५५: छन्न थेर-गाथावण्णना ।

१२३, १२५: ककुधदेवपुत्र)। यसैवखत ककुध देवपुत्रले देवदत्तले मनमा चिताएका कुरा आयुष्मान् महामौद्गलयायनलाई सुनाएका थिए। यो सुनेर जब आयुष्मान् महामौद्गल्यायनले यो कुरा बुद्धलाई बताउनुभयो तब बुद्धले लोकमा पाँचप्रकारका शास्ताहरू भएका कुराहरू बताउनुभयो। (अं. नि–५, पृ. ३७९: ककुधथेरसुत्तं, ककुधवग्गो।) (४) स्त्रीहरू क्रोधिनी हुन्छन्, ईष्यालु हुन्छन् र कन्जूसिनी हुन्छन् भन्ने आदि कुरा आयुष्मान् आनन्दलाई बताउनु भएको पनि यहीं हो। (अं. नि–४, पृ. ८७: कम्बोजसुत्तं, अपण्णकवग्गो।) (५) यसै विहारमा एकदिन आयुष्मान् आनन्दले भगवान्सँग "भन्ते! सङ्घमा बस्ने भिक्षु कसरी आरामसाथ बस्नसक्छ?" भन्ने प्रश्न सोधेका थिए। (अं. नि-५, पृ. ३८८: आनन्दसुत्तं, फासुविहारवग्गो।) (६) एकदिन आयुष्मान् आनन्द भिक्षाटन् जानुहुँदा अन्यतीर्थीयहरूको आराममा जानुभएको थियो। त्यस समय त्यहाँ अन्यतीर्थीय परिव्राजकहरू "जसले ब्राह्लवर्षसम्म ब्रह्मचर्य पालन गर्छ उ शुद्ध ब्रह्मचारी हुन्छ" भनी कुरा गरिरहेका थिए। अनि आयुष्मान् आनन्दले घोषिताराममा बसिरहनु भएका भगवान्सँग यस सम्बन्धमा प्रश्न सोध्नुभएको थियो। (अं. नि–७, पृ. १८१: दुतियनिद्देससुत्तं, देवतावग्गो।) (७) एकदिन आयुष्मान् उदायीले धेरै गृहीपरिषद्लाई धर्मोपदेश गरिरहनु भएको देखेर आयुष्मान् आनन्दले भगवान्लाई यो कुरा सुनाउनु हुंदा भगवान्ले "धर्मोपदेश गर्नेहरूमा पाँचवटा गुणहरू

हुनुपर्छ[१]" भनी भन्नुभएको थियो। (अं. नि-५, पृ. ४३३: उदायीसुत्तं, सद्धम्मवग्गो।) (८) भगवान् घोषितारामा बसिरहनु भएको वेलामा, एकदिन आयुष्मान् छन्नको उपस्थाक गृहपतिले विहार बनाइदिने कुरा भनेपछि आयुष्मान् छन्नले मानिसहरूद्वारा पूजागरिने एक रुख काट्न लगाएका थिए। जसबारे आयुष्मान् छन्नलाई निन्दा गर्नुभई भगवान्ले विहार बनाउने बारेमा एक नियम पनि बनाउनु भएको थियो। (पारा. पा. पृ. २३२: सत्तमसङ्घादिसेसो।) (९) अर्को एक समय आयुष्मान् छन्नको उपस्थाक महामात्यले आयुष्मान छन्नकोनिमित्त यौटा विहार बनाइदिए। आयुष्मान् छन्नले सो सिद्धिएको विहारमा बारबार लिउन लगाउन लगाउँदा र बारबार छाना हाल्न लगाउँदा विहार भत्केर एक ब्राह्मणको जौ को खेत नोक्सान भएको थियो। यसै सन्दर्भमा आयुष्मान् छन्नलाई निन्दा गर्नुभई भगवान्ले यौटा नियम बनाउनु भयो। (पाचि. पा. पृ. ७१: ऊनवीसतिमपाचित्तियं।) (१०) एक समय भगवान् उहीं बसिरहनु भएको वेलामा आयुष्मान् पिण्डोल भारद्वाजले आफू क्षीणास्रवी भएको कुरो बताउनु भएको बारेमा भिक्षुहरूले भगवान्लाई यो कुरा सुनाउँदा भगवान्ले स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञा-इन्द्रियलाई

---

१. कुन पाँचवटा गुणहरू हुन् भन्ने कुरा बु. ब्रा. भा-२, पृ. ३९ को नं. (३) मा हेर्नू।

भाविता गरिसकेको हुनाले भारद्वाज भिक्षुले त्यसो भनेका हुन् भनी प्रशंसा गर्नुभयो। (सं. नि. IV. पृ. १९४: पिण्डोल भारद्वाजसुत्तं, इन्द्रियसंयुत्तं।) (११) अर्को एक समय त्यहाँ उग्गत सरीर (=उद्गत शरीर) ब्राह्मण आई भगवान्सँग यज्ञको महत्ताको बारेमा कुरा गरेका थिए। (हेर बु. ब्रा. भा-१, पृ. १२०: उद्गत शरीर ब्राह्मण।) (१२) भगवान् घोषितारामा बसिरहनु भएको वेलामा श्यामावती महारानीको अन्तःपुरमा आगो लागेर श्यामावतीहरूको मृत्यु भएको थियो। (हेर बु. म. भा-१, पृ. २६३: अनिष्फल मरण।) (१३) एकदिन दारुपत्तिक परिव्राजकका अन्तेवासी मुण्डिय र जालियले भगवान्सँग "उही जीव उही शरीर हो कि अर्कै जीव अर्कै शरीर हो?" भन्ने प्रश्न सोधेका थिए। (हेर बु. रा. भा-१, पृ. ४१४: ओट्ठद्ध लिच्छवी।) (१४) भगवान् उहीं बसिरहनु भएको वेलामा एकदिन भगवान्ले आयुष्मान् आनन्दसँग—"सङ्घको झगडा टुंगियो कि टुंगिएको छैन?" भनी सोध्नुहुँदा आयुष्मान् आनन्दले "टुंगिएको छैन" भनी उत्तर दिनुभएको थियो। अनि भगवान्ले त्यसवखत—"कुनै पनि सङ्घको झगडा तिमीले र सारिपुत्रमौद्गल्यायनले सुल्झाउन सक्नुपर्छ" भनी भन्नुभयो। (अं. नि-४, पृ. २५४: सङ्घभेदकसुत्तं, आपत्तिभयवग्गो।) यसवखत आयुष्मान् बाहिय र आयुष्मान् अनुरुद्ध पनि उहीं हुनुहुन्थ्यो। (१५) एक समय भगवान्का साथ आयुष्मान् अनुरुद्ध उहीं

हुनुहुन्थ्यो । अनि आयुष्मान् अनुरुद्धकहाँ अनेक मनापकायिका देवताहरू आएका थिए । त्यस पछि आयुष्मान् अनुरुद्धले भगवान्सँग "कति गुणले युक्तहुने स्त्रीहरू मनापकायिका देवलोकमा उत्पन्न हुन्छन् ?" भनी प्रश्न सोध्दा "आठगुणले युक्तहुने स्त्रीहरू मनापकायिका देवलोकमा उत्पन्न हुनसक्छन्" भनी भगवान्ले भन्नुभयो । (अं. नि–८, पृ. ३५८: अनुरुद्धसुत्तं, उपोसथवग्गो ।)

बुद्धको अलावा अरू श्रावकहरू पनि घोषितारामम‍ा बसेका कुराहरू अनेक सूत्रहरूमा पाइन्छन् । जस्तै—

(१) एक समय आयुष्मान् आनन्द घोषितारामसा बसिरहनुभएको वेलामा एउटी भिक्षुणीले आयुष्मान् आनन्दलाई हेर्ने इच्छा गरी आफू बिरामी नभइकन पनि 'बिरामी भएँ' भनी आयुष्मान् आनन्दलाई बोलाउन पठाएकी थिइन् । अनि आयुष्मान् आनन्द आई उपदेश सुनाएपछि सो भिक्षुणीले आफ्नो अपराधलाई स्वीकार गरिन् । (अं. नि–४, पृ. १५३: भिक्खुनीसुत्तं, इन्द्रियवग्गो ।)

(२) घोषिताराममा बसिरहनुभएका आयुष्मान् आनन्दकहाँ आएका केही व्यक्तिहरू—

घोषित गृहपति । जसको कुरा अगाडि अनुदित भएको छ । (सं. नि. III. पृ. १०५: घोसितसुत्तं, सलायतनसंयुत्तं ।) उण्णाभ (=ऊर्णाभ) ब्राह्मण । (हेर बु. ब्रा.

भा–१, पृ. ११३) । आजीवक श्रावक गृहपति । यिनले आयुष्मान् आनन्दसँग "कसको धर्म सु-आख्यात छ ? को सु-प्रतिपन्न छ ? र को लोकमा सु-कृत्य छ ?" भन्ने प्रश्नहरू सोधेका थिए । (अं. नि–३, पृ. २०१: आजीवकसुत्तं, आनन्दवग्गो ।) त्यसैगरी एकदिन आयुष्मान् आनन्दकहाँ आउनु भएका भद्दजीसँग आयुष्मान् आनन्दले "दर्शनहरूमध्ये श्रेष्ठ दर्शन कुन् हो ? श्रवणहरूमध्ये श्रेष्ठ श्रवण कुन् हो ? सुखहरूमध्ये श्रेष्ठ सुख कुन् हो ? संज्ञाहरूमध्ये श्रेष्ठ संज्ञा कुन् हो ? र भावनाहरूमध्ये श्रेष्ठ भावना कुन् हो ?" भनी सोध्नुभई पछि आफैले यसको उत्तर बताउनु भएको थियो । (अं. नि–५, पृ. ४४८: भद्दजिसुत्तं, आघातवग्गो ।) एकदिन आयुष्मान् उदायीले आयुष्मान् आनन्दसँग यस्तो सोधे—"आवुसो आनन्द ! जस्तै भगवान्ले यो शरीरलाई अनात्म भनी बताउनु भएको छ त्यस्तैगरी विज्ञानलाई पनि अनात्म भनी बताउन सकिन्छ के ?" (सं. नि. III. पृ. १५०: उदायीसुत्तं, सलायतनसंयुत्तं ।) अर्को पटक आयुष्मान् उदायीले पञ्चालचण्ड देवपुत्रले भनेका गाथाको अर्थ आयुष्मान् आनन्दसँग सोधेका थिए । (अं. नि–९, पृ. ८३: सम्बाधसुत्तं, सामञ्ञवग्गो ।)

(३) एक समय आयुष्मान् आनन्द र आयुष्मान् कामभू घोषितारामा बसिरहनुभएको वेलामा आयुष्मान् कामभूले आयुष्मान् आनन्दसँग "चक्षु रूपको संयोजन हो के ?..." भन्ने आदि प्रश्नहरू सोधेका थिए । (सं. नि. III.

पृ. १५०: कामभूसुत्तं, सलायतनसंयुत्तं ।) (४) यसै विहारमा बसिरहनु भएको वेलामा आयुष्मान् आनन्दले 'युगनन्धसूत्र' को उपदेश गर्नुभएको थियो । (अं. नि–४, पृ. १६६: युगनन्ध-सुत्तं, पटिपदावग्गो ।) (५) आयुष्मान् छन्नलाई सङ्घद्वारा दिइएको ब्रह्मदण्डको सूचना आयुष्मान् छन्नलाई आयुष्मान् आनन्दले यसै विहारमा बसिरहनुभएको वेलामा दिनुभएको थियो । (चुल्ल. व. पा. पृ. ४१४: छन्नेब्रह्मदण्डारोपनं ।)

बुद्ध तथा आयुष्मान् आनन्द बाहेक अरू श्रावकहरू पनि घोषितारामका बसेका कुराहरू सूत्रहरूमा पाइन्छन् । त्यसमध्ये केही—

(१) एक समय आयुष्मान् पिण्डोल भारद्वाज घोषितारामका बसिरहनुभएको वेलामा राजा उदेनले वहाँसँग—"किन तरुण बैंशमै मानिसहरू भिक्षु भएका हुन् ? ..." भन्ने प्रश्न सोधेका थिए । (हेर बु. रा. भा–१, पृ. ४३५: तरुण भिक्षुहरू ।) (२) एक समय आयुष्मान् मुसिल, आयुष्मान् पविट्ठ, आयुष्मान् नारद र आयुष्मान् आनन्द घोषिता-राममा बसिरहनुभएको थियो । त्यस समय आयुष्मान् पविट्ठले आयुष्मान् मुसिलसँग प्रश्नहरू सोधेका थिए । (सं. नि. II. पृ. ९८: कोसम्बिसुत्तं, निदानसंयुत्तं ।) (३) एक समय आयुष्मान् उपवान र आयुष्मान् सारिपुत्र त्यहाँ बसिरहनु भएकोथियो । अनि आयुष्मान् सारिपुत्रले आयुष्मान्

उपवानसँग "प्रत्यक्षरूपले मनस्कार गर्दा सप्तबोध्यङ्ग सुखविहारकोनिमित्त हुन्छ भन्ने कुरा थाहाछ कि छैन ?" भनी प्रश्न सोध्नु भएको थियो। (सं. नि. IV. पृ. ७१: उपवानसुत्तं, बोज्झङ्गसंयुत्तं ।) (४) एक समय घोषितारामना केही भिक्षुहरू बसिरहेका थिए। त्यस वखत आयुष्मान् खेमक घोषितारामबाट एक गाउत टाढा रहेको बदरिकाराममा[१] बिरामी थिए। अनि घोषितारामना बसिरहेका भिक्षुहरूले आयुष्मान् दासकलाई वहाँको स्वास्थ्यको बारेमा सोधपूछ गर्न पठाएका थिए। अन्तमा आयुष्मान् खेमक स्वयं घोषितारामना आई त्यहाँका भिक्षुहरूलाई उपदेश गरी अरहत् फलमा प्रतिष्ठित गराएर आफू पनि अरहत् भएका थिए। (सं. नि. II. पृ. ३४६: खेमकसुत्तं, खन्धकवग्गो ।)

यसको अतिरिक्त—(१) कोसम्बिय वा कोसम्बकसुत्तं (म. नि. I. पृ. ३९३, अ. क. II. पृ. ३२४); (२) जालियसुत्तं (दी. नि. I. पृ. १३६, अ. क. I. पृ. २२४); (३) सन्दकसुत्तं (म. नि. II. पृ. २११, अ. क. III. पृ. १५२); (४) उपक्किलेससुत्तं (म. नि. II. पृ. २२१, अ. क. IV. पृ. १३५); (५) सेखसुत्तं (सं. नि. IV. पृ. १९८, अ. क. III. पृ. १९६); (६) दल्हधम्मजातकं (जा. अ. क. III.

१. हेर बु. रा. भा–१, पृ. ४१९: राजा उदेन ।

पृ. २७४, नं. ४०९); (७) कोसम्बिजातकं (जा. अ. क. IV. पृ. ७, नं. ४२८); र (८) सुरापानजातकं (जा. अ. क. I. पृ. ३०८, नं. ८१) आदि पनि घोषितारामगै बसिरहनुभएको वेलामा भगवान्‌ले उपदेश गर्नु भएको हो ।

× × ×

मूल सूत्र—

१—धातुनानात्व

एक समय आयुष्मान् आनन्द कौशम्बीको घोषितारामा बसिरहनुभएको थियो[१]। अनि घोषित गृहपति जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका घोषित गृहपतिले आयुष्मान् आनन्दलाई यस्तो भने—

"भन्ते आनन्द ! 'धातुनानात्व, धातुनानात्व' भनी भन्दछन्। भन्ते ! धातुनानात्वको सम्बन्धमा भगवान्ले के कसरी बताउनु भएको छ ?"

(१) "a. गृहपति ! चक्षुधातु छ, मनपर्ने रूप पनि छ, सुखवेदनीय चक्षुविज्ञान पनि छ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ। b. गृहपति ! चक्षुधातु छ, मननपर्ने रूप पनि छ, दुःखवेदनीय

---

१. सं. नि. III. पृ. १०५: घोसितसुत्तं, सलायतनसंयुत्तं, अ. क. III. पृ. २८.

चक्षुविज्ञान पनि छ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ। c. गृहपति! चक्षुधातु छ, उपेक्षावेदनीय मनपर्ने रूप पनि छ, अदुःख-असुखवेदनीय चक्षुविज्ञान पनि छ। स्पर्शको कारणद्वारा अदुःखअसुख-वेदना उत्पन्न हुन्छ।

(२) "a. गृहपति! श्रोतधातु छ, मनपर्ने शब्द पनि छ, सुख-वेदनीय श्रोतविज्ञान पनि छ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ। b. गृहपति! श्रोतधातु छ, मननपर्ने शब्द पनि छ, दुःखवेदनीय श्रोतविज्ञान पनि छ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ। c. गृहपति! श्रोतधातु छ, उपेक्षावेदनीय मनपर्ने शब्द पनि छ, अदुःख-असुखवेदनीय श्रोतविज्ञान पनि छ। स्पर्शको कारणद्वारा अदुःखअसुख-वेदना उत्पन्न हुन्छ।

(३) "a. गृहपति! घ्राणधातु छ, मनपर्ने गन्ध पनि छ, सुख-वेदनीय घ्राणविज्ञान पनि छ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ। b. गृहपति! घ्राणधातु छ, मननपर्ने गन्ध पनि छ, दुःखवेदनीय घ्राणविज्ञान पनि छ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ। c. गृहपति! घ्राणधातु छ, उपेक्षावेदनीय मनपर्ने गन्ध पनि छ, अदुःख-असुखवेदनीय घ्राणविज्ञान पनि छ। स्पर्शको कारणद्वारा अदुःखअसुख-वेदना उत्पन्न हुन्छ।

(४) "a. गृहपति! जिह्वाधातु छ, मनपर्ने रस पनि छ, सुख-वेदनीय जिह्वाविज्ञान पनि छ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ। b. गृहपति! जिह्वाधातु छ, मननपर्ने रस पनि छ, दुःखवेदनीय

जिह्वाविज्ञान पनि छ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ। c. गृहपति ! जिह्वाधातु छ, उपेक्षावेदनीय मनपर्ने रस पनि छ, अदुःख-असुखवेदनीय जिह्वाविज्ञान पनि छ। स्पर्शको कारणद्वारा अदुःखअसुख-वेदना उत्पन्न हुन्छ।

(५) "a. गृहपति ! कायधातु छ, मनपर्ने स्पर्श पनि छ, सुख-वेदनीय कायविज्ञान पनि छ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ। b. गृहपति ! कायधातु छ, मननपर्ने स्पर्श पनि छ, दुःखवेदनीय कायविज्ञान पनि छ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ। c. गृहपति ! कायधातु छ, उपेक्षावेदनीय मनपर्ने स्पर्श पनि छ, अदुःख-असुखवेदनीय कायविज्ञान पनि छ। स्पर्शको कारणद्वारा अदुःखअसुख-वेदना उत्पन्न हुन्छ।

(६) "a. गृहपति ! मनधातु छ, मनपर्ने मनको विषय (=धर्म) पनि छ, सुखवेदनीय मनविज्ञान पनि छ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ। b. गृहपति ! मनधातु छ, मननपर्ने मनको विषय पनि छ, दुःखवेदनीय मनविज्ञान पनि छ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ। c. गृहपति ! मनविज्ञान छ, उपेक्षावेदनीय मनपर्ने मनको विषय पनि छ, अदुःखअसुखवेदनीय मनविज्ञान पनि छ। स्पर्शको कारणद्वारा अदुःखअसुखवेदना उत्पन्न हुन्छ[१]।

---

१. यस सूत्रमा तेइस (२३) धातुका कुराहरू बताइएका छन्। जस्तै—

(१) चक्षुप्रसादरूपी चक्षुधातु, (२) त्यसले आरम्मण

"गृहपति ! भगवान्‌ले धातुनानात्वको सम्बन्धमा यसरी बताउनु भएको छ ।"

मर्ने रूपधातु, (३) चक्षुविज्ञानधातु र (४) सहजात तीन स्कन्धरूपी धर्मधातु । यसरी पञ्चद्वारहरूमध्येमा प्रत्येकद्वारमा यी चार चार धातुहरू जोडदा बीस (२०) धातुहरू हुन्छन् ।

मनद्वारमा संग्रहित हुने —(१) आवर्जन चित्तरूपी मनधातु, (२) आरम्मण र हृदयवस्तुरूपी धर्मधातु तथा (३) हृदयवस्तुमा आश्रित भएको मनविज्ञानधातु । यी तीन धातुहरू र माथि पञ्चेन्द्रियमा हुने बीस धातुहरू समेत गरी जम्मा तेइस (२३) धातुहरूका कुरा यस सूत्रमा देखाइएका छन् भनी सं. नि. अ. क. III. पृ. २८-२९: घोसितसुत्तवण्णना, गहपतिवग्गोततियले उल्लेख गरेको छ ।

१४. चण्ड गामणी

प रि च य

यी चण्ड गामणीको नाम कसैले राखेको होइन बल्कि धर्म-संग्राहकहरूले राखेको नाम हो भनी संयुत्तनिकायट्ठकथाले[१] उल्लेख गरेको छ ।

भगवान् श्रावस्तीमा बसिरहनु भएको वेलामा एकदिन वहाँकहाँ गई कस्तालाई 'चण्ड' र कस्तालाई 'सुशील्य' भन्दछन् भनी यिनले प्रश्न सोधेका थिए । अनि भगवान्ले यिनलाई "जसले कोप गर्छ र गराउँछ उसलाई 'चण्ड' र जसले कोप गर्दैन र गराउन्न उसलाई 'सुशील्य' भन्दछन्" भनी उत्तर दिनुभएको थियो । जुन कुरा अगाडिको मूल सूत्रमा अनुदित भएको छ ।

× × ×

---

१. सं. नि. अ. क. III. पृ. ९९: चण्डसुत्तवण्णना, गामणिसंयुत्तं ।

केही चण्ड नामहरू

(१) चण्ड (गामणी)—यी चण्ड गामणी श्रावस्तीवासी हुन् । यिनकै कुरा यहाँ उल्लेख गरिदिएको छ ।

(२) चण्ड (पञ्चाल)—हेर पञ्चालचण्ड। बु. ब्र. भा–१, पृ. ३७२.

(३) चण्ड (काली)—यी चण्डकाली एक भिक्षुणी हुन् । यिनी झगडालु थिइन् । यिनी थुलनन्दा भिक्षुणीका साथ बस्दथिन् । पाचि. पा. पृ. ३०७: चतुत्थसङ्घादिसेसो, भिक्खुनिविभङ्गो ।

(४) चण्ड (पज्जोत)—यी चण्डपज्जोत[१] (=चण्डप्रद्योत) राजा अवन्तीको उज्जैनका राजा हुन्[२] । यिनकी छोरी वासुलदत्ता उदेन राजाकी एक महिषी थिइन्[३] । यिनी बिम्बिसार राजाका एक मित्र थिए[४] । बिम्बिसार राजाले जीवक वैद्यलाई पठाई यिनको औषधी गराउन लगाएका थिए[५] ।

---

१. पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना ।

२. हेर बु. रा. भा–१, पृ. ४२२: राजा उदेन ।

३. हेर बु. रा. भा–१, पृ. ४२३: राजा उदेन ।

४. हेर बु. रा. भा–१, पृ. ४२२: राजा उदेन ।

५. हेर. बु. गृ. भा–१, पृ. ३७९: जीवक वैद्य ।

मूल सूत्रमा यिनलाई 'पज्जोत' (=प्रद्योत) भन्ने मात्र उल्लेख भएको छ । अट्ठकथामा चाहिं पूरा नाम दिंदै 'चण्ड पज्जोत' (=चण्ड प्रद्‌योत) भनी लेखेको छ । यसभन्दा अघिका बुद्धकालीन ग्रन्थहरूमा भूलले 'चन्द्रप्रद्योत' भनी छापिएका छन् ।

(५) चण्ड (सुत्तं)—यो सूत्र संयुत्तनिकायमा छ । यो सूत्रमा चण्ड गामणीले बुद्धसँग 'कसलाई चण्ड भन्दछन् ?' भन्ने प्रश्न सोधेका कुराहरू छन् । यसको अनुवाद यहाँ अगाडि गरिदिएको छ । सं. नि. III. पृ. २७१: गामणिसंयुत्तं, अ. क. III. पृ. ९९.

× × ×

मूल सूत्र—

१–कसरी 'चण्ड' हुन्छ ?

श्रावस्तीमा[1] ।

अनि चण्ड गामणी[2] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चण्ड गामणीले भगवान्‌लाई यस्तो भने—

"भन्ते ! के हेतु, के प्रत्यय हो जसले गर्दा यहाँ कसैलाई 'चण्ड, चण्ड' भनी भन्दछन् ? भन्ते ! के हेतु, के प्रत्यय हो जसले गर्दा यहाँ कसैलाई 'सुशील्य, सुशील्य' भनी भन्दछन् ?"

"गामणी ! यहाँ कसैको राग प्रहीण भएको हुन्न । राग प्रहीण नभएको कारणले गर्दा अर्कालाई कोप गराउँछ र अर्काले कोप गराउँदा

---

१. सं. नि. III. पृ. २७१: चण्डसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. ९९.

२. धर्मसंग्राहकहरूले 'चण्ड' भनी नामकरण गरेका एक गामणी । सं. नि. अ. क. III. पृ. ९९: चण्डसुत्तवण्णना, गामणिसंयुत्तं ।

(आफूले पनि) कोप गर्छ । त्यस्तालाई 'चण्ड' भनी भन्दछन् । द्वेष प्रहीण भएको हुन्न । द्वेष प्रहीण नभएको कारणले गर्दा अर्कालाई कोप गराउँछ र अर्कालि कोप गराउँदा (आफूले पनि) कोप गर्छ । त्यस्तालाई 'चण्ड' भनी भन्दछन् । मोह प्रहीण भएको हुन्न । मोह प्रहीण नभएको कारणले गर्दा अर्कालाई कोप गराउँछ र अर्कालि कोप गराउँदा (आफूले पनि) कोप गर्छ । त्यस्तालाई 'चण्ड' भनी भन्दछन् । गामणी ! यही हेतु, यही प्रत्यय हो जसले गर्दा यहाँ उसलाई 'चण्ड, चण्ड' भनी भन्दछन् ।

"गामणी ! यहाँ कसैको राग प्रहीण भएको हुन्छ । राग प्रहीण भएको कारणले गर्दा अर्कालाई कोप गराउन्न र अर्कालि कोप गराउँदा पनि (आफूले) कोप गर्दैन । त्यस्तालाई 'सुशील्य' भनी भन्दछन् । द्वेष प्रहीण भएको हुन्छ । द्वेष प्रहीण भएको कारणले गर्दा अर्कालाई कोप गराउन्न र अर्कालि कोप गराउँदा पनि (आफूले) कोप गर्दैन । त्यस्तालाई 'सुशील्य' भनी भन्दछन् । मोह प्रहीण भएको हुन्छ । मोह प्रहीण भएको कारणले गर्दा अर्कालाई कोप गराउन्न र अर्कालि कोप गराउँदा पनि (आफूले) कोप गर्दैन । त्यस्तालाई 'सुशील्य' भनी भन्दछन् । गामणी ! यही हेतु, यही प्रत्यय हो जसले गर्दा यहाँ उसलाई 'सुशील्य, सुशील्य' भनी भन्दछन् ।"

यस्तो भन्नुहुँदा चण्ड गामणीले भगवान्लाई यस्तो भने— "धन्यहो, भन्ते ! धन्यहो, भन्ते !! जस्तै भन्ते ! घोप्टेकोलाई उत्तानो पारिदिंदा वा...भगवान्ले मलाई अनेकप्रकारले धर्म प्रकाश पारिदिनु

भयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

१५. चम्पावासी उपासकहरू

परिचय

बुद्धका समयका ६ वटा प्रमुख महानगरहरूमध्ये चम्पानगर पनि यौटा हो[1] । यस नगरमा एक रमणीय गग्गरा भन्ने पुष्करिणी थियो । यस पुष्करिणीको आसपासमा विहार पनि थियो । जसमा बुद्ध भगवान् बसिरहनुभएको थियो । त्यसैले अगाडिको सूत्रमा 'गग्गरा पुष्करिणीको तीरमा बस्नुभएको थियो' भनी उल्लेख भएको हो । सारिपुत्र महास्थविर पनि भगवान्सँग त्यहाँ बसिरहनुभएको थियो । त्यस नगरमा धेरै श्रद्धालु उपासकहरू पनि थिए । उनीहरू सारिपुत्र महास्थविर प्रति विशेष विश्वस्त थिए । त्यसैले एकदिन उनीहरू बुद्धको श्रीमुखबाट उपदेश नसुनेको धेरैदिन भइसक्यो भन्दै सारिपुत्र महास्थविरकहाँ गएका हुन् । अनि वहाँले उनीहरूलाई बुद्धकहाँ एक उपोसथको दिनमा लैजानु भयो र उनीहरूकोनिमित्त उपयुक्त हुनेगरी

---

१. हेर दी. नि. II. पृ. ११३: महापरिनिब्बानसुत्तं अथवा बु. रा. भा–१, पृ. १२५ मा ।

भगवान्‌को श्रीमुखबाट उपदेश सुनाउने विचारले त्यसवखत वहाँले बुद्धसँग त्यस किसिमले प्रश्न सोध्नुभयो जसबाट बुद्धले उनीहरूकोनिमित्त उपयुक्त हुनेगरी उपदेश दिन सक्नुहुन्थ्यो ।

सारिपुत्र महास्थविरको प्रश्नको उत्तरमा बुद्ध भगवान्‌ले सातकिसिमका दानका कुराहरूको बारेमा उपदेश दिनुभयो । जुन कुराहरू यहाँ अगाडि अनुदित मूल सूत्रमै प्रष्टसँग उल्लेख भएका छन् ।

× × ×

मूल सूत्र—

१—कस्तो दान महत्फलदायी हुन्छ ?

एक समय भगवान् चम्पास्थित[१] गग्गरा पुष्करिणीको तीरमा बस्नुभएको थियो[२] ।

अनि धेरै चम्पावासी उपासकहरू जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चम्पावासी उपासकहरूले आयुष्मान् सारिपुत्रलाई यस्तो विन्ति गरे—

"भन्ते ! भगवान्को सम्मुखबाट हामीले धार्मिक कथा नसुनेको धेरैदिन भइसक्यो । भगवान्को सम्मुखबाट हामीले धर्मका कुराहरू सुन्न पाए बेश हुने थियो ।"

---

१. चम्पा भन्ने नगर वर्तमान समयमा कहाँ पर्छ भन्ने कुरा लेखकको बु. रा. पृ. ६७ को पादटिप्पणीमा उल्लेख गरिएको छ ।

२. अं. नि—७, पृ. १९७: दानमहप्फलसुत्तं, महायञ्ञवग्गो, अ. क. II. पृ. ७१६.

"आवुसो ! त्यसोभए उपोसथ (=पूर्णिमा) को दिनमा आउनुहोस् । अवश्य पनि भगवान्को सम्मुखबाट धर्मका कुराहरू सुन्न पाउनु हुनेछ ।"

"भन्ते ! हवस्" भनी चम्पावासी उपासकहरू आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तरदिई आसनबाट उठी आयुष्मान् सारिपुत्रलाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

अनि चम्पावासी उपासकहरू उपोसथको दिनमा जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बसे । अनि आयुष्मान् सारिपुत्र ती उपासकहरूसँगै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो विन्ति गर्नुभयो—

(क) "भन्ते ! यहाँ हुनसक्छ के त्यस्तै नै दिएको दानको फलले कसैलाई न महत्फलदायी हुन्छ, न त महानिसंस नै ? भन्ते ! यहाँ हुनसक्छ के त्यस्तै नै दिएको दानको फलले कसैलाई महत्फलदायी हुन्छ महानिसंस पनि ?"

"सारिपुत्र ! हुनसक्छ यहाँ त्यस्तै नै दिएको दानको फलले कसैलाई न महत्फलदायी हुन्छ न त महानिसंस नै; सारिपुत्र ! हुनसक्छ यहाँ त्यस्तै नै दिएको दानको फलले कसैलाई महत्फलदायी पनि हुन्छ महानिसंस पनि ।"

(ख) "भन्ते ! के हेतु, के प्रत्यय होला जसले गर्दा यहाँ त्यस्तै नै दिएको दानको फलले कसैलाई महत्फलदायी पनि हुन्न र महानिसंस पनि हुन्न ? भन्ते ! के हेतु, के प्रत्यय होला जसले गर्दा यहाँ त्यस्तै नै दिएको दानको फलले कसैलाई महत्फलदायी पनि हुन्छ महानिसंस पनि ?"

१–"सारिपुत्र ! कसैले सापेक्षीभई दानदिन्छ र प्रतिबद्ध चित्त लिई दानदिन्छ—'यो परलोकमा परिभोग गर्नेछु' भन्ने विचार लिई निधान गर्ने (डिपोजित गर्ने) आशाले दानदिन्छ । उसले श्रमण-लाई वा ब्राह्मणलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन अथवा सुत्ने बस्ने तथा प्रदीपादि वस्तुहरू दानदिन्छ । सारिपुत्र ! के त यहाँ कसैले यस्तो दान दिनसक्छ त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! सक्छ ।"

"सारिपुत्र ! यहाँ जसले सापेक्षीभई दानदिन्छ, प्रतिबद्ध चित्त लिई दान दिन्छ -- 'यो परलोकमा परिभोग गर्नेछु' भन्ने विचार लिई निधान गर्ने आशा लिई दान दिन्छ र उ त्यो दानदिई कायछाडी मृत्यु पछि चातुर्महाराजिक देवताहरूको सहवासमा उत्पन्न हुन्छ । उ त्यो कर्म (=कर्मफल), त्यो ऋद्धि[१] (=विपाक ऋद्धि), त्यो यश

१. 'ऋद्धि' शब्दको अर्थ हो—सिद्ध हुनु, सफल हुनु र इच्छागरेको काम पूरा हुनु आदि । ऋद्धि दश प्रकारका छन् भन्ने कुरा बु. रा. भा-१, पृ. ६३ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु । त्यसमध्ये यहाँ

'विपाक-ऋद्धि' लाई 'ऋद्धि' भनिएको हो । अं. नि. अ. क. II. पृ. ७१६.

दश प्रकारका ऋद्धिहरूको बारेमा जुन कुराहरू बु. रा. पृ. ६३–६४ को पादटिप्पणीमा उल्लेख भएका छन् त्यस सम्बन्धमा ती ऋद्धिहरूको परिभाषा कस्तारहेछन् भन्ने बारेका कुराहरू यहाँ उल्लेख गरिदिएको छु ।

(१) **अधिष्ठान-ऋद्धि** भनेको—कुनै ऋद्धिमय-ध्यान-लाभी भिक्षुले आफूले इच्छागरे अनुसार 'यस्तो होस्' भनी चिताएको कुरा सिद्धहुनु हो । यसको परिभाषा पटि. म. पा. पृ. ४६९ मा यसरी दिइएको छ—

"कतमा अधिट्ठान इद्धि ? इध भिक्खु अनेक विहितं इद्धिविधं पच्चनुभोति—एको पि हुत्वा बहुधा होति, बहुधा पि हुत्वा एको होति,···याव ब्रह्मलोका पि कायेन वसं वत्तेति ।" अर्थात्—अधिष्ठान ऋद्धि भनेको कस्तो हो ? यहाँ भिक्षु एक भएर पनि अनेक हुन्छ र अनेक भएर पनि एक हुन्छ,···ब्रह्मलोकसम्मलाई पनि शरीरद्वारा वशमा राख्छ । जस्तै—**चूलपन्थ** महास्थविरले झैं । (थेर. गा. अ. क. पृ. ५१७; पटि. म. अ. क. पृ. ४८३; धम्म. प. अ. क. पृ. १२०.)

(२) **विकुब्बन-ऋद्धि** भनेको– प्रकृति रूपलाई छाडी

विविधाकारले अरू रूपहरू धारण गर्नसक्नु हो। पटि. म. पा. पृ. ४७३ अनुसार यसको परिभाषा यसरी उल्लेख गरिएको छ—

"कतमा विकुब्बना इद्धि ? सिखिस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स अभिभू नाम सावको ब्रह्मलोके ठितो सहस्सिलोक-धातु सरेन विञ्ञापेसि। सो दिस्समानेन पि कायेन धम्मं देसेति, अदिस्स मानेन पि···। सो पकतिवण्णं विजहित्वा कुमारकवण्णं वा दस्सेति,···सीहवण्णं वा दस्सेति,···विविधम्पि सेनाब्यूहं दस्सेती' ति — अयं विकुब्बना इद्धि। अर्थात्—विकुब्बन-ऋद्धि भनेको कुनचाहिं हो भने—भगवान् सिखि बुद्धका पालामा **अभिभू** भन्ने वहाँका श्रावकले ब्रह्मलोकमा बसी सहस्र लोकधातुलाई आफ्नो स्वर सुनाउनुभयो। वहाँले शरीर देखिने गरेर पनि नदेखिने गरेर पनि धर्मदेशना गर्नुभयो...। वहाँले आफ्नो प्रकृति रूप छाडी कुमारक रूप...सिंह रूप तथा विविध सेनाब्यूह आदि देखाउनु भयो—यसैलाई विकुब्बन-ऋद्धि भन्दछन्।

(३) **मनोमय-ऋद्धि** भनेको के हो भने—चित्तसहित इन्द्रिय सम्पन्न रूप देखाउनु हो। यस सम्बन्धमा पटि. म. पा. पृ. ४७३ मा यसरी उल्लेख भएको छ—

"कतमा मनोमया इद्धि ? इध भिक्खु इमम्हा काया अञ्ञं कायं अभिनिम्मिनाति रूपिं मनोमयं सब्बङ्गपच्चङ्गिं अहीनिन्द्रियं।...अयं मनोमया इद्धि।" अर्थात्—कुनचाहिं मनोमय

ऋद्धि हो भने—यहाँ भिक्षु यस शरीरबाट अर्को शरीर निर्माण गर्छ—रूप सम्पन्न सबै इन्द्रियहरू भएको। यसैलाई मनोमय ऋद्धि भन्दछन्।

(४) **ज्ञानविस्फार-ऋद्धि** भनेको के हो भने—ज्ञानलाई फैलाउन सक्ने ऋद्धि हो। जस्तै—"अनिच्चानुपस्सनाय निच्चसञ्ञाय पहानट्ठो इज्झती ति—ञाणविप्फार इद्धि।" पटि. म. पा. पृ. ४७४; अर्थात्—अनित्यानुपश्यनाद्वारा नित्यसंज्ञालाई हटाउने काम सफल हुने भएकोले यसलाई ज्ञानविस्फार ऋद्धि भनिएको हो। **बक्कुल** वा **बाकुल** स्थविर जस्तै, (पटि. म. अ. क. पृ. ४९१; थेर. गा. अ. क. पृ. ३४४); **संकिच्च** स्थविर जस्तै र (पटि. म. अ. क. पृ. ४९३; थेर. गा. अ. क. पृ. ५३३; धम्म. प. अ. क. पृ. ३३०); **भूतपाल स्थविर** जस्तै (पटि. म. अ. क. पृ. ४९३; थेर. गा. अ. क. पृ. ४९३)।

(५) **समाधि विस्फार-ऋद्धि** भनेको के हो भने—समाधि फैलाउन सक्ने ऋद्धि। "पठमेन झानेन नीवरणानं पहानट्ठो इज्झती' ति—समाधि विप्फार इद्धि।..." पटि. म. पा. पृ. ४७४; अर्थात्—प्रथम ध्यानद्वारा नीवरणादि हटाउनमा सफलता पाउने भएकोले समाधि विस्फार-ऋद्धि भनिएको हो। **सारिपुत्र महास्थविरमा** समाधिविस्फार-ऋद्धि थियो (म. नि. I. पृ. ४०७; पटि. म. अ. क. पृ. ४९६); त्यस्तैगरी **खाणुकोण्डञ्ञ स्थविरमा**

पनि समाधिविस्फार-ऋद्धि थियो (पटि. म. अ. क. पृ. ४९६; धम्म. प. अ. क. पृ. ३३६); **उत्तरा उपासिकामा** पनि समाधि-विस्फार ऋद्धि थियो (हेर बु. म. पृ. २६६–३०१); **श्यामावती-मा** पनि समाधिविस्फार-ऋद्धि थियो (हेर बु. म. पृ. २२०–६५)।

(६) **आर्य-ऋद्धि** भनेको श्रेष्ठ ऋद्धि हो। यस सम्वन्धमा पटि. म. पा. पृ. ४७५ मा यसप्रकार उल्लेख भएको छ—

"कतमा अरिया इद्धि ? इध भिक्खु सचे आकङ्खति—'पटिकूले अप्पटिकूलं विहरेय्यं ति, अप्पटिकूलसञ्ञी तत्थ विहरति।…उपेक्खको तत्थ विहरति सतो सम्पजानो।" अर्थात्—यहाँ यदि भिक्षुले प्रतिकूल विषयमा अप्रतिकूल भई विहार गर्न चाहन्छ भने—अप्रतिकूल संज्ञी भई विहार गर्न सक्छ।…स्मृति सम्प्रज्ञानी भई त्यहाँ उपेक्षी भई बस्छ।

(७) **कर्मविपाकज-ऋद्धि** भनेको कर्मफलद्वारा सिद्ध हुने कुरा। यस सम्वन्धमा पटि. म. पा. पृ. ४७६ मा यसरी उल्लेख भएको छ—

"कतमा कम्मविपाकज-इद्धि ? सब्बेसं पक्खीनं, सब्बेसं देवानं, एकच्चानं मनुस्सानं, एकच्चानं विनिपातिकानं। अयं कम्मविपाकज-इद्धि।" अर्थात्—कर्मविपाकज-ऋद्धि भनेको कस्तो हो भने—ध्यानादिको प्रभाव नभएता पनि सबै पक्षीहरू आकाशमा उडेर जान सक्छन्, सबै देवताहरू पनि ध्यानादिको प्रभाव विनानै

आकाशमा जान सक्छन्, उनीहरू प्रकट पनि हुनसक्छन् लोप पनि हुनसक्छन्; केही प्रथम कल्पका मनुष्यहरू, विनिपातिक यक्ष प्रेतादि सत्वहरू तथा नागसुपर्णादिहरू पनि ध्यानको प्रभाव विना नै आकाशमा जान सक्छन् — यसैलाई कर्मविपाकज-ऋद्धि भनिएको हो। यक्षहरूमध्येमा **प्रियंकर माता** जस्तै (सं. नि. I. पृ. २१०: पियंकरसुत्तं; बु. ब्र. भा–१, पृ. ४०४) र **पुनब्बसु माता** यक्षिणी झैं (सं. नि. I. पृ. २११: पुनब्बसुसुत्तं; बु. ब्र. भा–१, पृ. ४११)।

(८) **पुण्यमय-ऋद्धि** भन्नाले पुण्यको प्रभावद्वारा सिद्ध हुने कार्यलाई भनिएको हो। जस्तै चक्रवर्ती राजा स्वत: चतुरङ्गिणी सेनासहित आकाशमार्गमा जान सक्छ। **जोतिक गृहपतिको** ऋद्धि पुण्यमय ऋद्धि हो। (पटि. म. अ. क. पृ. ५०२; धम्म. प. अ. क. पृ. ६५६: ब्राह्मणवग्गो); **जटिल गृहपतिको** पनि पुण्यमय ऋद्धि थियो। (पटि. म. अ. क. पृ. ५०२; धम्म. प. अ. क. पृ. ६५९: ब्राह्मणवग्गो); **मेण्डक गृहपतिको** पनि पुण्यमय ऋद्धि थियो। (पटि. म. अ. क. पृ. ५०४; धम्म. प. अ. क. पृ. ६५४: ब्राह्मण-वग्गो); **घोषित** वा **घोषक गृहपतिको** पनि पुण्यमय ऋद्धि थियो। (पटि. म. अ. क. पृ. ५०४; धम्म. प. अ. क. पृ. ८५: अप्पमादवग्गो; बु. म. पृ. १८५)। मेण्डक सेठका पाँचै जनामा पनि पुण्यमय ऋद्धि नै थियो। (पटि. म. अ. क. पृ. ५०९, हेर बु. रा. पृ. ६३ मा पनि) पटि. म. पा. पृ. ४७६.

(९) **विद्यामय-ऋद्धि** भनेको—विद्या (= मन्त्र)

जप गरी **विद्याधरहरू** आकाशमा जान्छन्, आकाशमा गई हस्ती र अश्वादिका रूपहरू पनि देखाउँछन् । यस्तै प्रकारका सिद्धि हुनेलाई विद्यामय-ऋद्धि भनी भन्दछन् । पटि. म. पा. पृ. ४७६; कुनै पनि भौतिक विद्याद्वारा सफलता प्राप्तगर्न सक्नेलाई पनि विद्यामय-ऋद्धि नै भन्दछन् । पटि. म. अ. क. पृ. ५१०.

(१०) **प्रयोगप्रत्यय-ऋद्धि** भनेको—त्यस त्यस प्रयोगको हेतुद्वारा सिद्ध हुने कार्यलाई भनिएको हो । यस सम्बन्धमा पटि. म. पा. पृ. ४७७ ले यसरी उल्लेख गरेको छ—

"कथं तत्थ तत्थ सम्मा पयोगपच्चया इज्झनत्थेन इद्धि ? 'नेक्खम्मेन कामच्छन्दस्स पहानट्ठो इज्झती' ति...अब्यापादेन ब्यापादस्स पहानट्ठो इज्झती' ति...अरहत्तमग्गेन सब्बकिलेसानं पहानट्ठो इज्झती' ति—तत्थ तत्थ सम्मा पयोगपच्चया इज्झनट्ठेन इद्धि ।" अर्थात्—कसरी त्यहाँ त्यहाँ सम्यक् प्रयोगद्वारा सिद्ध हुने भएकोले ऋद्धि भनिएको हो भने—नैष्क्रम्यद्वारा कामच्छन्दादि प्रहाण गर्ने काम सिद्ध हुने भएकोले, अब्यापादद्वारा ब्यापाद प्रहाण गर्ने काम सिद्ध हुने भएकोले... अरहत् मार्गद्वारा सबै क्लेशहरू प्रहाण गर्ने काम सिद्ध हुने भएकोले—त्यहाँ त्यहाँ सम्यक् प्रयोगद्वारा सिद्ध हुने भएकोले ऋद्धि भनिएको हो । यसको अलावा अरू विशेष कुराहरू जान्न चाहनेले विशुद्धिमार्गको ऋद्धिविधनिर्देश–१२ को पृ. २८२ मा र पटि. म. पा. पृ. ४६७–७७ को इद्धिकथामा हेर्नू ।

(=परिवार सम्पत्ति), त्यो आधिपत्य भोग गरी आगामी हुन्छ, यस आत्मभावमा (=मनुष्यलोकमा) आउने हुन्छ[1] ।

२–"सारिपुत्र ! यहाँ कसैले न त सापेक्षीभई दानदिन्छ, न प्रतिबद्ध चित्त लिई दानदिन्छ, 'न यो परलोकमा परिभोग गर्नेछु' भन्ने निधान गर्ने आशा लिई दानदिन्छ बल्कि 'दानदिनु राम्रो हो' भनी दानदिन्छ । उ त्यो दानदिई...देवताहरूको सहवासमा उत्पन्न हुन्छ । उ त्यो कर्म, त्यो ऋद्धि, त्यो यश र त्यो आधिपत्य भोग गरी आगामी हुन्छ र यस आत्मभावमा आउने हुन्छ ।

३–"सारिपुत्र ! यहाँ कसैले न त सापेक्षीभई दानदिन्छ, न प्रतिबद्ध चित्त लिई दानदिन्छ, 'न यो परलोकमा परिभोग गर्नेछु' भन्ने निधान गर्ने आशा लिई दानदिन्छ, 'न दानदिनु राम्रो हो' भनी दानदिन्छ बल्कि 'बाबु बाजेहरूले अघिदेखि दिइआएको र गरिआएको पुरानो कुलवंशको परम्परालाई टुटाउन योग्य छैन' भनी दानदिन्छ । उ त्यो दानदिई...देवताहरूको सहवासमा उत्पन्न हुन्छ । उ त्यो कर्म,...त्यो आधिपत्य भोग गरी आगामी हुन्छ, यस आत्मभावमा आउने हुन्छ ।

---

१. यो पञ्चस्कन्ध भएको मनुष्यलोकमा आउने हुन्छ । माथि माथि उत्पन्न हुने होइन बल्कि तल तल उत्पन्न हुने भनी भनिएको हो भनी मनो. र. पू. II. पृ. ७१६: दानमहप्फलसुत्तवण्णनाले उल्लेख गरेको छ ।

४–"सारिपुत्र! यहाँ कसैले न त सापेक्षीभई दानदिन्छ, ...'न बाबु बाजेहरूले अघिदेखि दिइआएको र गरिआएको पुरानो कुलवंशको परम्परालाई टुटाउन योग्य छैन' भनी दानदिन्छ, बल्कि 'म पकाउँछु, (=दानको फल मैले नै पाउने छु), यिनीहरूले पकाउँने छैनन् (=दानको फल यिनीहरूले पाउने छैनन्) अतः पकाउँनेले नपकाउँनेलाई दान नदिनु योग्य छैन' भनी दानदिन्छ।...उ त्यो कर्म,...त्यो आधिपत्य भोग गरी आगामी हुन्छ र यस आत्मभावमा आउने हुन्छ।

५–"सारिपुत्र! यहाँ कसैले न त सापेक्षीभई दानदिन्छ, ..'न म पकाउँछु, यिनीहरूले पकाउने छैनन्, अतः पकाउनेले न पकाउनेलाई दान नदिनु योग्य छैन' भनी दान दिन्छ, बल्कि 'अष्टक, वामक, वामदेव, विश्वमित्र, यमदग्नि, अङ्गिरस, भारद्वाज, वशिष्ठ, कश्यप, भृगु आदि पूर्वज ऋषिहरूको महायज्ञ जस्तै यो मेरो दानसंविभाजन हुने छ' भनी दानदिन्छ।...उ त्यो कर्म,.. त्यो आधिपत्य भोग गरी आगामी हुन्छ र यस आत्मभावमा आउने हुन्छ।

६–"सारिपुत्र! यहाँ कसैले न त सापेक्षीभई दानदिन्छ, ...'न अष्टक,...भृगु आदि पूर्वज ऋषिहरूको महायज्ञ जस्तै यो मेरो दान संविभाजन हुनेछ' भनी दानदिन्छ, बल्कि 'यो दानदिंदा मेरो चित्त प्रसन्न हुन्छ, सन्तुष्ट तथा सौमनस्य उत्पन्न हुन्छ' भनी

दानदिन्छ।...उ त्यो कर्म,...त्यो आधिपत्य भोग गरी आगामी हुन्छ र यस आत्मभावमा आउने हुन्छ।

७–"सारिपुत्र ! यहाँ कसैले न त सापेक्षीभई दानदिन्छ, ...'न यो दानदिँदा मेरो चित्त प्रसन्न हुन्छ सन्तुष्ट तथा सौमनस्य उत्पन्न हुन्छ' भनी दानदिन्छ, बल्कि 'चित्तालङ्कार, चित्तपरिष्कार[1] हुन्छ' भनी दानदिन्छ। उसले श्रमण वा ब्राह्मणलाई अन्न, पान, वस्त्र, यान, माला, गन्ध, विलेपन अथवा सुत्ने-बस्ने तथा प्रदीपादि वस्तुहरू दानदिन्छ। सारिपुत्र ! के त यहाँ कसैले यस्तो दानदिन सक्छ त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! सक्छ।"

"सारिपुत्र ! यहाँ जसले न सापेक्षीभई दानदिन्छ, न प्रतिबद्ध चित्त लिई 'यो परलोकमा परिभोग गर्नेछु' भनी निधान गर्ने आशा लिई दानदिन्छ; 'न दानदिनु राम्रो हो' भनी दानदिन्छ; 'न बाबु बाजेहरूले अघिदेखि दिइआएको र गरिआएको पुरानो कुलवंशको परम्परालाई टुटाउन योग्य छैन' भनी दानदिन्छ; 'न म पकाउँछु, यिनीहरूले

१. समथ र विपश्यना ध्यानहरूलाई चित्तालङ्कार र चित्तको परिष्कार भन्दछन्। अतः यहाँ 'चित्तालङ्कार, चित्त-परिष्कार हुन्छ' भनी 'ध्यानलाभी भई दानदिने छु' भनी भनिएको हो। अं. नि. अ. क. पृ. ७१६: दानमहप्फलसुत्तं।

पकाउने छैनन् अतः पकाउनेले न पकाउनेलाई दान नदिनु योग्य छैन' भनी दानदिन्छ; 'न अष्टक,...भृगु आदि पूर्वज ऋषिहरूको महायज्ञ जस्तै यो मेरो दानसंविभाजन हुनेछ' भनी दानदिन्छ; 'न यो दान-दिँदा मेरो चित्त प्रसन्न हुन्छ र सन्तुष्ट तथा सौमनस्य उत्पन्न हुन्छ' भनी दानदिन्छ; बल्कि 'चित्तालङ्कार, चित्तपरिष्कार हुन्छ' भनी दानदिन्छ। उ त्यो दानदिई काय छाडी मृत्यु पछि ब्रह्मकायिक देवताहरूको सहवासमा उत्पन्न हुन्छ[१]। उ त्यो कर्म, त्यो ऋद्धि, त्यो यश, त्यो आधिपत्य भोग गरी अनागामी हुन्छ र यस आत्मभावमा पुनः नआउने हुन्छ।

"सारिपुत्र! यही नै हेतु हो र यही नै प्रत्यय हो जसले गर्दा यहाँ उस्तै दानदिएता पनि कसैलाई त्यसको फल महत्फल हुन्न न त महानिसंस नै। सारिपुत्र! यही नै हेतु हो र यही नै प्रत्यय हो जसले गर्दा यहाँ उस्तै दान दिएता पनि कसैलाई त्यसको फल महत्फल हुन्छ तथा महानिसंस पनि[२]।"

---

१. दानको प्रभावले मात्र ब्रह्मलोकमा उत्पन्न हुन सकिदैन। ध्यानको प्रभावद्वारा मात्र ब्रह्मलोकमा उत्पन्न हुन सकिन्छ। अतः उ चित्ता-लङ्कार सम्झिने समथ र विपश्यनादि ध्यानलाभी भई त्यसै चित्तको

प्रभावद्वारा ब्रह्मलोकमा उत्पन्न हुन्छ । त्यसै ध्यानद्वारा अनागामी पनि हुन्छ । अं. नि. अ. क. II. पृ. ७१६.

२. यस सूत्रमा सर्वप्रथम (१) तण्डुत्तरियदान, दोश्रो (२) चित्तीकार-दान, तेश्रो (३) हिरोत्तप्पदान, चौथो (४) निरवसेसदान, पाँचौ (५) दक्खिणेय्यदान, छैठौं (६) सोमनस्सूपविचारदान र सातौं (७) अलङ्कारपरिवारदान गरी सात किशिमका दानहरूका कुराहरू उल्लेख भएका छन् । मनो. र. पू. II. पृ. ७१६ः दानमहप्फलसुत्त-वण्णना, महायञ्ञवग्गो ।

१६. चुन्द कम्मारपुत्र

परिचय

चुन्द कम्मारपुत्र मल्लदेशको पावा नगरवासी हुन् । यिनी महाकुटुम्बिक धनीपरिवारमा जन्मेका थिए । यिनी एक सुवर्णकार पुत्र थिए । त्यसैले सूत्रमा यिनलाई 'कम्मारपुत्र' भनिएको हो ।

उदानट्ठकथा[१] र दीघनिकायट्ठकथा[२] अनुसार—सर्वप्रथम बुद्धसँग भेट गर्दा यिनले स्रोतापत्ति-फल प्राप्त गरेका थिए । तर कुन ठाउँमा र कहीले गरेका थिए भन्ने कुरा चाहिं त्यहाँ उल्लेख भएको छैन ।

चुन्द कम्मारपुत्रको सम्बन्धमा पाइएका अगाडि अनुदित तीनवटा सूत्रहरूका कुराहरूमाथि विचार गर्दा सम्भवत यिनले अगाडि अनुदित पहिलो सूत्रमा भगवान्सँग पहिलो भेट गरेका होलान् भनी भन्नसकिन्छ । किनभने त्यसवखतसम्म यिनी बुद्धमार्गी नभएका कुरा त्यस सूत्रबाट प्रष्ट हुन्छ । भगवान्ले त्यस समय यिनीसँग—"चुन्द !

---

१. पृ. २७९: चुन्दसुत्तवण्णना, पाटलिगामियवग्गो ।

२. I. पृ. ३९५: महापरिनिब्बानसुत्तवण्णना ।

-कस्का शुद्धिहरू तिमी रुचाउँछौ ?" भनी सोध्नुहुँदा यिनले—ब्राह्मण-हरूका शुद्धिहरूलाई रुचाएका कुरा बताएका थिए । त्यसपछि भगवान्को उपदेश सुनेर प्रसन्नभई यिनले—"आजीवन शरणमा आएको उपासक हो भनी तपाइ गौतमले मलाई स्वीकार गर्नुहोस्" भनी भगवान्सँग प्रार्थना गरेबाट यिनी त्यहाँदेखि मात्र बुद्धको अनुयायी बनेका कुरा स्पष्टसँग देखिन्छ । यसरी बुद्धको अनुयायीभई स्रोतापन्न भइसकेपछि यिनले—उदानट्ठकथा[1] र दीघनिकायट्ठकथा[2] अनुसार—भगवान्लाई आफ्नै आम्रवनमा विहारहरू बनाइदिएका थिए ।

एक समय भगवान्ले—जब मल्लहरूको पावा नगरमा जाँदा त्यहाँका मल्ल राजाहरूले बनाएका नयाँ संस्थागारमा आफूलाई निम्तो गर्नेछन् र त्यहाँ उपदेश गर्दा पाँचशय भिक्षुहरूले प्रतिसम्भिदाज्ञानका साथ अरहत्फल प्राप्तगर्नेछन्[3] भन्ने कुरा जान्नुभयो - तब भगवान् मल्लदेशमा चारिका गर्दै जहाँ चुन्द कम्मारपुत्रको आम्रवन हो त्यहाँ गएर बस्नुभएको थियो[4] ।

अर्को एक समयमा भगवान् चुन्दको आम्रवनमा बसिरहनु भएको वेलामा खण्डसुमन भन्ने एक मल्ल राजपुत्र वहाँको धर्मोपदेश

---

१. पृ. २७९: चुन्दसुत्तवण्णना ।

२. I. पृ. ३९५: महापरिनिब्बानसुत्तवण्णना ।

३. सुमं. वि. II. पृ. ७०८: सङ्गीतिसुत्तवण्णना ।

४. दी. नि. III. पृ. ११६: सङ्गीतिसुत्तं ।

सुनेर प्रव्रजित भएका कुरा थेरगाथा अट्ठकथाले[१] उल्लेख गरेको छ ।

अर्को एक समय भगवान् चुन्द कम्मारपुत्रको आम्रवनमा बसिरहनुभएको वेलामा चुन्द कम्मारपुत्रले बुद्धलाई आफ्नो घरमा निम्त्याई सूकरमद्दव सहित भोजन दान दिएका थिए । यो थियो भगवान् बुद्धको अन्तिम भोजन र अन्तिम यात्रा । यो भोजन पछि भगवान्लाई ज्यादै पखाला लागेको थियो र त्यसपछि वहाँ कुशीनगरमा महापरिनिर्वाण पनि हुनुभयो । जुन कुराहरू अगाडिको दोश्रो सूत्रमा वर्णित भएका छन् ।

यो भोजनको समयमा चुन्द कम्मारपुत्रले बुद्ध सहित भिक्षु-सङ्घकोनिमित्त सुनका भाँडाहरूमा खाद्य-भोज्यहरू राखेर दिएका थिए भन्ने कुरा सुत्तनिपातट्ठकथाले[२] उल्लेख गरेको छ । त्यस समय एक भिक्षुले एकहजारजाने एउटा सुनको भाँडो सुटुक्क लिएर आफ्नो थैलोमा राखेको कुरा पनि उक्त अट्ठकथामै उल्लेख भएको छ । यो देखेर चुन्द कम्मारपुत्रले नदेखे जस्तो गरेका थिए । पछि साँझपख उपरोक्त घटनालाई मनमा राखेर चुन्दले बुद्धसँग "ककस्ता श्रमणहरू हुन्छन् ?" भन्ने प्रश्न सोधेका थिए[३] । (सायन्ह समये भगवन्तं उपसङ्कमित्वा 'आह) । भगवान्ले 'चार प्रकारका श्रमणहरू हुन्छन्' भन्ने कुरा बताउनु

१. I. पृ. १९८: खण्डसुमनत्थेरस्स गाथावण्णना, एककनिपातवण्णना ।

२. पृ. १०९: चुन्दसुत्तवण्णना, उरगवग्गो ।

३. सुत्त. नि. अ. क. पृ. १०९ चुन्दसुत्तवण्णना, उरगवग्गो ।

भई चुन्द कम्मारपुत्रको मनको शंकालाई दूर गराइदिनु भयो। जुन कुरा अगाडिको तेश्रो सूत्रमा उल्लेख भएको छ।

अर्थकथामा उल्लेख भएका स्पष्टिकरणका कुराहरू अगाडिका अनुदित मूल सूत्रहरूका सम्बन्धित ठाउँहरूमा पादटिप्पणी लेखिदिएको छु। जसबाट कारणहरू स्पष्ट हुने छन् भन्ने आशा लिएको छु।

× × ×

केही चुन्द नामहरू

(१) चुन्द (राजकुमार)—यी चुन्द राजकुमार बिम्बिसार राजाका छोरा हुन्। अं. नि-५, पृ. ३०१: चुन्दीसुत्तं, सुमनवग्गो। (हेर बु. रा. भा-१, पृ. ८, २८.)

(२) चुन्द (समणुद्देस)—दी. नि. III. पृ. ९१: पासादिकसुत्तं, अ. क. II. पृ. ६५९; सं. नि. IV. पृ. १३८: चुन्दसुत्तं, सतिपट्ठानसंयुत्तं, अ. क. III. पृ. १७२; म. नि. III. पृ. ३७: सामगामसुत्तं, अ. क. IV. पृ. २२। यी तीनै सूत्रहरूका अर्थकथाहरूले चुन्द समणुद्देस (=चुन्द समणुद्देश) सारिपुत्र महास्थविरका कान्छा भाइ हुनुहुन्छ भनी लेखेका छन्। (हेर बु. प. भा-१, पृ. २९८: निगण्ठ-नाटपुत्रको देहान्त)।

सं. नि. IV. पृ. १३८ को चुन्दसुत्तमा—सारिपुत्र महास्थविर परिनिर्वाण भएपछि वहाँका पात्र चीवरहरू लिएर चुन्द समणुद्देस श्रावस्तीमा जानुभएका कुराहरू उल्लेख भएका छन् ।

(३) चुन्द (महा)—महाचुन्द । अं. नि–६, पृ. ६८: महाचुन्दसुत्तं, धम्मिकवग्गो, अ. क. II. पृ. ६७४; म. नि. I. पृ. ५४: सल्लेखसुत्तं, अ. क. I. पृ. १६३; म. नि. III. पृ. १४२: आनापानसतिसुत्तं, अ. क. IV. पृ. ९४; सं. नि. IV. पृ. ७६: ततियगिलानसुत्तं, बोज्झङ्गसंयुत्तं । वहाँ महाचुन्द पनि सारिपुत्र महास्थविरका कान्छा भाइ (कनिट्ठभातिको) हुनुहुन्छ भनी अं. अ. क. II. पृ. ६७४: छक्कनिपातवण्णना र थेर. गा. अ. क. I. पृ २६१: महाचुन्दत्थेरस्स गाथावण्णनाले उल्लेख गरेका छन् ।

(४) चुन्द (चूल)—वहाँ चूल चुन्दको नाम अप. दा. पा. I. पृ. १२२: चुन्दत्थेर अपदानमा उल्लेख भएको छ । यसको अर्थकथा पृ. ३१९ ले चाहिं वहाँ पनि सारिपुत्र महास्थविरका कान्छा भाइ (कणिट्ठो) हुनुहुन्छ भनी लेखेको छ ।

(५) चुन्दक– दी. नि. II. पृ. १०४: महापरिनिब्बानसुत्तं, अ. क. I, पृ. ३९८ (यी चुन्दक पनि माथि (२) को चुन्द हुनुपर्छ) ।

(६) चुन्द (सूकरिक)—यी चुन्दसूकरिक राजगृहको वेणुवनारामको आसपासमा बस्दथे । यिनले पचपन्न वर्षसम्म सुगुर मार्नें

कामगरी मासु बेचेर जीविका गर्दथे । यिनी मर्दा सुगुर जस्तैं कराएका थिए र मरेपछि अवीचि नरकमा उत्पन्न भएका थिए। धम्म. प. अ. क. पृ. ६२: चुन्दसूकरिकवत्थु, यमकवग्गो ।

(७) चुन्द (कम्मारपुत्र)—यिनी पावावासी हुन् र यिनी सुवर्ण-कारपुत्र थिए । यिनकैं कुरा यहाँ उल्लेख गरेको छु ।

(८) चुन्दत्थिक अथवा चुन्दट्ठिल—यो एक गाउँको नाम हो । हेर बु. प्रे. पृ. ७६: अभिज्जमानपेतवत्थु ।

(९) चुन्दसुत्तं—यो सूत्र अङ्गुत्तरनिकायको दशकनिपातमा छ । यस सूत्रमा चुन्द कम्मारपुत्रसँग भगवान्ले 'कस्का शुद्धिहरू तिमी रुचाउँछौ ?' भनी सोध्नुहुँदा उनले 'पश्चीम भूमिभागमा बस्ने कमण्डलुधारी ब्राह्मणहरूका शुद्धिहरू रुचाउँछु' भनी वताएका कुराहरू छन् । अं. नि–१०, पृ. ३१६, अ. क. II. पृ. ८६०; यसको अनुवाद यहाँ अगाडि गरिदिएको छु ।

(१०) चुन्दसुत्तं—यो सूत्र उदानपालि पृ. १६४: पाटलिगामियवर्गमा छ। यस सूत्रमा चुन्द कम्मारपुत्रले भगवान्लाई सूकरमद्दवका साथ भोजन दानदिएका कुराहरू छन् । अ. क. पृ. ९८ । यो सूकरमद्दवका साथ भोजनदान दिएका कुरा दी. नि. II. पृ. ९८: महापरिनिब्बानसुत्तको 'कम्मारपुत्त चुन्द वत्थु' मा पनि पाइन्छ । यस सूत्रको अनुवाद पनि यहाँ अगाडि गरिदिएको छु ।

(११) चुन्दसुत्तं —यो सूत्र सुत्तनिपातको उरगवग्गोमा उल्लेख भएको

छ र यसमा चुन्द कम्मारपुत्रले बुद्धसँग 'कति किसिमका श्रमणहरू छन् ?' भन्ने प्रश्न सोधेका छन् । उत्तरमा बुद्धले 'चारकिसिमका श्रमणहरू छन्' भन्ने कुरा बताउनु भएको छ । सुत्त. नि. पृ. २८, अ. क. पृ. १०९; यसको अनुवाद पनि यहाँ अगाडि गरिदिएको छु ।

(१२) चुन्दसुत्तं—यो सूत्र संयुत्तनिकायको सतिपट्ठानसंयुत्तमा छ । यस सूत्रमा - नालक गाउँमा बिरामी भई बसिरहनु भएका सारिपुत्र महास्थविरलाई चुन्द समणुद्देसले उपस्थान गरिरहेका र पछि वहाँ परिनिर्वाण भएपछि वहाँका पात्र चीवरहरू लिई चुन्द समणुद्देस जेतवनाराममा आनन्द महास्थविरकहाँ जानुभएका कुराहरू छन् । सारिपुत्र महास्थविरको परिनिर्वाण भएको समाचार सुनी भगवान् बुद्धले अत्यन्त संवेगनीय ढंगले ठूलो रुखको ठूलो शाखा भाँचिएको उपमा दिई उपदेश गर्नुभएको छ । सं. नि. IV. पृ. १३८, अ. क. III. पृ. १७२.

(१३) चुन्दसुत्तं (महाचुन्दसुत्तं)—यस सूत्रमा चेतीय देशमा महाचुन्द महास्थविर बसिरहनु भएको वेलामा वहाँले भिक्षुहरूलाई—ध्यानीले धर्मकथिकको र धर्मकथिकले ध्यानीको प्रशंसा गर्नुपर्छ र परस्पर ईर्ष्या गर्नुहुन्न भन्ने कुराको उपदेश गर्नुभएको छ । अं. नि–६, पृ. ६८: धम्मिकवग्गो, अ. क. II. पृ. ६७४.

(१४) चुन्दसुत्तं (=महाचुन्दसुत्तं)—यस सूत्रमा महाचुन्द महास्थविरले भिक्षुहरूलाई—ज्ञानवादी भएर आफूमा लोभादि क्लेशनीय धर्महरू छन् भने उ ज्ञानवादी होइन र ध्यानवादी भएर आफूमा लोभादि क्लेशनीय धर्महरू छन् भने उ ध्यानवादी होइन भन्ने आदि कुराको उपदेश गर्नुभएको छ। अं. नि–१०, पृ. १३१: महावग्गो, अ. क. II. पृ. ८२७.

× × ×

मूल सूत्र—

१–कस्का शुद्धिहरूलाई रुचाउँछौ ?

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् पावामा चुन्द कम्मारपुत्रको आम्रवनमा बस्नुभएको थियो । अनि चुन्द कम्मारपुत्र[२] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चुन्द कम्मारपुत्रसँग भगवान्ले यस्तो भन्नुभयो—

"चुन्द ! कस्का शुद्धिहरू तिमी रुचाउँछौ ?"

"भन्ते ! पश्चीम भूमिभागमा बस्ने कमण्डलुधारी, क्याउ

---

१. अं. नि–१०, पृ. ३१६: चुन्दसुत्तं, जाणुस्सोणिवग्गो, अ. क. II. पृ. ८६०.

२. 'चुन्द कम्मारपुत्र' भनेको चुन्द नामक एक सुवर्णकारपुत्र हुन् । मनो. र. पू. II. पृ. ८६०: चुन्दसुत्तवण्णना, जाणुस्सोणिवग्गो वा सच्चोरोहणीवग्गो ।

लगाउने, अग्निहोत्र गर्ने तथा पानीमा नुहाउने ब्राह्मणहरू शुद्धिहरू बताउँछन्; उनीहरूका शुद्धिहरूलाई म रुचाउँछु।"

"चुन्द! पश्चिम भूमिभागमा बस्ने, कमण्डलुधारी, झ्याउ लगाउने, अग्निहोत्र गर्ने तथा पानीमा नुहाउने ब्राह्मणहरू कसरी शुद्धिहरू बताउँछन् त?"

"भन्ते! यहाँ पश्चीम भूमिभागमा बस्ने कमण्डलुधारी, झ्याउ लगाउने, अग्निहोत्र गर्ने तथा पानीमा नुहाउने ब्राह्मणहरू आफ्ना श्रावक-हरूलाई यस्तो ग्रहण गर्न लगाउँछन्—'हे पुरुष! तिमी यताआऊ, बिहान सबेरै उठ्नेबित्तिकै शयनासनबाटै पृथ्वी छोऊ; यदि पृथ्वी छुन्नौ भने गीलो गोबर छोऊ; यदि गीलो गोबर छुन्नौ भने हरिया घाँसहरू छोऊ; यदि हरिया घाँसहरू छुन्नौ भने अग्निपरिचर्या गर; यदि अग्नि-परिचर्या गर्दैनौ भने हातजोरी सूर्यलाई नमस्कार गर; यदि हातजोरी सूर्यलाई नमस्कार गर्दैनौ भने संध्या समयसम्म तीन पटक पानीमा नुहाऊ।' भन्ते! पश्चीम भूमिभागमा बस्ने कमण्डलुधारी, झ्याउ लगाउने, अग्निहोत्र गर्ने तथा पानीमा नुहाउने ब्राह्मणहरू यसरी शुद्धिहरू बताउँछन्; उनीहरूका शुद्धिहरूलाई म रुचाउँछु।"

"चुन्द! पश्चीम भूमिभागमा बस्ने कमण्डलुधारी, झ्याउ लगाउने, अग्निहोत्र गर्ने तथा पानीमा नुहाउने ब्राह्मणहरू अर्कै ढंगले शुद्धिहरू बताउँछन्; अर्कै ढंगले आर्यको विनयमा शुद्धि हुन्छ।"

"भन्ते! कसरी आर्यको विनयमा शुद्धि हुन्छ नि? भन्ते!

भगवान्ले मलाई त्यसरी धर्मोपदेश गर्नुहोस् जसरी आर्यको विनयमा शुद्धि हुन्छ ।"

"चुन्द ! त्यसोभए सुन राम्ररी मनमा राख भन्नेछु ।"

"हवस्, भन्ते" भनी चुन्द कम्मारपुत्रले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यसो भन्नुभयो—

दश अकुशल कर्मपथ

"चुन्द ! कायद्वारा तीनप्रकारले अशुद्धि हुइन्छ; वचनद्वारा चारप्रकारले अशुद्धि हुइन्छ; मनद्वारा तीनप्रकारले अशुद्धि हुइन्छ ।

"चुन्द ! कसरी कायद्वारा तीनप्रकारले अशुद्धि हुइन्छ ?

"चुन्द ! यहाँ (१) कुनै पुरुष प्राणीघात गर्ने हुन्छ— उ रौद्र, लोहितपाणी, मारकाटमा तत्पर रहने र प्राणीहरू प्रति निर्दयी हुन्छ । (२) अदिन्नादायी अर्थात् चोरी गर्ने हुन्छ—जुन ती गाउँ वा अरण्यमा राखेका अर्काका वित्तूपकरणहरू (=धनमालहरू) हुन् ती वस्तुहरू नदिइकन चोरी गरेर लिने हुन्छ । (३) कामविषयमा मिथ्याचरण गर्ने हुन्छ । जुन ती मातृरक्षिता, पितृरक्षिता, मातृ-पितृरक्षिता, भ्रातृरक्षिता, भगिनीरक्षिता, ज्ञातिरक्षिता, गोत्ररक्षिता, धर्मरक्षिता, स-स्वामिका, सपरिदण्डिका तथा मालालंकृतालाई समेत—यसरी रक्षागरी राखेकी

(=बचाइ राखेकी) कुमारी वा स्त्रीमाथि मिथ्याचरण गर्ने हुन्छ[1]। चुन्द ! यसरी कायद्वारा तीनप्रकारले अशुद्धि हुइन्छ।

"चुन्द ! कसरी वचनद्वारा चारप्रकारले अशुद्धि हुइन्छ ?

'चुन्द ! यहाँ (१) कुनै पुरुष झूट बोल्ने हुन्छ—सभाको बीचमा, परिषद्को बीचमा, ज्ञातिहरूको बीचमा, पूगको (=पञ्चको) बीचमा, राजकुलको बीचमा अथवा साक्षीकोनिमित्त बोलाएर लगी—'हे पुरुष ! जो तिमी जान्दछौ त्यो बताऊ' भनी भन्दा नजानेकोलाई उ 'जान्दछु' भनी भन्छ वा जानेकोलाई 'जान्दिन' भनी भन्छ; नदेखेकोलाई 'देखेको छु' भनी भन्छ वा देखेकोलाई 'देखेको छैन' भनी भन्छ। यसरी आफ्नो कारणले वा अर्काको कारणले वा कुनै वस्तु वा पैसा (=घूस) को कारणले जानी जानी झूट बोल्छ। (२) चुक्ली लगाउने हुन्छ—यहाँ सुनेर अमुकलाई कुरा सुनाउँछ यिनीहरूलाई फूट पार्नकोनिमित्त वा अमुककहाँ सुनेर यिनीहरूलाई कुरा सुनाउँछ अमुकलाई फूट पार्नकोनिमित्त। यसरी मेलमिलाप भएकालाई भेदगर्ने वा भेदभिन्न भएकालाई झन् प्रोत्साहित गर्ने; वर्ग वर्गभई बसेकोमा रमाउने, वर्गीकरण गर्नेमा मन लगाउने, वर्गीकरणमा आनन्दित हुने तथा वर्गीकरण हुने बोली बोल्ने हुन्छ। (३) परुष (=कटु) बोली बोल्ने हुन्छ—जुन् त्यो बोली

---

१. कस्ता स्त्रीहरूकहाँ जाँदा काममिथ्याचारी हुइन्छ र कस्ता पुरुषहरूकहाँ जाँदा काममिथ्याचारिणी हुइन्छ भन्ने सम्बन्धका कुराहरू पपं. सू. I. पृ. १७९: सम्मादिट्ठिसुत्तवण्णनामा विस्तृतरूपले उल्लेख भएको पाइन्छ।

काँढाले जस्तै घोच्छ, कर्कश हुन्छ, अर्कालाई तीतो लाग्छ (परकटुका), अर्कालाई ह्रोच्याउँछ, क्रोधपूर्ण हुन्छ र अशान्ति उत्पन्न गर्छ—त्यस्तो बोली बोल्ने हुन्छ। (४) सम्प्रलापी हुन्छ—असमयमा बोल्ने, असत्य बोल्ने, अनर्थ बोल्ने, अधर्म (=अतथ्य) बोल्ने र अविनय (=अनैतिक) बोल्ने हुन्छ। कुनै सार नभएको बोली (अनिधानवतिवाचं) बोल्छ—त्यो पनि असमयमा, कुनै कारणविना, टुँगो नलाग्नेगरी तथा अनर्थयुक्त बोली बोल्ने हुन्छ। चुन्द! यसरी वचनद्वारा चारप्रकारले अशुद्धि हुइन्छ।

"चुन्द! कसरी मनद्वारा तीनप्रकारले अशुद्धि हुइन्छ?

"चुन्द! यहाँ (१) कुनै पुरुष अभिध्यालु (=महालोभी) हुन्छ—जो त्यो अर्काको धनसम्पत्ति हो त्यसमाथि लोभगर्ने हुन्छ—'अहो! जो त्यो अर्काको हो त्यो मेरोभए हुन्थ्यो।' (२) व्यापन्नचित्त (=द्वेषपूर्णचित्त) हुने र द्वेषपूर्ण संकल्प गर्ने हुन्छ—'यी सत्वहरू मारिए हुन्थ्यो, वधगरिए हुन्थ्यो, उच्छिन्नभए हुन्थ्यो, विनाशभए हुन्थ्यो अथवा यिनीहरू नरहे हुन्थ्यो।' (३) मिथ्यादृष्टिक हुन्छ विपरीत दृष्टिले हेर्ने हुन्छ—'दानको फल छैन, यज्ञको फल छैन, हवनको फल छैन, सुकृत्यदुष्कृत्यको फल छैन, यो लोक छैन, परलोक छैन, आमा छैन, बाबु छैन, औपपातिक (=मरेर पुनः उत्पन्न हुने) सत्वहरू छैनन्, यो लोकमा त्यस्ता कुनै श्रमण ब्राह्मण छैन जसले सम्यक्‌रूपले नैर्याणिक मार्गमा प्रतिपन्नभई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सकोस्।' चुन्द! यसरी मनद्वारा तीनप्रकारले अशुद्धि हुइन्छ।

"चुन्द ! यी दश अकुशल कर्मपथहरू हुन् । चुन्द ! यी दश अकुशल कर्मपथहरूले युक्त हुने पुरुषले बिहान सबेरै उठेर शयनासनबाटै पृथ्वीलाई छोए तापनि अशुद्ध नै हुन्छ र पृथ्वीलाई नछोए तापनि अशुद्ध नै हुन्छ । गीलो गोबर छोए तापनि अशुद्ध नै हुन्छ र गीलो गोबर नछोए तापनि अशुद्ध नै हुन्छ । हरिया घाँसहरू छोए तापनि अशुद्ध नै हुन्छ र हरिया घाँसहरू नछोए तापनि अशुद्ध नै हुन्छ । अग्निपरिचर्या गरे तापनि अशुद्ध नै हुन्छ र अग्निपरिचर्या नगरे तापनि अशुद्ध नै हुन्छ । हातजोरी सूर्यलाई नमस्कार गरे तापनि अशुद्ध नै हुन्छ र हातजोरी सूर्यलाई नमस्कार नगरे तापनि अशुद्ध नै हुन्छ । संध्यासमयसम्म तीन पटक पानीमा नुहाए तापनि अशुद्ध नै हुन्छ र संध्यासमयसम्म तीन पटक पानीमा ननुहाए तापनि अशुद्ध नै हुन्छ । किनभने ? चुन्द ! यी दश अकुशल कर्मपथहरू अशुद्ध नै हुन्छन् र अशुद्धिकारक पनि ।

"चुन्द ! यी दश अकुशल कर्मपथको संयोगको कारणद्वारा नरक पनि देखिन्छ, तिरश्चीन पनि देखिन्छ, प्रेतविषय पनि देखिन्छ तथा यसभन्दा अरू कुनै दुर्गतिहरू छन् भने ती पनि देखिन्छन् ।

दश कुशल कर्मपथ

"चुन्द ! कायद्वारा तीनप्रकारले शुद्धि हुइन्छ, वचनद्वारा चार-प्रकारले शुद्धि हुइन्छ र मनद्वारा तीनप्रकारले शुद्धि हुइन्छ ।

"चुन्द ! कसरी कायद्वारा तीनप्रकारले शुद्धि हुइन्छ ?

"चुन्द ! यहाँ (१) कुनै पुरुष प्राणीघातलाई त्यागी प्राणीघातबाट विरत रहन्छ—उ दण्ड त्यागी, शस्त्र त्यागी, लज्जीभई, दयालुभई, सबै प्राणीहरू प्रति हितानुकम्पीभई बस्छ। (२) अदिन्नादान (=चोरीकाम) लाई त्यागी अदिन्नादानबाट विरत रहन्छ—जो ती गाउँमा वा अरण्यमा राखेका अर्काका वित्तूपकरणहरू (=धनमालहरू) हुन्—ती वस्तुहरू नदिइकन चोर्ने नियतले लिने हुन्न। (३) कामविषयको मिथ्याचारलाई त्यागी काममिथ्याचारबाट विरत रहन्छ। जुन ती मातृरक्षिता, पितृरक्षिता...[१] कुमारी वा स्त्री प्रति मिथ्याचरण गर्ने हुन्न। चुन्द ! यसरी कायद्वारा तीनप्रकारले शुद्धि हुइन्छ।

"चुन्द ! कसरी वचनद्वारा चारप्रकारले शुद्धि हुइन्छ ?

"चुन्द ! यहाँ (१) कुनै पुरुष झूटोबोलीलाई त्यागी झूटोबोलीबाट विरत रहन्छ। सभाको बीचमा, परिषद्को बीचमा, ज्ञातिहरूको बीचमा, पूग (=पञ्च) को बीचमा, राजकुलको बीचमा अथवा साक्षीकोनिमित्त बोलाएर लगी—'हे पुरुष ! जो तिमी जान्दछौ त्यो बताऊ' भनी भन्दा नजानेकोलाई उ 'जान्दिन' भन्छ र जानेकोलाई 'जान्दछु' भनी भन्छ; नदेखेकोलाई 'देखेको छैन' भनी भन्छ र देखेकोलाई 'देखेको छु' भनी भन्छ। यसरी आफ्नो कारणले वा अर्काको कारणले वा कुनै वस्तु वा पैसा (=घूस) को कारणले जानीजानी झूट बोल्दैन। (२) चुक्ली बोलीलाई त्यागी चुक्ली बोलीबाट विरत रहन्छ। यिनीहरूलाई फूट पार्नकोनिमित्त यहाँ सुनेर अमुकलाई कुरा सुनाउँदैन,

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. २८२ मा लेखे झैं पढ्नू।

अमुकलाई फूटपार्नकोनिमित्त अमुककहाँ सुनेर यिनीहरूलाई कुरा सुनाउँदैन । यसरी नमिलेकालाई मिलाउने, मिलेकालाई झन् प्रोत्साहित गर्ने, मिलेर बसेकोमा रमाउँने, मेलमिलाप गर्नेमा मनलगाउँने, मेल-मिलापमा आनन्द मान्ने तथा मेलमिलाप हुने बोली बोल्ने हुन्छ । (३) परुष बोलीलाई त्यागी, परुष बोलीबाट विरत रहन्छ । जो त्यो बोली दोषरहित, कानलाई आनन्द लाग्ने, प्यार लाग्ने, मनमा बस्ने, गुणयुक्त (पोरी), धेरैंले मनपराउने र धेरैंले प्यार गर्ने हो—त्यस्तो बोली बोल्ने हुन्छ । (४) सम्प्रलापलाई त्यागी सम्प्रलापबाट विरत रहन्छ । समयोचित बोल्ने, सत्य बोल्ने, हित बोल्ने, धर्म बोल्ने, विनय (=नैतिक) बोल्ने र सारबोली (निधानवतिवाचं) बोल्ने हुन्छ—त्यो पनि उचित समयमा, कारण सहित, टुंगो लाग्नेगरी तथा अर्थयुक्त बोली बोल्ने हुन्छ । चुन्द ! यसरी वचनद्वारा चारप्रकारले शुद्धि हुइन्छ ।

"चुन्द ! कसरी मनद्वारा तीनप्रकारले शुद्धि हुइन्छ ?

"चुन्द ! यहाँ (१) कुनै पुरुष अभिध्यालु हुन्न—'अहो ! जो अर्काको हो त्यो मेरो भए हुन्थ्यो' भनी जो त्यो अर्काको धनसम्पत्ति हो त्यसमाथि लोभ गर्दैन । (२) व्यापन्नचित्त राख्ने हुन्न र द्वेषपूर्ण संकल्प गर्ने हुन्न—'यी सत्वहरू वैर रहित होउन्, द्वेष रहित होउन्, दुःख रहित होउन् तथा आफूलाई सुखपूर्वक परिहरण गर्न सक्ने होउन् ।' (३) सम्यक्‌दृष्टिक हुन्छ र अविपरीत दृष्टिले हेर्ने हुन्छ—'दानको फल छ, यज्ञको फल छ, हवनको फल छ, सुकृत्यदुष्कृत्यको फल छ, यो लोक छ, परलोक छ, आमा छ, बाबु छ, औपपातिक (=मरेर पुनः उत्पन्न हुने)

सत्वहरू छन् र यो लोकमा त्यस्ता श्रमणब्राह्मण पनि छ—जसले सम्यक्-रूपले नैर्याणिक मार्गमा प्रतिपन्नभई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सक्छ ।' चुन्द ! यसरी मनद्वारा तीनप्रकारले शुद्धि हुइन्छ ।

"चुन्द ! यी दश कुशलकर्मपथहरू हुन् । चुन्द ! यी दश कुशलकर्मपथहरूले युक्त हुने पुरुषले बिहान सवेरै उठेर शयनासनबाटै पृथ्वीलाई छोए तापनि शुद्ध नै हुन्छ र पृथ्वीलाई नछोए तापनि शुद्ध नै हुन्छ । गीलो गोबर छोए तापनि शुद्ध नै हुन्छ र गीलो गोबर नछोए तापनि शुद्ध नै हुन्छ । हरिया घाँसहरू छोए तापनि शुद्ध नै हुन्छ र हरिया घाँसहरू नछोए तापनि शुद्ध नै हुन्छ । अग्निपरिचर्या गरे तापनि शुद्ध नै हुन्छ र अग्निपरिचर्या नगरे तापनि शुद्ध नै हुन्छ । हातजोरी सूर्यलाई नमस्कार गरे तापनि शुद्ध नै हुन्छ र हातजोरी सूर्यलाई नमस्कार नगरे तापनि शुद्ध नै हुन्छ । संध्यासमयसम्म तीन पटक पानीमा नुहाए तापनि शुद्ध नै हुन्छ र संध्यासमयसम्म तीन पटक पानीमा ननुहाए तापनि शुद्ध नै हुन्छ । किनभने ? यी दश कुशलकर्मपथहरू शुद्ध नै हुन्छन् र शुद्धिकारक पनि ।

"चुन्द ! यी दश कुशलकर्मपथहरूको संयोगको कारणद्वारा देवहरू पनि देखिन्छन्, मनुष्यहरू पनि देखिन्छन् तथा यसभन्दा अरू कुनै सुगतिहरू छन् भने ती पनि देखिन्छन् ।"

यस्तो भन्नुहुँदा चुन्द कम्मारपुत्रले भगवान्‌लाई यस्तो भने—"भन्ते ! धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पार्दिंदा वा ढाकेकोलाई उघार्दिंदा वा बाटो भुलेकोलाई बाटो

देखाईदिंदा वा अन्धकारमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेले रूप देख्ने हो त्यस्तैगरी—भगवान्ले मलाई अनेकप्रकारले धर्मप्रकाश पारिदिनुभयो। भन्ते! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

× × ×

मूल सूत्र—

२–चुन्दको भोजनदान

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् महत् भिक्षुसङ्घका साथ मल्लमा चारिका गर्दै जहाँ पावा हो त्यहाँ पुग्नुभयो । त्यहाँ पावामा भगवान् चुन्द कम्मारपुत्रको आम्रवनमा बस्नुभयो ।

अनि चुन्द कम्मारपुत्रले—"भगवान् चारिका गर्दै पावामा आइपुग्नुभई पावा स्थित मेरो आम्रवनमा बस्नुभएको छ" भनी सुने । अनि चुन्द कम्मारपुत्र[२] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ

१. उदा. पा. पृ. १६४: चुन्दसुत्तं, पाटलिगामियवग्गो, अ. क. पृ. २७९; दी. नि. II. पृ. ९८: कम्मारपुत्तचुन्दवत्थु, महापरिनिब्बानसुत्तं, अ. क. I. पृ. ३९५.

२. यी सुवर्णकारपुत्र चुन्द आढ्य महाधनी तथा महापरिवार भएका हुन् । भगवान्सँगको प्रथम भेटमै यिनी स्रोतापन्न भएका थिए । यिनले आफ्नो आम्रवनमा शास्ता बस्न योग्यहुने गरी गन्धकुटी,

पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चुन्द कम्मारपुत्रलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका चुन्द कम्मारपुत्रले भगवान्लाई यस्तो भने—"भन्ते ! भिक्षु-सङ्घका साथ भगवान्ले भोलिकोनिमित्त मेरो भोजन स्वीकार गर्नुहोस् ।" भगवान्ले तूष्णीभावद्वारा स्वीकार्नु भयो ।

अनि भगवान्ले स्वीकार्नु भएको कुरा बुझी चुन्द कम्मारपुत्र आसनबाट उठी भगवान्लाई अभिवादन गरी प्रदक्षिणा गरी फर्केर गए । अनि त्यसरात बितेपछि चुन्द कम्मारपुत्रले आफ्नो घरमा प्रणीत खादय-भोज्यहरू र पर्याप्त मात्रामा सूकरमद्दव[1] (=सुगुरको मासु) पनि तयारपार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए—"भन्ते ! समय भयो, भोजन तयार छ ।"

अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षुसङ्घका साथ जहाँ चुन्द कम्मारपुत्रको घर हो त्यहाँ

भिक्षुसङ्घको लागि रात्रीस्थान, दिवास्थान, उपस्थानशाला, कुटी-मण्डप अनि चंक्रमण स्थानहरू बनाई पर्खालले घेरी ढोका समेत राखी विहार बनाई बुद्ध प्रमुख भिक्षुसङ्घकोनिमित्त प्रदान गरेका थिए । उदा. अ. क. पृ. २७९: चुन्दसुत्तवण्णना, पाटलिगामियवग्गो; दी. नि. अ. क. I. पृ. ३९५: महापरिनिब्बाणसुत्तवण्णना ।

१. 'सूकरमद्दव' को अर्थ गर्दै उदानट्ठकथाले यसरी लेखेको छ—

"सूकरमद्दवन्ति—सूकरस्स मुदुसिनिद्धं पवत्तमंसन्ति महा-अट्ठकथायं वुत्तं" अर्थात्—"सूगुरको मृदु तथा स्निग्ध प्रवर्त मासुलाई 'सूकरमद्दव' भनिएको हो भनी महाअठ्ठकथामा उल्लेख भएको छ।" उदा. अ. क. पृ. २७९: चुन्दसुत्तवण्णना।

दीघनिकायट्ठकथाले पनि —

"**सूकरमद्दवन्ति**"—नातितरुणस्स नातिजिण्णस्स एक-जेट्ठसूकरस्स पवत्तमंसं। तं किर मुदुञ्चेव सिनिद्धं च होति। तं पटियादापेत्वा साधुकं पचापेत्वाति अत्थो।...।"

अर्थात्—"सूकरमद्दव भनेको—न अतितरुण न अति बुढो बल्कि एक जेष्ठ सूगुरको प्रवर्त मासु हो। त्यो चाहिं मृदु तथा स्निग्ध हुन्छ। त्यो तयार पार्नलगाई राम्ररी पकाउन लगाई भन्ने अर्थ हो।...।" दी. नि. अ. क. I. पृ. ३९५: महापरिनिब्बाणसुत्त-वण्णना।

'**पवत्तमंसं**' (=प्रवर्त मासु) भनेको मरेकाको मासु हो। त्यसैले समन्तपासादिका III. पृ. ११५८: भेसज्जक्खन्धले—"पवत्तमंसन्ति मतस्स मंसं" भन्ने अर्थ उल्लेख गरेको छ।

अङ्गुत्तरनिकायट्ठकथा II. पृ. ७५६: सीहसुत्तं, महावग्गले चाहिं 'पवत्तमंस' को अर्थ यसरी दिएको छ—"पवत्तमंसन्ति

पकतिया पवत्तं कप्पियमंसं, मूलं गहेत्वा अन्तरापणे परियेसाहीति अधिप्पायो।" अर्थात्—"प्रवर्तमांस भनेको स्वाभाविक रूपले प्रवर्त भएको उचितमांस मूल्य लिएर बजारमा खोजीगर भन्ने अभिप्राय हो।" यसको मतलब पसलमा किनेर ल्याएको मासु खान योग्य छ भनी भनिएको हो।

जस्तै खसेको फललाई 'पवत्तफलं' भन्दछन् त्यस्तैगरी यहाँ मरेकाको मासुलाई 'पवत्तमंसं' भनिएको हो भनी सम्झनु पर्छ।

केहीले चाहिं—"**सूकरमद्दव**" भनेको सूगुरको मासु होइन तर सूगुरहरूले मर्दन गरेको तामा (वंसकलिर) हो भनी भनेका छन्।

अरु केहीले—सूगुरहरूले मर्दन गरेको ठाउँमा उम्रेको च्याऊ हो भनी भनेका छन्।

अरूले चाहिं—'सूकरमद्दव' भनेको एक रसायन हो भनी भनेका छन्। उदा. अ. क. पृ. २७९: चुन्दसुत्तवण्णना।

भगवान् आज परिनिर्वाण हुनुहुनेछ भन्ने कुरा सुनेर चुन्द कम्मारपुत्रले 'यो भोजन गरेर भगवान् चिरतर जीवित हुन सकुन्' भन्ने सोचेर चुन्द कम्मारपुत्रले यो दान दिएका हुन् र भगवान्‌को दीर्घायुको कामना गरेर नै उनले यो प्रदान गरेका थिए भनी उदा. अ. क. पृ. २७९: ले अगाडि उल्लेख गरेको छ।

जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। आसनमा बस्नुभएपछि भगवान्ले चुन्द कम्मारपुत्रलाई आमन्त्रण गर्नुभयो—

"चुन्द! जुन् त्यो सूकरमद्दव तयार पारिएको छ त्यो मलाई पस्काऊ, जुन् अरू खादच-भोज्यहरू तयार पारिएका छन् तिनीहरू भिक्षुसङ्घलाई पस्काऊ[1]।"

"हवस्, भन्ते" भनी भगवान्लाई प्रत्युत्तरदिई चुन्द कम्मार-पुत्रले जुन् त्यो सूकरमद्दव तयार पारिएको थियो त्यो भगवान्लाई पस्काए र जुन् अरू खादच भोज्यहरू तयार पारिएका थिए तिनीहरू भिक्षुसङ्घलाई पस्काए।

---

१. किन यस्तो भन्नुभएको होला? भन्ने सम्वन्धमा अट्ठकथाले यसरी प्रष्टपारेको छ—

परजनमाथि दया राखेर नै भगवान्ले त्यसो भन्नुभएको हो। सूत्रको अगाडि पनि त्यसो भन्नाको कारण देखाउँदै—'तथागत एक जनाले बाहेक देव ब्रह्म मार तथा मनुष्यहरूमध्ये कसैले पनि त्यो सूकरमद्दव पचाउन सक्ने छैन' भनी उल्लेख भएकै छ। त्यो सूकरमद्दवमा दुइहजार द्वीपहरूले परिवृत्त भएका चार महाद्वीपका देवगणहरूले ओजधातु (=दिव्यरस) राखेका थिए। त्यसैले त्यसलाई कसैले पचाउन सक्दैनथे। त्यसैले भगवान्ले सूत्रमा '...त्यो मलाई पस्काऊ' भनी भन्नुभएको हो। उदा. अ. क. पृ. २७९: चुन्दसुत्तवण्णना।

त्यसपछि भगवान्ले चुन्द कम्मारपुत्रलाई आमन्त्रण गर्नुभयो—

"चुन्द ! जुन् सूकरमद्दव बाँकी छ त्यसलाई खाल्टोमा हालिदेऊ । चुन्द ! यो लोकमा देवसहित, मारसहित, ब्रह्मसहित; श्रमण ब्राह्मण सहित प्रजा; तथा देवसहित मनुष्यहरूमा तथागतले बाहेक अरू कोही देख्दिन जसले त्यो खाएर-पचाउन सकोस् ।"

"हवस्, भन्ते" भनी भगवान्लाई प्रत्युत्तर दिई जुन् सूकरमद्दव बाँकी थियो त्यो खाल्टोमा हाली चुन्द कम्मारपुत्र भगवान्कहाँ गए । गएर भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चुन्द कम्मारपुत्रलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी भगवान् आसनबाट उठी फर्केर जानुभयो ।

अनि चुन्द कम्मारपुत्रको भोजन (भत्तं) खानु भएका भगवान्लाई कडा रोग उत्पन्न भयो । रगत बहने मरणान्तिक ठूलो वेदना हुनथाल्यो । अनि भगवान्ले स्मृति सम्प्रजन्यताद्वारा पीडित नभई सहनुभयो[१] । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो—"आनन्द ! जाऔं, जहाँ कुशीनगर हो त्यहाँ जाऔं ।"

---

१. भोजनपछि भगवान्लाई ठूलो वेदना उत्पन्नभयो । तर यो वेदना सूकरमद्दवको कारणले भएको होइन । यदि वहाँले यो पोष्य भोजन गर्नु नभएकोभए योभन्दा पनि अधिक वेदना हुने थियो । भोजनको कारणद्वारा नै कम वेदना भएको हो । यदि अरूलाई यस्तो वेदना

"हवस्, भन्ते" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो ।

चुन्दस्स भत्तं भुञ्जित्वा, कम्मारस्साति मे सुतं ।
आबाधं सम्फुसी धीरो, पबाल्हं मारणन्तिकं ।।

भुत्तस्स च सूकरमद्दवेन,
ब्याधिप्पबाल्हो उदपादि सत्थुनो ।
विरच्चमानो भगवा अवोच,
"गच्छामहं कुसिनारं नगरं'ति[1]" ।।

भएको भए हिड्न वा बस्न नसकी वेसकरी छट्पटिनु पर्नेथियो । तर भगवान्ले स्मृति सम्प्रजन्यताद्वारा त्यस्तो हुनदिनु भएन । त्यसैले सूत्रमा 'पीडित नभई' भनी उल्लेख भएको हो । वहाँले सहन गर्नु भएको थियो । भगवान्लाई यस्तो वेदना वेलुवगाउँदेखि नै भएको थियो । (हेर सं. नि. IV. पृ. १३०: गिलानसुत्तं, सतिपट्ठानसंयुत्तं) तर समापत्तिबलद्वारा परिनिर्वाण हुने दिन नआएसम्म दमनगरी राख्नुभएको थियो । त्यसदिन चाहिं वहाँ परिनिर्वाण हुन चाहनुहुन्थ्यो । अतः प्राणीहरूलाई विरक्त पार्नको-निमित्त त्यसदिन समापत्तिद्वारा दमन गर्नु भएको थिएन । त्यसैले गर्दा वहाँलाई खूब ठूलो तथा असह्य वेदना भएको थियो भनी उदा. अ. क. पृ. २८०: चुन्दसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. यी गाथाहरू पछि धर्मसंग्राहकहरूले थपेका हुन् भनी उदा. अ. क. पृ. २८०: चुन्दसुत्तवण्णनाले लेखेको छ ।

अर्थ—

मैले सुनें कि चुन्द कम्मारको भात खाएपछि धीरलाई कठोर आबाधले छोयो। सूकरमद्दव खाएपछि शास्तालाई कठोर व्याधि उत्पन्न भयो[१]। अनि निरन्तर विरेचित हुनुभएका भगवान्‌ले भन्नुभयो —"म कुशीनगरमा जानेछु[२]।"

कुशीनगरको यात्रा

अनि भगवान् बाटो छाडी जहाँ एक रुख थियो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो—

"हे आनन्द! तिमीले मलाई चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छ्याइदेऊ। आनन्द! म थाकेको छु बस्न चाहन्छु।"

"हवस्, भन्ते" भनी भगवान्‌लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्दले चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छ्याइदिनु भयो। अनि

---

१. यहाँ जुन रोग लागेको कुरा देखाइएको छ त्यो सूकरमद्दवको कारणले होइन। बल्कि कर्मले मौका पाएको हुनाले त्यसो भएको हो। अर्थात् आफ्नै कर्मभोगले भएको हो। (के कस्तो कर्मको प्रभावले त्यसो भएको हो भन्ने सम्बन्धमा बु. ब्रा. भा–३, पृ. २९१: वेरञ्जकथामा उल्लेख गरेको छु।) उदा. अ. क. पृ. २८०: चुन्द-सुत्तवण्णना।

२. आफूले चाहेको ठाउँमा परिनिर्वाण हुनकोनिमित्त यस्तो भन्नु भएको हो।

भगवान् बिच्छ्याइएको आसनमा बस्नुभयो। बस्नुभएका भगवान्‌ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो —

यसरी रोग हुँदाहुँदै भगवान् किन कुशीनगरमै जानलाग्नु भएको नि ? के अन्त कतै परिनिर्वाण हुन सकिन्न ?

जहाँ पनि परिनिर्वाण हुनसकिन्छ। परन्तु वहाँले यस्तो सोच्नु भएको थियो—

(१) कुशीनगरमा गएको खण्डमा महासुदस्सन सूत्र देशनाको कारण बन्ने छ। (यो सूत्र दी. नि. II पृ. १३० मा छ।) यो सुनेर धेरै मानिसहरूले कुशलकर्म गर्ने इच्छा गर्नेछन्। (२) सुभद्र परिव्राजक पनि मकहाँ आई प्रश्न सोध्नेछन् र उत्तरको अन्तमा उनी मेरो शरणमा परी प्रव्रजित तथा उपसम्पन्न भई कर्मस्थान भावना गरी म छँदाछँदै अरहन्त पनि हुनेछन्। उनी मेरा अन्तिम श्रावक हुनेछन्। (३) अरू ठाउँमा परिनिर्वाण हुँदा धातुको कारणमा महाकोलाहल हुनेछ र नदी जस्तै रगत बग्ने छ। कुशीनगरमा परिनिर्वाण हुँदा चाहिं धातुविवादलाई द्रोण ब्राह्मणले सुल्झाउने छन् र धातुहरू भागलगाई कलह शान्त पार्ने छन्। (हेर बु. ब्रा. भा-१, पृ. १५२: धातुविभाजन, द्रोण ब्राह्मण) यी तीन कारणहरूलाई ध्यानमा राख्नुभई भगवान् महत् उत्साहका साथ कुशीनगरमै जान चाहनु भएको हो भनी उदा. अ. क. पृ. २८०-८१: चुन्दसुत्तवण्णना, पाटलिगामियवग्गले उल्लेख गरेको छ।

"हे आनन्द ! तिमीले मलाई पिउने पानी ल्याइदेऊ। आनन्द ! प्यास लागेको छ, पानी पिउँछु ।"

यस्तो भन्नुहुँदा आयुष्मान् आनन्दले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते ! भरखरैमात्र पाँचशय गाडाहरू गए। चक्काले कुल्चिएको पानी अलि अलि धमिलो र फोहोर भई बग्दैछ। भन्ते ! यो कुकुट्ठा[1] नदी नजिकमै छ सुन्दर तथा मनोहर छ। भगवान्ले त्यहाँ पानी पनि पिउनुहोस् र शरीर पनि शीतल पार्नुहोस् ।"

दोश्रो पटक पनि ..तेश्रो पटक पनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो -

"हे आनन्द ! तिमीले मलाई पिउने पानी ल्याइदेऊ। आनन्द ! प्यास लागेको छ, पानी पिउँछु ।"

"हवस्, भन्ते" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्द पात्र लिई जहाँ त्यो नदी हो त्यहाँ जानुभयो। अनि चक्काले कुल्चेर अलि अलि धमिलो र फोहोर भई बगिरहेको सो नदीको पानी आयुष्मान् आनन्द त्यहाँ पुग्दापुग्दै स्वच्छ, पवित्र तथा निर्मलभई बग्नथाल्यो। अनि आयुष्मान् आनन्दलाई यस्तो लाग्यो—

---

१. दी. नि. II. पृ. १००: महापरिनिब्बानसुत्तंमा 'ककुधा' भनी लेखिएको छ।

"अहो आश्चर्य ! अहो अद्भूत !! अहो तथागतको मर्हाद्धिकता !! अहो तथागतको महानुभावता !! चक्काले कुल्चेर अलि अलि धमिलो र फोहोर भई बघिरहेको यो नदी म यहाँ आइपुग्नेबित्तिकै स्वच्छ, पवित्र तथा निर्मलभई बग्नथाल्यो ।"

अनि पात्रमा पानी लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई यस्तो भन्नुभयो—

"आश्चर्य हो, भन्ते ! अद्भूत हो, भन्ते !! अहो तथागतको मर्हाद्धिकता ! अहो तथागतको महानुभावता !! भन्ते ! चक्काले कुल्चेर अलि अलि धमिलो र फोहोर भई बघिरहेको सो नदी म त्यहाँ पुग्नेबित्तिकै स्वच्छ, पवित्र तथा निर्मल भई बग्नथाल्यो । भगवान् पानी पिउनुहोस्, सुगत ! पानी पिउनुहोस्[१] ।"

अनि भगवान्ले पानी पिउनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घका साथ जहाँ कुकुट्ठा नदी हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि कुकुट्ठा नदीमा नुहाई पानी पिई तरेर जहाँ (एक) आम्रवन हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् चुन्दकलाई[२] आमन्त्रण गर्नुभयो—

---

१. दी. नि. II. पृ. १००: महापरिनिब्बानसुत्तमा चाहिं यसपछि पुक्कुस मल्लपुत्रको कथा उल्लेख भएको छ र त्यसपछिमात्र ककुधानदीमा जानुभएको कुरा छ । यहाँ चाहिं सो कुराहरू छैनन् ।

२. त्यसवखत आयुष्मान् चुन्दक भगवान्को अगाडि हुनुहुन्थ्यो । आयु-

"हे चुन्दक ! तिमीले मलाई चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छचाइदेऊ । चुन्दक ! म क्लान्त छु, लेट्न चाहन्छु[१] ।"

"हवस्, भन्ते" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् चुन्दकले चारदोबरी गरी सङ्घाटी पटचाई बिच्छचाइ दिनुभयो ।

ष्मान् आनन्द चाहिं त्यसवेला नुहाउने कपडा सुकाउँदै हुनुहुन्थ्यो । यसैले भगवान्ले अगाडि बसिरहनु भएका आयुष्मान् चुन्दकलाई आमन्त्रण गर्नुभएको हो भनी उदा. अ. क. पृ. २८२ः चुन्दसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

यी आयुष्मान् चुन्दक आयुष्मान् सारिपुत्रका कान्छा भाइ हुनुहुन्छ । अघि वहाँ भगवान्को उपस्थाक भइसक्नु भएको थियो । (हेर बु. रा. भा–१, पृ. ४०६ को पादटिप्पणीमा ।) वहाँ आनन्द महास्थविरका शिष्य हुनुहुन्छ । (हेर बु. प. भा–१, पृ. २६८ को पादटिप्पणीमा ।)

१. त्यसवखत बुद्ध भगवान् यस्तोबिघ्न असक्त हुनुहुन्थ्यो कि वहाँको सारा शारीरिक शक्ति क्षीण भइसकेको थियो । वहाँको शरीरमा—

"कालावकञ्च गङ्गेय्यं पण्डरं तम्बपिङ्गलं ।
गन्ध मङ्गल हेमञ्च उपोसथ छद्दन्तिमे दसा'ति ।।"

अर्थ—

"(१) कालावक, (२) गङ्गेय, (३) पण्डर, (४) तम्ब, (५) पिङ्गल, (६) गन्ध, (७) मङ्गल, (८) हेम, (९) उपोसथ तथा (१०) छद्दन्त भन्ने यी दश हात्तीहरूमा हुने बल तथागतको शरीरमा थियो।"

काला भन्ने दश हात्तीको बल एक गङ्गेय हात्तीमा हुन्छ। यस्तैगरी दश दश गुणा बढी बल छद्दन्त हात्तीमा हुन्छ। ती सबै हात्तीबल तथागतमा थियो। तर चुन्द कम्मारपुत्रको भोजनपछि त्यसदिन भगवान्को शरीरको सारा शारीरिक बलहरू तताएको भाँडोमा राखेको पानीको थोपो जैं बिलाएर गए।

पावाबाट कुशीनगर केवल तीन गाउत मात्र छ (=पौने योजन)। यसबीच पच्चीस (२५) ठाउँहरूमा विश्रामगरी भगवान् महत् उत्साहपूर्वक पैदल नै सूर्यास्त हुने वेलामा कुशीनगरमा पुग्नुभयो।

यसरी निरोगलाई रोगले कुर्ल्चिदै आउँछ। यसै अर्थलाई जनाउनकोनिमित्त तथा देवसहित मनुष्यलोकलाई संवेग जनाउनकोनिमित्त भगवान्ले सूत्रमा "चुन्दक ! म क्लान्त छु, लेट्न चाहन्छु" भनी भन्नुभएको हो भनी उदा. अ. क. पृ. २८१ः चुन्दसुत्तवण्णनाले उल्लेख गरेको छ।

अनि भगवान् दाहिनेतिरबाट सिंहशय्यागरी[1] (दाँया) खुट्टामाथि (बाँया) खुट्टा राखी स्मृति सम्प्रजन्य भई उठने संज्ञा मनमा राखी लेट्नुभयो। आयुष्मान् चुन्दक पनि त्यहीं भगवान्को अगाडि बस्नुभयो।

१. "गन्त्वान बुद्धो नदिकं[2] कुकुट्ठं[3],
अच्छोदकं सातोदकं[4] विप्पसन्नं।
ओगाहि सत्था सुकिलन्तरूपो,
तथागतो अप्पटिमोध लोके ॥

---

१. 'सिंहशय्या' भनेको सिंह जस्तै दाहिनेतिरबाट गरिने शय्या हो।

चारप्रकारका शय्याहरू छन्—(१) कामभोगीशय्या, (२) प्रेतशय्या, (३) तथागतशय्या र (४) सिंहशय्या।

"भिक्षुहो! कामभोगीहरू धेरैजसो बाँयातिरबाट सुत्छन्" भनेको कामभोगीशय्या हो। "भिक्षुहो! प्रेतहरू धेरैजसो उत्तानोपरी सुत्छन्" भनेको प्रेतशय्या हो। "भिक्षुहो! यहाँ तथागत चतुर्थध्यानमा बस्नुहुन्छ" भनेको तथागतशय्या हो। "भिक्षुहो! सिंह मृगराज दाहिनेतिरबाट सुत्छन्" भनेको सिंहशय्या हो। (अं. नि–४, पृ. २५९: सेय्यासुत्तं, आपत्तिभयवग्गो)

२. सिंहल र रोमनमा: 'नदियं'।

३. सिंहलमा: 'कुकुत्थं'।

४. बर्मीमा: 'सातुदकं'।

२. "न्हत्वा च पिवित्वाचुदतारि सत्था,
पुरक्खतो भिक्खुगणस्स मज्झे।
सत्था पवत्ता भगवा इध धम्मे,
उपागमि अम्बवनं महेसि।
आमन्तयि चुन्दकं नाम भिक्खुं,
चतुग्गुणं सन्थर[1] मे निपज्जं॥

३. "सो चोदितो भावितत्तेन चुन्दो,
चतुग्गुणं सन्थरि[2] खिप्पमेव।
निपज्जि सत्था सुकिलन्तरूपो,
चुन्दो पि तत्थ पमुखे निसीदि'ति[3]॥"

अर्थ—

१–"कुकुट्ठ नदीमा गई बुद्धले निर्मल, पवित्र तथा मीठो पानी पिउनुभयो। अनि अति थकित हुनुभएका शास्ता तथा यो लोकमा अद्वितीय पुरुष हुनुभएका तथागत नदीमा ओर्लिहनु भयो।

---

१. सिहल र रोमनमाः 'पत्थर'।

२. सिहल र रोमनमाः 'पत्थरि'।

३. यी गाथाहरू पछि धर्मसंग्राहकहरूले थपेका हुन्। उदा. अ. क. पृ. २८२ः चुन्दसुत्तवण्णना।

२–"नुहाई पानी पिई शास्ता नदी पार जानुभयो। भिक्षुगणको बीचमा बस्नुभएका अग्रपुरुष तथा धर्म प्रवर्तन गर्नुभएका महर्षी शास्ता आम्रवनमा[1] जानुभयो। अनि चुन्दक भन्ने भिक्षुलाई बोलाई—'लेट्नकोनिमित्त चारदोबरी गरी (सङ्घाटी पटचाई) आसन बिछ्याऊ' भनी भन्नुभयो।

३–"भावितात्म हुनुभएका बुद्धले यस्तो भन्नु भएको सुनी चुन्दकले हत्त र पत्त चारदोबरी गरी (सङ्घाटी पटचाई) आसन बिच्छ्याइदिए। अनि अति थकित हुनुभएका शास्ता लेट्नुभयो। चुन्दक पनि त्यहाँ (शास्ताको) अगाडि बस्नुभयो[2]।"

चुन्दको अन्तिम भोजनको प्रशंसा

अनि आयुष्मान् आनन्दलाई भगवान्ले आमन्त्रण गर्नुभयो—

"आनन्द! शायद चुन्द कम्मारपुत्रलाई कसैले चिन्तित गराउनकोनिमित्त (यस्तो भन्न) सक्छ—'आवुसो चुन्द! तिम्रो लागि अलाभ हो, तिम्रो लागि दुर्लाभ हो, जहाँकि तिम्रो अन्तिम पिण्डपात

---

१. सो कुकुट्ठ नदीको तीरमा एक आम्रवन थियो। सोही आम्रवनमा जानुभयो। उदा. अ. क. पृ. २८२ः चुन्दसुत्तवण्णना।

२. यतिञ्जेलसम्म धम्मभण्डागारिक आनन्द महास्थविर पनि त्यहाँ आइपुग्नु भयो। उदा. अ. क. पृ. २८२.

(=भिक्षा) भोजन गरी तथागत परिनिर्वाण हुनुभयो।' आनन्द! चुन्द कम्मारपुत्रको चिन्तालाई यसरी दूर गराइदिनुपर्छ—

'आवुसो चुन्द! तिम्रो लागि यो लाभ हो, तिम्रो लागि यो सुलाभ हो, जहाँकि तिम्रो अन्तिम पिण्डपात (=भिक्षा) भोजन गरी तथागत परिनिर्वाण हुनुभयो। आवुसो चुन्द! मैले भगवान्‌कै सन्मुखमा सुनेको हुँ र भगवान्‌कै सन्मुखमा मैले ग्रहण गरेको हुँ—'दुइ पिण्डपातहरू (=भिक्षाहरू) समानफलका तथा समान विपाकका छन्। अरू पिण्ड-पातहरूभन्दा धेरै महत्फलतर र महानिसंसतर छन्। कुन दुइ भने? जुन पिण्डपात (=भिक्षा) भोजन गरी तथागतले अनुत्तर सम्यक्-सम्बुद्धत्व अधिगमन गर्नुभयो तथा जुन पिण्डपात (=भिक्षा) भोजन गरी अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण हुनेछ। यी दुइ पिण्डपातहरू समानफलका[१] तथा समान विपाकका छन्। अरू पिण्डपातहरूभन्दा धेरै महत्फलतर र महानिसंसतर छन्।' (अतः) 'आयुष्मान् चुन्द

---

१. कसरी समान फलका थिए त? जहाँकि सुजाताले क्षीर भोजन गराउँदा तथागत बोधिसत्व नै थिए तथा सरागी, सद्वेषी, समोही र क्लेश सहितका नै थिए। भोजनपछि मात्र वहाँले बुद्धत्व प्राप्तगर्नु भएको थियो। चुन्दको भोजन चाहिं उनले वीतरागी, वीतद्वेषी, वीतमोही तथा निक्लेशी हुनुभएका बुद्धलाई दिएका थिए। अर्थात् सुजाताको भोजन चाहिं सरागी हुनु भएका बोधिसत्वले गरेका थिए र चुन्दको भोजन चाहिं वीतरागी हुनु भएका बुद्धले गरेका थिए। अनि कसरी समानफल हुन सक्ला?

यहाँ तीनप्रकारका समानता छन् । जस्तै—(१) परि-निर्वाण-समानता, (२) समापत्ति-समानता र (३) अनुस्मरण-समानता ।

(१) सुजाताले दिएको भोजन गरेर तथागत स-उपादि-शेष (=क्लेशहरू जम्मै निरुद्ध भएका) निर्वाणधातुमा परिनिर्वाण हुनुभयो । चुन्दले दिएको भोजन गरेर अनुपादिशेष (=पञ्चस्कन्ध-हरूको समेत निरुद्ध भएका) निर्वाणधातुमा परिनिर्वाण हुनुभयो । यसरी परिनिर्वाण-समानताले गर्दा समानफल भएको हो ।

(२) अभिसम्बुद्ध हुने दिनमा तथागतले अग्रमार्गको हेतु भएको चौबीसकोटी एकलाख (२४,०१,००,०००) समापत्तिहरू गर्नुभएको थियो । महापरिनिर्वाण हुने दिनमा पनि ती जम्मै समापत्तिहरू गर्नुभएको थियो । यसरी समापत्ति-समानताले गर्दा समानफल भएको हो । त्यसैले भगवान्‌ले भन्नुभएको हो —

"भिक्षुहो ! जसको भिक्षा भोजनगरी भिक्षु अप्रमाण समाधिहरूमा बस्छ; यसद्वारा उसले (=दाताले) धेरै धेरै पुण्य पाउँछ, धेरै धेरै कुशलहरू पाउँछ...आदि ।" (अं. नि-४, पृ. ५७-५८: पठमपुञ्ञाभिसन्दनसुत्तं, पुञ्ञाभिसन्दनवग्गो)

(३) पछि गएर जब सुजाताले "उनी वृक्षदेवता थिएनन् । उनी वोधिसत्व थिए । मेरो क्षीर भोजन गरेर उनले सम्यक्सम्बुद्धत्व लाभगरे । सात हप्तासम्म त्यस आहारद्वारा उनको

कम्मारपुत्रले आयु बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मार-पुत्रले वर्ण बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले सुख बढाइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले स्वर्ग पुऱ्याइदिने कर्म संचित गरे, आयुष्मान् चुन्द कम्मारपुत्रले यश ल्याइदिने कर्म संचित गरे तथा आयुष्मान् चुन्द कम्मारपुत्रले आधिपत्य ल्याइदिने कर्म संचित गरे।' (अतएव) आनन्द ! चुन्द कम्मारपुत्रको चिन्तालाई यसरी दूर गराइदिनु पर्छ।"

अनि यस अर्थलाई बुझ्नुभई त्यसवेला भगवान्ले यो उदान प्रकट गर्नुभयो—

यापन भएको थियो" भन्ने कुरा सुनिन् तब "धन्यहो ! मेरो भोजन !" भन्दै आफ्नो दानको अनुस्मरण गर्दा उनको मनमा अपार प्रीति उत्पन्न भएको थियो। त्यस्तैगरी चुन्दलाई पनि अपार प्रीति उत्पन्न भएको थियो। भगवान् परिनिर्वाण भइसकेपछि जब चुन्दले आफूले दिएको भोजनदानको अनुस्मरण गरे तब उनको मनमा—'अहो मेरो भोजन ! मेरो अन्तिम भोजन गरेर भगवान् अनुपादिशेष परिनिर्वाणधातुमा परिनिर्वाण हुनुभयो' भनी अपार प्रीति उत्पन्न भएको थियो। यसरी अनुस्मरण-समानताले गर्दा ती दुइ दानका फलहरू समान भनिएको हो भन्ने कुरा बुझ्नसक्नुपर्छ भनी उदा. अ. क. पृ. २८३: चुन्दसुत्तवण्णना, पाटलिगामियवग्गो र सुमं. वि. I. पृ. ३९८: महापरिनिब्बाणसुत्तवण्णनाले उल्लेख गरेका छन्।

"ददतो पुञ्ञं पवड्ढति,
संयमतो वेरं न चीयति ।
कुसलो च जहति पापकं,
रागदोसमोहक्खया सनिब्बुतो'ति[1] ।।"[2]

अर्थ—

"दिनाले पुण्य बढ्छ,
संयमले वैर संचय हुन्न ।
ज्ञानीले पापलाई त्याग्छ,
रागद्वेषमोहको क्षयद्वारा उ निर्वाण प्राप्त हुन्छ ।"

× × ×

---

१. सिंहल, स्याम र रोमनमाः 'परिनिब्बुतो' ।

मूल सूत्र—

३–कति किसिमका श्रमणहरू छन् ?

चुन्द कम्मारपुत्र—

१. "पुच्छामि मुनिं पहूतपञ्ञं, (इति चुन्दोकम्मारपुत्तो)
बुद्धं धम्मस्सामि वीततण्हं ।
द्विपदुत्तमं[१] सारथीनं पवरं,
कति लोके समणा तदिङ्घ ब्रूहि[२] ।।"

अर्थ—

१–"प्रसस्त प्रज्ञा हुनुभएका धर्मस्वामी ! तृष्णा रहित हुनुभएका, दुइपाद हुनेहरूमध्येमा उत्तम हुनुभएका र सारथीहरूमध्येमा उत्तम सारथी

१. सिंहल, स्याम र रोमनमाः 'दिपदुत्तमं' ।

२. सुत्त. नि. पृ. २८३ चुन्दसुत्तं, उरगवग्गो, अ. क. पृ. १०९.

हुनुभएका तपाइ बुद्धसँग सोध्दछु कि यो लोकमा कति किशिमका श्रमण-हरू छन्[1] ? कृपया बताउनुहोस् ।"

बुद्ध—

२ "चतुरो समणा न पञ्चमत्थि, (चुन्दोति भगवा)
ते ते आविकरोमि सक्खिपुट्ठो ।
मग्गजिनो मग्गदेशको च,
मग्गे जीवति यो च मग्गदूसी ।।"

---

१. चुन्द कम्मारपुत्रले यो प्रश्न सोध्नुपर्ने कारण देखाउँदै सुत्तनिपातट्ठ-कथा चुन्दसुत्तवण्णनाले (पृ. १०९) यसरी दिएको छ—

"यसभन्दा अघिल्लो सूत्रमा (माथि पृ. २९०) जुन कुराहरू लेखिसकेका छन् त्यसै अवस्थामा चुन्दले भगवान् सहित भिक्षुसङ्घ-लाई भोजन पस्काउनकोनिमित्त तथा तिऊन तरकारीहरू राख्नको-निमित्त सुनका भाँडाहरू राखेका थिए । शिक्षापद नबनाएको समयमा चाहिं केही भिक्षुहरूले सुनका भाँडाहरूमा (भोजन) लिन्थे, केही भिक्षुहरूले लिन्नथे । भगवान्‌ले चाहिं आफ्नो एकमात्र शैलमय पात्रमा लिनुहुन्छ, दोश्रो भाँडामा बुद्धहरूले लिंदैनन् । अनि त्यस समय एकजना पापी भिक्षुले आफ्नो अगाडि राखेको हजारजाने एक सुनको भाँडो चोर्ने नियतले (थेय्यचित्तेन) लिई आफ्नो ताल्चा राख्ने थैलोमा (कुञ्चिकत्थविकायं) राखे । चुन्दले यो देखेर पनि बुद्ध तथा स्थविरहरू प्रतिको गौरवताको कारणले तथा अन्य

अर्थ—

२–"हे चुन्द ! चार किशिमका श्रमणहरू छन्, पाँचौ छैनन् । मसँग सोध्ने तिमीलाई ती चार किशिमका श्रमणहरू यी हुन् भनी बताउँछु । ती हुन्—(१) मार्गजिन, (२) मार्गदेशक, (३) मार्गजीवि र (४) मार्गदूषक ।"

चुन्द कम्मारपुत्र—

३. "कं मग्गजिनं वदन्ति बुद्धा, (इति चुन्दो कम्मारपुत्तो)
मग्गक्खायी[1] कथं[1] अतुल्यो होति ।
मग्गे जीवति मे ब्रूहि पुट्ठो,
अथ मे आविकरोहि मग्गदूसिं ।।"

अर्थ–

३–"कस्तालाई बुद्धहरू 'मार्गजिन' भन्दछन् ? अतुल्य मार्गदेशक

धर्मावलम्बीहरूले केही भन्ने मौका नपाउन् भन्ने विचारले नदेखे जस्तो गरेका थिए ।

"अतः यसै कुरालाई मनमा राखी सन्ध्या-समयमा भगवान्-कहाँ गई—"संयम युक्त हुनेलाई मात्र श्रमण भन्दछन् वा संयमरहित हुनेलाई पनि श्रमण भन्दछन् ?" भन्ने कुरा बुझ्नकोनिमित्त उनले यो प्रश्न सोधेका हुन् ।

१–१. स्याममाः 'मग्गज्झायी'; रोमनमाः 'मग्गज्झायि कथं' ।

कसरी हुइन्छ ? मेरो प्रश्नको उत्तर दिनुहोस् कस्तालाई 'मार्गजीवि' भन्दछन् ? अनि मलाई 'मार्गदूषक' को बारेमा पनि बताउनु होस् ।"

बुद्ध—

४. "यो तिण्णकथङ्कथो विसल्लो,
निब्बानाभिरतो अनानुगिद्धो[१] ।
लोकस्स सदेवकस्स नेता,
तादि मग्गजिनं वदन्ति बुद्धा ।।

५. "परमं परमं ति योध ञत्वा,
अक्खाति विभजते[२] इधेव धम्मं ।
तं कङ्खछिदं[३] मुनिं अनेजं,
दुतियं भिक्खुनमाहु मग्गदेसिं ।।

६. "यो धम्मपदे सुदेसिते,
मग्गे जीवति सञ्ञतो सतीमा ।
अनवज्जपदानि सेवमानो,
ततियं भिक्खुनमाहु मग्गजीविं ।।

---

१. सिंहलमाः 'अननुगिद्धो' ।

२. सिंहल, स्याम र रोमनमाः 'विभजति' ।

३. सिंहलमाः 'कङ्खाच्छिदं'; स्याम र रोमनमाः 'कङ्खच्छिदं' ।

७. "छदनं कत्वान सुब्बतानं,
पक्खन्दी कुलदूसको पगब्भो ।
मायावी असञ्ञतो पलापो,
पतिरूपेन[1] चरं[1] स मग्गदूसी ।।

८. "एते च पटिविज्झि यो गहट्ठो,
सुतवा अरियसावको सपञ्ञो ।
सब्बे नेतादिसा ति ञत्वा,
इति दिस्वा न हापेति तस्स सद्धा ।
कथं हि दुट्ठेन असम्पदुट्ठं,
सुद्धं असुद्धेन समं करेय्या'ति ।।"

अर्थ—

४-"जो शंका रहित छ, जो शल्य[2] रहित छ, जो निर्वाण अभिरत छ, जो निर्लोभी छ र जो देवसहित लोकको नेता छ—त्यस्ता अटल बुद्धहरू 'मार्गजिन' हुन् ।

१-१. स्याममा: 'पटिरूपेन च परं' ।

२. (१) रागशल्य, (२) द्वेषशल्य, (३) मोहशल्य, (४) मान-शल्य, (५) दृष्टिशल्य । यी शल्यहरू नभएका भनिएको हो । सुत्त. नि. अ. क. पृ. १११: चुन्दसुत्तवण्णना ।

५–"जो यहाँ परमार्थलाई परमार्थ भनी जान्दछ, जो यहाँ विभक्त गरी धर्मलाई बताउँछ—त्यो शंका नभएका तृष्णा रहित मुनि 'मार्गदेशक' दोश्रो भिक्षु हो।

६–"राम्ररी देशना गरिराखेको धर्मपद अनुसार मार्गमा लागी संयत र स्मृतिमान्भई जो जीवन बिताउँछ र जो निरवद्य भावना गरी जीवन बिताउँछ—त्यो 'मार्गजीवि' भिक्षु तेश्रो हो।

७–"शीलवान्को स्वभावले ढाकेर म पनि भिक्षु हुँ भनी दगुर्ने —कुलदूषक, प्रगल्भी, छली, असंयमी, प्रलापी तथा भिक्षुभेष धारण गरी हिड्ने 'मार्गदूषक' हो।

८–"जो श्रुतवान्, आर्यश्रावक तथा प्रज्ञावान् गृहस्थीले यी कुराहरू बुझ्छ—उसले सबै (भिक्षुहरू) एकैनास हुन्नन् भनी सम्झन्छ र पापक भिक्षुलाई देखेर पनि (आफ्नो मनमा) श्रद्धा कमी गर्दैन। दुष्ट र अदुष्ट, शुद्ध र अशुद्ध कसरी एकैनास हुनसक्ला र[१] ?"

---

१. सूत्रको अवशानमा उपासकको शंका दूर भयो। सुत्त. नि. अ. क. पृ. ११४: चुन्दसुत्तवण्णना, उरगवग्गो।

१७. तालपुट नटगामणि

प रि च य

रुखको हाँगाबाट खसेको ताल फलको वर्ण जस्तै प्रसन्न वर्ण भएकाले यिनलाई 'तालपुट' भनिएको हो[1] ।

यिनी अभिनीहार सम्पन्न अन्तिम जन्मका थिए । किन्तु आकाशमा फ्याकेको गेडी कतातिर खस्ने हो भन्ने कुरा बुझ्न नसक्ने जस्तै प्रतिसन्धि (=पुनर्जन्म) को बारेमा पनि कसैले केही भन्न सक्दैन । अत: यिनी राजगृहको एक नर्तकी-कुलमा जन्मेका थिए[2] । ठूलो भएपछि नर्तकी शील्पमा अग्रस्थान प्राप्तगरी समस्त जम्बुद्वीपमा यिनले ख्याति प्राप्त गरे ।

पाँचशय गाडाहरूमा यिनका पांचशय परिवार स्त्रीहरू र पाँचशय भार्याहरू थिए । एकहजार स्त्रीहरूका साथ एकहजार गाडाहरू

---

१. सं. नि. अ. क. III. पृ. १००: तालपुटसुत्तवण्णना, गामणिसंयुत्तं ।

२. थेर. गा. अ. क. II. पृ. १५५: तालपुटत्थेरगाथावण्णना, पञ्ञासनिपातवण्णना ।

लिएर जहाँ जहाँ यिनी जान्थे त्यहाँ त्यहाँ यिनलाई पहिले नै एकहजार मुद्रा दिन्थे । अनि नृत्यपोसाक लगाई यिनी एकहजार स्त्रीहरूका साथ नाच्दा मानिसहरूले हात र खुट्टामा जे जे लगाएका हुन्थे ती ती आभरणहरू दिनेको अन्त हुँदैनथ्यो ।

एकदिन यिनी एकहजार स्त्री परिवारहरूका साथ राजगृहमा नाच देखाई परिपक्व ज्ञानको अवस्थामा पुगेका हुँदा परिवार सहित यिनी त्यहाँबाटै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गएका थिए भनी संयुत्त-अट्ठकथाले[1] उल्लेख गरेको छ ।

भगवान्कहाँ पुगेपछि जुन कुराहरू यिनले भगवान्सँग सोधे ती कुराहरू अगाडि अनुदित मूल सूत्रमै प्रष्ट भएका छन् । उपदेश सुनिसकेपछि यिनले बुद्धसँग प्रव्रज्यात्व मागे र प्रव्रजित भएको चिरकाल नबित्दै यिनले अरहत्व पाएका कुरा अगाडिको मूल सूत्रमै उल्लेख भएको छ ।

अरहत् हुनुभन्दा अगाडि जुन ढंगले वहाँले आफ्नो चित्तलाई निग्रह गर्नुभएको थियो त्यसको वर्णन स्वयंले थेरगाथा पालिमा[2] पचपन्नवटा गाथाहरूद्वारा गर्नुभएको छ ।

× × ×

---

१. सं. नि. अ. क. III. पृ. १००: तालपुटसुत्तवण्णना, गामणिसंयुत्तं; थेर. गा. अ. क. II. पृ. १५५: तालपुटत्थेरगाथावण्णना, पञ्ञासनिपात ।

२. थेर. गा. पा. पृ. ३७६: तालपुटत्थेरगाथा, पञ्ञासनिपात, अ. क. II. पृ. १५५.

मूल सूत्र—

१—नृत्यद्वारा स्वर्ग पुगिन्छ

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बस्नुभएको थियो[१]। अनि तालपुट[२] नटगामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका तालपुट नटगामणिले भगवान्लाई यस्तो भने—

"भन्ते! मैले सुनेको छु कि—अघि अघिका नट आचार्य प्राचार्यहरूले भनेका कुरा—'जो त्यो नट रङ्गमञ्चमा तथा समूहको बीचमा सत्य र असत्यद्वारा जनतालाई हँसाउँछ र रमाइलो पार्छ—उ शरीर छाडी मृत्युपछि 'पहास' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ।' यस विषयमा भगवान् के भन्नुहुन्छ?"

---

१. सं. नि. III. पृ. २७२: तालपुटसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. १००.

२. स्याममाः 'तालपुतो'; अट्ठकथामा पनिः 'तालपुतो'।

"गामणि ! भैहाल्यो यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध ।"

दोश्रो पटक पनि तालपुट नटगामणिले भगवान्‌लाई यस्तो भने—

"भन्ते ! मैले सुनेकोछु कि – अघि अघिका नट आचार्य प्राचार्य-हरूले भनेका कुरा—'जो त्यो नट रङ्गमञ्चमा तथा समूहको बीचमा सत्य र असत्यद्वारा जनतालाई हँसाउँछ र रमाइलो पार्छ—उ शरीरछाडी मृत्यु-पछि 'पहास' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ ।' यस विषयमा भगवान् के भन्नुहुन्छ ?"

"गामणि ! भैहाल्यो यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध ।"

तेश्रो पटक पनि तालपुट नटगामणिले भगवान्‌लाई यस्तो भने—

"भन्ते ! मैले सुनेकोछु कि—अघि अघिका नट आचार्य प्राचार्य-हरूले भनेका कुरा—'जो त्यो नट रङ्गमञ्चमा तथा समूहको बीचमा सत्य र असत्यद्वारा जनतालाई हँसाउँछ र रमाइलो पार्छ—उ शरीरछाडी मृत्यु-पछि 'पहास' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ ।' यस विषयमा भगवान् के भन्नुहुन्छ ?"

" 'गामणि ! भैहाल्यो यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध' भनी भन्दापनि मैले मुक्ति पाइन । त्यसोभए गामणी ! तिमी-

लाई बताउने छु। गामणि ! पूर्वकालमा सत्वहरू रागबन्धनमा बाँधिएका अवीतरागी थिए। उनीहरूलाई नटले रङ्गमञ्चमा तथा समूहको बीचमा जुन कुराहरूले उनीहरू रञ्जित हुन्थे—ती नै कुराहरूको अभिनय धेरै धेरै गर्थ्यो। गामणि ! पूर्वकालमा सत्वहरू द्वेषबन्धनमा बाँधिएका अवीतद्वेषी थिए। उनीहरूलाई नटले रङ्गमञ्चमा तथा समूहको बीचमा जुन कुराहरूले उनीहरू रञ्जित हुन्थे – ती नै कुराहरूको अभिनय धेरै धेरै गर्थ्यो। गामणि ! पूर्वकालमा सत्वहरू मोहबन्धनमा बाँधिएका अवीतमोही थिए। उनीहरूलाई नटले रङ्गमञ्चमा तथा समूहको बीचमा जुन कुराहरूले उनीहरू रञ्जित हुन्थे—ती नै कुराहरूको अभिनय धेरै धेरै गर्थ्यो। उ त्यो आफ्नो मद्-प्रमादद्वारा अर्कालाई पनि मद्-प्रमादगरी शरीरछाडी मृत्युपछि जहाँ 'पहास'[१] भन्ने नरक हो त्यहाँ उत्पन्न हुन्थ्यो। यदि उसको यस्तो दृष्टि हुन्छ – 'जो त्यो नट रङ्गमञ्चमा तथा समूहको बीचमा जनतालाई हँसाउँछ र रमाइलो पार्छ—उ शरीरछाडी मृत्युपछि 'पहास' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ'—यो उसको मिथ्यादृष्टि हुन्छ। गामणि ! मिथ्यादृष्टिक पुरुषपुद्गलको दुइगतिहरूमध्ये कुनै एक गति हुन्छ भनी म भन्दछु—नरकयोनि वा तिरश्चीनयोनि।"

यस्तो भन्नुहुँदा तालपुट नटगामणि आँखाबाट आँसु खसाल्दै रुनथाले।

---

१. यो 'पहास' भन्ने नरक कतै छुट्टै ठाउँमा छैन। यो नरक अवीचिकै एक भागमा नाचिरहेको जस्तो, गाइरहेको जस्तो गरी तथा नटभेष धारण गरी भोग गरिरहेको हुन्छ। सं. नि. अ. क. III. पृ. १००: तालपुटसुत्तवण्णना, गामणिसंयुत्तं।

" 'गामणि ! भैहाल्यो यो कुरा छाडिदेऊ यो कुरा मसँग नसोध' भनी भन्दा पनि म तिमीबाट मुक्तहुन सकिन ।"

"भन्ते ! म यस कुराबाट रोएको होइन जो कि भगवान्ले यस्तो भन्नुभयो । अपि च भन्ते ! अघि अघिका नट आचार्य प्राचार्यहरूको —'जो त्यो नट रङ्गमञ्चमा तथा समूहको बीचमा सत्य र असत्यद्वारा जनतालाई हँसाउँछ र रमाइलो पार्छ—उ शरीरछाडी मृत्युपछि 'पहास' देवताहरूको सहवासमा उत्पन्न हुन्छ' भन्ने कुराबाट म दीर्घकालसम्म छकिएँ, ठगिएँ तथा मोहित भएँ ।"

"धन्यहो, भन्ते ! धन्यहो, भन्ते !! भन्ते जस्तै घोप्टेकोलाई उत्तानो पारिदिँदा वा ढाकिएकोलाई उधारिदिँदा वा बाटो भुलेकोलाई बाटो देखाईदिँदा अथवा अन्धकारमा तेलको बत्ती राखिदिँदा—आँखा हुनेले रूप देखे झैं—भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान्को समक्ष मैले प्रव्रज्या पाऊँ र उपसम्पदा पनि पाऊँ ।"

त्यसपछि तालपुट नटगामणिले भगवान् समक्ष प्रव्रज्या पाए र उपसम्पदा पनि । अनि प्रव्रजित भएको चिरकाल नबित्दै आयुष्मान् तालपुट अरहन्तहरूमध्येमा एक भए ।

---

१८. दशम गृहपति

प रि च य

यी दशम गृहपति अट्ठकनगरबासी हुन्[1]। कुनै कामले एकदिन यिनी पाटलिपुत्रमा गएका थिए। जब यिनी त्यहाँ पुगे तब पाटलिपुत्रको कुक्कुटाराममा[2] गई आनन्द महास्थविरसँग भेट्न गए। किन्तु त्यहाँ आनन्द महास्थविरसँग भेट नभएपछि भिक्षुहरूसँग सोध्दा वहाँ वैशालीको बेलुव गाउँमा हुनुहुन्छ भन्ने खबर सुनेपछि

१. पपं. सू. III. पृ. ८: अट्ठकनागरसुत्तवण्णना; अं. नि. अ. क. II. पृ. ८६६: अट्ठकनागरसुत्तवण्णना, एकादसकनिपात।

२. पपं. सू. III. पृ. ८: र. मनो. र. पू. II. पृ. ८६६: अठ्ठकनागरसुत्तवण्णनाले यो 'कुक्कुटाराम' कुक्कुटसेठले बनाएका हुन् भनी लेखेका छन्। कौशम्बीवासी कुक्कुट सेठले बनाएको आरामलाई पनि 'कुक्कुटाराम' भन्दछन्। अतः जो यो पाटलिपुत्रको 'कुक्कुटाराम' हो त्यो कुनचाहिं कुक्कुट सेठले बनाएका हुन् भन्ने कुरा चाहिं माथि लेखिएका कुराबाट राम्ररी स्पष्ट हुन सकेको छैन।

उनी त्यहाँ गए। त्यहाँ पुगेपछि उनले आनन्द महास्थविरसँग "भगवान्‌ले त्यस्तो कुनै एक धर्म बताउनु भएको छ के जसद्वारा विमुक्त हुन सकियोस् ?" भन्ने प्रश्न सोधे। अनि आनन्द महास्थविरले "छ" भनी भन्नुहुँदै एउटाको बदला एघार एघारवटा धर्मका कुराहरू बताइदिनु भयो। यो सुनेर प्रसन्न भएका दशम गृहपतिले आनन्द महास्थविर सहित भिक्षुहरूलाई भोजन गराई प्रत्येकलाई चीवर दानगरी आनन्द महास्थविरकोनिमित्त यौटा विहार पनि बनाइदिए भनी अगाडि अनुदित मूल सूत्रले उल्लेख गरेको छ।

× × ×

मूल सूत्र—

१–आयुष्मान् आनन्दसँग प्रश्न

यस्तो मैले सुनें[१] ।

एक समय आयुष्मान् आनन्द वैशालीको बेलुव गाउँमा[२] बस्नुभएको थियो ।

त्यस समय अट्ठकनगरवासी दशम[३] गृहपति (दसमो गहपति) केही कामले पाटलिपुत्रमा आइपुगेका थिए । अनि अट्ठकनगरवासी दशम गृहपति जहाँ कुक्कुटाराम हो[४] त्यहाँ एक

१. म. नि. II. पृ. १५: अट्ठकनागरसुत्तं, अ. क. III. पृ. ८; अं. नि–११, पृ. ३८४: अनुस्सतिवग्गो, अ. अ. II. पृ. ८६६.

२. स्याममा: 'वेलुव गाउँ' ।

३. जाति गोत्रको हिसाबले र सारप्राप्त कुलको हिसाबले तथा गिन्तीमा दशौं हुने भएकोले 'दशम' भन्ने नाम रहन गएको हो । पपं. सू. III. पृ. ८: अट्ठकनागरसुत्तवण्णना ।

४. पाटलिपुत्रवासी कुक्कुट सेठले बनाएको एक आराम । पपं. सू. III. पृ. ८.

भिक्षुकहाँ गए । त्यहाँ पुगेपछि ती भिक्षुलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका अट्ठकनगरवासी दशम गृहपतिले ती भिक्षुसँग यस्तो भने –

"भन्ते ! अहिले आयुष्मान् आनन्द कहाँ हुनुहुन्छ ? हामी वहाँको दर्शन गर्न चाहन्छौं ।"

"गृहपति ! अहिले आयुष्मान् आनन्द वैशालीको बेलुव गाउँमा[1] बस्दै हुनुहुन्छ ।"

अनि अट्ठकनगरवासी दशम गृहपति पाटलिपुत्रमा त्यो काम सिध्याई जहाँ वैशालीको बेलुव गाउँ हो जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका अट्ठकनगरवासी दशम गृहपतिले आयुष्मान् आनन्दसँग यस्तो भने –

"भन्ते आनन्द ! जान्नुभएका र देख्नुभएका वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले कुनै एक धर्म बताउनु भएको छ के ? जसमा भिक्षुहरू अप्रमत्तभई, आतप्त युक्तभई विहार गर्दा अविमुक्त चित्त विमुक्त हुन्छ, अपरिक्षीण आस्रवहरू परिक्षीण हुन्छन् र अप्राप्त अनुत्तर योगक्षेम पनि प्राप्तहुन्छ ?"

---

१. यो गाउँ वैशालीबाट दक्षिणतिर केही नजिकमै छ भनी पपं. सू. III. पृ. ८: अट्ठकनागरसुत्तवण्णनाले लेखेको छ ।

"गृहपति ! जान्नुभएका र देख्नुभएका[१] वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म छ – जसमा भिक्षुहरू अप्रमत्त-भई, आतप्त युक्तभई विहार गर्दा अविमुक्त चित्त पनि विमुक्त हुन्छ,

---

१. 'जान्नुभएका र देख्नुभएका' को स्पष्टिकरण निम्नप्रकार छन् –

समत्रिंश पारमीहरू पुरागरी सबै क्लेशहरूलाई निर्मूल-पारी अनुत्तर सम्यक्सम्बोधिज्ञानलाई अभिसम्वोध गर्नुभएका वहाँ भगवान्ले ती ती सत्वहरूका आशय-अनुशयहरू जान्नुहुन्छ । त्यसैले 'जान्नुभएका' भनी भनिएको हो । हातमा राखेको अमलाको गेडालाई देख्ने झैं सबै ज्ञेयधर्महरूलाई देखनसक्ने हुनाले 'देख्नुभएका' भनिएको हो ।

पूर्वेनिवासानुस्मृतिद्वारा जान्ने र दिव्यचक्षुद्वारा देख्ने; तीन विदचा वा छ अभिज्ञाद्वारा जान्ने र सबै ठाउँहरूमा हेर्नसक्ने समन्तचक्षु भएका हुनाले देख्ने; सबै धर्महरूलाई प्रज्ञाद्वारा जान्नसक्ने भएकाले 'जान्नुभएका', सबै सत्वहरूका चक्षुहरूभन्दा उच्च र विशुद्ध तथा मांसचक्षु र दिव्यचक्षुद्वारा सबै कुराहरू हेर्नसक्ने भएकाले 'देख्नुभएका' भनिएको हो ।

आत्महित साधक समाधिपदस्थानद्वारा प्रतिवेधप्रज्ञाले जान्ने हुनाले 'जान्नुभएका' र परहित साधक करुणापदस्थानद्वारा देशना-प्रज्ञाले देखनसक्ने भएका हुनाले 'देख्नुभएका' भनी भनिएको हो । पपं. सू. III. पृ. ८: अट्ठकनागरसुत्तवण्णना ।

अपरिक्षीण आस्रवहरू पनि परिक्षीण हुन्छन् र अप्राप्त अनुत्तर योगक्षेम पनि प्राप्तहुन्छ ।"

"भन्ते आनन्द ! जान्नुभएका र देख्नुभएका वहाँ अरहत् सम्यक्-सम्बुद्धले बताउनुभएको एक धर्म कुनचाहिं हो त ? — जसमा भिक्षुहरू अप्रमत्तभई, आतप्त युक्तभई विहार गर्दा अविमुक्त चित्त पनि विमुक्त हुन्छ, अपरिक्षीण आस्रवहरू पनि परिक्षीण हुन्छन् र अप्राप्त अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ?"

आयुष्मान् आनन्दको उत्तर

(१) "गृहपति ! यहाँ भिक्षु, कामबाट अलगभई, अकुशल धर्मबाट अलगभई, सवितर्क सविचार ध्यानजः (विवेकजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्तगरी बस्छ । अनि उ यस्तो विचार गर्छ — 'यो प्रथमध्यान पनि अभिसंस्कृत हो र अभिसंचेतित हो । जुन चीज अभिसंस्कृत हो र अभिसंचेतित हो — त्यो अनित्य हो र निरोध धर्म हो' भनी जान्दछ । अनि सो त्यसमा बसी[1] आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू

१. यहाँ 'त्यसमा बसी' भनेको जुन अनित्यको सम्झना हो त्यही समथविपश्यना ध्यानमा बसी भनिएको हो । पपं. सू. III. पृ. ८: अट्ठकनागरसुत्तवण्णना ।

क्षय हुन्नन् भने— सोही धर्मरागद्वारा र सोही धर्म इच्छाद्वारा[१]—पाँचै अधोभागीय संयोजनहरू[२] क्षय गरी औपपातिक हुन्छ[३] र त्यहीं परिनिर्वाण हुने हुन्छ तथा त्यसलोकबाट यहाँ नआउने हुन्छ। गृहपति! यो पनि जान्नुभएका र देख्नुभएका वहाँ अरहत् सम्यक्‌सम्बुद्धले बताउनु भएको एक धर्म हो—जसमा भिक्षुहरू अप्रमत्तभई, आतप्त युक्तभई विहार गर्दा अविमुक्त चित्त पनि विमुक्त हुन्छ, अपरिक्षीण आस्रवहरू पनि परिक्षीण हुन्छन् र अप्राप्त अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ।

(२) "गृहपति! फेरि भिक्षु, वितर्कविचारलाई शान्तपारी, अभ्यन्तर सम्प्रसादलाई एकाग्र गरी, वितर्कविचार रहित, समाधिजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्तगरी बस्छ। अनि उ यस्तो विचार

---

१. यहाँ 'धर्मराग र धर्मइच्छा' भन्ने दुइपदहरूद्वारा समथ र विपश्यना माथिको छन्दरागलाई भनिएको हो। समथ र विपश्यनाहरूमा हुने सबैका सबै छन्दरागहरूलाई अन्तगर्न सकेमा अरहत् हुन सक्छ। सकेन भने अनागामी हुन सक्छ। समथ र विपश्यनामा छन्दराग प्रहीण नभएकोले उ चतुर्थध्यान चेतनाद्वारा शुद्धावास ब्रह्मलोकमा उत्पन्न हुन्छ। यस सूत्रमा समथ र विपश्यना धूरका कुराहरू देखाइए ता पनि समथ धूर नै प्रधान हो भनी सम्झनुपर्छ। पपं. सू. III. पृ. ९: अट्ठकनागरसुत्तवण्णना।

२. 'अधोभागीय संयोजनहरू' भनेका के के हुन् भन्ने कुरा बु. प. भा–१, पृ. ३२७ अथवा बु गृ. भा–१, पृ. ३१७ को पादटिप्पणीमा उल्लेख भएका छन्।

३. 'ब्रह्मलोकगामी हुन्छ' भनिएको हो।

गर्छ—'यो द्वितीयध्यान पनि अभिसंस्कृत हो र अभिसंचेतित हो ।...अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ। यदि आस्रवहरू क्षय हुन्नन् भने—.. त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका ...वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा... विहार गर्दा ..[१]अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(३) "गृहपति ! फेरि भिक्षु, प्रीतिलाई पनि त्यागी उपेक्षीभई, स्मृतिवान्, ज्ञानवान्भई—शरीरद्वारा सुखानुभव गर्छ—जसलाई आर्यहरू भन्दछन्—'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने ।' यस्तो तृतीयध्यान प्राप्तगरी बस्छ। अनि उ यस्तो विचार गर्छ—'यो तृतीयध्यान पनि अभिसंस्कृत हो र अभिसंचेतित हो ।.. अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—...त्यसलोकबाट यहाँ नआउने हुन्छ। गृहपति ! यो पनि जान्नुभएका...वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा...विहार गर्दा... अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(४) "गृहपति ! फेरि भिक्षु, सौमनस्य तथा दौर्मनस्यलाई पहिले नै अन्तगरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति-उपेक्षा परिशुद्धभएको चतुर्थध्यान प्राप्तगरी बस्छ। अनि उ यस्तो विचार गर्छ—'यो चतुर्थध्यान पनि अभिसंस्कृत हो र अभिसंचेतित

१. यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू माथि पृ. ३२७ र ३२८ को (१) मा उल्लेख भए बमोजि मिलाएर पढ्नू ।

हो ।...अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—.. त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका...वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो —जसमा...विहार गर्दा...अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(५) "गृहपति ! फेरि भिक्षु, एकदिशामा मैत्रीसहगतचित्त फैलाई बस्छ तथा दुइदिशामा, तीनदिशामा, चारदिशामा मैत्रीसहगत-चित्त फैलाई बस्छ । यसरी माथि, तल, बीच, सबैठाउँ, सबैतिर, सबैप्रकारले, सबै लोकमा मैत्रीसहगतचित्त, मैत्रीसहगत विपुलचित्त, मैत्रीसहगत अप्रमाणचित्त फैलाई अवैर र अद्वेषीभई बस्छ । अनि उ यस्तो विचार गर्छ—'यो मैत्रीचित्तविमुक्ति पनि अभिसंस्कृत हो र अभिसंचेतित हो—जुन चीज अभिसंस्कृत हो र अभिसंचेतित हो – त्यो अनित्य हो र निरोध धर्म हो' भनी जान्दछ । अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने – ...त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका.. वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो – जसमा...विहार गर्दा...अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(६) "गृहपति ! फेरि भिक्षु, एकदिशामा करुणासहगत-चित्त फैलाई...बस्छ । अनि उ यस्तो विचार गर्छ—'यो करुणाचित्त-विमुक्ति पनि अभिसंस्कृत हो र अभिसंचेतित हो ।...अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—...त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका...वहाँ अरहत्

सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा...विहार गर्दा... अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(७) "गृहपति ! फेरि भिक्षु, एकदिशामा मुदितासहगत-चित्त फैलाई.. बस्छ । अनि उ यस्तो विचार गर्छ—'यो मुदिताचित्त-विमुक्ति पनि अभिसंस्कृत हो र अभिसंचेतित हो ।...अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—..त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका ..वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा...विहार गर्दा... अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(८) "गृहपति ! फेरि भिक्षु, एकदिशामा उपेक्षासहगतचित्त फैलाई.. बस्छ । अनि उ यस्तो विचार गर्छ—'यो उपेक्षाचित्तविमुक्ति पनि अभिसंस्कृत हो र अभिसंचेतित हो ।...अनि सो त्यसमा बसी आस्रव-हरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—...त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका...वहाँ अरहत् सम्यक्-सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा...विहार गर्दा ..अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(९) 'गृहपति ! फेरि भिक्षु, सर्वतो रूपसंज्ञाहरूलाई अतिक्रमण गरी, प्रतिघ (=मानसिकद्वेषभाव) संज्ञाहरूको अन्तगरी, नानात्वसंज्ञा-हरूको मनन नगरी—'अनन्त आकाश' भनी आकाशानन्त्यायतन (समाधि) लाई प्राप्तगरी बस्छ । अनि उ यस्तो विचार गर्छ—'यो आकाशानन्त्यायतन (समाधि) पनि अभिसंस्कृत हो र अभिसंचेतित हो —

जुन चीज अभिसंस्कृत हो र अभिसंचेतित हो - त्यो अनित्य हो र निरोध धर्म हो' भनी जान्दछ । अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—...त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका...वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा...विहार गर्दा...अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(१०) "गृहपति ! फेरि भिक्षु, सर्वतो आकाशानन्त्यायतन (समाधि) लाई अतिक्रमण गरी, 'अनन्त विज्ञान' भनी विज्ञानन्त्यायतन (समाधि) लाई प्राप्तगरी बस्छ । अनि उ यस्तो विचार गर्छ – 'यो विज्ञानन्त्यायतन (समाधि) पनि अभिसंस्कृत हो र अभिसंचेतित हो— जुन चीज अभिसंस्कृत हो र अभिसंचेतित हो – त्यो अनित्य हो र निरोध धर्म हो' भनी जान्दछ । अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ । यदि आस्रवहरू क्षय हुन्नन् भने—...त्यसलोकबाट यहाँ नआउने हुन्छ । गृहपति ! यो पनि जान्नुभएका...वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा...विहार गर्दा...अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ ।

(११) "गृहपति ! फेरि भिक्षु, सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतन (समाधि) लाई प्राप्तगरी बस्छ । अनि उ यस्तो विचार गर्छ—'यो आकिचन्यायतन (समाधि) पनि अभिसंस्कृत हो र अभिसंचेतित हो—जुन चीज अभिसंस्कृत हो र अभिसंचेतित हो— त्यो अनित्य हो र निरोध धर्म हो' भनी जान्दछ ।

अनि सो त्यसमा बसी आस्रवहरू क्षय गर्छ। यदि आस्रवहरू क्षय हुन्नन् भने—सोही धर्मरागद्वारा, सोही धर्मइच्छाद्वारा—पाँचै अधोभागीय संयोजनहरू क्षय गरी औपपातिक हुन्छ र त्यहीं परिनिर्वाण हुने हुन्छ तथा त्यस लोकबाट यहाँ नआउने हुन्छ। गृहपति! यो पनि जान्नुभएका र देख्नुभएका वहाँ अरहत् सम्यक्सम्बुद्धले बताउनुभएको एक धर्म हो—जसमा भिक्षुहरू अप्रमत्तभई, आतप्त युक्तभई विहार गर्दा अविमुक्त चित्त पनि विमुक्त हुन्छ, अपरिक्षीण आस्रवहरू पनि परिक्षीण हुन्छन् र अप्राप्त अनुत्तर योगक्षेम पनि प्राप्त हुन्छ।"

दशम गृहपतिको प्रसन्नता

यस्तो भन्नुहुँदा अट्ठकनगरवासी दशम गृहपतिले आयुष्मान् आनन्दलाई यस्तो भने—

"भन्ते आनन्द! जस्तै कुनै निधि खोजने पुरुषले एकै पटक[1] एघारओटा निधीहरू पाउँछ—त्यस्तैगरी भन्ते! मैले यौटा अमृतद्वारको खोजी गर्दा एकै पटक एघारओटा अमृतद्वारहरू भावनाकोनिमित्त पाएँ। भन्ते! जस्तै एघारओटा दैलाहरू भएको एक पुरुषको घर छ। अनि

१. 'एकै पटक' भनेको एकै प्रयोगद्वारा भनिएको हो। कसरी एकै प्रयोगद्वारा एघारओटा निधीहरू पायो भने?—

यहाँ कुनै पुरुष जङ्गलमा निधी खोज्दै हिड्छ। उसलाई देखेर कुनै हितैषीले उसँग कहाँ जाँदैछौ भनी सोध्छ। अनि उ

उसको घरमा आगोलाग्दा एउटै दैलोबाट पनि उ आफूलाई बचाउँन सक्छ—त्यस्तैगरी भन्ते ! यी एघारओटा अमृतद्वारहरूमध्ये एउटै अमृतद्वारबाट पनि आफूलाई मुक्तपार्न सक्नेछु । भन्ते ! यी अन्यतीर्थिय-हरू आचार्यकोनिमित्त आचार्य-धनहरू खोजी गर्छन् भने किन म आयुष्मान् आनन्दको पूजा नगरूँ[१] ?"

'जीवनवृत्ति खोज्दै हिंडिरहेको छु' भनी भन्छ । अनि उसले—त्यसोभए सौम्य ! मसँग लागेर आऊ भनी साथमा लगी—'यो ढुंगा पल्टाऊ' भनी भन्छ । त्यी ढुंगा पल्टाउँदा उसले एघारओटा निधी कुम्भीहरू देख्छ । यसरी एउटै प्रयोगद्वारा एघारओटा निधीहरू भेट्टाएको हुन्छ । त्यस्तैगरी एउटै अमृतद्वारको खोजि गर्दा एकै प्रश्नबाट एघार एघारओटा अमृतद्वारहरू भेट्टाएँ भनी भनिएको हो । पपं. सू. III. पृ. १०: अट्ठकनागरसुत्तवण्णना ।

१. अन्यतीर्थीयहरू आफ्नो आचार्यसँग शिल्पसिकी, शिल्पअध्ययनको अगाडि पछाडि तथा बीच बीचमा आफ्नो घरबाट धन लगी आचार्यलाई दिन्छन् । जसको घरमा धन छैन उनीहरूले ज्ञातिहरू-सँग मागेर भएपनि दिन्छन् । त्यसरी नपाएमा भिक्षा मागेर भएपनि दिन्छन् । यी अनैर्याणिक बाहिरी शास्त्र पढ्नेहरूले त आफ्ना आचार्यलाई धन दिन्छन् भने मैले त यस्तो नैर्याणिक शासनमा अमृत पाउनसक्ने एघारओटा प्रतिपद् देशनागर्ने मेरा आचार्यलाई पूजा नगर्ने त प्रश्न नै उठ्दैन भनी भनिएको हो । पपं. सू. III. पृ. १०: अट्ठकनागरसुत्तवण्णना ।

यति सोचेर अट्ठकनगरवासी दशम गृहपतिले पाटलिपुत्र-वासी र वैशालीवासी भिक्षुसङ्घहरू एकत्रित पारी प्रणीत खादय-भोज्यहरू आफ्नै हातले सन्तर्पित र सम्पवारण गरे। प्रत्येक भिक्षुलाई एक एकजोर कपडा ओढाए। आयुष्मान् आनन्दलाई चाहि त्री-चीवरहरू ओढाए। आयुष्मान् आनन्दकोनिमित्त पाँचशय विहार[१] पनि बनाउन लगाए।

---

१. 'पाँचशय विहार' भनी पाँचशय कार्षापण जाने एक पर्णशाला बनाइदिए भनिएको हो भनी पपं. सू. III. पृ. १०: अट्ठकनागर-सुत्तवण्णनाले उल्लेख गरेको छ।

१६. दारुकम्मिक गृहपति

परिचय

दाउरा बेचेर जीविका गर्ने भएका हुनाले यिनलाई 'दारु-कम्मिक' भनिएको हो भनी मनोरथपूरणीले[१] उल्लेख गरेको छ। यिनले पाँचशय भिक्षुहरूलाई भोजन गराउँदथे र यिनी ठान्दथे कि ती भिक्षुहरू अरहत्मार्गमा लाग्ने हुन्। यस सम्बन्धमा अगाडिको अनुदित मूल सूत्रमा बुद्धले दारुकम्मिक गृहपतिलाई—"तिमी जस्ता गृहस्थीले को अरहत्मार्गमा लागेका हुन् र को होइनन् भनी जान्नु गाह्रो छ" भनी अववाद गर्नुभएको छ। यो पनि भन्नुभएको छ कि—त्यस्तो सोचेर दानदिनुभन्दा 'सङ्घमा दानदिने छु' भनी सङ्घको नाममा दानदिएमा तिम्रोनिमित्त बढी कल्याणकर हुनेछ। व्यक्ति संकेर दानदिंदा केही भएर ती व्यक्तिहरू पथभ्रष्ट भए भने दानदिनेको चित्तमा दुःख वा पश्चात्ताप हुनसक्छ। यही कुरालाई ध्यानमाराखनुभई अगाडिको सूत्रमा

१. II. पृ. ६८७: दारुकम्मिकसुत्तवण्णना, छक्कनिपात।

भगवान्ले दारुकम्मिक गृहपतिलाई—"गृहपति ! सङ्घमा दानदेऊ। सङ्घमा दानदिंदा तिम्रो चित्त प्रसन्न हुनेछ" भनी भन्नुभएको हो।

× × ×

मूल सूत्र—

१–सङ्घमा दानदेऊ

यस्तो मैले सुनें[1] ।

एक समय भगवान् नातिक[2] स्थित गिञ्जकावसथमा बस्नु-भएको थियो ।

अनि दारुकम्मिक (=दाउरे) गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका दारुकम्मिक गृहपतिसँग भगवान्ले यस्तो भन्नुभयो—

"गृहपति ! के तिम्रो कुलमा दानदिइन्छ ?"

"भन्ते ! मेरो कुलमा दानदिइन्छ । त्यो चाँहि जो भिक्षु

---

१. अं. नि–६, पृ. ९९: दारुकम्मिकसुत्तं, महावग्गो, अ. क. II. पृ. ६८७.

२. सिंहल, स्याम र रोमनमा: 'नादिक' ।

अरण्यविहारी हुन्, पिण्डचारी[1] हुन्, पंसुकूलिक[2] हुन्, अरहन्त हुन् अथवा अरहन्तमार्गमा लाग्ने हुन्—भन्ते ! त्यस्ता भिक्षुहरूलाई दान-दिइन्छ ।"

"गृहपति ! तिमी जस्ता कामभोगी, पुत्रदारहरूसँग शयनगरी घरमा बस्ने, काशीको चन्दन सेवन गर्ने, मालागन्धलेपन धारण गर्ने तथा सुनचाँदी प्रयोग गर्ने गृहस्थीले – यी अरहन्तहरू हुन् वा यी अरहन्तमार्गमा प्रतिपन्न हुने हुन् भनी जान्नु गाह्रो छ ।

(१) "गृहपति ! आरण्यिक भिक्षु भने हुन्छ तर उ उद्धत (=चंचल), अहंकारी, चपल, मुखर, असंयतबोली बोल्ने, स्मृतिहीन, प्रज्ञाहीन, असमाहित, विभ्रान्तचित्त हुने तथा असंयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा निन्दनीय हुन्छ । गृहपति ! आरण्यिक भिक्षु पनि हुन्छ तर उ उद्धत हुन्न, अहंकारी हुन्न, चपल हुन्न, मुखर हुन्न, असंयतबोली बोल्ने हुन्न, स्मृतिवान् हुन्छ, प्रज्ञावान् हुन्छ, समाहित हुन्छ, एकाग्रचित्त भएको हुन्छ तथा संयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा प्रशंसनीय हुन्छ ।

---

१. भिक्षाटन्द्वारा मात्र भोजन गर्ने र कसैको निम्तो स्वीकार नगर्ने भिक्षुलाई 'पिण्डचारी' भन्दछन् ।

२. कुनै पनि गृहस्थीहरूले बनाइदिएको चीवर नलगाई केवल यताउता फ्याँकिराखेका अथवा मसानमा फालिराखेका कपडाका टुक्राहरू बटुली त्यसबाट चीवर सिई लगाउने भिक्षुलाई 'पंसुकूलिक' भन्दछन् ।

(२) "गृहपति ! गाउँमा बस्ने भिक्षु भने हुन्छ तर उ उद्धत, अहंकारी...तथा असंयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा निन्दनीय हुन्छ । गृहपति ! गाउँमा बस्ने भिक्षु पनि हुन्छ तर उ उद्धत हुन्न,... तथा संयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा प्रशंसनीय हुन्छ ।

(३) "गृहपति ! पिण्डपातिक (=भिक्षाटन् मात्र गरी जीविका गर्ने) भिक्षु भने हुन्छ तर उ उद्धत,...तथा असंयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा निन्दनीय हुन्छ । गृहपति ! पिण्डपातिक भिक्षु पनि हुन्छ तर उ उद्धत हुन्न,...तथा संयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा प्रशंसनीय हुन्छ ।

(४) "गृहपति ! निमन्त्रणा ग्रहण गर्ने भिक्षु भने हुन्छ तर उ उद्धत,...तथा असंयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा निन्दनीय हुन्छ । गृहपति ! निमन्त्रणा ग्रहण गर्ने भिक्षु पनि हुन्छ तर उ उद्धत हुन्न, ...तथा संयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा प्रशंसनीय हुन्छ ।

(५) "गृहपति ! पंसुकूलिक भिक्षु भने हुन्छ तर उ उद्धत,... तथा असंयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा निन्दनीय हुन्छ । गृहपति ! पंसुकूलिक भिक्षु पनि हुन्छ तर उ उद्धत हुन्न,...तथा संयमी हुन्छ । यसरी उ यी कारणहरूद्वारा प्रशंसनीय हुन्छ ।

(६) "गृहपति ! गृहपति-चीवरधारी भिक्षु भने हुन्छ तर उ उद्धत, अहंकारी, चपल, मुखर, असंयतबोली बोल्ने, स्मृतिहीन, प्रज्ञाहीन, असमाहित, विभ्रान्तचित्त हुने तथा असंयमी हुन्छ । यसरी उ यी कारण-

हरूद्वारा निन्दनीय हुन्छ। गृहपति! गृहपति-चीवरधारी भिक्षु पनि हुन्छ तर उ उद्धत हुन्न, अहंकारी हुन्न, चपल हुन्न, मुखर हुन्न, असंयतबोली बोल्ने हुन्न, स्मृतिमान् हुन्छ, प्रज्ञावान् हुन्छ, समाहित हुन्छ, एकाग्रचित्त भएको हुन्छ तथा संयमी हुन्छ। यसरी उ यी कारणहरूद्वारा प्रशंसनीय हुन्छ।

"गृहपति! सङ्घमा दानदेऊ। सङ्घमा दानदिंदा तिम्रो चित्त प्रसन्न हुनेछ। अनि प्रसन्नचित्त हुने तिमी शरीरछाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुनेछौ।"

"भन्ते! अब म आजदेखि सङ्घमा दानदिनेछु[1]।"

---

१. यति भनेर दारुकम्मिक गृहपति आसनबाट उठी फर्केर गए। अनि केही समयपछि उनको घरमा भिक्षा ग्रहण गर्ने पाँचशय कुलूपग भिक्षुहरू चीवरछाडी गृहस्थी भएर गए। अनि "तिम्रा पाँचशय कुलूपग भिक्षुहरूले चीवर छाडेर गए" भनी उनलाई सुनाउँदा उनले – "यसमा मेरो के बिग्रिन्छ र!" भनी आफ्नो चित्तलाई कत्तिपनि खिन्न हुन दिएनन् र अप्रसन्नता पनि प्रकट गरेनन्। यसै कारणलाई देख्नुभई भगवान्ले उनलाई "सङ्घमा दानदिंदा तिम्रो चित्त प्रसन्न हुनेछ" भनी सङ्घमा दानदिन प्रोत्साहित पार्नुभएको हो भनी मनो. र. पू. II पृ. ६८७: दारुकम्मिकसुत्तवण्णना, छक्क-निपातवण्णना, छक्कवग्गले उल्लेख गरेको हो।

२०. दीघजाणु कोलियपुत्र

परिचय

दीघजाणु कोलियपुत्र (=दीर्घजानु कोलीयपुत्र), कोलिय जनपदका कक्करपत्त निगमवासी हुन् । एक समय जब भगवान् त्यस निगममा बसिरहनु भएको थियो तब दीघजाणु कोलियपुत्र भगवान्कहाँ गई वहाँसँग उनले गृहस्थीहरूको इहलौकिक र पारलौकिक हित र सुख हुने सम्बन्धमा उपदेश गर्नकोनिमित्त प्रार्थना गरेका थिए । अनि भगवान्ले उनलाई चारसम्पदाको सम्बन्धमा उपदेश गर्नुभयो । जुन कुराको अनुवाद यहाँ अगाडि गरिदिएको छु । अरू कुरा त्यसैबाट प्रष्ट हुने छ ।

× × ×

मूल सूत्र—

१–गृही सुख हुने उपदेश गर्नुहोस्

एक समय भगवान् कोलिय (जनपद) को कक्करपत्त[1] भन्ने कोलियहरूको निगममा बसिरहनु भएको थियो[2]।

अनि दीघजाणु (=दीर्घजानु=लामोखुट्टा) कोलियपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका दीघजाणु कोलियपुत्रले भगवान्सँग यस्तो विन्तिगरे—

"भन्ते! हामी गृही कामभोगी ह्वौं जो केटाकेटीहरूको झंझटमा

---

१. कोलिय जनपदको यो 'कक्करपत्त' भन्ने निगम हाल लुम्बिनी अञ्चलको लुम्बिनीको नजिक भारतीय सिमानाको 'ककरहवा' हुनसक्छ भन्ने विचार भरतसिंह उपाध्यायले आफ्नो बु. भा. भू. पृ. ३११ मा उल्लेख गरेका छन्।

२. अं. नि–८, पृ. ३७५: दीघजाणुसुत्तं, गोतमीवग्गो, अ. क. II. पृ. ७७८.

परी घरबारमा सुतेर बस्छौं र हामी काशीको चन्दन लगाउँछौं, माला-गन्धविलेपन धारण गर्छौं तथा सुनचाँदी सेवन गर्छौं । भन्ते ! भगवान्‌ले हामीलाई त्यस्तो धर्मोपदेश गर्नुहोस् जो हामीहरूकोनिमित्त यसै जीवनमा हित र यसै जीवनमा सुख तथा पारलौकिक हित र पारलौकिक सुख हुन सकोस् ।"

चारसम्पदा

इहलौकिकसुख—"ब्यग्घपज्ज[1] ! (= व्यघ्रपथ्य) चार-कारणले कुलपुत्रको यसै जीवनमा हित र यसै जीवनमा सुख हुन्छ । कुन चार भने ?—(१) उट्ठानसम्पदाद्वारा, (२) आरक्षासम्पदा-द्वारा, (३) कल्याणमित्रताद्वारा र (४) समानजीविकाद्वारा ।

(१) "ब्यग्घपज्ज ! उट्ठानसम्पदा भनेको कस्तो हो ? ब्यग्घ-पज्ज ! यहाँ कुलपुत्र जुन कामद्वारा जीविका गर्छ– चाहे त्यो कृषी-कर्म होस्, ब्यापार होस्, गौपालन होस्, धनुषविदया होस्, नोकरी होस्

---

१. 'ब्यग्घपज्ज' (= व्यघ्रपथ्य) भनिएको कोलियहरूको परम्परागत खान्दानी नाम हो । कोलियका पूर्वजहरू ब्यघ्रपथमा जन्मेका थिए । त्यसैले उनीहरूलाई 'ब्यग्घपज्ज' भनिएको हो भनी मनो. र. पू. II. पृ. ७७८: दीघजाणुसुत्तवण्णनाले उल्लेख गरेको छ ।

अथवा कुनै शिल्पविद्या होस्—त्यहाँ (त्यस काममा) चलाक हुन्छ, निरालसी हुन्छ, उपायकौशल्यताले युक्त विचार पुऱ्याई कामगर्ने र कामकाज गर्नमा र कामकाज संविधान गर्नमा सक्षम हुन्छ। ब्यग्घपज्ज! यसैलाई 'उट्ठानसम्पदा' भन्दछन्।

(२) "ब्यग्घपज्ज! आरक्षासम्पदा भनेको कस्तो हो? ब्यग्घपज्ज! यहाँ कुलपुत्रका भोगसम्पत्तिहरू हुन्छन् जो उट्ठानबल-वीर्यद्वारा, बाहुबलद्वारा, पसिना बगाई धर्मपूर्वक कमाएका। ती भोगसम्पत्तिहरू गुप्तरूपले रक्षा गरेको हुन्छ—'यी भोगसम्पत्तिहरू राजाले हरण गर्न नसकुन्, चोरले चोर्न नसकोस्, आगोले भस्म पार्न नसकोस्, पानीले बगाउन नसकोस् र अवांछनीय पुरुषको हातमा नपरोस्' भनी गुप्तरूपले आरक्षा गरेको हुन्छ। ब्यग्घपज्ज! यसैलाई 'आरक्षासम्पदा' भन्दछन्।

(३) "ब्यग्घपज्ज! कल्याणमित्रता भनेको कस्तो हो? ब्यग्घपज्ज! जुन गाउँ वा निगममा कुलपुत्र बस्दछ त्यस ठाउँमा जो गृहपति वा गृहपतिपुत्र तरुण वा वृद्ध, वृद्ध वा वृद्धस्वभावका, श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न र प्रज्ञासम्पन्न हुन्छन् तिनीहरूसँग बस्छ कुरा गर्छ छलफल गर्छ र सत्संगत गर्छ। जसरी उनीहरू श्रद्धासम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू शीलसम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू त्यागसम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू प्रज्ञासम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ र उनीहरू-

सँग बस्छ, कुरा गर्छ, छलफल गर्छ र सत्संगत गर्छ । ब्यग्घपज्ज ! यसैलाई 'कल्याणमित्रता' भन्दछन् ।

(४) "ब्यग्घपज्ज ! समजीविका भनेको कस्तो हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि बुझी भोगसम्पत्तिको ब्ययलाई पनि बुझी समानरूपले जीविका गर्छ—न अति धेरै न अति थोरै (खर्च गर्छ)—'यसरी मेरो आय, ब्ययभन्दा बढी हुनेछ न कि आयभन्दा ब्यय बढी हुनेछ' (भनी खर्च गर्छ) । ब्यग्घपज्ज ! जस्तै कुनै तुलाधर वा तुलाधर अन्तेबासिकले तुला समात्दा जान्दछ कि—'यतिले यो कम छ वा यतिले यो बढी छ ।' ब्यग्घपज्ज ! त्यस्तैगरी यहाँ कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि जानी भोगसम्पत्तिको ब्ययलाई पनि जानी समानरूपले जीविका गर्छ—'यसरी मेरो आय, ब्ययभन्दा बढी हुनेछ न कि आयभन्दा ब्यय बढी हुनेछ' (भनी खर्च गर्छ) । ब्यग्घपज्ज ! यदि यो कुलपुत्रले कम आय भएर धेरै खर्चगरी जीविका गर्छ भने—उसलाई यस्तो भन्ने हुन्छन्—'यो कुलपुत्रले उदुम्बर (=डुम्री) खाए झैं भोगसम्पत्ति खाँदै छ ।' ब्यग्घपज्ज ! यदि यो कुलपुत्रले धेरै आय भएर पनि कष्टपूर्वक जीविका गर्छ भने—उसलाई यस्तो भन्ने हुन्छन्—'यो कुलपुत्र बुढोहुन नपाउँदै मर्नेछ ।' ब्यग्घपज्ज ! जब कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि बुझी भोगसम्पत्तिको ब्ययलाई पनि बुझी—न अति धेरै न अति थोरै (खर्च गर्छ)—'यसरी मेरो आय, ब्ययभन्दा बढी हुनेछ न कि आयभन्दा ब्यय बढी हुनेछ' (भनी खर्च गर्छ) । ब्यग्घपज्ज ! यसैलाई 'समजीविका' भन्दछन् ।

विनाशका चार कारणहरू

"ब्यग्घपज्ज ! यसरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका विनाशका कारणहरू (अपाय मुखानि) चारवटा हुन्छन्—(१) स्त्रीधूर्त, (२) सुराधूर्त, (३) अक्षधूर्त (= जुवाडी) र (४) पापमित्र (= खराब साथी) पापसहाय पापविश्वासी। ब्यग्घपज्ज ! जस्तै कुनै ठूलो तलाउका चारवटा आयमुखहरू (= पानी आउने मुहानहरू) र चारवटा अपायमुखहरू (= पानी जाने मुखहरू) हुन्छन्। अनि सो पुरुषले जो ती पानी आउने मुहानहरू हुन् तिनीहरू बन्दगर्छ र जो ती पानीजाने मुखहरू हुन् तिनीहरू खोलिदिन्छ र मुसलधारा पानी पनि पर्दैन। ब्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी सुकेर नै जाने सम्भावना हुन्छ बढेर आउने सम्भावना हुन्न। ब्यग्घपज्ज ! यस्तैगरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा विनाशका कारणहरू हुन्छन् —स्त्रीधूर्त, सुराधूर्त, अक्षधूर्त र पापमित्र पापसहाय पावविश्वासी।

"ब्यग्घपज्ज ! यसरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा आयमुखहरू (= अभिवृद्धिका कारणहरू) हुन्छन्—(१) स्त्रीधूर्त हुन्न, (२) सुराधूर्त हुन्न, (३) अक्षधूर्त हुन्न र (४) कल्याणमित्र कल्याणसहाय कल्याणविश्वासी हुन्छ। ब्यग्घपज्ज ! जस्तै कुनै ठूलो तलाउका चारवटा आयमुखहरू (= पानी आउने मुहानहरू) र चारवटा अपायमुखहरू (= पानी जाने मुखहरू) हुन्छन्। अनि सो पुरुषले जो ती पानी आउने मुहानहरू हुन् तिनीहरू खोलिदिन्छ र जो ती पानीजाने

मुखहरू हुन् तिनीहरू बन्दगर्छ र मुसलधारा पानी पनि पर्दछ। ब्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी बढेर आउने नै सम्भावना हुन्छ र घटेरजाने सम्भावना हुन्न। ब्यग्घपज्ज ! यस्तैगरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा आयमुखहरू हुन्छन्—स्त्रीधूर्त हुन्न, सुराधूर्त हुन्न, अक्षधूर्त हुन्न र कल्याणमित्र कल्याणसहाय कल्याणविश्वासी हुन्छ। ब्यग्घपज्ज ! यी चार कारणले गर्दा यसै जीवनमा कुलपुत्रको हित र सुख हुन्छ।

पारलौकिकसुख— "ब्यग्घपज्ज ! चार कारणले गर्दा कुलपुत्रको पारलौकिक हित र पारलौकिक सुख हुन्छ। कुन चार भने ?— (१) श्रद्धासम्पदा, (२) शीलसम्पदा, (३) त्यागसम्पदा र (४) प्रज्ञासम्पदा।

(१) "ब्यग्घपज्ज ! श्रद्धासम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र श्रद्धावान् हुन्छ, तथागतको बोधिमा यसरी श्रद्धा राख्छ—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरणसम्पन्न हुनुहुन्छ, सुगत (=असल ठाउँमा पुग्नुभएको) हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ।' ब्यग्घपज्ज ! यसैलाई 'श्रद्धासम्पदा' भन्दछन्।

(२) "ब्यग्घपज्ज ! शीलसम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र (१) प्राणीघातबाट अलग रहन्छ, (२) अदिन्नादानबाट (=चोरीबाट) अलग रहन्छ, (३) काममिथ्याचारबाट अलग

रहन्छ, (४) मृषावादबाट अलग रहन्छ र (५) सुरामेरयमदय प्रमाद-स्थानबाट अलग रहन्छ। ब्यग्घपज्ज! यसैलाई 'शीलसम्पदा' भन्दछन्।

(३) "ब्यग्घपज्ज! त्यागसम्पदा भनेको कस्तो हो त? ब्यग्घ-पज्ज! यहाँ कुलपुत्र निर्लोभी भएर, त्यागी भएर, शुद्धहातले दानकार्यमा अग्रसर भएर, याचकपात्र भएर तथा दानसंविभाजनमा रत भएर घरमा बस्छ। ब्यग्घपज्ज! यसैलाई 'त्यागसम्पदा' भन्दछन्।

(४) "ब्यग्घपज्ज! प्रज्ञासम्पदा भनेको कस्तो हो त? ब्यग्घ-पज्ज! यहाँ कुलपुत्र प्रज्ञावान् हुन्छ, उदयास्तगामिनी प्रज्ञाले सुसम्पन्न हुन्छ तथा आर्यनिर्वेधिक सम्यक् दुःखक्षयगामिनो प्रज्ञाले सम्पन्न हुन्छ। ब्यग्घपज्ज! यसैलाई 'प्रज्ञासम्पदा' भन्दछन्। ब्यग्घपज्ज! यी चार कारणले कुलपुत्रको पारलौकिक हित र पारलौकिक सुख हुन्छ।

(यति भन्नुभएपछि पुनः निम्नगाथाहरू भन्नुभयो)

१. "उट्ठाता कम्मधेय्येसु, अप्पमत्तो विधानवा।
समं कप्पेति जीविकं[१], सम्भतं अनुरक्खति॥

२. "सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो।
निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं॥

---

१. स्याममा: 'जीवितं'।

३. "इच्चेते अट्ठ धम्मा च, सद्धस्स घरमेसिनो।
अक्खाता सच्चनामेन, उभयत्थ सुखावहा ।।

४. "दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च।
एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती'ति ।।"

अर्थ—

१–"कामकाजमा वीर्यवान् हुने, अप्रमादी, व्यवधानसम्पन्न गर्ने, समानरूपले जीविका गर्ने र प्राप्त धनको रक्षा गर्ने;

२–"श्रद्धावान्, शीलसम्पन्न, भनेको कुरा बुझ्ने, मात्सर्य रहित र हरबखत मार्ग शोधनगरी पारलौकिक-हितकोनिमित्त काम गर्ने;

३–"यसरी श्रद्धापूर्वक घरमा बस्ने गृहस्थीलाई सत्यको नामबा भनिएका यी आठ गुणधर्महरूद्वारा उभयार्थ सुखावह हुन्छ।

४–"यसरी गृहस्थीकोनिमित्त त्यागले पुण्य बढ्छ र इहलोकको-निमित्त हित र परलोककोनिमित्त सुख पनि हुन्छ।"

२१. दीघावु उपासक

परिचय

यी दीघावु (=दीर्घायु) उपासक राजगृहवासी जोतिक गृहपतिका पुत्र हुन् । यी उपासक अनागामी थिए ।

एकदिन यिनी बिरामी भएको वेलामा यिनले आफ्ना पिता जोतिकलाई पठाई भगवान्‌लाई बोलाउन पठाएका थिए । अनि दीघावु उपासकको घरमा आउनुभएका बुद्ध भगवान्‌ले उनलाई चारवटा स्रोतापत्ति-अङ्गका कुराहरू र छवटा विद्यालाभी धर्महरूको उपदेश दिनुभयो । भगवान् फर्केर जानुभएपछि दीघावु उपासक मृत्युभई जुन लोकमा उत्पन्न हुँदा पुनः यहाँ फर्केर आउन नपर्ने हो सो ब्रह्मलोकमा उत्पन्न भए । यसबाट उनी अनागामी फलमा पुगेको कुरा प्रष्ट देखिन्छ । अरू कुराहरू अगाडि अनुदित मूल सूत्रबाटै प्रष्ट भएका छन् ।

× × ×

केही दीघावु नामहरू

(१) दीघावु (कुमार)—यी दीघावु कुमार कोशल देशका दीघिति भन्ने राजाका छोरा हुन् । काशीका राजा ब्रह्मदत्तले यिनका आमाबाबुहरूलाई मारेका मात्र होइनन् सर्वस्व पनि लिएका थिए । पछि यी राजकुमार काशीराजा ब्रह्मदत्तकै अति विश्वासी सेवक बन्नपुगे । एकदिन काशीराजासँग आफ्ना आमाबाबुहरू मारेको बदलालिने राम्रो मौका पाएर पनि यिनले आफ्ना बाबुले आखिर अवस्थामा "पुत्र ! तिमीले टाढा पनि नहेर नगिच पनि नहेर । वैरले वैरभाव शान्तहुन सक्दैन बरु अवैर-भावले मात्र वैरभाव शान्तहुन सक्छ" भनी दिएको अतिबुद्धि-लाई अनुस्मरणगरी मारेनन् । यो जातकका कुरा भगवान् बुद्धले कौशम्बीमा विवाद भएका भिक्षुहरूलाई सम्झाउने शिलशिलामा बताउनु भएको हो । महा. व. पा. पृ. ३७३: दीघावुवत्थु, कोसम्बकक्खन्धकं र जा. अ. क. III. पृ. १४७: दीघितिकोसल-जातकं, नं. ३७१.

(२) दीघावु (बालक)—दीघलम्बकवासी दुइ व्यक्तिहरू प्रव्रजित भई अठचालीस वर्षसम्म बसिसकेपछि तीमध्ये एकजना—'कुलपरम्परा नाश हुनेछ' भन्ने सोचेर पुनः घर-गृहस्थी गरी बस्यो । अनि त्यसको एक पुत्र जन्म्यो । जसको नाम 'दीघावु' अथवा 'दीर्घायु' थियो । यस सम्बन्धी विस्तृत कुराहरू धम्म.प.अ.

क. पृ. ३२८: दीघावुकुमारस्सवत्थु, सहस्सवर्गमा उल्लेख भएका पाइन्छन् ।

(३) दीघावु (कुमार)—यिनी अरिन्दक भन्ने राजाका पुत्र हुन् । हेर, जा. अ. क. VI. पृ. १२४, १२७: सोणकजातकं, नं. ५२९, यी दीघावुकुमार राहुल र अरिन्दक राजा स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(४) दीघावु (कुमार)— यी दीघावु कुमार महाजनक राजाकी शीवली भन्ने महिषीका पुत्र हुन् । यी दीघावु कुमार राहुल थिए, शीवली महारानी राहुलमाता थिइन् र महाजनक राजा स्वयं बुद्ध हुनुहुन्थ्यो । जा. अ. क. VII. पृ. ३६ र ५७: महाजनकजातकं, नं. ५३९.

(५) दीघावु (उपासक)—यिनी राजगृहवासी जोतिक भन्ने गृहपतिका छोरा हुन् । यिनी अनागामी थिए । यिनकै कुरा यहाँ उल्लेख भएको छ ।

(६) दीघावु (उपासकसुत्तं)—यो सूत्र संयुत्तनिकायको सोतापत्तिसंयुत्तमा छ ! यस सूत्रमा दीघावु उपासक बिरामी हुँदा उनले बुद्धलाई बोलाउन पठाएका कुराहरू छन् । सं. नि. IV. पृ. २९२: सोतापत्तिसंयुत्तं ।

× × ×.

मूल सूत्र—

१-बिरामी दीघावु उपासक

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बस्नुभएको थियो[१]।

त्यस समय दीघावु (=दीर्घायु) उपासक बिरामी थिए—दुःखीभई अति असक्त थिए। अनि दीघावु उपासकले पिता जोतिक गृहपतिलाई आमन्त्रण गरे—

"हे गृहपति! तपाइ यता आउनुहोस्। तपाइ जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जानुहोस्। त्यहाँ गएर मेरो वचनले भगवान्को चरण-कमलमा शीरले ढोगी यस्तो भन्नुहोस्—'भन्ते! दीघावु उपासक बिरामी छ—दुःखीभई अति असक्त छ। उ भगवान्को चरणकमलमा शीरले ढोग्दछ।' यस्तो पनि भन्नुहोस्—'भन्ते! अनुकम्पापूर्वक भगवान्

१. सं. नि. IV. पृ. २९२: दीघावुउपासकसुत्तं, सोतापत्तिसंयुत्तं, अ. क. III. पृ. २१५.

जहाँ दीघावु उपासकको निवासस्थान हो त्यहाँ जानुभए बेश हुने थियो' ।"

"तात ! हुन्छ" भनी दीघावु उपासकलाई प्रत्युत्तरदिई जोतिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका जोतिक गृहपतिले भगवान्‌लाई यस्तो भने—

"भन्ते ! दीघावु उपासक बिरामी छन्—दुःखीभई अति असक्त छन् । उनी भगवान्‌को चरणकमलमा शीरले ढोग्दछन् । यस्तो पनि भन्दछन्—'भन्ते ! अनुकम्पापूर्वक भगवान् जहाँ दीघावु उपासकको निवासस्थान हो त्यहाँ जानुभए बेशहुने थियो' ।"

तूष्णीभावद्वारा भगवान्‌ले स्वीकार गर्नुभयो ।

अनि भगवान् चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ दीघावु उपासकको निवासस्थान हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छयाइ राखेको आसनमा बस्नुभयो । बस्नुभएका भगवान्‌ले दीघावु उपासकलाई यस्तो भन्नुभयो—

"दीघावु ! तिमीलाई क्षमनीय र यापनीय छ ? दुःखवेदना घटेको छ कि बढेको छ ? घटेर अन्तभएको देखिन्छ कि बढेको देखिन्छ त ?"

"भन्ते ! मलाई क्षमनीय र यापनीय छैन । धेरै दुःखवेदना बढेको देखिन्छ, घटेको देखिन्न । बढेको नै देखिन्छ घटेको देखिन्न ।"

"दीघावु ! त्यसोभए तिमीले यस्तो सिक्नुपर्छ—'वहाँ भगवान् अरहत् , सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर पुरुषदम्यसारथी, देवमनुष्यहरूका शास्ता, बुद्ध तथा भगवान् हुनुहुन्छ' भनी बुद्ध प्रति विशिष्ट प्रसन्नताले (अवेच्चप्पसादेन) सम्पन्न हुनेछु। 'भगवान्को धर्म सु-आख्यात छ, सांदृष्टिक छ, अकालिक छ, 'आऊ हेर' भन्न योग्य छ, निर्वाण नजिक पुऱ्याउने छ तथा विज्ञहरूले प्रत्यक्ष अनुभव गर्नसक्ने छ' भनी धर्म प्रति विशिष्ट प्रसन्नताले सम्पन्न हुनेछु। 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ, भगवान्को श्रावकसङ्घ ऋजुप्रतिपन्न छ, भगवान्को श्रावकसङ्घ न्याय प्रतिपन्न छ, भगवान्को श्रावकसङ्घ सामीचि प्रतिपन्न छ। जो चार जोर वा आठ पुरुष पुद्गल छन्। यी नै भगवान्का श्रावकसङ्घ हुन् जो आह्वान गर्न योग्य छन्, पाहुना गर्न योग्य छन्, दक्षिणादिन योग्य छन्, दुइहात जोर्न योग्य छन् र लोकवासीहरूको अनुपम पुण्यक्षेत्र छन्' भनी सङ्घ प्रति विशिष्ट प्रसन्नताले सम्पन्न हुनेछु। 'अखण्ड, अछिद्र, निर्दागी, क्रमसहित, स्वातन्त्र्य, विज्ञप्रशंसित, दृष्टिद्वारा अपरामर्शित तथा समाधिसंवर्तनिक आर्यकान्त शीलले सम्पन्न हुनेछु।' दीघावु ! यसरी तिमीले सिक्नुपर्छ।"

"भन्ते ! जो यी चारवटा स्रोतापत्ति अङ्गहरूका बारेमा भगवान्ले देशना गर्नुभयो - ती धर्महरू ममा विद्यमान छन् र ती धर्महरू म देख्दछु। भन्ते ! 'वहाँ भगवान् अरहत् ,.. तथा भगवान् हुनुहुन्छ' भनी म बुद्ध प्रति विशिष्ट प्रसन्नताले (अवेच्चप्पसादेन) सम्पन्न छु। 'भगवान्को धर्म सु-आख्यात छ,...तथा विज्ञहरूले प्रत्यक्ष अनुभव गर्नसक्ने छ' भनी म धर्म प्रति विशिष्ट प्रसन्नताले सम्पन्न छु।

'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्न छ, ..अनुपम पुण्यक्षेत्र छन्' भनी म सङ्घ प्रति विशिष्ट प्रसन्नताले सम्पन्न छु। म अखण्ड, अछिद्र,... आर्यकान्त शीलले सम्पन्न छु।"

"दीघावु! यदि त्यसो हो भने यी चारवटा स्रोतापत्ति अङ्ग-हरूमा प्रतिष्ठित भई तिमीले छवटा विद्यालाभी धर्महरूको उत्तरोत्तर भाविता गर। दीघावु! यहाँ सबै संस्कारहरूमा अनित्यसंज्ञीभई विहार गर, अनित्यमा दुःखसंज्ञीभई विहार गर, दुःखमा अनात्मसंज्ञीभई, प्रहाण-संज्ञीभई, विरागसंज्ञीभई तथा निरोधसंज्ञीभई विहार गर। दीघावु! यसरी तिमीले सिक्नुपर्छ।"

"भन्ते! जुन छवटा विद्यालाभी धर्महरू भगवान्‌ले देशना गर्नुभयो—ती धर्महरू ममा विद्यमान् छन् र ती धर्महरू म देख्दछु। भन्ते! म सबै संस्कारहरूमा अनित्यानुपश्यीभई विहार गर्छु, अनित्यमा दुःखसंज्ञीभई विहार गर्छु, दुःखमा अनात्मसंज्ञीभई, प्रहाणसंज्ञीभई, विरागसंज्ञीभई तथा निरोधसंज्ञीभई विहार गर्छु। भन्ते! बरु मलाई यस्तो लाग्छ कि—मेरो मृत्युपछि यी जोतिक गृहपति दुःखमा नपरुन्।"

"तात दीघावु! तिमीले यस्तो मनमा राख्नु पर्दैन। तात दीघावु! जुन कुरा भगवान्‌ले तिमीलाई भन्नुभयो उही कुरा तिमीले मनमा राख।"

अनि दीघावु उपासकलाई यी कुराहरूद्वारा अववाद (=अर्ति बुद्धि) गर्नुभई भगवान् आसनबाट उठी फर्केर जानुभयो। अनि भगवान्

जानुभएको केहीछिनपछि दीघावु उपासकको मृत्युभयो । अनि केही भिक्षुहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्सँग यस्तो भने—"भन्ते ! दीघावु भन्ने उपासकलाई भगवान्ले जुन संक्षेपरूपले अववाद गर्नुभयो—उनको मृत्युभयो । उनको के गति र के अभिसम्पराय होला ?"

"भिक्षुहो ! दीघावु उपासक पण्डित थिए, धर्मानुधर्म प्रतिपन्न थिए र धर्मको कारणमा मलाई कष्ट दिएनन् । भिक्षुहो ! दीघावु उपासक पाँचै अधोभागीय संयोजनहरू[1] परिक्षीण गरी औपपातिकभई[2], उहीं परिनिर्वाण हुने[3] तथा त्यसलोकबाट पुनः यहाँ नफर्कने भएका छन् ।"

---

१. कस्तालाई अधोभागीय संयोजनहरू भन्दछन् भन्ने बारेमा बु. गृ. भा–१, पृ. २७० र बु. प. भा–१, पृ. ३२७ को पादटिप्पणीमा हेर्नू ।

२. कस्तालाई 'औपपातिक' भनिएको हो भन्ने बारेमा बु. गृ. भा–१, पृ. २७० र बु. प. भा–१, पृ. ३२७ मा हेर्नू ।

३. 'उहीं परिनिर्वाण हुने' भनेको कस्तो हो भन्ने बारेमा पनि बु. गृ. भा–१, पृ. २७०, २७४ र बु. प. भा–१, पृ. ३२७ मा हेर्नू ।

२२. धनिय गोप

परिचय

कश्यप भगवान्को शासन प्रदिप्त भइरहेको वेलामा यी धनिय गोपले बीसहजार वर्षसम्म दिनदिनै बीसजना भिक्षुसङ्घलाई सलाक-भोजन दानदिएका थिए। अनि त्यहाँबाट च्युतभई देवलोकमा उत्पन्नभई देवलोकमै एक बुद्धको समयसम्म बसे। हालका बुद्धको समयमा—बिदेह देशको बीच भागमा रहेको पर्वतराष्ट्र (पब्बतरट्ठं) को धर्मकोण्ड (धम्मकोण्डो) भन्ने नगरमा एक सेठको कुलमा जन्मी गाईहरूको बथानको मालिक भई जीविका गर्नथाले। उनका तीसहजार जति गाईहरू थिए। तीमध्ये सत्ताइसहजार जति गाईहरूको दूध दुहिन्थ्यो।

गाई पाल्नेहरू सँधै एकै ठाउँमा बस्दैनन्। वर्षको चारमहीना-सम्म एक थलोमा बस्छन् र बाँकी आठमहीना जहाँ जहाँ घाँस र पानीको सुविधा हुन्छ त्यहाँ बस्छन्। चाहे त्यो नदीको तीरमा होस् चाहे तलाउको किनारमा होस्। यी धनिय पनि एक वर्षाद्को समयमा

आफू बसेको ठाउँबाट निस्की— महामही नदी दुइभाग भई एउटाको नाम 'कालमही' र अर्कोको नाम 'महामही' भई बघेरगई अन्तमा फेरि यी दुवै नदीहरू एकै ठाउँमा मिली समुद्रमा पुग्दथे । यी दुइवटा नदीहरूको बीचमा परेको भूमिभाग 'अन्तरद्वीप' बनेको थियो—त्यस ठाउँमा गई गाईहरूकोनिमित्त गोठहरू र आफू बस्नकोनिमित्त घरहरू बनाई त्यहाँ बसे । उनका सातवटा छोराहरू, सातवटी छोरीहरू, सातवटी बुहारीहरू र अनेक कामदारहरू थिए ।

गाई पाल्नेहरू पानीपर्ने अवस्थालाई जान्नसक्छन् । जब चराहरू आफ्ना गुँडहरू रुखका टुप्पामा बनाउन थाल्छन्, जब गँगटाहरू पानी नगिचका द्वारहरू बन्दगरी थलसमीपका द्वारहरूबाट हिड्न थाल्छन्—तब राम्ररी पानी पर्छ भनी जान्दछन् । जब चराहरू आफ्ना गुँडहरू तल्लो भागमा अर्थात् पानीनजिक (उदकविट्ठे) बनाउन थाल्छन्, जब गँगटाहरू थल नगिचका द्वारहरू थुनी पानी नगिचका द्वारहरूबाट हिड्न-थाल्छन् तब पानी पर्दैन भनी जान्दछन् ।

एकदिन यी धनियले पानीपर्ने लक्षणहरूलाई ध्यानमाराखी बर्षाद् समय नगिच आइपुगेपछि यिनी अन्तरद्वीपबाट उठेर गई महामही नदीको पारी तीरमा गई—सातहप्तासम्म पानीपरे पनि बाढी आउन नसक्ने ठाउँ हेरेर त्यहाँ घरहरू बनाई चारैतिर घेरालगाई गोठहरू बनाई बसे । अनि दाउरा र घाँसहरूको व्यवस्था मिलाइसकेपछि, सबै पुत्रदारहरू र कामदार पुरुषहरू एक ठाउँमा बसिसकेपछि अनेक प्रकारका खाद्य-भोज्यहरूको बन्दोबस्त पनि समपमै गरे । अनि चारैदिशाबाट

बादल उठी आकाश ढाक्यो । त्यसपछि गाईहरू दुहाउन लगाई, बाछाहरू राख्ने ठाउँमा बाछाहरू बाँधनलगाई गाईहरूको चारैतिर धुवाँ आउने गरी गुइँठाको आगो बाल्न लगाई सबै परिजनहरूलाई खुवाउन लगाई सबै कामहरू सिध्याउन लगाई ठाउँ ठाउँमा बत्तीहरू बाल्न लगाई त्यसपछि दूधसँग भातखाई महाशयनमा आफ्नो श्रीसम्पत्ति हेरेर सन्तुष्ट भई खाट्मा लेटी पश्चिमदिशातिर मेघ गर्जेको आवाज सुन्दै अगाडि अनुदित मूल सूत्रको पहिलो गाथा उदानको रूपमा गाउँदै उनले "पक्कोदनो दुद्धखीरोहमस्मि" भनी भने[१] ।

यसरी सन्तुष्ट भएका धनियले गाइरहेको यो गाथाको आवाज जेतवनाराममा बसिरहनु भएका बुद्ध भगवान्ले आफ्नो दिव्य-श्रोतद्वारा सुन्नुभई दिव्य चक्षुद्वारा हेर्नुहुँदा उनको उद्धार हुने कुरा देख्नुभई वहाँ उतनाघरीमै आकाशमार्गद्वारा ७०० योजन बाटोकाटी तुरन्तै धनियको घरमाथि आइपुग्नुभयो । अनि वहाँले पनि उनलाई प्रति-गाथाहरू सुनाउनुभयो भनी सुत्तनिपातट्ठकथाले[२] उल्लेख गरेको छ ।

उपदेशको अन्तमा धनिय गोप र उनकी भार्या—दुवैजना प्रव्रजित भए । त्यसपछि भगवान् पनि जेतवनाराममा फर्केर जानु-भयो । उनीहरू दुवैजनाले अन्तमा अरहत्फल साक्षात्कार गरे भन्ने कुरा पनि उक्त अट्ठकथामै[३] उल्लेख भएको छ ।

---

१. सुत्त. नि. अ. क. पृ. १८: धनियसुत्तवण्णना, उरगवग्गो ।

२. पृ. २०: धनियसुत्तवण्णना ।

३. सुत्त. नि. अ. क. पृ. ३१: धनियसुत्तवण्णना, उरगवग्गो ।

अरू कुराहरू अगाडि अनुदित सूत्रको सम्बन्धित ठाउँहरूमा लेखिदिएका पादटिप्पणीहरूबाट प्रष्टहुने नै छन् ।

× × ×

केही धनिय नामहरू

(१) धनिय (भिक्षु)—यी ती भिक्षु हुन् जसले बिम्बिसार राजाले नदिएका काठहरू 'राजाले दिए' भनी काठगोदामबाट काठहरू लगी आफ्नो कुटी बनाएका थिए । (बु. रा. भा–१, पृ. ७६: काठको कुटी) ।

थेरगाथट्ठकथानुसार यिनी उही कुम्भकार हुन् जसको शालामा – तक्षशिलावासी पुक्कुसाती— राजा बिम्बिसार राजाको बुद्धगुण युक्त पत्र पाएर प्रव्रजितभई बुद्धको दर्शनार्थ राजगृहमा आई बसेका थिए । बुद्ध पनि यिनको कल्याण गर्नको-निमित्त श्रावस्तीबाट आउनुभई उही कुम्भकारको शालामा उनीसँगै बास बस्नुभएको थियो । (हेर्नू—बु. रा. भा–१, पृ. २३ अथवा म. नि. III. पृ. ३२२: धातुविभङ्गसुत्त अथवा यसको अर्थकथा पपं. सू. IV. पृ. १८१ मा) । अनि भगवान्को छ धातुविभङ्गको उपदेश सुनी उनी कृतकृत्य भएका थिए । यो कुरा सुनेर धनिय कुम्भकार अति प्रभावित भई बुद्ध-शासनमा

प्रव्रजित भएका थिए र पछि उनले अरहत्व पनि साक्षात्कार गरेका थिए भनी उक्त थेरगाथट्ठकथामै उल्लेख भएको पाइन्छ। थेर. गा. अ. क. I. पृ. ३४७: धनियत्थेरस्सगाथावण्णना। यी कुम्भकारको नाम 'धनिय' थियो र कुम्भकारको पुत्र भएको हुनाले 'धनिय कुम्भकारपुत्र' भनिएको हो भनी सम. पा. I. पृ. २८१: दुतियपाराजिकाले लेखेको छ।

(२) धनिय (गोप)—यी धनिय गोप विदेह देशको पर्वतराष्ट्रको धर्मकोण्ड नगरवासी हुन्। यिनकै कुराहरू यहाँ अगाडि लेखिदिएको छु।

(३) धनिय (सुत्तं)—यो सूत्रमा धनिय गोप र बुद्धको बीचमा कुराकानी भएका कुराहरू छन्। यसै सूत्रको अनुवाद यहाँ अगाडि प्रस्तुत गरेको छु। सुत्त. नि. पा. पृ. २७१: उरगवग्गो, अ. क. पृ. १८.

× × ×

मूल सूत्र—

१–बुद्धसँग धनियको वार्तालाप

धनिय गोप[१]—

१. "पक्कोदनो दुद्धखीरोहमस्मि, (इति धनियो गोपो)
अनुतीरे महिया समानवासो ।
छन्ना कुटि आहितो गिनि,
अथ चे पत्थयसी पवस्स देव[२] ॥"

---

१. 'धनिय' भनेको उनको नाम हो । किन धनिय भनिएको हो भने ?
—धनी भएकोले 'धनिय' भनिएको हो ।

साधारणतया यो लोकमा यी धनहरूलाई धन भन्दछन् ।
जस्तै—

(१) दानशीलादि पुण्यकार्यलाई 'अनुगामिकधन' (२) घरखेत आदिलाई 'स्थावरधन' (३) गाईघोडा आदिलाई 'जङ्गमधन' (४) सुनचाँदी आदिलाई 'संहारिमधन' र (५) शिल्पशास्त्र आदिलाई 'अङ्गसमधन' भन्दछन् ।

यी बाहेक पञ्चगोरस पैदागरी लोकको बहूपकार हुने धनलाई 'गोधन' भन्दछन् । त्यसैले 'नत्थि गो समितं धनं' अर्थात्— 'गौपालन जस्तो धन अरू छैन' भनिएको हो । यस्ता गोधनले सुसम्पन्न भएका हुनाले यिनलाई 'धनिय' भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. १९: धनियसुत्तवण्णना, उरगवग्गले उल्लेख गरेको छ ।

पालिसाहित्य अनुसार जसले स्वयं आफ्नै गाईहरू आफैंले पालन गर्छ उसलाई 'गोप' र जसले अर्काका गाईहरू पालन गर्छ अथवा गाई हेर्ने काम गर्छ उसलाई 'गोपाल' वा 'गोपालक' भन्दछन् । यी धनियले चाँहि आफ्नै गाईहरू आफैंले पालिरहेका थिए । त्यसैले यिनलाई 'गोपाल' वा 'गोपालक' नभनी 'गोप' मात्र भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. १९: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ । त्यसैले सूत्रमा 'धनिय गोप' भनिएको हो ।

२. सुत्त. नि. पृ. २७१: धनियसुत्तं, अ. क. पृ. १८: उरगवग्गो ।

अर्थ—

१–"भात पाकिसकेको छ, दुध दुहि सकेकोछु, महीनदीको तीरमा[१] समान परिजनहरूसँग बसेकोछु, कुटीहरू ढाकिएका छन्[२], आगो बालिसकेकोछु[३], अतः हे देव ! (वर्षादेव !) यदि चाहन्छौ भने अब खूबसँग वर्ष[४] ।"

---

१. महामही भन्ने नदीको किनारमा । सुत्त. नि. अ. क. पृ. १९.

२. बस्ने घरहरू र गोठहरूमा पानीले नभिज्नेगरी छाना हालेको छु भनिएको हो । सुत्त. नि. अ. क. पृ. १९.

३. यहाँ आगो भनी—(१) परिक्षेप-आगो, (२) धुवाँ आउने आगो र (३) दाउराको आगोलाई 'आगो' भनिएको हो । यी तीनै प्रकारका आगो बालिसकेको छु भनिएको हो । यसबाट भालु मृगादि आउलान् भनी रोकेको हो भन्ने कुरा बुझ्नुपर्छ ।

घरको चारैतिर बालेको आगो 'परिक्षेप-आगो' हो । गोठभित्र बालेको गुइँठाको आगो 'धुवाँ आउने आगो' हो र आफू बस्ने ठाउँमा र मानिसहरू बस्ने ठाउँमा बालेको आगो 'दाउराको आगो' हो । घरको चारैतिर बालेको आगोबाट हिंसक पशुहरू रोकिन्छन्, गुइँठाको धुवाँबाट गाईहरूलाई कीटपतङ्गहरूले टोक्न सक्दैनन् र दाउराको आगोबाट मानिसहरूलाई जाडो हुन्न । सुत्त. नि. अ. क. पृ. १९: धनियसुत्तवण्णना ।

४. उपरोक्ताकारले सबै सुरक्षित देखेपछि उनले 'हे देव ! चाहन्छौ भने अब खूबसँग पानी वर्ष' भनी भनेका हुन् । सुत्त. नि. अ. क. पृ. २०: धनियसुत्तवण्णना ।

बुद्ध—

२. "अक्कोधनो विगतखिलोहमस्मि, (इति भगवा)
अनुतीरे महियेकरत्तिवासो ।
विवटा कुटि निब्बुतो गिनि,
अथ चे पत्थयसी पवस्स देव[3] ।।"

अर्थ –

२–"म अक्रोधी छु[२], म चित्तखिलबाट[३] मुक्त छु, एकरातको-निमित्त म महीनदीको तीरमा बसेको छु[४], मेरो कुटी विवृत्त छ[५], मेरो आगो निभिसकेको छ[६], अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग वर्ष ।"

---

१. धनिय गोपले उपरोक्त उदान गाथा (नं. १) सन्तुष्टभई वछ्यानमा लेटिरहँदा गाएका थिए । अनि जेतवन विहारमा बसिरहनु भएका बुद्ध भगवान्ले अमानुषीय दिव्यश्रोतद्वारा यो गाथा सुन्नुभयो । अनि बुद्धचक्षुद्वारा लोकमा हेर्नुहुँदा वहाँले धनिय गोप र उनकी पत्नी दुवैजनाको उपनिश्रय-सम्पत्ति देख्नुभयो । "यदि त्यहाँ गएर मैले धर्मोपदेश गरेको खण्डमा उनीहरू दुवैजना प्रव्रजितभई अरहत् हुनेछन् । नगएको खण्डमा भोली बाढी आएर उनीहरूको विनाश हुनेछ" भन्ने कुरा पनि वहाँले आफ्नो बुद्धचक्षुद्वारा देख्नुभयो । अनि उतनाघरीमै वहाँ श्रावस्तीबाट सातशय (७००) योजनको

बाटो आकाशमार्गद्वारा तुरन्त गई धनिय गोपको कुटीको माथितिर आकाशमा उभिइरहनुभयो। धनियले उक्त उदान-गाथा (नं. १) बार बार गाउँदै थिए। भगवान् त्यहाँ पुगिसकेपछि पनि गाउन छाडेका थिएनन्। यो सुनेर भगवान्ले "यत्तिकैमा सन्तुष्ट वा विश्वस्त हुइन्न, बल्कि यसरी सन्तुष्ट हुइन्छ" भन्ने कुरा दर्शाउँदै यो प्रतिगाथा भन्नुभएको हो भनी सुत्त. नि. अ. क. पृ. २०: धनिय-सुत्तवण्णनाले उल्लेख गरेको छ।

२. स्वभावत क्रोध नहुनेलाई यहाँ 'अक्रोधी' भनिएको हो। 'दश आघातवस्तु' द्वारा मनमा आघातभई क्रोध उत्पन्न हुन्छ। जस्तै— (१) 'मेरो अनर्थकोनिमित्त काम गऱ्यो' भन्दै मनमा आघात उत्पन्न गर्छ। (२) 'मेरो अनर्थकोनिमित्त काम गर्दैछ' भन्दै मनमा आघात उत्पन्न गर्छ। (३) 'मेरो अनर्थकोनिमित्त काम गर्नेछ' भन्दै मनमा आघात उत्पन्न गर्छ। (४) 'मेरो प्रियमनाप हुनेलाई अनर्थ गऱ्यो' भन्दै मनमा आघात उत्पन्न गर्छ। (५) 'मेरो प्रियमनाप हुनेलाई अनर्थ गर्दैछ' भन्दै मनमा आघात उत्पन्न गर्छ। (६) 'मेरो प्रिय-मनाप हुनेलाई अनर्थ गर्नेछ' भन्दै मनमा आघात उत्पन्न गर्छ। (७) 'मेरो अप्रिय अमनाप हुनेलाई हितगऱ्यो' भन्दै मनमा आघात उत्पन्न गर्छ। (८) 'मेरो अप्रिय अमनाप हुनेलाई हित गर्दैछ' भन्दै मनमा आघात उत्पन्न गर्छ। (९) 'मेरो अप्रिय अमनाप हुनेलाई हित गर्नेछ' भन्दै मनमा आघात उत्पन्न गर्छ। यसको अलावा (१०) कुनै खास कारणविना पनि कोप गर्छ (अट्ठाने च कुप्पति)। (अं. नि-१०, पृ. २१९: आघातवत्थुसुत्तं, आकङ्खवग्गो)

उपरोक्त कारणहरूमध्ये कुनै एक कारणद्वारा मनमा आघात उत्पन्न गरी त्यस कारणबाट कुनै पुरुषलाई अत्यन्त थोरै रिस (=क्रोध) उठ्दा पनि उसको हृदय पोल्छ र केहिछिनपछि शान्त हुन्छ। यसभन्दा बढता रिस उठ्दा मुख विकृत पार्छ। यसभन्दा पनि धेरै रिस उठ्दा गालिगर्नकोनिमित्त बंगरा किट्न थाल्छ। योभन्दा पनि बढता रिस उठ्दा गालिगर्छ। त्योभन्दा पनि बढता रिस उठ्दा दण्ड वा शस्त्रको खोजी गर्छ। त्योभन्दा पनि बढता रिस उठ्दा दण्ड वा शस्त्र हातमा लिन्छ। त्योभन्दा पनि बढी रिस उठ्दा दण्डादि हातमा लिई पिट्नकोनिमित्त दगुर्न थाल्छ। त्योभन्दा पनि बढता रिस उठ्दा एक वा दुइ प्रहार गर्छ। त्योभन्दा पनि धेरै रिस उठ्नेले आफ्नै ज्ञातिबन्धुहरूलाई पनि मार्छ। अनि त्यस कामबाट चिन्तितभई त्योभन्दा पनि बढता रिसले गर्दा कुनै कुनैले आफूलाई नै मार्छन्। यसरी रिसको पराकाष्ठा यहाँसम्म पुग्छ। यस्तो क्रोधलाई तथागतले बोधिमण्डपमै जरोसमेत उखेली विनाश गरिसक्नुभएको छ। त्यसैले तथागत 'अक्रोधी' हुनुहुन्छ र वहाँले 'म अक्रोधी छु' भनी भन्नुभएको हो भनी सुत्त. नि. अ. क. पृ. २०: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. 'चित्तखिल' भनेको चित्तको कठोरपन अर्थात् अपरिशुद्धता तथा कसर सहितको चित्तलाई भनिएको हो। (विभं. अ. क. पृ. ५१०: खुद्दकविभङ्गो)।

जस्तै कसर भएको तथा सारो भूमिभागमा चार महीनासम्म पानीपरे तापनि त्यसमा बिउ उम्रिदैन। त्यस्तैगरी कठोरपन

भएको, अपरिशुद्ध तथा कसर सहित भएको चित्तमा जतिसुकै सद्धर्म श्रवणादि कुशल हेतुरूपी पानीपरे तापनि कुनै कुशलरूपी बिउ उम्रन सक्दैन। यस्ता कारणहरूलाई भगवान्ले वोधिमण्डपमै निरुद्ध गरिसक्नु भएको छ। त्यसैले भगवान्ले 'म चित्तखिलबाट मुक्त छु' भनी भन्नुभएको हो भनी सुत्त. नि. अ. क. पृ. २८–२१: धनियसुत्तवण्णनाले उल्लेख गरेको हो। राग, द्वेष र मोहलाई पनि 'चित्तखिल' भन्दछन् भन्ने कुरा सं. नि. IV. पृ. ५५: खिलसुत्तं, मग्गसंयुत्तले उल्लेख गरेको छ। यस सम्बन्धमा बु. प. भा–१, पृ. २४९ को पादटिप्पणीमा पनि हेर्नू।

४. जसरी त्यहाँ धनिय गोप वर्षाद्को चार महीनाकोनिमित्त नित्यवास गरेका छन् त्यसरी भगवान् त्यहाँ नित्य बस्नुभएको होइन। भगवान् त केवल उनको हितकामना गरी एकरात मात्रको लागि त्यहाँ आउनु भएको हो। सुत्त. नि. अ. क. पृ. २१: धनियसुत्तवण्णना।

५. यहाँ 'कुटी' भनी यसै आत्मभावलाई भनिएको हो। अर्थात् यो शरीरलाई भनिएको हो। यस आत्मभावलाई ठाउँ हेरिकन कहीं 'काय' भनी, कहीं 'गुफा' भनी, कहीं 'देह भनी' कहीं 'सन्देह' भनी, कहीं 'नौका' भनी, कहीं 'रथ' भनी, कहीं 'ध्वजा' भनी, कहीं 'वम्मिक' (=धमिराको गोलो) भनी, कहीं 'कुटी' र कहीं 'कुटिका' भनी भनिएको छ। यहाँ चाहिं--काठ आदिद्वारा बनाइएको घर जस्तै हाड आदिद्वारा बनेको यस आत्मभावलाई 'कुटी' भनिएको हो। त्यसैले भनिएको हो—

"आवुसो ! जस्तै काठ, डोरी, माटो र तृण आदिले घेरिएको आकाशलाई व्यवहारमा 'घर' भनी भन्दछन् त्यस्तैगरी आवुसो ! हाड, नसा, मासु र छाला आदिले मोरिएको यस आत्मभावलाई 'शरीर' भनी भन्दछन् ।" (म. नि. I. पृ. २४०: महाहत्थिपदोपमसुत्तं) ।

बाँदर जस्तो चित्त बस्ने भएकोले पनि यस आत्मभावलाई 'कुटी' भनिएको हो । त्यसैले भनिएको हो—

"अट्ठिकङ्कलकुटी चेसा मक्कटावसथो इति,
मक्कटो पञ्चद्वाराय कुटिकाय पसक्किया ।
द्वारेन अनुपरियाति घट्टयन्तो पुनप्पुन'न्ति ।।"

अर्थ—

"बाँदररूपी चित्त बस्ने हाड आदिहरूले बनाइएको यो कुटी हो । यस कुटीकाको पञ्चद्वारहरूबाट बाँदररूपी चित्त भित्र-बाहिर पस्छ । बार बार द्वारहरू उघार्दै बाँदररूपी चित्त चारैतिर घुम्छ ।"

तृष्णा, मान, तथा दृष्टिरूपी ढकनीद्वारा सत्वहरूलाई ढाकिराखेको हुँदा त्यसमा रागादि क्लेशरूपी पानी बार बार पर्छ । त्यसैले भनिएको हो—

"छन्नमतिवस्सति विवटं नातिवस्सति ।
तस्मा छन्नं विवरेथ एवं तं नातिवस्सती'ति ।।"

अर्थ—

"ढाक्यो भने झन् पानी पर्छ, नढाकेमा पानी पर्दैन ।
त्यसैले ढाकेकोलाई उघार अनि पानीपर्ने छैन ।"

यो गाथा त्रिपिटकमा दुइ ठाउँमा उल्लेख भएको पाइन्छ । खन्धकमा (चुल्ल. व. पा. पृ. ३५७: पातिमोक्खट्ठपनक्खन्धकं) र थेरगाथामा (थेर. गा. पा. पृ. ३०७: सिरिमण्डत्थेरगाथा) ।

यहाँ 'ढाकेको' भनी आफ्नो आपत्ति दोष ढाक्नेलाई भनिएको हो । भएको आपत्ति दोष प्रकट नगरी ढाक्नाले पुनः पुनः पानीपर्ने झैं पुनः पुनः अरू आपत्ति दोषहरू पनि बढ्दै जान्छन् । आपत्ति दोषलाई नढाकी विवृत्त गरेको खण्डमा यो आतमभावरूपी कुटीमा आपत्ति दोषरूपी पानीपर्ने छैन ।

त्यस्ता आपत्तिरूपी ढकनी र क्लेशरूपी ढकनी यो शरीररूपी कुटीमा नभएका हुनाले 'मेरो कुटी विवृत्त छ' भनी सूत्रमा उल्लेख भएको हो । उक्त प्रकारका ढकनीहरूलाई तथागतले बोधिमण्डपमै ध्वस्त पारिसक्नु भएको छ र विवृत्त पारिसक्नु

धनिय गोप —

३. "अन्धकमकसा न विज्जरे, (इति धनियो गोपो)
कच्छे रूल्हतिणे चरन्ति गावो ।
वुट्ठि पि सहेय्यमागतं,
अथ चे पत्थयसी पवस्सदेव[१] ।।"

भएको छ । त्यसैले 'मेरो कुटी विवृत्त छ' भनी भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. २१: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

६. 'मेरो आगो निभिसकेको छ' भनी—राग, द्वेष, मोह, जाति, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य तथा उपायास आदि एघार-वटा आगाहरू (सं. नि. III. पृ. १८: आदित्तसुत्तं, सलायतनसंयुत्तं; विमतिविनोदनीटीका पृ. १२१) निभिसकेका छन् भनी भनिएको हो । यी आगाहरू बोधिमण्डपमै आर्यमार्गरूपी पानीको सिञ्चनद्वारा निभिसकेका थिए । त्यसैले सूत्रमा 'मेरो आगो निभिसकेको छ' भनी उल्लेख भएको हो भनी सुत्त. नि. अ. क. पृ. २१: धनियसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

१. उपरोक्त प्रति गाथा (नं. २) का कुराहरू सुनेर 'यो गाथा भन्ने को हो ?' भनी नसोधी भनेका कुराहरू ठीकै हो भन्ने लागेर फेरि पनि त्यस्तै सार्थक कुरा सुन्ने इच्छागरी धनिय गोपले यो गाथा भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २२: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

अर्थ—

३–"यहाँ काँना झिंगा र लामखुट्टेहरू छैनन्, कछाडमा उम्रेका घाँसहरूमा गाईहरू चर्दछन्, आएको पानीलाई सहनसक्छन् अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग वर्ष ।"

बुद्ध—

४. "बद्धा[1] हि[1] भिसी सुसङ्खता, (इति भगवा)
तिण्णो पारगतो विनेय्य ओघं ।
अत्थो भिसिया न विज्जति,
अथ चे पत्थयसी पवस्स देव ।।"

अर्थ—

४–"राम्ररी तरणी बनाई ओघहरू[2] (=बाढीहरू) लाई पारगरी राम्ररी म पारतरि सकेकोछु । अब मलाई तरणीको खाँचो छैन । अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग वर्ष ।"

१–१. बर्मीमा: 'बद्धासि'; स्याममा: 'भद्धासि' ।

२. केलाई 'ओघ' भन्दछन् भन्ने कुरा बुझ्नकोनिमित्त बु. प. भा–१, पृ. ३९१: बाढी सम्बन्धी प्रश्नमा हेर्नू ।

धनिय गोप—

५. "गोपी मम अस्सवा अलोला, (इति धनियो गोपो)
दीघरत्तं संवासिया मनापा।
तस्सा न सुणामि किञ्चि पापं,
अथ चे पत्थयसी पवस्स देव॥"

अर्थ –

५–"मेरी गोपिनी आज्ञाकारिणी तथा निर्लोभिनीछे[1]। दीर्घकालदेखि उ मसँग बस्छे[2]। उ पतिभक्तिनी तथा प्रियंकरीछे। उसको बारेमा मैले कुनै खराब कुरा सुनेको छैन। अतः हे देव! यदि चाहन्छौ भने अब खूबसँग बर्ष।"

बुद्ध –

६. "चित्तं मम अस्सवं विमुत्तं, (इति भगवा)
दीघरत्तं परिभावितं सुदन्तं।
पापं पन मे न विज्जति,
अथ चे पत्थयसी पवस्स देव॥"

---

१. आइमाईहरू प्रायः गरी—(१) आहार-लालची, (२) अलङ्कार-

लालची, (३) पुरुष-लालची, (४) धन-लालची तथा (५) पाद-लालची हुन्छन् । आहार-लालचताको कारणले गर्दा बासी आहार पनि हातमा लागेको पनि चाटेर खान्छन् । दोब्बर मोल तिरेर सुरा पनि पिउँछन् । अलङ्कार-लालचताको कारणले गर्दा अरू कुनै अलङ्कार नपाएमा तेलमा पानी मिसाएर भएपनि मुखमा लगाउँछन् । पुरुष-लालचताको कारणले गर्दा त्यस्तै अवस्थामा आफ्नै पुत्रसँग पनि मैथुन गर्ने इच्छा गर्छन् । धन-लालचताको कारणले गर्दा 'हंसराजलाई लिएर सुवर्ण गुमाउँछ' भने जस्तै गुमाउँछन् । पाद-लालचताको कारणले गर्दा बगैंचा र जङ्गलमा घुम्ने स्वभावले गर्दा सबै धनहरू गुमाउँछन् भने जस्तै गुमाउँछन् ।

यहाँ चाहिं धनियले आफ्नी गोपिनीमा त्यस्ता कुनै पनि लालचपन छैनन् भन्ने कुरा दर्शाउँदै 'निर्लोभिनीछे' भनी भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २४: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. कुमारी कालदेखि उ मसँग बस्छे र उसले परपुरुष भनेको चिनेकै छैन र मसँग सन्तोषभई बसिरहेकीछे भनी 'दीर्घकालदेखि उ मसँग बस्छे' भनिएको हो । सुत्त. नि. अ. क. पृ. २४.

अर्थ—

६–"मेरो चित्त वशीभूत छ र बिमुक्त छ[1]। दीर्घकालदेखि परिभावित छ र सुदान्त छ। ममा कुनै पाप छैन[2]। अतः हे देव! यदि चाहन्छौ भने अब खूबसँग बर्ष।"

धनिय गोप—

७. "अत्तवेतनभतोहस्मि[3], (इति धनियो गोपो)
पुत्ता च मे समानिया अरोगा।
तेसं न सुणामि किञ्चि पापं,
अथ चे पत्थयसी पवस्स देव॥"

---

१. जब धनियले आफ्नी गोपिनी आफ्नो वशमा छे र उ आज्ञाकारिणी पनि छे भनी सन्तुष्टमानेर गाथा गाए तब भगवान्‌ले उनलाई अववाद गरी सम्झाउँदै यसो भन्नुभयो—

हे धनिय! तिमी आफ्नी गोपिनी आफ्नो वशमा छे र उ आज्ञाकारिणी पनि छे भनी सन्तुष्ट हुन्छौ। उ तिम्रो वशमा हुन पनि सक्छे नहुन पनि। किनभने?—अर्काको चित्तको कुरा थाहापाउन गाह्रो हुन्छ। विशेषगरी आइमाईहरूको चित्त जान्नु गाह्रो छ। आइमाईलाई गर्भदेखि लिएर आरक्षा गरे तापनि रक्षागर्नु गाह्रो पर्छ। यसरी रक्षागर्न गाह्रो हुने हुँदा खासगरी

तिमीजस्ताले त्यस्तालाई लालच रहित स्त्री भनी, दीर्घकालदेखि आफूसँग बसेकी छे र प्रियंकर पनि छे भनी अथवा निष्पापिनी छे भनी जान्न गाह्रो छ। तर मेरो चित्त चाहिं वशीभूत छ। तिम्री गोपिनी भने तिम्रो वशमा छैन।

दीपङ्कर बुद्धको पालादेखि दानशीलादि गुणहरू मैले भाविता गरेको हुँदा 'दीर्घकालदेखि साथमा छ' भनी मैले भन्न योग्य छ। तर तिम्री गोपिनी छैन। त्यो चित्तलाई उत्तम दमनद्वारा दमन गरेको हुनाले 'सुदान्त' भनिएको हो। सुदान्त भएको कारणले गर्दा नै छवटा द्वारहरूको विषयमा नपरी आफ्नै विषयमा पर्ने हुनाले प्रियंकर पनि हो। तिम्री गोपिनी भने होइन।

२. जस्तै धनियले गोपिनीको बारेमा कुनै खराब कुरा सुनेको छैन भनी भने त्यस्तैगरी भगवान्ले पनि आफूमा कुनै पाप नभएका कुरा बताउनु भएको हो।

अहिले सर्वज्ञबुद्ध भएर मात्र यो पाप नभएको होइन अपितु उनन्तीस वर्षसम्म सरागीभई घरमा बस्दा पनि थिएन भन्ने कुरा पनि बुझ्नुपर्छ। आगारिय भएको वेलामा पनि आगारिय अनुरूप कुनै विज्ञहरूले निन्दागर्न सक्ने कुनै कायदुश्चरित वा वचन दुश्चरित वा मनःदुश्चरित थिएन। मारले पनि दोष खोज्ने

विचारले बुद्ध हुनुभन्दा अगाडि ६ वर्षसम्म र बुद्ध भैसकेपछि १ वर्ष गरी जम्मा ७ वर्षसम्म वहाँको पीछा गरेको थियो । तैपनि उसले वहाँको कुनै दोष भेट्टाउन नसकी पछि आफै विरक्तभई यो गाथा भनेको हो —

"सत्तवस्सानि भगवन्तं अनुबन्धि पदापदं ।
ओतारं नाधिगच्छिस्सं सम्बुद्धस्स सतीमतो'ति ।।"

अर्थ—

"सातवर्षसम्म मैले भगवान्को पीछा गरें । तर स्मृतिमान् सम्बुद्धमा मैले कुनै पनि दोष देख्न सकिन ।"

बुद्ध भइसक्नु भएपछि वहाँको आचारविचारको परीक्षा गर्नकोनिमित्त ब्रह्मायु ब्राह्मणका शिष्य उत्तर माणवले सातमहीना-सम्म लगातार वहाँको परीक्षा गर्दा पनि वहाँको केही दोष नदेखेपछि भगवान्को कायिक र वाचिक अभिसमाचारमा कुनै त्रुटिछैन भनी फर्केर गए । (हेर बु. ब्रा. भा–१, पृ. १६६ः ब्रह्मायु ब्राह्मण) ।

त्यसैले अङ्गुत्तरनिकायमा यस्तो उल्लेख भएको हो—

"भिक्षुहो ! चार ठाउँहरूमा तथागतले रक्षा गर्नुपर्ने कारण हुन्न । कुन चार भने ?—(१) भिक्षुहो ! तथागतको कायसमाचार परिशुद्ध छ । तथागतको कायदुश्चरित छैन । 'यो

अरूले थाहा नपाउन्' भनी रक्षा गर्नुपर्ने कुनै कारण छैन। (२) भिक्षुहो ! तथागतको वचीसमाचार परिशुद्ध छ। तथागतको वचीदुश्चरित छैन। 'यो अरूले थाहा नपाउन्' भनी रक्षा गर्नुपर्ने कुनै कारण छैन। (३) भिक्षुहो ! तथागतको मनः समाचार परिशुद्ध छ। तथागतको मनः दुश्चरित छैन। 'यो अरूले थाहा नपाउन्' भनी रक्षा गर्नुपर्ने कुनै कारण छैन। (४) भिक्षुहो ! तथागतको आजीविका परिशुद्ध छ। तथागतको मिथ्याजीविका छैन। 'यो अरूले थाहा नपाउन्' भनी रक्षा गर्नुपर्ने कुनै कारण छैन।" (अं. नि–७, पृ. २१६: अरक्खेय्यसुत्तं, अब्याकतवग्गो)।

यसरी तथागत भइसकेर मात्र होइन तथागत हुनुभन्दा अगाडि पनि तथागतको चर्यामा कुनै खराबी नभएकोले 'ममा कुनै पाप छैन' भनी भनिएको हो। साँच्चै भन्ने हो भने मेरो मनको बारेमा कुनै खराबी सुन्न पाइनेछैन। न कि तिम्री गोपिनीको बारेमा। मैले भनेको यस गुणद्वारा सन्तुष्टछौ भने 'खूबसँग वर्ष' भनी मैले भन्नु उचित छ। यो कुरा सुनेर योभन्दा पनि बढी सुभाषित-रस पिउने इच्छागरी धनियले आफू स्वाधीन भएको कुरो प्रकाश पार्दै अगाडिको गाथा (नं. ७) भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २५: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. स्याममा: 'अत्तवेत्तनभतोहमस्मि'।

अर्थ—

७–"म आफ्नै नोकरी गर्छु । मेरा पुत्रपुत्रीहरू पनि साथमै छन् र उनीहरू निरोगी पनि छन्[१] । उनीहरूको बारेमा मैले कुनै खराब कुरा सुनेको छैन[२] । हे देव ! यदि चाहन्छौ भने अब खूबसँग बर्ष ।"

बुद्ध—

८. "नाहं भतकोस्मि कस्सचि, (इति भगवा)
निब्बिट्ठेन चरामि सब्बलोके ।
अत्थो भतिया न विज्जति,
अथ चे पत्थयसी पवस्स देव ।।"

अर्थ—

८–"न म कसैको नोकर हुँ[३] । विनिर्मुक्त भएर म सबै लोकमा विचरण गर्दछु । मलाई नोकरीको आवश्यकता पनि छैन । अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग बर्ष ।"

---

१. यहाँ 'निरोगी' भनी ती सबै छोरा र छोरीहरू आ-आफ्ना बाहुवल-द्वारा काम गरेर खान सक्छन् भनी भनिएको हो । सुत्त. नि. अ. क. पृ. २५–२६.

२. उनीहरू चोर हुन्, परदार सेवन गर्ने हुन् तथा दुश्शीली हुन् भन्ने आदि कुनै पनि खराब कुरा सुनेको छैन भनी भनिएको हो । सुत्त. नि. अ. क. पृ. २६.

३. धनियले माथिल्लो गाथा (नं. ७) भनेपछि भगवान्‌ले पनि अघि जस्तै अववाद गर्नुहुँदै यस्तो भन्नुभयो—

तिमी चाहिं आफू स्वाधीन छु भनी सन्तुष्ट हुन्छौ। परमार्थको रूपमा भन्ने हो भने आफ्नो कामगरी खाने पनि दाश नै हो। किनकि तृष्णाको दाश भएकोले। 'नोकर' भन्ने वादले पनि मुक्तहुन सकिन्न। त्यसैले—"यो लोक अपरिपूर्ण छ, अतृप्त छ, तृष्णाको दाश छ···" भनी भनिएको हो। (म. नि. II. पृ. २९३: रट्ठपालसुत्तं। यसको अनुवाद बु. रा. भा–१, पृ. ४५५ मा छ)।

परमार्थको रूपमा न म कसैको दाशहुँ। म चाहिं आफ्नो वा अर्काको नोकर होइन। किनकि म विनिर्मुक्त भएर सबै लोकमा विचरण गर्दछु। दीपङ्कर बुद्धको पालादेखि बोधिज्ञान नपाएसम्म म सर्वज्ञज्ञानको नोकर थिएँ। सर्वज्ञज्ञान प्राप्त भएपछि विमुक्त भएका राजकर्मचारी जस्तै म पनि भएँ। सोही विनिर्मुक्त सर्वज्ञ-भावद्वारा लोकोत्तर समाधिसुखद्वारा जीविका गर्दछु। अब मेरो उत्तरोत्तर गर्नुपर्ने कर्मको संचय पनि नभएकोले तथा प्रतिसन्धि रहित नहुनेले कैं नोकरी गरी ज्याला कमाउनु पर्ने पनि नभएकोले नोकरीको आवश्यकता पनि छैन भनिएको हो। यो सुनेर पनि धनिय अतृप्तभई उत्तरोत्तर सुभाषित सुन्ने इच्छागरी अगाडिको गाथा भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २६: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ।

धनिय गोप—

९. "अत्थि वसा अत्थि धेनुपा, (इति धनियो गोपो)
गोधरणियो पवेणियो पि अत्थि ।
उसभो पि गवम्पतीध[1] अत्थि
अथ चे पत्थयसी पवस्स देव ।।"

अर्थ—

९—"मेरो ठूलो गोरु छ, कोरली गाई छ, गर्भिणी गाई पनि छ, तन्नेरी गाई पनि छ र गवम्पति वृषभ पनि छ । अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसंग बर्ष ।"

बुद्ध—

१०. "नत्थि वसा नत्थि धेनुपा, (इति भगवा)
गोधरणियो पवेणियो पि नत्थि ।
उसभो पि गवम्पतीध नत्थि,
अथ चे पत्थयसी पवस्स देव ।।"

अर्थ—

१०—"मेरो ठूलो गोरु पनि छैन, कोरली गाई पनि छैन, गर्भिणी गाई पनि छैन, तन्नेरी गाई पनि छैन र गवम्पति वृषभ पनि छैन । अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसंग बर्ष ।"

---

१. स्याम र रोमनमा: 'गवम्पती च' ।

धनिय गोप—

११. "खीला[१] निखाता असम्पवेधी[२], (इति धनियो गोपो)
दामा मुञ्जमया नवा सुसण्ठाना ।
न हि सक्खिन्ति धेनुपा पि छेत्तुं,
अथ चे पत्थयसी पवस्स देव ।।"

अर्थ—

११–"डोरी बाँध्ने किलाहरू नचल्ने गरी गाडिएका छन्, तृणको नयाँ डोरी राम्ररी बाटिएको छ, तरुण बाछाहरूले चुँडाल्न पनि सक्दैनन् । अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग बर्ष ।"

बुद्ध—

१२. "उसभोरिव छेत्वा[३] बन्धनानि, (इति भगवा)
नागो पूतिलतं व दालयित्वा ।
नाहं पुनुपेस्सं गब्भसेय्यं,
अथ चे पत्थयसी पवस्स देव ।।'

---

१. बर्मीमाः 'खिला' ।

२. स्याममाः 'असम्पवेदी' ।

३. रोमनमाः 'छेत्व' ।

अर्थ—

१२–"वृषभले बन्धनलाई चुँडाले जस्तै र हात्तीले कुहिएको लतालाई चुँडाले जस्तै—म फेरि गर्भवासमा आउने छैन[1]। अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग बर्ष।"

(सङ्गीतिकारहरू—)

१३. "निन्नं च थलं च पूरयन्तो,
महामेघो पवसि[2] तावदेव।
सुत्वा देवस्स वस्सतो,
इममत्थं धनियो अभासथ॥"

---

१. धनिय ! तिमी बन्धनद्वारा सन्तुष्ट हुन्छौ। म चाहिं बन्धनहरूबाट विरक्तिई महावल सम्पन्न महावृषभले बन्धन चुँडाले जस्तै—पाँच उर्ध्वभागीय संयोजनहरूलाई चतुर्थ आर्यमार्गरूपी वीर्यद्वारा छेदन गरी हात्तीले कुहिएको लतालाई चुँडाले कैं पाँच अधोभागीय संयोजनहरूलाई तल्ला तीन मार्गद्वारा छेदन गरी बसेको छु। फेरि मेरो गर्भवास पनि छैन। सो म जातिदुःखादि सबै दुःखहरूबाट परिमुक्तभई शोभायमान भएको छु। अतः हे देव ! यदि चाहन्छौ भने अब खूबसँग बर्ष भनी भन्दछु। यदि तिमी पनि म जस्तै भन्न चाहन्छौ भने—यी बन्धनहरूलाई छेदन गर।

यहाँ 'बन्धन' भनेको समुदय सत्य हो। 'गर्भशय्या' भनेको दुःख सत्य हो। 'आउने छैन' भनेको अनुपादिशेष निर्वाण हो।

'छेदन' भनेको सउपादिशेष निर्वाणद्वारा निरोधसत्य हो । जसद्वारा छेदन गरिन्छ त्यो मार्गसत्य हो ।

यसरी चतुसत्य प्रकाशपारिएको गाथाका कुराहरू सुनेर आखिरमा धनिय, उनकी भार्या र दुइ छोरीहरू समेत गरी—चारजनाले स्रोतापत्तिफल साक्षात्कार गरे ।

अनि उत्कृष्ट प्रसन्नताद्वारा (अवेच्च पसादयोगेन) तथागत प्रति जरो हालेको जस्तै श्रद्धा भएका धनिय गोपले प्रज्ञाचक्षुद्वारा भगवान्‌को धर्मकायलाई देखेर धर्मद्वारा प्रेरित भएको हृदयले यस्तो सोचे—"बन्धनहरू छेदन गरें । मेरो पुनः गर्भशय्या छैन । अवीचि-देखि लिएर भवाग्रसम्मका प्राणीहरूमध्ये भगवान् बाहेक अरू कसले यसरी सिंहनाद गर्न सक्ला र ! मेरा शास्ता आइपुग्नु भयो कि क्याहो ?"

भगवान्‌ले पनि आफ्नो शरीरबाट छवर्ण रश्मीहरू निकाली 'हेर, अब जति चाहन्छौ हेर' भन्ने जस्तो गरी धनियको घरतिर रश्मी फैलाउनु भयो । अनि घरभित्र पसेको चन्द्रसूर्यको रश्मी जस्तै सहस्रमुखी ज्वाला सर्वत्र घरभित्र देखेर धनियको मनमा—"भगवान् आउनु भयो" भन्ने लाग्यो । यसै बीच पानी पनि खूबसँग पऱ्यो । त्यसैले सङ्गीतिकारहरूले अगाडि (गा. नं. १३) यस्तो उल्लेख गरेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २७–२८ः धनियसुत्तवण्णना, उरगवग्गले उल्लेख गरेको छ ।

२. स्याम र रोमनमाः 'पावस्सि' ।

अर्थ—

१३—"त्यसैवखत अग्लो र होचो सबै ठाउँहरूमा पानी भरिने गरी खूबसँग महामेघ बर्षनथाल्यो। अनि वर्षाद्को आवाज सुनी धनियले यो कुरा भने[1]।"

धनिय गोप—

१४. "लाभा[2] वत नो अनप्पका,
ये मयं भगवन्तं अद्दसाम।
सरणं तं उपेम चक्खुमा,
सत्था नो होहि तुवं[3] महामुनि॥

१५. "गोपी च अहं च अस्सवा,
ब्रह्मचरियं सुगते चरामसे।
जातिमरणस्स पारगू[4],
दुक्खस्सन्तकरा भवामसे॥"

---

१. धनियको मनमा श्रद्धा उत्पन्नहुनु, तथागतले रश्मी फैलाउनु तथा सूर्यको उदय हुनु—यस्तो अवस्थामा खूबसँग पानी परेको आवाज सुनेर धनिय बहुत हर्षित भए। यही हर्षको भाव प्रकट गर्दै अगाडि उनले 'लाभावत नो…' भन्ने गाथाहरू भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २८ः धनियसुत्तवण्णनाले उल्लेख गरेको हो।

२. सिंहलमाः 'लाभो'।

३. स्याममा छैन।

४. सिंहल, स्याम र रोमनमाः 'पारगा'।

अर्थ—

१४–"हामीहरूकोनिमित्त ठूलो लाभ हो[१]। जो कि हामीहरूले भगवान्लाई देख्यौं। हे चक्षुमान्[२]! हामी तपाइको शरणमा पर्दछौं[३]। तपाइ महामुनि हामीहरूको शास्ता (=गुरु) हुनुहोस्।

---

१. जब स-पुत्रदार धनियले आर्यमार्ग प्रतिवेधद्वारा लोकोत्तर-चक्षुले भगवान्को धर्मकायलाई देखे। जब लौकिक चक्षुद्वारा वहाँको रूपकायलाई पनि देखे तब उनको मनमा अपार प्रीति उत्पन्न भएको थियो। यसै भावनालाई व्यक्त गर्दै 'हामीहरूकोनिमित्त ठूलो लाभ हो...' भनी भनेका हुन्। सुत्त. नि. अ. क. पृ. २८: धनियसुत्त-वण्णना।

२. (१) प्रकृतिचक्षु, (२) दिव्यचक्षु, (३) प्रज्ञाचक्षु, (४) समन्त-चक्षु र (५) बुद्धचक्षु गरी पञ्चचक्षुले युक्त हुनुभएका हुनाले 'चक्षुमान्' भनी बुद्धलाई भनिएको हो। सुत्त. नि. अ. क. पृ. २८: धनियसुत्तवण्णना।

संयुत्तनिकायट्ठकथा अनुसार—'चक्षु' दुइप्रकारका छन्—(१) ज्ञानचक्षु र (२) मांसचक्षु। यीमध्ये ज्ञानचक्षु पाँचप्रकारका छन्—(१) बुद्धचक्षु, (२) धर्मचक्षु, (३) समन्तचक्षु, (४) दिव्यचक्षु र (५) प्रज्ञाचक्षु। (सं. नि. अ. क. III. पृ. १: अज्झत्तानिच्चसुत्तवण्णना, अनिच्चवग्गो)।

३. 'शरणमा पर्दछौं' भनी हुनत यहाँ मार्ग प्रतिवेधद्वारा नै शरणा-

१५–"गोपिनी र म तपाइको आज्ञाकारीभई सुगतको शासनमा ब्रह्मचर्य[1] पालन गर्नेछौं[2]। अनि जन्ममरणलाई पारगरी दुःखहरूको अन्त पनि गर्नेछौं[3]।"

गमनको काम पूर्ण भैसकेको छ र निश्चितरूपले शरणमा पुगिसकेका छन्। सोही कारणलाई वचनद्वारा पनि अर्पित गरेको कुरा प्रकाश पार्दै 'शरणमा पर्दछौं' भनी भनिएको हो। अथवा स्रोतापन्न मार्गको माध्यमद्वारा अचल शरणमा पुगि नै सकेका छन् र यसै कुरा अर्कालाई पनि जनाउने उद्देश्यले र प्रणिपत्यकोरूपमा वचनले पनि 'शरणमा पर्दछौं' भनी बताएका हुन् भनी सुत्त. नि. अ. क. पृ. २८: धनियसुत्तवण्णनाले उल्लेख गरेको छ।

१. 'सुगतको शासनमा ब्रह्मचर्य पालन गर्नेछौं' भनी सुगत हुनुभएका बुद्धको धर्ममा श्रमण-धर्म सहित आर्यमार्गरूपी ब्रह्मचर्य पनि पालन गर्नेछौं भनी भनिएको हो।

'सुगत' भनी—दुइवटा अन्तहरूमा नगई राम्ररी गमन गर्ने भएको हुनाले र शोभायमान भएको आर्यमार्ग गमनद्वारा सुसम्पन्न हुनुभएका हुनाले तथा सुन्दर मानिएको निर्वाणमा पुग्नु-

भएका हुनाले—बुद्ध भगवान्लाई 'सुगत' भनिएको हो । सुत्त. नि. अ. क. पृ. २९: धनियसुत्तवण्णना ।

'ब्रह्मचर्य' को अर्थ विभिन्नप्रकारका छन् । जस्तै—(१) मैथुन विरति ब्रह्मचर्य, (२) मार्ग ब्रह्मचर्य, (३) श्रमणधर्म ब्रह्मचर्य, (४) शासन ब्रह्मचर्य र (५) स्वदारसन्तुष्टि ब्रह्मचर्य ।

यीमध्ये— (१) जुन ठाउँमा "ब्रह्मचारी आराचारी..." भनी उल्लेख भएको छ त्यस्तो ठाउँमा 'मैथुन विरति ब्रह्मचर्य' लाई 'ब्रह्मचर्य' भनिएको हो । (अं. नि–३, पृ. १९३: उपोसथसुत्तं, महावग्गो) ।

(२) "इदं खो पन मे, पञ्चसिख, ब्रह्मचरियं एकन्तनिब्बिदाय..." भनी उल्लेख भएको ठाउँमा 'ब्रह्मचर्य' को अर्थ 'आर्यमार्ग' हो । (दी. नि. II. पृ. १८७: महागोविन्दसुत्तं) ।

(३) "अभिजानामि खो पनाहं, सारिपुत्त, चतुरङ्गसमन्नागतं ब्रह्मचरियं चरितं..." भनी उल्लेख भएको ठाउँमा 'ब्रह्मचर्य' को अर्थ 'श्रमणधर्म' हो । (म. नि. I. पृ. १०९: महासीहनादसुत्तं) ।

(४) "एतरहि भन्ते, भगवतो ब्रह्मचरियं इद्धं च फीतं च..." भनी उल्लेख भएको ठाउँमा 'ब्रह्मचर्य' को अर्थ 'बुद्धशासन' हो । (अं. नि–८, पृ. ३९९: भूमिचालसुत्तं, भूमिचालवग्गो) ।

(५) "मयञ्च भरियं नातिक्कमाम,
अम्हे च भरिया नातिक्कमन्ति ।
अञ्ञत्र ताहि ब्रह्मचरियं चराम,
तस्मा हि अम्हं दहरा न मीयरे ।।" भनी उल्लेख

भएको ठाउँमा 'ब्रह्मचर्य' को अर्थ 'स्वदारसन्तुष्टि' हो । (जा. पा. I. पृ. २०६–०७ महाधम्मपालजातकं; अ. क. IV. पृ. ८३, नं. ४४७) ।

यस सूत्रमा चाहिं 'ब्रह्मचर्य' भनी—श्रमण धर्मसहित मार्गब्रह्मचर्यलाई भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. २९ः धनियसुत्तवण्णनाले उल्लेख गरेको छ । (ब्रह्मचर्यको विभिन्न अर्थ-सम्बन्धी कुरा बु. ब्रा. भा–२, पृ. ९३ः को पादटिप्पणीमा पनि हेर्नू) ।

२. 'पालन गर्नेछौं' भन्ने वचनद्वारा भगवान्‌सँग 'प्रव्रज्या पाऊँ' भनी मागेका हुन् भनी सुत्त. नि. अ. क. पृ. २९ ले उल्लेख गरेको छ ।

३. 'अन्त पनि गर्ने छौं' भनी प्रव्रज्याको उद्देश्य प्रकाशपार्दै—प्रव्रजित भएर 'जन्म मरणलाई पारगरी दुःखहरूको अन्त गर्नेछौं' भनी भनिएको हो ।

यति भनेर धनिय र उनकी पत्नी—दुवैजनाले भगवान्-लाई वन्दना गरी—"भगवान् ! हामीलाई प्रव्रज्या दिनुहोस्" भनी प्रार्थना पनि गरे भनी सुत्त. नि. अ. क. पृ. २९ः धनियसुत्त-वण्णनाले लेखेको छ ।

(मार—)

१६. "नन्दति पुत्तेहि पुत्तिमा, (इति मारो पापिमा)
गोमा[१] गोहि तथेव नन्दति ।
उपधी हि नरस्स नन्दना,
न हि सो नन्दति यो निरूपधि[२] ।।"

अर्थ—

१६—"पुत्रहरू हुने पुत्रहरूसँग आनन्दित हुन्छन्, त्यस्तैगरी गाई-हरू हुने गाईहरूसँग आनन्दित हुन्छन् । उपधी (=कामविषयादि बन्धन) नै नरहरूकोनिमित्त आनन्दको कारण हो । जसको उपधी हुन्न उ आनन्दित हुन सक्दैन[३] ।"

---

१. सिंहल र रोमनमाः 'गोमिको'; स्याममाः 'गोपिको' ।

२. सिंहलमाः 'निरूपधी' ।

३. धनिय र उनकी पत्नीले बुद्धलाई वन्दना गरी प्रव्रज्या मागिरहेको देखेर पापीमार आई—"यिनीहरू मेरो बन्धनबाट मुक्त हुन चाहन्छन्; अतः यिनीहरूलाई बाधा पुऱ्याइदिनु पऱ्यो" भन्ने सोची घरगृहस्थीको प्रशंसा गर्दै मारले यो गाथा भनेको हो भनी सुत्त. नि.-अ. क. पृ. २९: धनियसुत्तवण्णनाले लेखेको छ ।

बुद्ध—

१७. "सोचति पुत्तेहि पुत्तिमा, (इति भगवा)
गोमा गोहि तथेव सोचति ।
उपधी हि नरस्स सोचना,
न हि सो सोचति यो निरूपधी'ति ।।"

अर्थ—

१७–"पुत्रहरू हुने पुत्रहरूको कारणमा शोकगर्छ, गाईहरू हुने गाईहरूको कारणमा शोक गर्छ । उपधी (=कामविषयादि बन्धन) नै शोकको कारण हो । जसको उपधी हुन्न उ शोक गर्दैन[1] ।"

---

१. जब पापीमारले उक्त गाथा (नं. १६) भन्यो तब भगवान्ले "यो पापीमार यिनीहरूको बिघ्नगर्नकोनिमित्त आयो" भनी जान्नुभई फलले फललाई हान्ने झैं उसले भनेको कुरा अनुरूप आफूले पनि मार-वादलाई खण्डन गरी 'उपधी' शोकको कारण हुन्छ र 'निरूपधी' नै शान्तिको कारण हुन्छ भन्नुहुँदै यो गाथा भन्नुभएको हो ।

यस गाथामा अरहत्का कुराहरू प्रकाश पारिएका छन् । जबसम्म क्लेशहरू हुन्छन् तबसम्म उपधीको कारणद्वारा शोकसन्ताप

र दुःख नै हुन्छ। जब सबै क्लेशहरू निरुद्ध हुन्छन् तब सबै प्रकारका शोकसन्ताप र दुःखहरू शान्त हुन्छन्।

उपदेशको अन्तमा धनिय र उनकी भार्या—दुवैजना प्रव्रजित भए। यसपछि भगवान् पनि आकाशमार्गद्वारा जेतवनमै फर्केर जानुभयो। प्रव्रजित भैसकेपछि उनीहरू दुवैले अरहत्व साक्षात्कार गरे र उनीहरू बस्ने ठाउँमा गोपालकहरूले विहार बनाइदिए र आजसम्म पनि सो स्थान 'गोकुलङ्कविहार' को नामले प्रसिद्ध छ भनी सुत्त. नि. अ. क. पृ. ३१: धनियसुत्तवण्णना, उरग-वग्गले उल्लेख गरेको छ।

२३. धम्मदिन्न उपासक

परिचय

धम्मदिन्न (=धर्मदिन्न) उपासक बुद्ध प्रति उत्कृष्ट श्रद्धाहुने उपासकहरूमध्येका एक हुन् । यिनी वाराणशीवासी हुनसक्छन् । जब भगवान् वाराणशीको ऋृषिपतनको मृगदायमा बसिरहनु भएको थियो तब भगवान्कहाँ गई यिनले आफूलाई उपदेश गर्ने अनुरोध गरेका थिए । भगवान्ले यिनलाई स्रोतापत्तिका चार अङ्गहरूको बारेमा उपदेश सुनाउनु भएपछि धम्मदिन्न उपासकले ती अङ्गहरू आफू र आफ्नो परिषद्मा विद्यमान भएको कुरा प्रकट गरेका थिए । यो सुनेर भगवान्ले उनीहरूको प्रशंसा गर्नुभएको कुरा यहाँ अगाडि अनुदित मूल सूत्रबाटै प्रष्टभएको छ ।

यी धम्मदिन्न उपासकका पाँचशय उपासकहरूको एक परिषद् पनि थियो । संयुत्तनिकायट्ठकथानुसार बुद्धको पालामा यी उपासकको जस्तै पाँच पाँचशय उपासकहरूको परिषद हुने अरू पनि ६ व्यक्तिहरू

थिए। जुन कुरा अगाडिको मूल सूत्रको पादटिप्पणीमा उल्लेख गरिदिएको छु।

× × ×

मूल सूत्र—

१–हामीलाई उपदेश गर्नुहोस्

एक समय भगवान् वाराणशीको ऋषिपतन मृगदायमा बस्नुभएको थियो[1]।

अनि धम्मदिन्न (=धर्मदिन्न) उपासक[2] पाँचशय उपासकहरूका साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्-

---

१. सं. नि. IV. पृ. ३४८: धम्मदिन्नसुत्तं, सोतापत्तिसंयुत्तं, अ. क. III. पृ. २२३.

२. यी धम्मदिन्न उपासक पाँचशय उपासक परिवारहरू हुने मध्येका एक हुन्। बुद्धको समयमा (१) धम्मदिन्न उपासक, (२) विशाख उपासक, (३) उग्ग गृहपति, (४) चित्र गृहपति, (५) हस्तक आलवक, (६) चुल्लअनाथपिण्डिक र (७) महाअनाथपिण्डिक—यी सातजनाका पाँच पाँचशय उपासक परिवारहरू थिए भनी सार. प. III. पृ. २२३: धम्मदिन्नसुत्तवण्णना, सोतापत्तिसंयुत्तले उल्लेख गरेको छ।

लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका धम्मदिन्न उपासकले भगवान्सँग यस्तो भने —

"भन्ते ! भगवान्ले हामीहरूलाई अववाद गर्नुहोस्। भन्ते ! भगवान्ले हामीहरूलाई अनुशासन गर्नुहोस्। जो हामीहरूकोनिमित्त दीर्घकालिक हित र सुख हुनेछ।"

"धम्मदिन्न ! त्यसोभए तिमीहरूले यस्तो सिक्नुपर्छ—'जो ती तथागतभाषित गम्भीर[१] तथा गम्भीर अर्थ भएका[२], लोकोत्तर[३] शून्य-प्रतिसंयुक्त भएका[४] सूत्रहरू हुन् तिनीहरू समय समयमा प्राप्तगरी विहार गर्नेछौं।' धम्मदिन्न ! यसरी नै तिमीहरूले सिक्नुपर्छ[५]।"

---

१. सल्लसुत्तं (सुत्त. नि. पा. पृ. ३६०) आदिमा जस्तै धर्मगम्भीर भएको। सार. प. III. पृ. २२३: धम्मदिन्नसुत्तवण्णना।

२. चेतनासुत्तं (सं. नि. II. पृ. ५६, ५७, ४४१, ४४५; अं. नि–११, पृ. ३५८) आदिमा जस्तै अर्थगम्भीर भएको। सार. प. III. पृ. २२३: धम्मदिन्नसुत्तवण्णना।

३. लोकोत्तर अर्थ प्रकाशपार्ने। सार. प. III. पृ. २२३: धम्मदिन्न-सुत्तवण्णना।

४. खज्जसुत्तं (सं. नि. II. पृ. ३१२: खन्धसंयुत्तं) आदिमा जस्तै सत्वद्वारा शून्य देखाइएका सूत्रहरू। सार. प. III. पृ. २२४: धम्म-दिन्नसुत्तवण्णना।

५. अतः तिमीहरूले चन्द्रोपमा प्रतिपदा (सं. नि. II. पृ. १६५:

"भन्ते ! केटाकेटीहरूको झंझटमा परेर घरबारमा बसेर सुत्ने, काशीको चन्दन लगाउने, मालागन्धविलेपन धारण गर्ने तथा सुनचाँदी ग्रहण गर्ने हामीलाई यो सजिलो छैन कि—जो ती तथागतभाषित गम्भीर तथा गम्भीर अर्थ भएका र लोकोत्तर शून्यप्रतिसंयुक्त भएका सूत्रहरू समय समयमा प्राप्तगरी विहार गरौं । भन्ते ! पांचवटा शिक्षापदहरूमा बस्ने हामीहरूलाई योभन्दा माथिल्लो धर्मोपदेश भगवान्ले गर्नुहोस् ।"

"धम्मदिन्न ! त्यसोभए—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,...[1] तथा बुद्ध भगवान् हुनुहुन्छ' भनी उत्कृष्ट प्रसन्नताले (अवेच्चप्पसादेन) युक्त हुनेछौं भनी; 'भगवान्को धर्म सु-आख्यात छ,...[2] तथा विज्ञपुरुषद्वारा बोधनीय छ' भनी उत्कृष्ट प्रसन्नताले युक्त हुनेछौं भनी; 'भगवान्को

चन्दूपमसुत्तं, कस्सपसंयुत्तंमा उल्लेख भए जस्तै), रथविनीत प्रतिपदा (म. नि. I. पृ. १९२: रथविनीतसुत्तंमा उल्लेख भए जस्तै), मौन प्रतिपदा (अं. नि–३, पृ. २४५: मोनेय्यसुत्तंमा उल्लेख भए जस्तै), महाआर्यवंश (अं. नि–४, पृ. ३०: अरियवंससुत्तंमा उल्लेख भए जस्तै) प्रतिपदाहरू पूरा गर्नुपर्छ भनी भनिएको हो । सार. प. III. पृ. २२४: धम्मदिन्नसुत्तवण्णना, सोतापत्तिसंयुत्तं ।

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३५६ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू पनि माथि पृ. ३५६ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

श्रावकसङ्घ सु-प्रतिपन्न छ,...[१] र लोकवासीकानिमित्त पुण्यक्षेत्र समान छ' भनी उत्कृष्ट प्रसन्नताले युक्त हुनेछौं भनी तथा 'जुन शील—अखण्ड, अछिद्र, दाग रहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधिसंवर्तनिक छ त्यस्ता आर्यकान्त शीलले सुसम्पन्न हुनेछौं' भनी सिक्नुपर्छ। धम्मदिन्न ! यसरी नै सिक्नुपर्छ।"

"भन्ते ! भगवान्‌ले जुन चारवटा स्रोतापत्तिका अङ्गहरू प्रकाश पार्नुभयो ती धर्महरू (=अङ्गहरू) हामीमा विदयमान छन् र हामी पनि ती धर्महरूलाई देखदछौं। भन्ते ! (किनभने) 'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,...तथा बुद्ध भगवान् हुनुहुन्छ' भनी हामीहरू उत्कृष्ट प्रसन्नताले युक्तछौं; 'भगवान्‌को धर्म सु-आख्यात छ...तथा विज्ञपुरुषद्वारा बोधनीय छ' भनी हामीहरू उत्कृष्ट प्रसन्नताले युक्तछौं; 'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्न छ,...र लोकवासीकानिमित्त पुण्यक्षेत्र समान छ' भनी हामीहरू उत्कृष्ट प्रसन्नताले युक्तछौं तथा 'जुन शील अखण्ड, अछिद्र,...तथा समाधिसंवर्तनिक छ त्यस्ता आर्यकान्त शीलले पनि हामी सुसम्पन्नछौं'।"

"धम्मदिन्न ! तिमीहरूको लागि लाभहो, धम्मदिन्न ! तिमीहरूको लागि सुलाभ हो जो कि तिमीहरूले स्रोतापत्तिफलको व्याकरण (=प्रकाश) गऱ्यौ।"

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३५६ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२४. धम्मिक उपासक

परिचय

लोकनाथ बुद्ध भगवान् छँदा नै श्रावस्तीवासी धम्मिक (=धार्मिक) भन्ने एक उपासक थिए। नाम अनुसार उनको प्रतिपत्ति पनि धार्मिक नै थियो। नाम अनुसार काम र काम अनुसार उनको नाम थियो। उनी शरणसम्पन्न, शीलसम्पन्न, बहुश्रुत तथा त्रिपिटकधारी अनागामी थिए। उनी अभिज्ञा[1]लाभी तथा आकाशचारी थिए। शैक्षभूमिमै बसेर उनले प्रतिसम्भिदाज्ञान प्राप्त गरेका थिए[2]। उनका पाँचशय उपासक परिषद्हरूमा पनि त्यस्तै गुणहरू थिए भनी सुत्त-निपातट्ठकथाले[3] उल्लेख गरेको छ।

---

१. 'अभिज्ञा' भनी—ऋद्धिविधज्ञान, दिव्यश्रोतज्ञान, परचित्तज्ञान, पूर्वानुस्मरणज्ञान, दिव्यचक्षुज्ञान र आस्रवक्षयज्ञानहरूलाई—भन्दछन्। दी. नि. III. पृ. २२१: सङ्गीतिसुत्तं अथवा हेर बु. प. भा–१, पृ. ५९२: वत्सगोत्रपरिव्राजक।

२. हेर माथि पृ. ६९ को पादटिप्पणीमा (उपालि गृहपति)।

३. पृ. ३१६: धम्मिकसुत्तवण्णना, चूलवग्गो।

एक उपोसथको दिनमा उपोसथिकभई एकान्तमा ध्यानगरी रहेको वेलामा मध्ययामको अन्ततिर उनको मनमा यस्तो परिवितर्कना उठ्यो—"भगवान्‌कहाँ गएर गृहस्थीहरूका प्रतिपत्ति र प्रव्रजितहरूका प्रतिपत्तिका कुराहरू सोध्नुपर्‍यो।" (यो परिवितर्कनाका कारणहरू यहाँ अगाडि अनुदित सूत्रको पादटिप्पणीमा लेखिदिएको छु।) अनि पाँचशय उपासकहरूद्वारा परिवृत्तभई भगवान्‌कहाँ गई उपरोक्त कुराहरू सोध्दै अगाडि अनुदित सूत्रमा भगवान्‌सँग यस्तो सोधे—

"पुच्छामि तं गोतम भूरिपञ्ञ..." आदि।

भगवान्‌ले पनि गाथाद्वारा उत्तर दिनुभयो।

अरू कुराहरू अगाडिको मूल सूत्रबाट प्रष्ट हुनेछन्।

× × ×

केही धम्मिक नामहरू

(१) धम्मिक (थेर)—यिनी श्रावस्तीवासी एक उपासक थिए। जो धर्मतापूर्वक जीविका गर्दथे। एकदिन प्रव्रजित हुने इच्छागरी उनले यो कुरा आफ्नी भार्यालाई भने। भार्याले—"पेटको वालक नजन्मेसम्म पर्खनुहोस्" भनी भनिन्। वालक जन्मेपछि फेरि उपासकले भार्यालाई उही कुरा भने। भार्याले "वालक

ठूलो नभएसम्म पर्खनुहोस्" भनी भनिन् । त्यसपछि यी उपासक भिक्षु भएर विपश्यना ध्यानहरू गरी चाँडैनै जसकोनिमित्त कुलपुत्रहरू प्रव्रजित हुन्छन् - त्यो परमार्थ पूरागरे । अनि एकदिन यी धम्मिक स्थविर आफ्नो घरमा गई पुत्रलाई उपदेश गरे । उनी प्रव्रजित भए । पछिगएर घरकी स्त्री पनि प्रव्रजिता भइन् । सबैले अरहत्व प्राप्तगरे । धम्म. प. अ. क. पृ. २९५: धम्मिकत्थेरवत्थु, पण्डितवग्गो ।

(२) धम्मिक (थेर)—यिनी कोशल देशको एक ब्राह्मणकुलमा जन्मेका थिए । यिनको नाम 'धम्मिक' थियो । जेतवन महाविहार दानदिएको घटनाबाट प्रभावितभई बुद्धशासनमा प्रव्रजितभई एक गाउँको आवासमा बस्दथे । तर यिनले आगन्तुक भिक्षुहरू आएको सहन सक्दैनथे र यिनको कटुवचनको कारणले गर्दा त्यस आवासमा कुनै पनि भिक्षुहरू टिक्दैनथे र आवास छाडेर जान्थे । अनि त्यहाँका उपासकहरूले यो कुरा बुद्धलाई सुनाए । अनि बुद्ध भगवान्ले उनलाई बोलाउन पठाई—"यी भिक्षु अहिले मात्र यस्ता होइनन् अघि अघि पनि यस्तै थिए" भनी रुक्खधम्म जातक[1] का कुराहरू बताउनु भई—"धम्मोहवे

---

१. यहाँ उल्लेख भएको 'रुक्खधम्मजातक' र जा. अ. क. I. पृ. २४०, नं. ७४ मा उल्लेख भएको 'रुक्खधम्मजातक' का कुराहरू मिल्दैनन् । जातकट्ठकथा I. पृ. २४० मा लेखेका रुक्खधम्मजातकका कुराहरू कपिलवस्तुमा पानीको कारणमा झगडागर्ने शाक्यहरूलाई सम्झाउने उद्देश्यले बताउनु भएको हो ।

रक्खति धम्मचारी...[१]" भन्ने गाथाहरूद्वारा अर्ति दिनुभयो । थेर. गा. अ. क. I. पृ. ३९७: धम्मिकत्थेरस्स गाथावण्णना, चतुक्कनिपात ।

(३) धम्मिक (आयुष्मान्)—यी आयुष्मान् धम्मिक त्यसवखत जातिभूमिको[२] एक आवासमा बसिरहेका थिए । जुनवखत भगवान् बुद्ध राजगृहको गृद्धकूट पर्वतमा हुनुहुन्थ्यो । जाति-भूमिमा त्यसवखत जम्मा सातवटा आवासहरू थिए । यी आयुष्मान् धम्मिक आगन्तुक भिक्षुहरूलाई सहन सक्दैनथे र

---

१. थेर. गा. पा. पृ. २९०: धम्मिकत्थेरगाथा, तिकनिपातो ।

२. 'जातिभूमि' भनेको साधारणतया विचार गर्दा जन्मेको स्थानलाई 'जातिभूमि' भनिएको हो भन्ने कुरा बुझिन्छ । तर पपञ्चसूदनीले दिएको अर्थलाई हेर्दा यसको खास अर्थ भिन्नै छ । त्यस अनुसार—सबै मानिसहरू जन्मेको ठाउँलाई 'जातिभूमि' भनिदैन । अतः जसको जन्महुने दिनमा सारा दशहजार लोकधातु नन्दनवन जस्तै रमणीयभई जात्यान्धहरूले रूप देख्छन् भूकम्प हुन्छ र अनेक प्रकारका प्रातिहार्यहरू देखापर्छन्—त्यस्ता सर्वज्ञ बोधिसत्व जन्मेको स्थल शाक्यजनपदको कपिलवस्तु भूमिभागलाई 'जातिभूमि' भनिएको हो । अतः यसबाट यो प्रष्ट बुझिन्छ कि 'जातिभूमि' भनेको कपिलवस्तुलाई नै भनिएको हो । पपं. सू. II. पृ. १११–१२: रथविनीतसुत्तवण्णना ।

यिनका कटुवाक्य आदिको कारणद्वारा कुनै पनि आगन्तुक भिक्षुहरू आयुष्मान् धम्मिक भएको आवासबाट निस्केर जान्थे। यस कारणबाट अप्रसन्न भएका दाताहरूले आयुष्मान् धम्मिकलाई सात सात पटकसम्म सातैवटा आवासहरूबाट निकाली दिए। अन्तमा आयुष्मान् धम्मिक राजगृहको गृद्धकूट पर्वतमा बसिरहनु भएका बुद्धकहाँ जाँदा बुद्ध भगवान्ले उनलाई अनेक अतीतका कुराहरू सुनाई सम्झाउनु भएको थियो। जुन कुराहरू विस्तृतरूपले अं. नि–६, पृ. ७८: धम्मिकसुत्त, धम्मिकवग्गोमा उल्लेख भएका छन्।

(४) धम्मिक (उपासक) — श्रावस्तीमा पाँचशय धम्मिक (= धार्मिक) नामका उपासकहरू थिए। तिनीहरूमध्येमा नायक हुने धम्मिक उपासकका सातजना छोराहरू र सातवटी छोरीहरू थिए। उनीहरू सबैले सलाक-यागु, सलाक-भोजन, पाक्षिक-भोजन, नवचन्द्रमा-भोजन र वर्षावासिक-भोजनहरू दानदिन्थे। यसरी पुत्र पुत्री भार्या तथा आफू सहित गरी सबैले सोह्लवटा यागु आदि भोजन प्रदान गर्थे। यसरी यी उपासक शीलवान्भई दानकार्यमा रत रहन्थे।

एकदिन यी धम्मिक उपासक बिरामी हुँदा यिनले भगवान्कहाँ "आठजना वा सोह्लजना भिक्षुहरू पठाउनुहोस्" भनी खबर पठाए। शास्ताले भिक्षुहरू पठाउनुभयो। उनीहरू आई उपासकसँग—"कुनचाहिं सूत्र सुन्न चाहन्छौ?" भनी

सोध्दा उपासकले—"सबै बुद्धहरूले नछाडेका सतिपट्ठानसूत्र सुन्न चाहन्छु" भनी भनेपछि भिक्षुहरूले सतिपट्ठानसूत्र सुनाउन थाल्नुभयो। यसै बीच—छ देवलोकहरूबाट छवटा रथहरू ल्याई आकाशमा बसी "हाम्रो रथमा आउनुहोस्, हाम्रो रथमा आउनुहोस्" भनी कराइरहेको आवाज सुनी "धर्मकथामा बाधा हुँदैछ" भन्ने सोचेर उपासकले उनीहरूलाई "नकराऊ, नकराऊ" भनी भने। तर सूत्र सुनाइरहनु भएका भिक्षुहरूले "मरण देखेर नडराउने प्राणीहरू कुनै छंनन्" भन्ने सोचेर वहाँहरू आसनबाट उठी फर्केर जानुभयो। उनका जहानहरू पनि रुनथाले। मृत्यु-पछि धम्मिक उपासक तुषितलोकमा उत्पन्न भए। यसै कुराको कारणमा भगवान्ले भिक्षुहरूलाई "इधमोदति पेच्चमोदति...[१]" भन्ने गाथा सुनाउनु भएको थियो। धम्म. प. अ. क. पृ. ६४: धम्मिकउपासकवत्थु, यमकवग्गो।

(५) धम्मिक (उपासक)—यिनी पनि श्रावस्तीवासी हुन्। यिनी अनागामी थिए। यिनका पाँचशय उपासक परिषद्हरू थिए र यिनीहरूमा पनि धम्मिक उपासकमा जस्तै गुणहरू थिए। यिनकै कुरा यहाँ उल्लेख गरिदिएको छु।

(६) धम्मिक—यी धम्मिक पियदस्सी (=प्रियदर्शी) बुद्धका एक उपस्थाक थिए। बु. वं. पा. पृ. ३२५: पियदस्सीबुद्धवंसो।

---

१. धम्म. प. पा. गा. नं. १८: यमकवग्गो।

(७) धम्मिक (स्याल)—अतीत समयमा एकवखत हाम्रा वोधिसत्व मुसाको योनिमा जन्मिनु भएको थियो। वहाँका अनेक मुसा परिवारहरू थिए। त्यसवखत यताउता घुम्दाघुम्दै एउटा स्यालले ती मुसाको बथान देख्यो र 'यी मुसाहरूलाई छकाई मुसा खानुपर्‍यो' भन्ने सोची मुसाहरू बस्ने ठाउँको नगिचमा गई पूर्वतिर हेरी मुख पाई एउटा खुट्टालेमात्र भुइमा टेकी उभिइरह्यो। अनि गोचर खोज्दै गइरहेका बोधिसत्वले उसलाई देखेर—"कुनै शीलवान् होला" भन्ने ठानी उसकहाँ गई—"भन्ते! तपाइको नाम के हो?" भनी सोध्नुभयो। उसले "मेरो नाम धम्मिक (=धार्मिक) हो" भनी भन्यो। "किन तपाइ चारखुट्टाले भुइमा नटेकी एउटै खुट्टाले मात्र टेकी बस्नु भएको नि?" भनी सोध्नुहुँदा "मैले चार खुट्टाले टेकेको खण्डमा यो पृथ्वीले बोक्न सक्दैन" भनी भन्यो। अनि फेरि "तपाइ किन मुख पाई बस्नु भएको नि?" भनी सोध्नुहुँदा "म हावा बाहेक अरू केही खान्न। त्यसैले मुख पाई बसिरहेको हुँ" भनी भन्यो। फेरि बोधिसत्वले "तापाइ किन पूर्वतिर हेरिरहनु भएको त?" भनी सोध्नुहुँदा "सूर्यलाई नमस्कार गरी बसिरहेको" भनी भन्यो। उसको कुरामाथि विश्वास गरी बोधिसत्व त्यहाँदेखि दिनको दुइपटक उसको उपस्थानकोनिमित्त आफ्ना बथानहरूका साथ जानथाल्नुभयो। अनि उपस्थानमा आएका मुसाहरू फर्केर जाने वेलामा सबभन्दा पछिल्लो मुसा समाती उसले खान्थ्यो। जब बोधिसत्वले आफ्नो बथान कम भएको देख्नुभयो तब स्यालमाथि

आशंका गरी परीक्षा गर्दा स्यालको बानी थाहापाउनु भयो। जा. अ. क. I. पृ. ३४१: बिलारजातकं, नं. १२८.

(८) धम्मिक (वग्गो)—यो वर्ग अङगुत्तरनिकाय, छक्कनिपातको पृ. ५९ मा उल्लेख भएको छ।

(९) धम्मिक (सुत्तं)—यो सूत्र अङगुत्तरनिकायको छक्कनिपात पृ. ७८: मा उल्लेख भएको छ। यस सूत्रमा आयुष्मान् धम्मिक (३) को सम्बन्धमा विस्तृत कुराहरू छन्।

(१०) धम्मिक (सुत्तं)—यो सूत्रमा श्रावस्तीवासी अनागामी धम्मिक उपासक (५) का कुराहरू समुल्लेख भएका छन्। जसको अनुवाद यहाँ अगाडि गरिदिएको छ। सुत्त. नि. पा. पृ. ३२३: चूलवग्गो, अ. क. पृ. ३१६.

× × ×

मूल सूत्र—

१–गृही प्रतिपत्ति

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । अनि धम्मिक (= धार्मिक) उपासक पाँचशय उपासकहरूका साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका धम्मिक उपासकले भगवान्लाई गाथाद्वारा भने—

१. "पुच्छामि तं गोतम भूरिपञ्ञ,
कथङ्करो सावको साधु होति ।
यो वा अगारा अनगारमेति[२],
अगारिनो वा पनुपासकासे ।।

---

१. सुत्त. नि. पृ. ३२३: धम्मिकसुत्तं, चूलवग्गो; अ. क. पृ. ३१६.

२. सिंहलमा: 'अनगारिमेति' ।

२. "तुवञ्हि लोकस्स सदेवकस्स,
गतिं पजानासि परायणं च ।
न चत्थि[१] तुल्यो निपुणत्थदस्सी,
तुवञ्हि बुद्धं पवरं वदन्ति ।।

३. "सब्बं तुवं ञाणमवेच्च धम्मं,
पकासेसि सत्ते अनुकम्पमानो ।
विवट्टच्छदोसि समन्तचक्खु,
विरोचसि विमलो सब्बलोके ।।

४. "आगञ्छि[२] ते सन्तिके नागराजा,
एरावणो नाम जिनो ति सुत्वा ।
सो पि तया मन्तयित्वाज्झगमा,
साधू ति सुत्वान पतीतरूपो ।।

५. "राजा पि तं वेस्सवणो कुवेरो,
उपेति धम्मं परिपुच्छमानो ।
तस्सा'पि त्वं पुच्छितो ब्रूसि[३] धीर[३],
सो चा पि सुत्वान पतीतरूपो ।।

---

१. स्याम र रोमनमा: 'तत्थि' ।

२. स्याम र रोमनमा: 'अगच्छि' ।

३-३. स्याममा: 'ब्रवीसि' ।

६. "ये केचिमे तित्थिया वादसीला,
आजीवका[1] वा यदि वा निगण्ठा[2]।
पञ्ञाय तं नातितरन्ति सब्बे,
ठितो वजन्तं विय सीघगामिं ॥

७. "ये केचिमे ब्राह्मणा वादसीला,
वुद्धा[3] चा[3] पि ब्राह्मणा सन्ति केचि।
सब्बे तयि[4] अत्थबद्धा भवन्ति,
यो चा[5] पि अञ्ञे[6] वादिनो मञ्ञमानो ॥

८. "अयञ्हि धम्मो निपुणो सुखो च[7],
यायं तया भगवा सुप्पवुत्तो।

---

१. सिहल र रोमनमाः 'आजीविका'।

२. स्याममाः 'निगन्था'।

३–३. स्याममाः 'वुड्ढा वा'।

४. सिहल, स्याम र रोमनमाः 'तयी'।

५. रोमनमाः 'वा'।

६. सिहलमाः 'चञ्ञो'; रोमनमाः 'चञ्ञे'।

७. सिहलमाः 'व'।

तमेव सब्बे[3] पि सुस्सूसमाना[3],
तं[2] नो वद पुच्छितो बुद्धसेट्ठ ॥

९. "सब्बे पि मे[1] भिक्खवो सन्निसिन्ना,
उपासका चा पि तथेव[4] सोतुं ।
सुणन्तु धम्मं विमलेनानु बुद्धं,
सुभासितं वासवस्सेव देवा ॥"

अर्थ –

१–"महाप्रज्ञावान् गौतम ! तपाइसँग म सोध्नचाहन्छु कि— घरबार त्यागी अनगारिय हुने श्रावक र घरबारमै बसी उपासक हुने श्रावक—यी दुवै श्रावकहरू कसरी असल हुन्छन्[5] ?

१–१. स्याममा: 'ममं सुस्सुमाना'; सिंहलमा: 'सुस्सूयमाना' ।

२. रोमनमा: 'त्वं' ।

३. रोमनमा: 'सब्बेचिमे' ।

४. स्याममा: 'तत्थेव' ।

५. भनाइको मतलव—कुन किसिमको आचरण गर्ने गृहस्थी-श्रावक र त्यागी-श्रावकलाई—असल भनिन्छ भनी सोधिएको हो । सुत्त-नि. अ. क. पृ. ३१६: धम्मिकसुत्तवण्णना, चूलवग्गो ।

२–"देवसहित लोकवासीहरूको गति[1] र सम्पराय[2] तपाइ जान्नुहुन्छ। तपाइ जस्ता निपुण अर्थदर्शी अरू छैनन्। (लोकवासीहरू) तपाइ बुद्धलाई सर्वश्रेष्ठ भन्दछन्।

३–"विशिष्ट प्रज्ञाद्वारा सबै धर्महरू जानी सत्वहरू प्रति अनुकम्पा राख्नुभई तपाइले धर्मप्रकाश पार्नुभएको छ[3]। तपाइमा राग,

---

१. यहाँ 'पञ्चगति' लाई 'गति' भनिएको हो। पञ्चगति भनेका यी हुन्—(१) नरकगति, (२) तिरश्चीनगति, (३) प्रेतगति, (४) मनुष्यगति र (५) देवगति। (म. नि. I. पृ. १०४: महासीहनाद-सुत्तं; दी. नि. III. पृ. १८२: सङ्गीतिसुत्तं)। सुत्त. नि. अ. क. पृ. ३१६: धम्मिकसुत्तवण्णना।

२. गतिहरूबाट मुक्त भएकोलाई यहाँ 'सम्पराय' भनिएको हो। अर्थात् 'परिनिर्वाण' लाई 'सम्पराय' भनिएको हो। सुत्त. नि. अ. क. पृ. ३१६: धम्मिकसुत्तवण्णना।

३. यहाँ 'धर्म प्रकाश पार्नु भएको छ' भनी -- जे जति ज्ञेयधर्महरू छन् ती सबै जान्नुभई ज-जसलाई ज-जस्तो धर्मोपदेश गर्दा उनीहरूको उद्धार हुने हो त्यस्तो धर्म कुनै पनि गुरुमुष्ठि आफूमा नराखी—बताउनु भएको छ भनी भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. ३१६: धम्मिकसुत्तवण्णनाले उल्लेख गरेको छ। विशेषगरी यहाँ जुन देवताहरूलाई धर्मोपदेश गर्नुभएको थियो ती देवताहरूको कीर्तन गरी भगवान्को प्रशंसा गरी अगाडिका दुइवटा गाथाहरू भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. ३१६: ले उल्लेख गरेको छ।

द्वेष र मोहरूपी पर्दा हटिसकेको छ । तपाइले सबै ठाउँहरूलाई देखनसक्नु हुन्छ र तपाइ निर्मलभई सबै लोकमा चम्किनु भएको छ ।

४–"तपाइ 'जिन' हुनुहुन्छ भन्ने सुनेर ऐरावण भन्ने नागराजा[१] तपाइकहाँ आए । तपाइसँग छलफल गरी तथा तपाइको धर्मोपदेश सुनी 'साधु ! साधु !!' भनी प्रशंसागरी उनी फर्केर गए ।

५–"राजा वैश्रवण (वेस्सवणो) कुवेर[२] पनि धर्मसम्बन्धी प्रश्नहरू सोध्नकोनिमित्त तपाइकहाँ आएका थिए । उनलाई पनि तपाइले उनले सोधेका कुराहरू बताउनुभयो र तपाइको (धर्म) सुनेर प्रसन्नभई उनी फर्केर गए ।

---

१. यहाँ 'ऐरावण भन्ने नागराजा' भनी—एक देवपुत्रलाई भनिएको हो ।

यी ऐरावण (एरावण) भन्ने देवपुत्र 'कामरूपी' भन्ने दिव्यविमानमा बस्दछन् । जब शक्रदेवेन्द्र उदयान-क्रीडा गर्नकोनिमित्त जान चाहन्छन् तब यी देवपुत्रले एकशय पचास (१५०) योजन प्रमाणको शरीर अभिनिर्माण गरी तेत्तीसवटा (३३) शीरहरू पनि अभिनिर्माण गर्छन् । यसरी अभिनिर्मित हात्तीलाई 'ऐरावण' भनी भन्दछन् । उसको एक एक शीरमा दुइ दुइवटा दाह्राहरू हुन्छन् । एक एकवटा दाह्रामा सात सातवटा पोखरीहरू हुन्छन् । एक एक पोखरीमा सात सातवटा पद्मिनी र यौटा पद्मिनीमा सात सातवटा फूलहरू हुन्छन् । एक एकवटा फूलमा सात सातवटा पातहरू हुन्छन् र प्रत्येक पातमा सात सातवटी अप्सराहरू नाच्छन् । यिनीहरूलाई 'पद्म-अप्सरा' भन्दछन् ।

उपरोक्त तेत्तीसवटा शीरहरूको बीचमा तेत्तीस (३३) योजन भएको 'सुदर्शन-शीर' (सुदस्सनकुम्भो) हुन्छ। त्यसमाथि योजन प्रमाणको मणिमय आसन राखिन्छ र त्यसमाथि तीन योजन अग्लो भएको पुष्पमण्डप बिच्छ्याइएको हुन्छ। अनि त्यसमा वसी अप्सरासङ्घद्वारा परिवृत्तभई शक्रदेवेन्द्रले दिव्यसम्पत्तिको अनुभव गर्छन्। उदयानक्रीडा गरी फर्केपछि सो रूप लोपगरी फेरि अघिकै जस्तै देवपुत्र नै बन्दछन्। यसै कुरालाई लक्षगरी सूत्रमा 'तपाइलाई 'जिन' हुनुहुन्छ भन्ने सुनेर ऐरावण भन्ने नागराजा तपाइकहाँ आए' भनी भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. ३१६–१७: धम्मिक-सुत्तवण्णनाले उल्लेख गरेको छ।

२. रञ्जित हुने भएकोले 'राजा', 'विसाणा' भन्ने राजधानीमा राजगर्ने भएकोले 'वैश्रवण' तथा अघिको नाम अनुसार 'कुवेर' भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ। त्यसैले सूत्रमा 'राजा वैश्रवण कुवेर' भनी उल्लेख भएको हो।

अघि उनी 'कुवेर' नामले एक ब्राह्मण महाशाल कुलमा जन्मेका थिए। दानपुण्यहरूको प्रभावद्वारा पछि उनी 'विसाणा' भन्ने राजधानीको अधिपतिभई उत्पन्न भए। त्यसैले उनलाई 'कुवेर' पनि भनिएको हो। आटानाटिय सूत्रमा पनि यसरी उल्लेख भएको छ—"मारिष ! कुवेर महाराजाको 'विसाणा' भन्ने राजधानी छ। त्यसैले कुवेर महाराजालाई 'वैश्रवण' भनी भनिएको हो।" (दी. नि. III. पृ. १५४: आटानाटियसुत्तं)।

यहाँ यस्तो लाग्नसक्छ कि—किन बढी टाढा भएको त्रयस्त्रिंश भवनमा बस्ने ऐरावण प्रथमतः आए र किन वैश्रवण उनीभन्दा पछि आए ?

अनि किन एकै नगरमा बस्ने यी धम्मिक उपासक सबैभन्दा पछि आए ? कसरी यिनले उनीहरू आएका कुरा थाहापाए ? जहाँ कि उनले सूत्रमा उनीहरू आएका कुराहरू बताउँछन् ! यहाँ यस्तो भनिन्छ—

त्यसदिन वैश्रवण राजा अनेक सहस्र मूगाको आसन भएको बाह्र योजनिक नारी वाहनमा बसी मूगाको शस्त्र उठाई दशहजार यक्षहरूद्वारा परिवृत्तभई 'भगवान्सँग प्रश्न सोध्नेछु' भनी आकाशमा बस्ने विमानहरू लिई गइरहेको वेलामा—वेलुकण्टक नगरवासी नन्दमाताको घरमाथि पुगे। ती उपासिकाको यस्तो महानुभाव थियो- परिशुद्ध शील, सँधै विकालभोजन विरता, त्रिपिटक धारिणी र अनागामी फलमा प्रतिष्ठिता। उनी त्यस समय हावाखानको लागि झ्याल उघारी शीतल ठाउँमा उभिई 'अट्ठकपारायणवर्ग' का सूत्रहरू (सुत्त. नि. पृ. ४१९) ले प्रतिमण्डित, पदव्यञ्जनहरूले युक्त (गाथाहरू) मधुर स्वरले गाइरहेकी थिइन्। वैश्रवणले त्यहाँ वाहन रोकी "मगध राज्यको पाषाणक चैत्यमा विहार गरिरहनुभएका भगवान्ले सोह्र ब्राह्मण परिचारकहरूलाई यस्तो भन्नुभयो" (सुत्त. नि. पृ. ४३८: पारायनत्थुतिगाथा) भन्ने निगमनसम्मका कुरा सुनी वर्गको अन्तमा—सुवर्णभेरीको आवाज

जस्तै भएकीको कण्ठलाई सुनेर—"साधु ! साधु !! भगिनी" (=दिदी) भनी प्रशंसा गरे। अनि उनले (=नन्दमाताले) "यहाँ को हुनुहुन्छ ?" भनी सोधिन्।

"भगिनी ! (=दिदी) म वैश्रवण हुँ।"

यी उपासिका पहिले स्रोतापन्ना भएकी थिइन् र वैश्रवण पछि स्रोतापन्न भएका थिए। यही कारणलाई मनमा राखी वेश्रवणले उनलाई भगिनीवादले सम्बोधन गरेका हुन्।

अनि उपासिकाले "हे भद्रमुखी भाई ! अबेर भइसक्यो, अब जस्तो उचित सम्झन्छौ गर" भनी भन्दा "हे भगिनी ! म तिमी प्रति सारै प्रसन्न छु। अतः प्रसन्नाकार जनाउनकोनिमित्त म केही काम गर्न चाहन्छु" भनी भने।

"हे भद्रमुखी ! त्यसोभए मेरो खेतमा पाकेका धानहरू कामदारहरूले ल्याउन सक्दैनन् तिमीले तिम्रो परिषद्लाई आज्ञा देऊ।"

"हुन्छ" भनी उनले यक्षहरूलाई आज्ञादिए। उनीहरूले धान ल्याई साँढे बाह्रशय भकारीहरू भरिदिए। त्यहाँदेखि भकारीहरू कम भएनन्। "नन्दमाताको भकारी जस्तै" भन्ने उक्ति लोकमा चलनथाल्यो। भकारीहरू भरेर वैश्रवण राजा भगवान्कहाँ गए। भगवान्ले "तिमी कुवेलामा आयौ" भनी भन्नुभएपछि उनले "हो, भगवान्" भनी घटेका कुराहरू जम्मै भगवान्लाई सुनाए।

यिनै कारणले गर्दा नगिचको चातुर्महाराजिकमा बस्ने भएर पनि वैश्रवण राजा भगवान्‌कहाँ पछि पुगेका हुन् ।

ऐरावणको चाहिं बीचबाटामा कुनै काम नपरेको हुनाले उनी चाँडै पुगेका हुन् ।

यी धम्मिक उपासक अनागामी थिए । प्रकृति स्वभावले नै यिनी एकाहारी थिए । तैपनि त्यसदिन उपोसथको दिन भएकोले उपोसथ अष्टाङ्गशील अधिष्ठान गरी संध्यासमयमा शुद्ध तथा असल लुगा लगाई पाँचशय उपासकहरूद्वारा परिवृत्तभई जेतवनाराममा गई धर्मोपदेश सुनी आफ्नो घरमा फर्केर आई ती उपासकहरूलाई उपोसथशील तथा शरणागमन सम्बन्धी गुण युक्त उपदेशहरू सुनाई उनीहरूलाई बिदादिए । ती प्रत्येक उपासककोनिमित्त अलग अलग कोठामा मुट्ठीहात उँचाइ भएका खाटहरू पनि उनकै घरमा बिच्छयाइ राखेका थिए । उनीहरू आ-आफ्ना कोठामा गई समापत्तिमा बसे । उपासक पनि त्यसरी नै बसे ।

त्यस समय श्रावस्तीमा एकलाख सन्ताउन्नहजार (१,५७,०००) कुलहरू बस्दथे । यहाँ बस्ने मानिसहरूको संख्या अठारकोटी (१८,००,००,०००) थियो । अतः प्रथम याममा हात्ती, घोडा, मानिस तथा भेरी आदिको आवाज श्रावस्ती महासमुद्रको आवाज जस्तै हुन्थ्यो । मध्ययाम बितिसकेपछि त्यो आवाज साम्यहुन्थ्यो । अनि उपासक समापत्तिबाट उठी आफ्नो

गुणानुस्मरण गर्दै—जुन कारणले म मार्गसुख र फलसुखको अनुभव गरिरहेको छु—यो कसको कारणले प्राप्त भएको हो ? भनी विचारगरी हेर्दा 'भगवान्कै कारणले हो' भन्ने लागेर भगवान् प्रति अति प्रसन्नभई 'अहिले भगवान् कुन ध्यानमा बसिरहनु भएको रहेछ ?' भनी आवर्जनगरी हेर्दा—दिव्यचक्षुद्वारा उनले ऐरावण र वैश्रवणहरूलाई देखेर फेरि दिव्यश्रोतधातुद्वारा उनीहरूलाई दिइरहनु भएको धर्मोपदेश पनि सुने । अनि परचित्तज्ञानद्वारा उनीहरूको चित्त प्रसन्न भएको कुरा पनि जाने । अनि "म पनि भगवान्कहाँ गई उपासक र प्रव्रजित—दुवैको हितको प्रतिपत्ति सम्बन्धी कुरा सोध्नुपर्‍यो" भनी वितर्कना गरी भगवान्कहाँ प्रश्नहरू सोध्न गए ।

त्यसैले एकै नगरमा बस्ने भएर पनि उनी पछि आइपुगे र यसरी उनले ऐरावण र वैश्रवणहरू आएका कुरा पनि जानेका हुन् । त्यसैले सूत्रमा 'तपाइ 'जिन' हुनुहुन्छ भन्ने सुनेर··· उनी फर्केर गए' भनी उल्लेख भएको हो भनी सुत्त. नि. अ. क. पृ. २१७–१९: धम्मिकसुत्तवण्णनाले उल्लेख गरेको हो ।

त्यसपछि बुद्धशासनभन्दा बाहिरका लोकसम्मत श्रमण ब्राह्मणहरूभन्दा पनि भगवान् उत्तम हुनुहुन्छ भनी प्रशंसा गर्दै अगाडिका दुइ गाथाहरू (नं. ६ र ७) भनेका हुन् भनी सुत्त. नि. अ. क. पृ. ३१९: ले उल्लेख गरेको छ ।

६–"जो ती वादशील तीर्थीयहरू[1] हुन्, जो ती वादशील आजीवक र निगण्ठहरू हुन्—उनीहरू र अरू सबैले—उभिइरहनेले छिटो छिटो हिड्नेलाई भेट्टाउन नसक्ने झैं तपाइको प्रज्ञालाई भेट्टाउन सक्दैनन् ।

७–"जो ती वादशील वृद्ध ब्राह्मणहरू छन्[2], जो ती अरू पनि ब्राह्मणहरू छन्—ती सबै तपाइसँगै कुरा सोध्नकोनिमित्त प्रतिबद्ध छन् र यिनीहरू बाहेक अरू पनि[3] जो वादी ठान्नेहरू हुन् तिनीहरू पनि ।

---

१. "हामी सम्यक् प्रतिपन्न छौं, अरू मिथ्या प्रतिपन्न छन्" भनी वचनतीरले प्रहार गर्दै हिंडिरहने नन्दवत्स, कृशसांकृत्य र मक्खली-गोशाल आदि वादीहरूले निर्माण गरेका धर्महरूमा प्रव्रजित भएका पूरणकश्यपादि ६ शास्ताहरूलाई लक्षगरी यहाँ 'तीर्थीयहरू' भनी भनिएको हो । 'निगण्ठ' भनी निगण्ठ-नाटपुत्रलाई भनिएको हो । 'अरू सबै' भनी उनीहरूका शिष्यहरू तथा अनुयायीहरूलाई भनिएको हो । सुत्त. नि. अ. क. पृ. ३१९: धम्मिकसुत्तवण्णना ।

२. चङ्की, तारुक्ष, पुष्करसाती तथा जाणुस्सोणि आदि ब्राह्मणहरूलाई ध्यानमा राखी यहाँ 'वृद्ध ब्राह्मणहरू' भनी भनिएको हो । 'अरू पनि' भन्नाले अस्सलायन, वाशिष्ठ, अम्बष्ठ र उत्तर माणवादि-हरूलाई दर्शाइएको हो भनी सुत्त. नि. अ. क. पृ. ३१९: धम्मिक-सुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. यहाँ 'अरू पनि' भन्नाले ब्राह्मण बाहेक क्षत्री, ब्रह्मा, देवगणादिलाई सम्मेत भनिएको हो । सुत्त. नि. अ. क. पृ. ३१९.

८–"यो धर्म[1] निपुण तथा सुखावह छ। जसको देशना तपाइ भगवान्‌ले राम्ररी गर्नुभएको छ। सोही धर्म हामी सबै सुन्नचाहन्छौं। बुद्ध श्रेष्ठ! हामी सोध्दछौं, तपाइले बताउनुहोस्।

९–"धर्म सुन्नकोनिमित्त बसिरहेका सबै भिक्षु र उपासकहरूले[2] निर्मल हुनुभएका बुद्धले अवबोध गरेका धर्मलाई— इन्द्रको सुभाषितलाई देवताहरूले सुने झैं—सुन्नुहोस्।"

---

१. यहाँ सप्तत्रिंश बोधिपक्षीय धर्मलाई 'धर्म' भनिएको हो। सुत्त. नि. अ. क. पृ. ३१९: धम्मिकसुत्तवण्णना।

सप्तत्रिंश बोधिपक्षीय धर्म भनेका यी हुन्—

(१) चार सतिपट्ठान (=चारवटा स्मृतिप्रस्थान),

(२) चार सम्मप्पधान (=चारवटा सम्यक्‌प्रधान),

(३) चार इद्धिपाद (=चारवटा ऋद्धिपाद),

(४) पाँच इन्द्रिय (=पाँचवटा इन्द्रियहरू),

(५) पाँच बल (=पाँचवटा बल),

(६) सात बोज्झङ्ग (=सातवटा बोध्यङ्गहरू) र

(७) आठ मग्गङ्ग (=आठवटा मार्गाङ्गहरू)।

(अभि. ध. सं. परिच्छेद–७; पटि. म. अ. क. पृ. ४०१: महावग्गो, गतिकथावण्णना)।

२. त्यसवखत त्यहाँ भेलाभई बसिरहेका पाँचशय भिक्षुहरू र आफ्ना परिवारहरूका साथ अरू पनि उपस्थित उपासकहरूलाई औंल्याउँदै 'सबै भिक्षु र उपासकहरू' भनी भनिएको हो। सुत्त. नि. अ. क. पृ. ३१९: धम्मिकसुत्तवण्णना।

बुद्ध—

१०. "सुणाथ मे भिक्खवो सावयामि वो,
धम्मं धुतं तं च चराथ[१] सब्बे।
इरियापथं पब्बजितानुलोमिकं,
सेवेथ नं अत्थदसो[२] मुतीमा[२]॥

११. "नो[३] वे विकाले विचरेय्य भिक्खु,
गामे[४] च पिण्डाय चरेय्य काले।
अकाल चारिं हि सजन्ति सङ्गा,
तस्मा विकाले न चरन्ति बुद्धा॥

१२. "रूपा च सद्दा च रसा च गन्धा,
फस्सा च ये सम्मदयन्ति सत्ते।
एतेसु धम्मेसु विनेय्य छन्दं,
कालेन सो पविसे पातरासं॥

---

१. सिंहल र रोमनमाः 'धराथ'।

२–२. सिंहलमाः 'अत्थदस्सी मुतिमा'; स्याममाः 'अत्थदस्सी मतिमा'; रोमनमाः 'अत्थदस्सी मुतीमा'।

३. सिंहल र रोमनमाः 'न'।

४. सिंहल र रोमनमाः 'गामं'।

१३. "पिण्डं च भिक्खु समयेन लद्धा,
एको पटिक्कम्म रहो निसीदे ।
अज्झत्त चिन्ती न मनो बहिद्धा,
निच्छारये सङ्गहितत्तभावो[1] ॥

१४. "सचे पि सो सल्लपे सावकेन,
अञ्ञेन वा केनचि भिक्खुना वा ।
धम्मं पणीतं तमुदाहरेय्य,
न पेसुणं नो पि परुपवादं ॥

१५. "वादञ्हि एके पटिसेनियन्ति,
न ते पसंसाम परित्तपञ्ञे ।
ततो ततो ने पसजन्ति[2] सङ्गा,
चित्तञ्हि ते तत्थ गमेन्ति दूरे ॥

१६. "पिण्डं विहारं सयनासनं च,
आपं च सङ्घाटिरजूपवाहनं ।
सुत्वान धम्मं सुगतेन देसितं,
सङ्खाय सेवे वरपञ्ञसावको ॥

---

१. सिंहल र रोमनमा: 'सङ्गहीतत्तभावो' ।

२. नालन्दा पालिमा: 'नेव सजन्ति' ।

१७. "तस्मा हि पिण्डे सयनासने च,
आपे च सङ्घाटिरजूपवाहने।
एतेसु धम्मेसु अनूपलित्तो,
भिक्खु यथा पोक्खरे वारिविन्दु ॥

१८. "गहट्ठवत्तं पन वो वदामि,
यथाकरो सावको साधु होति।
न हेस[१] लब्भा सपरिग्गहेन,
फस्सेतुं[२] यो केवलो भिक्खुधम्मो ॥

१९. "पाणं न हने[३] न च घातयेय्य,
न चानुजञ्ञा हनतं परेसं।
सब्बेसु भूतेसु निधाय दण्डं,
ये थावरा ये च तसन्ति[४] लोके ॥

२०. "ततो अदिन्नं परिवज्जयेय्य,
किञ्चि क्वचि सावको बुज्झमानो।
न हारये हरतं नानुजञ्ञा,
सब्बं अदिन्नं परिवज्जयेय्य ॥

---

१. सिंहल र रोमनमाः 'हेसो'।
२. स्याम र रोमनमाः 'फस्सेतु'।
३. सिंहलमाः 'हाने'।
४. बर्मीमाः 'तसा सन्ति'।

२१. "अब्रह्मचरियं परिवज्जयेय्य,
अङ्गारकासुं जलितं व विञ्ञू।
असम्भुणन्तो पन ब्रह्मचरियं,
परस्स दारं न अतिक्कमेय्य ॥

२२. "सभग्गतो वा परिसग्गतो वा,
एकस्स वेको[1] न मुसा भणेय्य।
न भाणये भणतं नानुजञ्ञा,
सब्बं अभूतं परिवज्जयेय्य ॥

२३. "मज्जं च पानं न समाचरेय्य,
धम्मं इमं[2] रोचये यो गहट्ठो।
न पायये पिवतं[3] नानुजञ्ञा,
उम्मादनन्तं इति नं विदित्वा ॥

२४. "मदा हि पापानि करोन्ति बाला,
कारेन्ति[4] चञ्ञे पि जने पमत्ते।
एतं अपुञ्ञायतनं विवज्जये,
उम्मादनं मोहनं बालकन्तं ॥

---

१. सिहल, स्याम र रोमनमाः 'चेको'।

२. स्याममाः 'इदं'।

३. स्याममाः 'पिवितं'; रोमनमाः 'पिपतं'।

४. सिहल र रोमनमाः 'करोन्ति'।

२५. "पाणं न हने न चादिन्नमादिये,
मुसा न भासे न च मज्जपो सिया।
अब्रह्मचरिया विरमेय्य मेथुना,
रत्तिं न भुञ्जेय्य विकाल भोजनं॥

२६. "मालं न धारे न च गन्धमाचरे,
मञ्चे छमायं व सयेथ सन्थते।
एतं हि अट्ठङ्गिकमाहुपोसथं,
बुद्धेन दुक्खन्तगुना पकासितं॥

२७. "ततो च पक्खस्सुपवस्सुपोसथं,
चातुद्दसिं पञ्चदसिं च अट्ठमिं।
पाटिहारियपक्खं[1] च पसन्नमानसो,
अट्ठङ्गुपेतं सुसमत्तरूपं॥

२८. "ततो च पाते उपवुत्थुपोसथो[2],
अन्नेन पानेन च भिक्खुसङ्घं।
पसन्नचित्तो अनुमोदमानो,
यथारहं संविभजेथ विञ्ञू॥

---

१. स्याममाः 'पाटिहारिकपक्खं'; रोमनमाः 'पटिहारकपक्खं'।
२. स्याममाः 'उपवुट्ठपोसथो'।

२९. "धम्मेन मातापितरो भरेय्य,
पयोजये धम्मिकं सो वणिज्जं ।
एतं गिही वत्तयमप्पमत्तो,
सयम्पभे नाम उपेति देवे'ति ।।"

अथ—

१०–"भिक्षुहो[1] ! मेरो कुरा सुन, म सुनाउँछु, तिमीहरू सबैले धुतधर्मलाई[2] पालन गर । अर्थदर्शी तथा बुद्धिमानीभई प्रव्रजितहरूको अनुरूप ईर्य्यापथ सेवन गर ।

११–"भिक्षुहो ! विकालमा (=असमयमा) विचरण नगर[3] । समयमै भिक्षाटनकोनिमित्त गाउँमा जाऊ । असमयमा विचरण गर्नेहरूको (चित्त) रागबन्धनले बाँध्छ । त्यसैले बुद्धिमानी पुरुषहरू विकालमा विचरण गर्दैनन् ।

---

१. प्रथमतः अनगारिय प्रतिपद् प्रकाशपार्ने विचार गरी भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै—'भिक्षुहो !' भनी भन्नुभएको हो भनी सुत्त. नि. अ. क. पृ. ३२०: धम्मिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. यहाँ 'धुतधर्म' भनी क्लेशहरूलाई छेदन गर्ने धर्मलाई 'धुतधर्म' भनिएको हो । सुत्त. नि. अ. क. पृ. ३२०.

३. यस उपदेशको समयसम्म 'विकाल समयमा भोजन गर्न नहुने शिक्षापद' बनिसकेको थिएन । यहाँ चाहि केवल उपदेशको रूपमा

(सकालमा भिक्षा जानेले पनि यसरी सिक्नुपर्छ भन्नुहुँदै—)

१२–"जुन ती रूप, शब्द, गन्ध, रस तथा स्पर्शहरूले सत्वहरूलाई मद-प्रमत्त पार्दछ—त्यसमाथि हुने छन्दरागलाई हटाऊ र प्रातःकालिक भोजनकोनिमित्त (समयमै भिक्षाटनकोनिमित्त) निस्क ।

१३–"अनि समयमै लाभ भएको भिक्षा लिएर फर्की एक्लै एकान्तमा बसी मनलाई बाहिर जान नदिई अध्यात्म चिन्तन तथा एकाग्र चित्त गरी बस ।

१४–"यदि उसले कुनै श्रावकसँग[१] वा अरू कुनै भिक्षुसँग कुरा गर्छ भने प्रणीत धर्मका कुराहरू गरोस् र पैशुन्य वा परनिन्दाको कुरा नगरोस् ।

१५–"यहाँ केही वाद गर्छन्; म त्यस्ता अल्पप्रज्ञा हुनेको प्रशंसा गर्दिन । किनकि त्यसकारणद्वारा बन्धन नै बढ्छ । अनि उनीहरूको चित्त (समथविपश्यनाबाट) टाढा पुग्छ ।

मात्रै 'विकाल' भनिएको हो । विकालमा भिक्षाटन जाँदा हुनसक्ने दोष देखाउनु हुँदै पृथग्जनलाई यस्तो सम्झाउनु भएको हो । आर्यहरू चाहिं मार्गफलमा पुग्नेबित्तिकै स्वभावत नै विकाल भोजनबाट विरत रहन्छन् भनी सुत्त. नि. अ. क. पृ. ३२०: धम्मिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. यहाँ 'श्रावक' भनी कुनै अन्य धर्मावलम्बी साधुसन्तहरूलाई भनिएको हो । सुत्त. नि. अ. क. पृ. ३२०.

१६–"सुगतले सुदेशित धर्मलाई सुनेर श्रेष्ठ प्रज्ञाहुने श्रावकले पिण्ड (=भिक्षा भोजन), शयनासन विहार, पानी तथा सङ्घाटी धुने आदि कामहरूमा विचार पुऱ्याई गर्नू [१]।

---

१. यहाँ 'विचार पुऱ्याई' भनी—चतुप्रत्ययहरू सेवन गर्दा भिक्षुहरूले जुन प्रत्यवेक्षणा गर्नुपर्ने हो त्यो गरेर भनी भनिएको हो। चीवर सेवन गर्दा भिक्षुले—'शीतल हटाउनकोनिमित्त, गरम हटाउनकोनिमित्त, कीटपतङ्गादि हटाउनकोनिमित्त र खासगरी लज्जा ढाक्नकोनिमित्त यो चीवर सेवन गर्छु' भन्ने सम्झेर चीवर सेवन गर्छ। भोजन सेवन गर्दा—'न क्रीडाकोनिमित्त, न बलवान् हुनकोनिमित्त र न सुन्दर बन्नकोनिमित्त,··· बल्कि निरवदचरूपले जीवन यापन गर्नेकोनिमित्त' भन्ने सम्झेर भिक्षा भोजन गर्छ। शयनासन सेवन गर्दा—'केवल शीतबाट बच्नकोनिमित्त, गरमबाट बच्नकोनिमित्त, कीटपतङ्गबाट बच्नकोनिमित्त र ऋतुको कारणमा हुने बाधा हटाउनकोनिमित्त' भन्ने सम्झेर शयनासन सेवन गर्छ। ग्लानप्रत्यय औषधी सेवन गर्दा—'केवल रोग व्याधी दूर गरी स्वास्थ्य ठीक राख्नकोनिमित्त' भन्ने सम्झेर ग्लानप्रत्यय औषधी सेवन गर्छ। (म. नि. I. पृ. १४–१५: सब्बासवसुत्तं) सुत्त. नि. अ. क. पृ. ३२१: धम्मिकसुत्तवण्णना।

१७–"अतः पिण्ड, शयनासन, पानी र सङ्घाटी[१] धुने आदि कामहरूमा भिक्षु कमलपत्रको पानी जस्तै भई बस्न सक्नुपर्छ ।

(भिक्षुहरूको प्रतिपद्को कुरा पछि आगारिय प्रतिपद् बताउनुहुँदै भगवान्ले यस्तो भन्नुभयो –)

१८–"जुन भिक्षुधर्म मात्र मैले बताएँ त्यो सपरिग्राही हुनेले पाउन सक्दैन । अतः तिमीहरूलाई गृहस्थी-धर्म बताउँछु । जुन पालन गर्दा असल (गृहस्थी) श्रावक हुनेछौ ।

१९–"संसारमा जति स्थावर र जङ्गमहरू छन् ती सबै प्राणीहरू प्रतिको दण्डलाई त्यागी प्रतिहिंसा (=पीडा) नगर्नू, प्राणीघात नगर्नू, प्राणीघात नगराउनू र गर्नेलाई पनि अनुमति नदिनू ।

२०–"त्यसपछि अर्काको भनी जान्ने श्रावकले कसैका कहीं राखेका वस्तुहरू चोरी गरेर नलिनू, चोरी नगराउनू र चोरी गर्नेलाई अनुमति पनि नदिनू । सबै प्रकारका चोरीकामहरूलाई त्याग्नू ।

२१–"विज्ञजनले खाडलमा बलेको गोलको आगोलाई त्याग्ने झैं अब्रह्मचर्यलाई त्याग्नू । यदि ब्रह्मचर्य पालन गर्न सक्दैन भने पनि परदार सेवन नगर्नू ।

---

१. यहाँ 'पिण्ड, शयनासन, पानी र सङ्घाटी' भन्नाले—भोजन, शयनासन, ग्लानप्रत्यय तथा चीवर आदि चतुप्रत्ययलाई भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. ३२१: धम्मिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२२–"सभाको बीचमा वा परिषद्को बीचमा अथवा एकले अर्कालाई झूटो नबोल्नू। झूटो बोल्न पनि नलगाउनू र झूटो बोल्नको-निमित्त अनुमति पनि नदिनू। सबै प्रकारका झूटलाई त्याग्नू।

२३–"मद्यपानको परिणाम उन्मत्त हो भनी जानेर मद्यपान त्याग्न चाहने गृहस्थीले मद्यपान सेवन नगर्नू, मद्यपान सेवन नगराउनू र सेवन गर्नेलाई पनि अनुमति नदिनू।

२४–"मदको कारणले गर्दा मूर्खहरू पाप गर्छन् र अरू प्रमादी-हरूले पनि। यस्तो अपुण्यस्थललाई त्याग्नू। उन्मादक र मोहकलाई मूर्खहरू मात्र रुचाउँछन्।

(यसपछि उपोसथ शीलको कुरा बताउनुहुँदै यस्तो भन्नुभयो—)

२५–"प्राणीघात नगर्नू, चोरी नगर्नू, झूटो नबोल्नू, मद्यपान नगर्नू, मैथुन अब्रह्मचर्यलाई त्याग्नू, रातमा[1] विकाल भोजन नगर्नू।

२६–"माला नलगाउनू, सुगन्ध नलगाउनू, खाट वा भुइँमा मात्र (बिछ्यौना) बछ्याएर सुत्नू। यसैलाई अष्टाङ्गिक उपोसथ

१. यहाँ 'रात' भन्नाले रातमा मात्र नखानू भनिएको होइन। दिनमा पनि समय वितिसकेपछि नखानू भनिएको हो भनी सुत्त. नि. अ. क. पृ. ३२२: धम्मिकसुत्तवण्णनाले उल्लेख गरेको छ।

(शील) भन्दछन् । जसलाई दुःखको अन्तमा पुग्नुभएका बुद्धले प्रकाश-पार्नु भएको छ ।

(त्यसपछि उपोसथ शील पालन गर्ने समय बताउनुहुँदै यस्तो भन्नुभयो —)

२७–"अनि पक्षको चतुर्दशी, पञ्चदशी (=पूर्णिमा) र अष्टमीमा उपोसथ (शील) पालन गर्नू । त्यस्तैगरी पाटिहारिय पक्षमा[1] पनि । अनि प्रसन्न मन गरी अष्टाङ्गयुक्त उपोसथ (शील) सुसम्पन्न गर्नू ।

२८–"यसरी उपोसथ बस्ने बुद्धिमानीले बिहानपख अन्न तथा पानद्वारा प्रसन्नचित्त गरी यथाशक्य भिक्षुसङ्घलाई दानदिनू अर्थात भोजन गराउनू ।

२९–"अनि धर्मतापूर्वक आमा-बाबुहरूको भरणपोषण गर्नू र धार्मिक व्यापार गर्नू[२] । जो गृहस्थी (यहाँ उल्लेख भएका) व्रतहरू पालन गर्छ उ 'स्वयंप्रभा' भन्ने कामावचर देवलोकमा उत्पन्न हुन्छ ।"

---

१. वर्षावास बस्नुभन्दा अघिल्लो आषाढ महीना, वर्षावास भित्रका तीन महीना र वर्षावास पछिको कार्तिक महीना समेत गरी जम्मा पाँच महीनालाई यहाँ 'पाटिहारियपक्ष' भनिएको हो । कसैले — 'आषाढ, कार्तिक तथा फागुन' महीनाहरूलाई 'पाटिहारियपक्ष' भनेका छन् । सुत्त. नि. अ. क. पृ. ३२३.

२. (१) शस्त्र-व्यापार, (२) सत्व-व्यापार, (३) मांस-व्यापार, (४) मदिरा-व्यापार र (५) विष-व्यापार (अं. नि–५, पृ. ४५४: वणिज्जसुत्तं, उपासकवग्गो) लाई छाडी अरू व्यापारलाई 'धार्मिक व्यापार' भनिएको हो। व्यापार शब्दले कृषी गौपालनलाई पनि लिइएको छ भनी सुत्त. नि. अ. क. पृ. ३२३: धम्मिकसुत्तवण्णना, चूलवग्गले उल्लेख गरेको छ।

२५. नन्दिय शाक्य

प रि च य

नन्दिय शाक्यको बारेमा उपलब्ध भएका अगाडि अनुदित तीनवटा सूत्रहरूको अध्ययनपछि यो स्पष्ट हुन्छ कि यी नन्दिय शाक्य कपिलवस्तुवासी हुन् । तर मूल सूत्र र अट्ठकथाहरूमा यिनी कसका छोरा हुन् भन्ने सम्बन्धमा भने कतै कुनै कुराको उल्लेख भएको पाइँदैन । जे होस् यिनी एक शाक्यपुत्र थिए ।

भगवान् बुद्ध कपिलवस्तुको न्यग्रोधाराममा बसिरहनु भएको वेलामा वहाँकहाँ गई यिनले पहिलेपल्ट "जोसँग चार स्रोतापत्ति-अङ्गहरू हुन्नन् उसैलाई प्रमादविहारी भन्छन् के ?" भन्ने प्रश्न सोधेका थिए । दोश्रो पटक भेटहुँदा भगवान्ले यिनलाई "चार कारणहरूले युक्त हुने पुरुष स्रोतापन्न हुन्छ" भन्ने कुरा सुनाउनु भएको थियो । जब भगवान् वर्षावास गर्नकोनिमित्त कपिलवस्तुबाट श्रावस्तीमा जानुभयो-तब श्रावस्तीमा गई आफ्नो कामकाज गरी त्यहीं तीनमहीना बिताई यिनले बुद्धसँग सत्संगत पनि गरेका थिए । यस बीचमा एकदिन यिनले भगवान्सँग "नानाविषयमा मनलगाई बस्ने हामीहरूले कुन विषयमा

मनलगाई बस्नु बढिया होला ?" भनेर गरेका प्रश्नको उत्तरमा भगवान्ले यिनलाई ६ विषयहरूमा मनलगाई ५ विषयको अनुस्मरण गरेर बस्ने अतिउपदेश दिनुभएको थियो । जुन कुराहरू यहाँ अगाडि अनुदित सूत्रहरूमा प्रष्ट भएका छन् ।

× × ×

भिन्नाभिन्नै नन्दिय नामहरू

(१) नन्दिय (स्थविर)—यी स्थविर कपिलवस्तु नगरको एक शाक्यकुलमा जन्मेका थिए। यिनी जन्मिदा आमा-वाबुहरू नन्दित भएको हुनाले यिनको नाम नै 'नन्दिय' रहन गएको हो भनी थेर. गा. अ. क. I. पृ. ८२: नन्दियत्थेरस्स गाथावण्णनाले उल्लेख गरेको छ। वँशमा पुगेपछि कपिलवस्तुका अनुरुद्धादि शाक्यहरू प्रव्रजित भएको देखेर यिनी पनि प्रव्रजित भएका थिए र पछि यिनले अरहत्व पनि प्राप्तगरे भनी उक्त वण्णनामा नै उल्लेख भएको छ।

एक समय यी स्थविर आयुष्मान् अनुरुद्ध र आयुष्मान् किम्बिलहरूसँग पाचिनवंसदायमा बसिरहेका कुरा म. नि. III. पृ. २२३: उपक्किलेससुत्तमा, म. नि. I. पृ. २५६: चूलगोसिङ्ग-सुत्तमा, महा. व. पा. पृ. ३८१: पाचीनवंसदाय गमनकथा,

कोसम्बककक्खन्धमा तथा म. नि. II. पृ. १४८: नलकपानसुत्तमा पनि पाइन्छ ।

(२) नन्दिय—यिनी वाराणशीवासी एक श्रद्धासम्पन्न कुलगृहका एक पुत्र हुन् । यिनी पनि उनका आमा-बाबुहरू जस्तै श्रद्धावान् थिए । यिनलाई आफ्ना आमा-बाबुहरूले मामाकी छोरी रेवती भन्ने कन्यासँग विवाह गरिदिएका थिए । यिनले चारवटा कोठाहरूले युक्त भएका चारवटा शाला बनाई बुद्धसहित भिक्षु-सङ्घलाई दानदिएका थिए । पछि यिनी त्रयस्त्रिंश दिव्यलोकमा उत्पन्न भए । धम्म. प. अ. क. पृ. ४७७: नन्दियस्सवत्थु, पियवग्गो–१६, यसै सन्दर्भमा भगवान्ले 'चिरप्पवासिं पुरिसं...' भन्ने धम्मपदको गाथा देशना गर्नुभएको थियो । यी नन्दियका कुरा विमा. व. अ. क. पृ. १७६: रेवतीविमानमा र पेत. व. अ. क. पृ. १८४: रेवतीपेतवत्थुमा पनि उल्लेख भएको पाइन्छ ।

(३) नन्दिय (परिब्राजक)—यिनी उही परिब्राजक हुन् जसले श्रावस्तीमा बसिरहनु भएका भगवान्कहाँ गई वहाँसँग कति अङ्गहरूको भाविता गर्दा निर्वाणगामी हुन सकिन्छ ? भन्ने प्रश्न सोधेका थिए । सं. नि. IV. पृ. ११: नन्दियसुत्तं, मग्गसंयुत्तं ।

(४) नन्दिय (राजा)—यिनी १६ कल्प अघिका एक राजा हुन् । जो पछि बुद्धको पालामा तिलमुट्ठिदायकत्थेर भए । अप. दा. पा. I. पृ. २८५: तिलमुट्ठिदायकत्थेर अपदानं ।

(५) नन्दिय (शाक्य)— यिनकै कुरा यहाँ अगाडि लेखिदिएको छ। यिनी कपिलवस्तुवासी हुन्। भगवान् कपिलवस्तुमा छँदा यिनले वहाँसँग प्रश्नहरू सोधेका थिए र पछि वर्षावासकोनिमित्त भगवान् कपिलवस्तुबाट श्रावस्तीमा जानुभएपछि श्रावस्तीमै गई यिनले पनि वर्षावास बिताएका थिए।

(६) नन्दिय (बाँदर)— यिनी बोधिसत्व बाँदर थिए। एक समय बोधिसत्व नन्दिय भन्ने बाँदर भई जन्मेका थिए। उनको भाइ बाँदरको नाम चुल्लनन्दिय थियो। यिनीहरूका ८० हजार बाँदर परिषद् थियो। यिनीहरूकी आमा बाँदरनी अन्धी थिई। पछिगएर आफ्नो जमातलाई छाडेर आफ्नी अन्धी आमाको हेरचाह गरी बस्नथाले। त्यसबखत एक दुष्ट व्याधा ब्राह्मणले यिनीहरू सबैलाई मारिदियो। यो जातकका कुरा वेणुवनमा बसिरहनु भएका भगवान् बुद्धले देवदत्तको क्रूरताको बारेमा भिक्षुहरूको बीचमा भइरहेको कुराको सन्दर्भमा बताउनु भएको हो। जा. अ. क. I–II. पृ. ५१२: चूलनन्दियजातकं, नं. २२२; हेर बु. ब्रा. भा–३, पृ. ९ मा पनि।

(७) नन्दिय (मृग)—यी नन्दिय मृग बोधिसत्व थिए। अतीत समयमा बोधिसत्व मृगयोनीमा जन्मेका थिए र उनको नाम 'नन्दिय' थियो। त्यस समय बोधिसत्व नन्दिय मृग राजाले आफ्ना आमा-बाबुहरूको भरणपोषण गर्दथे र धेरै मृगहरूको-निमित्त अभयदान प्राप्त गराइदिएका थिए। यी नन्दिय मृग-

राजाको कथा जा. अ. क. III. पृ. १९०: नन्दियमिगराज-जातकंमा उल्लेख भएको पाइन्छ । जा. नं. ३८५ । यो जातकको कुरा जेतवनमा बसिरहनु भएका भगवान् बुद्धले मातृपोषक एक भिक्षुको कारणमा बताउनु भएको हो ।

(८) नन्दिय (सुत्तं)—यो त्यो सूत्र हो जुन सूत्रमा श्रावस्तीमा बसिरहनु भएका भगवान्सँग नन्दिय परिव्राजकले "कति धर्महरूको भाविता गर्‍यो भने निर्वाणगामी हुनसकिन्छ ?" भन्ने प्रश्न सोधेका कुराहरू छन् । सं. नि. IV. पृ. ११: नन्दियसुत्तं, मग्गसंयुत्तं ।

(९) नन्दिय (सक्कसुत्तं)—यो त्यो सूत्र हो जुन सूत्रमा कपिलवस्तुको न्यग्रोधाराममा बसिरहनु भएका भगवान्सँग नन्दिय शाक्यले "भन्ते ! जोसँग स्रोतापत्ति अङ्गहरू हुन्नन् उसैलाई प्रमादविहारी भन्दछन् के ?" भन्ने प्रश्न सोधेका कुराहरू छन् । सं. नि. IV. पृ. ३३९: नन्दियसक्कसुत्तं, सोतापत्तिसंयुत्तं । यस सूत्रको अनुवाद यहाँ अगाडि गरिदिएको छ ।

(१०) नन्दिय (सुत्तं)—यो त्यो सूत्र हो जुन सूत्रमा कपिलवस्तुको न्यग्रोधाराममा बसिरहनु भएका भगवान्ले नन्दिय शाक्यलाई "चार अङ्गले युक्त हुने पुरुष स्रोतापन्न हुन्छ" भन्ने कुराको उपदेश गर्नुभएको छ । सं. नि. IV. पृ. ३४५: नन्दियसुत्तं, सोतापत्तिसंयुत्तं । यसको अनुवाद पनि यहाँ अगाडि गरिदिएको छ ।

(११) नन्दिय (सुत्तं)—यो त्यो सूत्र हो जुन सूत्रमा नन्दिय शाक्यले श्रावस्तीमा वर्षावास गरिरहनु भएका भगवान्सँग "विविधाकारले बस्ने हामीहरूले कुन प्रकारले जीवन बिताउनु बढिया होला ?" भन्ने प्रश्न सोधेका कुराहरू छन् । यसको अनुवाद पनि यहाँ अगाडि गरिदिएको छु । अं. नि–११, पृ. ३७७: नन्दियसुत्तं, अनुस्सतिवग्गो ।

(१२) नन्दिय (मिगजातकं)—यो त्यो जातक हो जसमा नन्दिय मृगराजाले आफ्ना आमा-बाबुहरूको भरणपोषण गरेको र अनेक मृगहरूकोनिमित्त अभय प्राप्त गराइदिएका कुराहरू छन । जा. अ. अ. III. पृ. १९०: नन्दियमिगजातकं, नं. ३८५.

× × ×

मूल सूत्र—

१–प्रमाद तथा अप्रमाद विहारी

एक समय भगवान् शाक्य (जनपद) को कपिलवस्तु स्थित न्यग्रोधाराममा (निग्रोधारामे) बस्नु भएको थियो[१]। अनि नन्दिय शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका नन्दिय शाक्यले भगवान्सँग यस्तो भने—

"भन्ते! जो आर्यश्रावकमा सबैका सबै चार स्रोतापत्ति-अङ्गहरू हुँदैनन्, भन्ते! उसैलाई प्रमादविहारी आर्यश्रावक भन्दछन्, होइन त?"

"नन्दिय! जसमा सबैका सबै चार स्रोतापत्ति-अङ्गहरू हुँदैनन्—त्यसलाई बाहिरी पृथक्जनपक्षमा रहने भनी म भन्दछु। नन्दिय! त्यसोभए जसरी आर्यश्रावक प्रमादविहारी र अप्रमादविहारी हुन्छ त्यो कुरा सुन, राम्ररी मनमा राख भन्नेछु।"

---

१. सं. नि. IV. पृ. ३३९: नन्दियसक्कसुत्तं, सोतापत्तिसंयुत्तं, अ. क. III. पृ. २२३.

"हवस्, भन्ते !" भनी नन्दिय शाक्यले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो—

(क) "नन्दिय ! कसरी आर्यश्रावक प्रमादविहारी हुन्छ त ?

बुद्धगुण—"नन्दिय ! यहाँ आर्यश्रावक बुद्ध प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ (बुद्धे अवेच्चप्पसादेन समन्नागतो होति)—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत (=असल ठाउँमा अथवा निर्वाणमा पुग्नुभएका) हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर पुरुषदम्य सारथी हुनुहुन्छ, देव-मनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ ।' उ यो बुद्ध प्रति विशिष्टरूपले प्रसन्नभई सन्तुष्ट हुन्छ । तर उ दिवाप्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्दैन । यसरी प्रमादीभई विहार गर्ने उसमा प्रामोद्य हुन्न । प्रामोद्य नहुनेको प्रीति हुन्न । प्रीति नहुनेको प्रश्रब्धि (पस्सद्धि) हुन्न । प्रश्रब्धि नहुनेको दुःख विहार हुन्छ । दुःखी-चित्त समाधिष्ठ हुन्न र असमाहितचित्तमा धर्महरू[1] प्रादुर्भाव हुन्नन् । धर्महरूको प्रादुर्भाव नहुनाको कारणले गर्दा उसलाई प्रमादविहारी नै भन्दछन् ।

धर्मगुण—"नन्दिय ! फेरि यहाँ आर्यश्रावक धर्म प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'भगवान्को धर्म सु-आख्यात छ,

---

१. यहाँ 'धर्महरू' भनी समथ र विपश्यना ध्यानहरूलाई भनिएको हो भनी सं. नि. अ. क. III. पृ. २२३: नन्दियसक्कसुत्तवण्णनाले उल्लेख गरेको छ ।

प्रत्यक्षणीय छ, अ-कालिक (=तत्कालफलदायी) छ, 'आऊ हेर' भन्न योग्य छ, औपनयिक (=निर्वाण नजिक पुऱ्याउने) छ तथा विज्ञपुरुषद्वारा बोधनीय छ।' उ यो धर्म प्रति विशिष्टरूपले प्रसन्नभई सन्तुष्ट हुन्छ। तर उ दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्दैन। यसरी प्रमादिभई विहार गर्ने उसमा प्रामोद्य हुन्न। प्रामोद्य नहुनेको प्रीति हुन्न। प्रीति नहुनेको प्रशब्धि हुन्न। प्रशब्धि नहुनेको दुःखविहार हुन्छ। दुःखीचित्त समाधिष्ठ हुन्न र असमाहितचित्तमा धर्महरू प्रादुर्भाव हुन्नन्। धर्महरूको प्रादुर्भाव नहुनाको कारणले गर्दा उसलाई प्रमादविहारी नै भन्दछन्।

सङ्घगुण — "नन्दिय! फेरि यहाँ आर्यश्रावक सङ्घ प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ — 'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्न छ, ऋजुप्रतिपन्न छ, न्यायमार्ग प्रतिपन्न छ, उपयुक्तमार्ग प्रतिपन्न छ; यिनै चारजोर अर्थात् आठ पुद्गलहरू भगवान्‌का श्रावकसङ्घ हुन् जो पूजनीय छन्, पाहुना बनाउन योग्य छन्, दाक्षिणेय छन्, हातजोरी नमस्कार गर्न योग्य छन् र लोकवासीकानिमित्त पुण्यक्षेत्र समान पनि छन्।' उ यो सङ्घ प्रति विशिष्टरूपले प्रसन्नभई सन्तुष्ट हुन्छ। तर उ दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्दैन। यसरी प्रमादीभई विहार गर्ने उसमा प्रामोद्य हुन्न। प्रामोद्य नहुनेको प्रीति हुन्न। प्रीति नहुनेको प्रशब्धि हुन्न। प्रशब्धि नहुनेको दुःखविहार हुन्छ। दुःखीचित्त समाधिष्ठ हुन्न र असमाहितचित्तमा धर्महरू प्रादुर्भाव हुन्नन्। धर्महरूको प्रादुर्भाव नहुनाको कारणले गर्दा उसलाई प्रमादविहारी नै भन्दछन्।

आर्यशील—"नन्दिय! फेरि यहाँ आर्यश्रावक आर्यकान्त शीलले सुसम्पन्न भएको हुन्छ अर्थात् उसको शील—अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधि-संवर्तनिक हुन्छ। उ यो आर्यकान्त शीलमा सन्तुष्ट हुन्छ। तर उ दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्दैन। यसरी प्रमादिभई विहार गर्ने उसमा प्रामोदय हुन्न। प्रामोदय नहुनेको प्रीति हुन्न। प्रीति नहुनेको प्रशब्धि हुन्न। प्रशब्धि नहुनेको दुःखविहार हुन्छ। दुःखीचित्त समाधिष्ठ हुन्न र असमाहित चित्तमा धर्महरू प्रादुर्भाव हुन्नन्। धर्महरूको प्रादुर्भाव नहुनाको कारणले गर्दा उसलाई प्रमादविहारी नै भन्दछन्।

"नन्दिय! यसरी आर्यश्रावक प्रमादविहारी हुन्छ।

(ख) "नन्दिय! यहाँ आर्यश्रावक बुद्ध प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,...[1] तथा बुद्ध भगवान् हुनुहुन्छ।' तर उ यो बुद्ध प्रति विशिष्टरूपले प्रसन्न भएर मात्र सन्तोष नलिई दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्छ। यसरी अप्रमादीभई विहार गर्ने उसमा प्रामोदय हुन्छ। प्रामोदय हुनेको प्रीति हुन्छ। प्रीतिमन हुनेको काय प्रशब्धि हुन्छ। प्रशब्धि काय भएपछि सुखानुभव हुन्छ। सुखीको चित्त समाधिष्ठ हुन्छ र समाहित-

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ४४१ "बुद्धगुणमा" कैं दोहऱ्याई पढ्नू।

चित्तमा धर्महरू प्रादुर्भाव हुन्छन् । धर्महरूको प्रादुर्भाव हुनाको कारणले गर्दा उसलाई अप्रमादविहारी नै भन्दछन् ।

"नन्दिय ! फेरि यहाँ आर्यश्रावक धर्म प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'भगवान्को धर्म सु-आख्यात छ,...[१] तथा विज्ञ-पुरुषद्वारा बोधनीय छ ।' तर उ यो धर्म प्रति विशिष्टरूपले प्रसन्न भएर मात्र सन्तोष नलिई दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्छ । यसरी अप्रमादीभई विहार गर्ने उसमा प्रामोद्य हुन्छ । प्रामोद्य हुनेको प्रीति हुन्छ । प्रीतिमन हुनेको काय प्रशब्धि हुन्छ । प्रशब्धि काय भएपछि सुखानुभव हुन्छ । सुखीको चित्त समाधिष्ठ हुन्छ र समाहितचित्तमा धर्महरू प्रादुर्भाव हुन्छन् । धर्महरूको प्रादुर्भाव हुनाको कारणले गर्दा उसलाई अप्रमादविहारी नै भन्दछन् ।

"नन्दिय ! फेरि यहाँ आर्यश्रावक सङ्घ प्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ,...[२] र लोक-वासीकोनिमित्त पुण्यक्षेत्र समान पनि छन् ।' तर उ यो सङ्घ प्रति विशिष्टरूपले प्रसन्न भएर मात्र सन्तोष नलिई दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्छ । यसरी अप्रमादीभई विहार गर्ने उसमा प्रामोद्य हुन्छ । प्रामोद्य हुनेको प्रीति हुन्छ । प्रीतिमन हुनेको काय प्रशब्धि हुन्छ । प्रशब्धि काय भएपछि सुखानुभव हुन्छ । सुखीको चित्त

१. यहाँका बाँकी कुराहरू माथि पृ. ४४१ "धर्मगुणमा" झैं दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ४४२ "सङ्घगुणमा" झैं दोहऱ्याई पढ्नू ।

समाधिष्ठ हुन्छ र समाहितचित्तमा धर्महरू प्रादुर्भाव हुन्छन् । धर्महरूको प्रादुर्भाव हुनाको कारणले गर्दा उसलाई अप्रमादविहारी नै भन्दछन् ।

"नन्दिय ! फेरि यहाँ आर्यश्रावक आर्यकान्त शीलले सुसम्पन्न भएको हुन्छ अर्थात् उसको शील—अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधिसंवर्तनिक हुन्छ । तर उ यो आर्यकान्तशीलमा मात्र सन्तोष नलिई दिवा प्रविवेकमा र राती ध्यानगर्नमा उत्तरोत्तर कोशिस गर्छ । यसरी अप्रमादीभई विहार गर्ने उसमा प्रामोद्य हुन्छ । प्रामोद्य हुनेको प्रीति हुन्छ । प्रीतिमन हुनेको काय प्रशब्धि हुन्छ । प्रशब्धि काय भएपछि सुखानुभव हुन्छ । सुखीको चित्त समाधिष्ठ हुन्छ र समाहित चित्तमा धर्महरू प्रादुर्भाव हुन्छन् । धर्महरूको प्रादुर्भाव हुनाको कारणले गर्दा उसलाई अप्रमादविहारी नै भन्दछन् ।

"नन्दिय ! यसरी आर्यश्रावक अप्रमादविहारी हुन्छ ।"

× × ×

मूल सूत्र—

२–चार कारणले स्रोतापन्न हुन्छ

कपिलवस्तुमा[1] । एक छेउमा बसेका नन्दिय शाक्यलाई भगवान्‌ले यस्तो भन्नुभयो—

"नन्दिय ! चार कारणले सम्पन्न भएको आर्यश्रावक अविनिपाती निश्चित सम्बोधिपरायण तथा स्रोतापन्न हुन्छ ।

"कुन चार कारणले भने ?—(१) नन्दिय ! यहाँ आर्यश्रावक बुद्ध प्रति विशिष्ट प्रसन्नताले सम्पन्न भएको हुन्छ (बुद्धे अवेच्चप्पसादेन समन्नागतो होति)—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,...[2] तथा बुद्ध भगवान् हुनुहुन्छ ।' (२) धर्म प्रति विशिष्ट प्रसन्नताले सम्पन्न भएको हुन्छ—'भगवान्‌को धर्म सु-आख्यात छ,...[3] तथा विज्ञपुरुषद्वारा

---

१. सं. नि. IV. पृ. ३४५: नन्दियसुत्तं, सोतापत्तिसंयुत्तं ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ४४१ "बुद्धगुणमा" झैं दोहऱ्याई पढ्नू ।

३. यहाँका बाँकी कुराहरू माथि पृ. ४४१ "धर्मगुणमा" झैं दोहऱ्याई पढ्नू ।

बोधनीय छ ।' (३) सङ्घ प्रति विशिष्ट प्रसन्नताले सम्पन्न भएको हुन्छ —'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ,..[1] र लोकवासीकानिमित्त पुण्यक्षेत्र समान पनि छन् ।' (४) आर्यकान्त शीलले सुसम्पन्न भएको हुन्छ अर्थात् उसको शील—अखण्ड,...[2] तथा समाधिसंवर्तनिक हुन्छ ।'

"नन्दिय ! यी चार कारणले सम्पन्न भएको आर्यश्रावक अविनिपाती, निश्चित सम्बोधिपरायण तथा स्रोतापन्न हुन्छ ।"

× × ×

१. यहाँका बाँकी कुराहरू माथि पृ. ४४२ "सङ्घगुणमा" झैं दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ४४३ "आर्यशीलमा" झैं दोहऱ्याई पढ्नू ।

मूल सूत्र—

३–हामीले के गर्नुपर्छ ?

एक समय भगवान् शाक्य (जनपद) को कपिलवस्तु स्थित न्यग्रोधाराममा (निग्रोधारामे) विहार गरिरहनु भएको थियो[१]। त्यस समय भगवान् श्रावस्तीमा वर्षावास बस्नकोनिमित्त जानलाग्नु भएको थियो। अनि नन्दिय शाक्यले सुने—"भगवान् श्रावस्तीमा वर्षावास बस्नकोनिमित्त जान चाहनु हुन्छ।" त्यसपछि नन्दिय शाक्य-लाई यस्तो लाग्यो—"म पनि श्रावस्तीमा वर्षावास बस्न जानेछु। त्यहाँ काम-काज पनि गर्नेछु र समय समयमा भगवान्को दर्शन पनि पाउने छु।"

अनि श्रावस्तीमा वर्षावास बस्नकोनिमित्त भगवान् जानुभयो। नन्दिय शाक्य पनि श्रावस्तीमा वर्षावास बस्नकोनिमित्त गए। त्यहाँ (आफ्नो) काम-काज पनि गरे र भगवान्को दर्शन पनि समय समयमा पाउनथाले। त्यस समय "तीनमहीना बितिसकेपछि, चीवर पनि सिद्धिए-

१. अं. नि–११, पृ. ३७७: नन्दियसुत्तं, अनुस्सतिवग्गो, अ. क. II. पृ. ८६४.

पछि भगवान् चारिकार्थ जानु हुनेछ" भनी केही भिक्षुहरू भगवान्‌को चीवर सिउँदै थिए। अनि नन्दिय शाक्यले—"तीनमहीना बितिसकेपछि चीवर पनि सिद्धिएपछि भगवान् चारिकार्थ जानु हुनेछ भनेर केही भिक्षुहरू भगवान्‌को चीवर सिउँदैछन्" भन्ने कुरा सुने।

अनि नन्दिय शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका नन्दिय शाक्यले भगवान्‌सँग यस्तो भने—"भन्ते! मैले सुनें कि 'तीनमहीना बितिसकेपछि, चीवर पनि सिद्धिएपछि भगवान् चारिकार्थ जानु हुनेछ' भनी केही भिक्षुहरू भगवान्‌को चीवर सिउँदैछन्। भन्ते! नाना विषयमा मनलगाई बस्ने हामीहरूले कुन विषयमा मनलगाई बस्नु बढिया होला?"

"साधु, साधु! नन्दिय!; नन्दिय! तिमीहरू जस्ता कुलपुत्रहरूकोनिमित्त यो प्रतिरूप छ जो कि तथागतकहाँ आई तिमीले—"भन्ते! नानाविषयमा मनलगाई बस्ने हामीहरूले कुन विषयमा मनलगाई बस्नु बढिया होला?" भनी सोध्यौ[1]। (१) नन्दिय! श्रद्धावान् (पुरुष) आराधक बन्नसक्छ (=निर्वाण प्राप्त गर्न सक्छ), अ-श्रद्धावान् सक्तैन; (२) शीलवान् आराधक बन्नसक्छ, दुश्शीलवान्

१. यस्तै प्रकारको प्रश्न महानाम शाक्यले भगवान्‌सँग सोध्दा भगवान्‌ले उनलाई कस्तो उपदेश गर्नुभयो भन्ने कुरा बुझ्न चाहेमा बु. गृ. भा–१, पृ. २२४ मा हेर्नू।

सक्तैन; (३) वीर्यवान् आराधक बन्नसक्छ, अ-वीर्यवान् सक्तैन; (४) स्मृतिमान् आराधक बन्नसक्छ, अ-स्मृतिमान् सक्तैन; (५) समाहित चित्त हुने आराधक बन्नसक्छ, अ-समाहित चित्त हुने सक्तैन; (६) प्रज्ञावान् आराधक बन्नसक्छ, अ-प्रज्ञावान् सक्तैन। नन्दिय! यी छ धर्महरूमा प्रतिष्ठितभई अरू पाँच धर्महरूमा तिमीले स्मृति राख्न सक्नु पर्छ।

बुद्धगुण – (१) "नन्दिय! यसरी तिमीले तथागतको अनुस्मरण गर्नसक्नु पर्छ—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विदद्याचरण[1] सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर पुरुषदम्य सारथी हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ।' नन्दिय! यसरी तिमीले तथागत सम्बन्धी स्मृति राख्न सक्नु पर्छ।

धर्मगुण – (२) "नन्दिय! फेरि तिमीले धर्मको अनुस्मरण गर्नसक्नु पर्छ – 'भगवान्को धर्म सु-आख्यात छ, सान्दृष्टिक (=यसै जीवनमा फल पाउने) छ, अकालिक (=तत्कालिक) छ, 'आऊ हेर' भन्न योग्य छ, निर्वाण नजिक पुन्याइदिन्छ र विज्ञजनले आफै अवबोध गर्न सक्छ।' नन्दिय! यसरी तिमीले धर्मसम्बन्धी स्मृति राख्न सक्नु पर्छ।

---

१. 'विदद्याचरण' भनेको के हो भन्ने कुरा बुझ्न चाहनेले बु. ग्रा. भा–१, पृ. ३००: मा हेर्नू।

कल्याणमित्र—(३) "नन्दिय ! फेरि तिमीले कल्याणमित्रको अनुस्मरण गर्नसक्नु पर्छ—'मेरोनिमित्त लाभ हो, मेरोनिमित्त सुलाभ हो जसकोनिमित्त मैले अनुकम्पाराख्ने, अर्थकामी, अववाद गर्ने तथा अनुशासन गर्ने कल्याणमित्र पाएको छु।' नन्दिय ! यसरी तिमीले कल्याणमित्र सम्बन्धी स्मृति राख्न सक्नु पर्छ।

त्यागानुस्मरण—(४) "नन्दिय ! फेरि तिमीले आफ्नो त्यागसम्बन्धी अनुस्मरण गर्नसक्नु पर्छ—'मेरोनिमित्त लाभ हो, मेरो-निमित्त सुलाभ हो जो कि म मात्सर्यमल युक्त हुने प्रजाहरूमध्ये मात्सर्यमल रहित चित्तलिई, मुक्तत्यागीभई, शुद्धहात लिई, त्यागमा रतभई, याचक-पात्रभई तथा दानसंविभाजनमा रतभई घरमा बस्दछु।' नन्दिय ! यसरी तिमीले त्यागसम्बन्धी स्मृति राख्न सक्नु पर्छ।

देवतानुस्मरण—(५) "नन्दिय ! फेरि तिमीले देवताको अनुस्मरण गर्नसक्नु पर्छ—'जो देवता कबलींकार आहार[1] भक्षण गर्ने देवताको[2] सहवासलाई अतिक्रमण गरी कुनै एक **मनोमय**

---

१. 'कबलींकार आहार' भनेको एक एक गाँस गरी खानुपर्ने आहार हो।

२. 'कबलींकार आहार भक्षण गर्ने देवता' भनी कामावचर देवतालाई भनिएको हो भनी मनो. र. पू. II. पृ. ८६४: नन्दियसुत्तवण्णना, एकादसनिपातले उल्लेख भरेको छ।

देवकायमा[1] उत्पन्न भएको छ—(उसले) त्यो करणीयलाई आफूमा देख्दैन र गरिसकेको कामलाई फेरि गर्नुपर्छ भन्ने पनि देख्दैन[2]। (ता करणीयं अत्तनो न समनुपस्सति कतस्स वा पतिचयं)। नन्दिय! जस्तै क्षीणास्रव भिक्षुले आफूले गर्नुपर्ने कुनै काम देख्दैन तथा गरिसकेको कामलाई फेरि गर्नुपर्छ भन्ने पनि देख्दैन। त्यस्तैगरी नन्दिय! जो त्यो देवता कबलींकार आहार भक्षण गर्ने देवताहरूको सहवासलाई अतिक्रमण गरी कुनै एक मनोमय देवकायमा उत्पन्न भएको छ—(उसले) त्यो करणीयलाई आफूमा देख्दैन र गरिसकेको कामलाई फेरि गर्नुपर्छ भन्ने पनि देख्दैन। नन्दिय! यसरी तिमीले देवता सम्बन्धी स्मृति राख्न सक्नु पर्छ।

"नन्दिय! यी एघारवटा धर्महरूद्वारा सम्पन्न हुने आर्यश्रावकले पापधर्महरूलाई प्रहीण गर्दै जान्छ र उत्पन्न गर्दैन। नन्दिय! जस्तै—अधोमुख परेको पानीको भाँडाबाट पानी बगेर नै जान्छ र पानीभित्र

---

१. 'मनोमय देवकाय' भनी शुद्धावास ब्रह्मलोकलाई भनिएको हो। बु. ब्र. भा–१, पृ. ११४; 'झानमनेन निब्बत्तं अञ्ञतरं सुद्धावासं ब्रह्मकायं' मनो. र. पू II. पृ. ६२८: निरोधसुत्तवण्णना, पञ्चकनिपात।

२. 'गरिसकेको कामलाई फेरि गर्नुपर्छ भन्ने पनि देख्दैन' भनी एकचोटि कुनै मार्गफलद्वारा प्रहीण गरिसकेका क्लेशहरूलाई पुनः प्रहीण गर्नुपर्ने हुन्न भनी भनिएको हो। मनो. र. पू. II. पृ. ७९३: मेघियसुत्तवण्णना, नवकनिपात।

पस्दैन । नन्दिय ! जस्तै—सुकेको घाँसमा आगो लगाउँदा आगोले घाँस जलाउँदै लैजान्छ र नजलाइकन फर्केर आउँदैन । नन्दिय ! त्यस्तैगरी—यी एघारवटा धर्महरूद्वारा सम्पन्न हुने आर्यश्रावकले पाप-धर्महरूलाई प्रहीण गर्दै जान्छ र उत्पन्न गर्दैन ।"

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन गृहस्थीहरू"

भा–२, संग्रह–१४

नामावली

ख

ग

घ

त

थ

न

भ

श

शब्दावली

इ, ई

उ, ऊ

ऋ

ए

छ

ज

ध

प

प्र

म

श्र

स

ह

क्ष

ज्ञ

गाथा – सूची

लेखकका पुस्तक पुस्तिकाहरू–

(नेपाल भाषामा)

१. अग्रश्रावक

२. आर्यसत्य (द्वितीयावृत्ति)

३. कर्मविभाग

४. गृहीविनय (द्वितीयावृत्ति)

५. जातकमाला भाग–१ (द्वितीयावृत्ति)

६. जातकमाला भाग–२ (द्वितीयावृत्ति)

७. त्रिरत्नवन्दना

८. धम्मपद (द्वितीयावृत्ति)

९. धर्म व विनय

१०. धम्मपदट्ठकथा

११. प्रजापति गौतमी

१२. पाठ्यसूत्र

१३. बौद्धकहानी

१४. बुद्धशासनया इतिहास

१५. बुद्धजीवनी (तृतीयावृत्ति)

१६. महास्वप्नजातक (द्वितीयावृत्ति)

१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)

१८. सर्वज्ञधातु

१९. सूत्रसंग्रह

लेखकका पुस्तकहरू—

संक्षिप्त बुद्धजीवनी (द्वितीयावृत्ति) ...		१/-
धम्मपद (तृतीयावृत्ति) ...		१/४०
गृही-विनय (द्वितीयावृत्ति) ...		१/-
अग्रश्रावक ...		
कसको कुरा सत्य हो ? ...		
बुद्धशासनको इतिहास (प्रथम भाग) ...		४/-
पटाचारा स्थविरा चरित ...		
बुद्धकालीन ब्राह्मण	भाग–१ (पृ. ५०४) ...	७/-
बुद्धकालीन गृहस्थीहरू	भाग–१ (पृ. ५८१) ...	८/-
बुद्धकालीन राजपरिवार	भाग–१ (पृ. ६६५) ...	१०/-
बुद्धकालीन महिलाहरू	भाग–१ (पृ. ५५६) ...	८/-
बुद्धकालीन परिव्राजकहरू	भाग–१ (पृ. ७९६) ...	१६/-
बुद्धकालीन श्रावक-चरित	भाग–१ (पृ. ३७८) ...	९/-
बुद्धकालीन श्राविका-चरित	भाग–१ (पृ. १००५) ...	२२/-
बुद्धकालीन ब्रह्मादिदेव	भाग–१ (पृ. ६६८) ...	१८/-
बुद्धकालीन प्रेतकथा ...	(पृ. ३८२) ...	१०/-
बुद्धकालीन विमानकथा ...	(पृ. ४०४) ...	१२/-
बुद्धकालीन दशौवटा ग्रन्हथरूको विषय-सूची	...	५/-
बुद्धकालीन ब्राह्मण	भाग–२ (पृ. ६००) ...	१५/-
बुद्धकालीन ब्राह्मण	भाग–३ (पृ. ६८०) ...	१७/-
बुद्धकालीन गृहस्थोहरू	भाग–२ (पृ. ५४२) ...	१५/

प्रतीक्षामा-

"बुद्धकालीन गृहस्थीहरू" भाग–३